त्रैमासिक बुलेटिन

# हाम्रो तानसेन

दर्ता नं.: ३२/२०७५ पाल्पा

वर्ष ३, अंक १, पूर्णाङ्क ९, २०७७ वैशाख/जेठ **Our Tansen** Quarterly Bulletin Vol. 9 (Apr./May. 2020)

यस पटक:

- कोरोना भाइरस (कोभिड-१९) रोकथाममा तानसेन
- हाम्रो तानसेन त्रैमासिकको २ वर्ष (समीक्षा)




तानसेन नगरपालिका, नगर युवा परिषद्को अगुवाईमा सुरू कृषि एम्बुलेन्स कार्यक्रममा प्रदेश ५ का सभासद् नारायणप्रसाद आचार्यलाई तरकारी प्रदान गर्दै नगरप्रमुख अशोककुमार शाही र पृष्ठभागमा तरकारी किन्न टुँडिखेलमा लामवद्ध नगरबासी



तानसेन नगरपालिकाद्वारा प्रदान गरिएको नि:शुल्क राहत सामग्री प्राप्त गरेपछि घरतर्फ लाग्दै एक महिला



तानसेन नगरपालिका र सामुदायिक रेडियो मदनपोखराद्वारा सञ्चालित दुर शिक्षा रेडियो कार्यक्रम सुन्दै एक छात्रा



तानसेन नगरपालिका-११ मा सञ्चालित श्रममा आधारित राहत कार्यक्रममा सहभागी हुँदै गाउँलेहरू

प्रकाशक:

**तानसेन नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

तानसेन, पाल्पा, ५ नम्बर प्रदेश, नेपाल

# तस्बिरमा तानसेन



तानसेन नगरपालिकाको आयोजनामा सहुलियतपूर्ण दरमा खाद्यान्न वितरणका लागि सामान लोड गर्न सहयोग गर्दै नेपाली सेना गोरखदल गणका जवानहरू



लकडाउनका बेलामा व्यक्तिगत सुरक्षा सामग्रीसहित काममा जाने तयारी गर्दै तानसेन नगरपालिकाका सरसफाइकर्मीहरू



तानसेन नगरपालिकाका टोलबस्तीलाई किटाणुरहित तुल्याउन औषधि छर्दै नगरपालिकाका नगरप्रहरी शंकर रावल, सरसफाइ सुपरभाइजर रविकर क्षेष्ठ लगायत

हाम्रो तानसेन । OUR TANSEN

त्रैमासिक बुलेटिन (वर्ष ३, अंक १, पूर्णाङ्क ९, २०७७ वैशाख/जेठ) दर्ता नं.: ३२/२०७५ पाल्पा
पाल्पा जिल्ला हुलाक दर्ता नं.: १/२०७६-७७

# सम्पादकीय

## कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाममा तानसेनको अभियान



– गोविन्द भट्टराई

कोरोना संक्रमण रोकथाममा तानसेन नगरपालिकाले अग्रपंक्तिमा रहेर काम गरे पनि केही कामको बाहेक चर्चा भएन । एक त सोचअनुसार काम गर्न नसकेको अवस्था हो भने अर्कोतर्फ कतिपय राम्रा काममा समेत सरोकारवालाको नजर नपुगेको जनप्रतिनिधिको गुनासो छ । तानसेन नगरपालिकाको इतिहास चर्चित भए पनि साधन स्रोतका हिसाबले पछिल्ला दिनमा मन फुकाएर काम गर्न नपाएको पीडा नगरप्रमुख अशोककुमार शाहीले बेलाबखत व्यक्त गर्नुहुन्छ । उहाँले कहिलेकाहीँ भएका कामसमेत ओझेलमा पारिएको बताउनु हुन्छ । तानसेन हिंजोको शक्तिशाली पाल्पा राज्यको राजधानी हो तर अहिले पर्यावरणीय हिसाबले तानसेन सुन्दर हुँदाहुँदै पनि आर्थिक क्षमताका आधारमा कमजोर रहेको छ । कोरोना संक्रमण रोकथामका काममा समेत कतिपय राम्रा योजना तानसेन सरकारले चाहेर पनि कार्यान्वयन हुन नसकेको पाइयो । यद्यपि सीमित साधनस्रोतका भरमा तानसेनले कोरोना भाइरस संक्रमण रोकथामका लागि समयमै थालेको अभियान भने अनुकरणीय रहेको पाइन्छ ।

कोरोना संक्रमण रोकथामका लागि पूर्वतयारी स्वरूप सचेतना बिस्तार, निःशुल्क तथा २५ प्रतिशत सहुलियतदरमा राहत वितरण, शङ्कटका बेला विकास योजना कार्यान्वयन, पालिकाहरूसँगको सहकार्यमा क्वारेन्टाइन, होल्डिङ क्वारेन्टाइन र आइसोलेसन कक्ष सञ्चालनलगायतका कोरोना रोकथाम अभियानमा तानसेनको सक्रियताको तारिफ सबैले गरेकै हुन् । वैदेशिक रोजगारमा रहेकाहरूको तथ्याङ्क संकलन, उनीहरूको इच्छा वा चाहनाअनुसार भावी योजना तथा युवा लक्षित स्वरोजगार कार्यक्रम सञ्चालनमा समेत तानसेन नगर सरकारले पहल गरेकै हो । शङ्कटका बेला थोरै भए पनि विद्यार्थीलाई राहत पुगोस् भनेर सामुदायिक रेडियो मदनपोखरा र युनिक एफएमसँगको सहकार्यमा दूरशिक्षा कार्यक्रम सञ्चालन, पत्रकारहरूको वीमालगायत तानसेनका स्मरणयोग्य काम हुन् । त्यसैगरी देशमै पहिलोपटक नगर युवा परिषद् परिचालन गरेर कृषि एम्बुलेन्स सेवा सञ्चालन गरी थोरै भए पनि कोरोना संक्रमणका कारण जारी बन्दाबन्दीका बेलामा उपभोक्ता

**प्रकाशक**
तानसेन नगरपालिका, पाल्पा
**संरक्षक**
अशोककुमार शाही
(नगरप्रमुख)
**सल्लाहकार**
लक्ष्मीदेवी पाठक
(उपप्रमुख)
दामोदरप्रसाद घिमिरे
(प्रवक्ता)
डिल्ली राज बेल्बासे
(प्रमुख प्रशासकीय अधिकृत)

**प्रधान सम्पादक**
गोविन्द भट्टराई
(प्रेस सल्लाहकार)

**सम्पादन सहयोग**
लोचनप्रसाद तिमिल्सिना
(वडाध्यक्ष, तानसेन-१०)
कमल राना
(वडाध्यक्ष, तानसेन-१४)
कमला भण्डारी
(नगरसभा सदस्य, तानसेन-१३)
सुनिता वैंजू श्रेष्ठ
(नगरसभा सदस्य, तानसेन-३)

**व्यवस्थापन सहयोगः**
दीपक विश्वकर्मा (कार्यपालिका सदस्य)
विष्णुप्रसाद पौडेल (योजना तथा प्रशासकीय अधिकृत)
भरतप्रसाद आचार्य (शाखा अधिकृत)

**कम्प्युटर टाइपः** माया सारू
**कला निर्देशकः** नारायणकाजी बाँडे
**मुद्रणः** गणेश इन्टरनेशनल, काठमाडौं

**सम्पर्क ठेगानाः** हाम्रो तानसेन, तानसेन नगरपालिका, पाल्पा
इमेलः hamrotansenbu@gmail.com
सम्पर्क मोबाइलः ९८५७०६०७९९, ९८४७३२६७६०

**(हाम्रो तानसेनमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारसँग प्रकाशक र सम्पादकको सहमति अनिवार्य छैन ।)**

र कृषकलाई तानसेन सरकारले सहयोग गरेको थियो । किसानलाई बीउ, विजन, मल र कृषि यन्त्रको व्यवस्था गरेर तानसेनले सम्भव सहयोग गरेको हो ।

यसैगरी कोरोना संक्रमण र बन्दाबन्दीका समयमा समेत तानसेनले विकास निर्माणका योजना कार्यान्वयनमा तत्परता देखाएको पाइन्छ । नगरबासीको घरदैलौमा पुगेर समस्या सुनेर समाधान गर्नका लागि नगरप्रमुख, उपप्रमुख, वडाअध्यक्ष लगायतका जनप्रतिनिधिले देखाएको तत्परता स्मरणयोग्य छँदैछ त्यसमा पनि शङ्कटका बेलामा घरपरिवार नभनेर नगरबासीका पक्षमा नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतलगायतले देखाएको सक्रियताको धेरैले प्रसंशा गरेको पाइयो । त्यसैगरी स्वास्थ्यकर्मी, सरसफाइकर्मी, जिन्सी, प्रशासन शाखा, लेखा शाखालगायतका सबै शाखाका कर्मचारीको काम पनि नगरबासीले स्मरण गरेकै छन् ।

कोरोना भाइरस संक्रमण रोकथामका लागि पूर्व तयारी गरेको हुनाले तानसेनमा संक्रमणको भयावह रूप देखिएन । स्वास्थ्य कार्यालय पाल्पाका सूचना अधिकारी ओमप्रकाश पन्थीका अनुसार २०७७ जेष्ठ मसान्तसम्म पाल्पामा ५० जनामा कोरोना संक्रमण पुष्टि भए पनि तानसेनमा संक्रमित भेटिएको छैन । यसर्थ जनप्रतिनिधि र कर्मचारीबीच समन्वय गराएर कामलाई गतिदिन नगरप्रमुखको सक्रियता पनि स्मरणयोग्य नै रहेको छ । शङ्कटका बेला नै नेतृत्व क्षमताको पारख हुने हो भन्ने भनाइलाई पुष्टि गर्नेगरी काममा देखाएको तानसेनका नगरप्रमुख, उपप्रमुख लगायतको तत्परताको चर्चा हुने गर्दछ । त्यसो त सहुलियतपूर्ण राहत, होल्डिङ क्वारेन्टाइन जस्ता कामको नकारात्मक चर्चा गरेको पनि सुनियो । टीकाटिप्पणी सुन्ने तर असल लागेको कामलाई निरन्तरता दिँदै जानुपर्दछ भन्ने नगरप्रमुखको दृढताले गर्दा नै तानसेन नगरपालिकाले शङ्कटपूर्ण बेलामा समेत केही उदाहरणीय काम सम्पादन गर्न सम्भव भएको हो । कोरोना संक्रमणका समयमा काम गर्न केही कठिनाइ भए पनि कतिपय कुरामा सिकाइ भएको तानसेन नगरपालिकाका नगरप्रमुखको निष्कर्ष मननयोग्य रहेको छ ।

अन्त्यमा, ढिलै भए पनि हाम्रो तानसेनको पूर्णाङ्क ९ कोरोना विशेष अंकको रूपमा प्रकाशित गरिएको छ । लकडाउन र कोरोना संक्रमणको त्रासका कारण सामग्री संकलनमा भएको विलम्बले ढिलो प्रकाशित भए पनि यो अंकमा तानसेन नगरपालिकाले कोरोना भाइरस (कोभिड-१९) संक्रमणका रोकथामका लागि सम्पादन गरेका गतिविधिलाई सर्सरी केलाउने प्रयास गरिएको छ । यसै गरी यो अंकमा हाम्रो तानसेन त्रैमासिकको २ वर्षमा प्रकाशित ८ अंकको सर्सरी चिरफार गर्ने काम साहित्यकार तथा समीक्षक टंक पन्थले गर्नु भएको छ । साथमा अन्य विविध सामग्रीसमेत समेटेका छौं । यो अंक तयार गर्न प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्ने सबैमा एकमुष्ट आभार प्रकट गर्दछु ।

*(प्रधान सम्पादक)*

संरक्षकको कलमबाट

# कोरोनाले शंकटमा धैर्यता गुमाउन हुँदैन भन्ने कुरा सिकायो



- अशोककुमार शाही

कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट नेपाल जस्ता गरीवमुलुक मात्र होइन विश्वका धनी र विकसीत भनिएका देशसमेत आतंकित बन्न पुगेका छन् । आफू र आफ्नो घरपरिवारलाई कसरी संक्रमणबाट जोगाउने भन्ने चिन्ता सामान्य नागरिकमा छ जुन स्वभाविक पनि हो तर नगरबासीलाई संक्रमण नहोस भनेर हामी खट्नु परेको अवस्था छ । हाम्रो जीवन नगरबासीको भलोकाममा समर्पित गर्नु हामी जनप्रतिनिधिको धर्म हो, कर्तब्य हो, यसकारण हामीले घरपरिवारलाई भन्दा नगरबासीलाई महत्व दिएका हौं ।

चीनको वुहानबाट संक्रमण शुरू कोरोना भाइरस (कोभिड-१९) बाट तानसेन पाल्पाबासीलाई जोगाउन हामीले साधन, स्रोत र आफ्नो बलबुताले भ्याएसम्म कुनै कसर बाँकी राखेनौं । कोरोना संक्रमण रोकथामको लागि पूर्व तयारीसँगसँगै सन्देश प्रकाशन प्रशारण, स्वास्थ्यकर्मी, सरसफाइकर्मी लगायत सेवामा रहनेहरूलाई प्रशिक्षण कार्यक्रम आयोजना गर्‍यौं । मौजूदा सीमित जनशक्ति सबल बनायौं । जनप्रतिनिधि, कर्मचारीहरूलाई कोरोनाबारे तथ्यगत छलफल, अभिमुखीकरण कार्यक्रम आयोजना गर्‍यौं । विशेषत नगरबासीसँग प्रत्यक्ष सम्पर्कमा रहेर सेवा दिने स्वास्थ्यकर्मी, सरसफाइकर्मीलाई हामीले हरेकसमय प्राथमिकतामा राख्यौं । नगरपालिकामा रहेका अस्पताल र नगरपालिकाका स्वास्थ्यचौकीहरूमा व्यक्तिगत स्वास्थ्य सुरक्षा सामग्री समय मै दिनु पर्दछ भनेर निर्णय गरी कार्यान्वयन गर्‍यौं । रोकथामका लागि नगरस्तरीय, वडास्तरीय समिति गठन र परिचालन, जिल्ला प्रहरी कार्यालयसँग सहकार्यमा सन्देश टोलटोलमा माइकिङ लगायतका कामलाई शुरूवाती चरणमै तीव्रता दिएका कारण पनि तानसेनमा संक्रमण नियन्त्रणमै रहेको हो भन्न सकिन्छ । पछिल्ला दिनमा विदेशबाट फर्किएहरूको लगत राख्ने, उपप्रमुखको नेतृत्वमा घरघरमा पुगेर स्वास्थ्यकर्मीबाट स्वास्थ्य परीक्षण, आवश्यकताअनुसार क्वारेन्टाइन स्थापना, मिसन अस्पताल र छिमेकी पालिका बगनासकाली, माथागढी र तिनाउसँग सहकार्यमा छुट्टै आइसोलेसन स्थापना लगायतका काम गर्‍यौं । होल्डिङ क्वारेन्टाइनका लागि वडा नं १३ का अध्यक्ष टुकप्रसाद भट्टराई लगायत जनप्रतिनिधि, कर्मचारी साथीहरू खट्नु भयो । यसैगरी सहुलियतपूर्ण राहत वितरण ब्यवस्थापनमा वडा नं ६ का अध्यक्ष सागरमान महर्जन, वडा नं १ का सदस्य शिव थापा लगायतका साथीहरूले सहयोग गर्नुभयो । समस्या सम्बोधनका लागि सहयोग पुगोस भनेर शुरूमा २५ लाख रकम विनियोजन गरी रोकथाम तथा राहतकोष खडा गर्‍यौं । उक्त कोषमा विभिन्न संघसंस्था र केही व्यक्तिले समेत नगद, जिन्सी सहयोग गर्नु भयो । उहाँहरू तथा प्रदेश र संघीय सरकारलाई समेत म तानसेनबासीको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु ।

नोवेल कोरोना भाइरस संक्रमणबाट बँच्नका लागि नेपाल सरकारले २०७६ चैत्र ११ देखि लकडाउन शुरू गर्‍यो जुन विभिन्न चरणमा बढाउँदै निरन्तरता दिइयो । यसबीच आवागमन बन्द भयो । लकडाउनको शुरूका दिनमा कार्यालय सञ्चालनका लागि समस्या भयो । विकासनिर्माणका काम ठप्प भए । आर्थिक वर्ष २०७६/७७ का महत्त्वपूर्ण योजनासमेत ठप्प हुने अवस्था देखिएपछि जिल्ला प्रशासन कार्यालय पाल्पा लगायत सरोकारवाला कार्यालय, प्रदेश र संघीय सांसदहरू,

नगरपालिकाका निर्वाचित जनप्रतिनिधि, कर्मचारी, पत्रकार, सामाजिक संघसंस्थालगायतसँग सम्भव उपाय अवलम्बन गरी समन्वय तथा परामर्श गर्‍यौं । आवश्यक सामग्री खरिद, विकास निर्माणका काम सुचारू गर्दै गयौं । हामीले सोचेअनुसार काम गर्न सम्भव नभए पनि लकडाउनका बाबजुद हरियाली बसपार्क निर्माण, छिंडीको सडक बिस्तार, भगवती मन्दिर शीतलपाटी हुँदै एनआइसी एसिया बैंकसम्म ढुंगा छाप्ने कामलगायतका कतिपय महत्त्वपूर्ण योजनाले समेत यस बीचमा गति लिए ।

थरीथरीका टीकाटिप्पणी आए पनि समयमै हामीले  निम्न वर्गलाई लक्षित गरी राहत वितरण गर्‍यौं । पैसा भएर पनि खाद्य सामग्री खरिद गर्न समस्या व्यहोरेका निम्न मध्यम वर्गलाई वडा कार्यालयको विवरण अनुसार चामल, आटा र नुन मगाएर समितिमार्फत् वडाको पायक पर्ने ठाउँबाट सहुलियतपूर्ण दरमा सामग्री वितरण गर्‍यौं । निःशुल्क र सहुलियतपूर्ण राहत वितरणको कामलाई व्यवस्थित गर्न जनप्रतिनिधिहरू रहेको समितिले समेत सहयोग गरेको कुरा यहाँ उल्लेख गर्नै पर्दछ ।



कोरोना भाइरस संक्रमणका कारण सर्वत्र त्रास बढे पनि सुरक्षा मापदण्ड पालना गरेर अगाडि बढेमा गन्तव्यमा पुग्न सकिदो रहेछ भन्ने सिकाइसमेत भएको छ । महामारी वा विपदका बेला भागेर, लुकेर होइन नगरबासीको सम्पर्कमा रहेर काम गर्नु पर्दछ सहज अवस्थामा त जसले पनि गर्दछ भन्ने सिकाइ कोरोनाले सिकाएको छ । शङ्कट व्यवस्थापनमा खट्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाइकर्मी, जनप्रतिनिधि, कर्मचारी, पत्रकार, संघसंस्थासहित नगरबासी सबैको गुन सम्झेका छौं । आवश्यक सल्लाह सुझाव दिएर सहयोग गर्ने राजनीतिक दलहरू, पाल्पा उद्योग वाणिज्य संघ र पाल्पा व्यापार संघ लगायत सम्पूर्ण संघसंस्थाप्रति आभार प्रकट गर्दछु । अन्त्यमा, उपप्रमुखलगायत सम्पूर्ण जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृतलगायत कर्मचारी साथीहरू तथा सहयोग गर्ने सबै नगरवासीलाई धन्यवाद ब्यक्त गर्दछु । कोरोनाको कहर जारी छ अतः यसबाट बचौं बचाऔं ।

*(नगरप्रमुख)*

# विषयसूची


| | | | |
|---|---|---|---|
| १ | लकडाउन कोरोना भाइरस संक्रमण नियन्त्रणको औषधि हो | लक्ष्मीदेवी पाठक | ६ |
| २ | शङ्कटमा समन्वय र सहयोगको महत्वपूर्ण भूमिका हुँदो रहेछ | दामोदर घिमिरे | ८ |
| ३ | कोरोना कहरका बेला घर बिर्सेर कार्यालयमै खट्यौं | डिल्ली राज बेल्बासे | ९ |
| ४ | कोरोना कहर र तानसेन सरकार | झपेन्द्र जी.सी. | ११ |
| ५ | गजल | सुरज घिमिरे "दीपशिखा" | १४ |
| ६ | हाम्रो तानसेन बुलेटिनका एकदेखि आठसम्मका अङ्कहरूलाई नियाल्दा | टंकप्रसाद पन्थ | १५ |
| ७ | कोभिड १९ को महामारीमा शिक्षा र स्थानीय सरकारको दायित्व | राजेशकुमार अर्याल | २७ |
| ८ | कोरोना भाइरस अर्थात् कोभिड-१९ को असरबाट बँच्न आत्मनिर्भताको बाटो... | दीपक विश्वकर्मा | ३० |
| ९ | सिद्धार्थ आर्थिक करिडोरका पालिकाहरूबीच बजेटबारे भर्चुअल छलफल | विष्णु पौडेल | ३२ |
| १० | कोभिड विपदमा तानसेन सरकार | कृष्ण मल्ल | ३३ |
| ११ | किसानको तरकारी उपभोक्ताको घरदैलोमा पुऱ्यायो तानसेन नगर युवा परिषदले | गुरुँस आत्रेय | ३७ |
| १२ | Tansen Municipality intensifies management of coronavirus pandemic | Gopal Prasad Bashyal | ४० |
| १३ | तानसेन नगरपालिकाको निःशुल्क अनि सहुलियतपूर्ण राहत कार्यक्रम सन्दर्भमा | शिब थापा | ४३ |
| १४ | अमर नारायण मन्दिरमा रहेको 'गरूडको शालिक' एक जिज्ञासा | राजेन्द्रगोपाल सिंह | ४४ |
| १५ | मुकुन्द सेन (प्रथम) र मुकुन्द सेन (द्वितीय) | पुष्कर अथक रेग्मी | ४७ |
| १६ | रानीघाट | गणेश ज्ञवाली | ५० |
| १७ | कोरोनाको कहरमा तानसेन नगरपालिकाको सेवा | भरत आचार्य | ५१ |
| १८ | कोरोना सर्छ कि भनेर सरसफाइ शाखा निस्क्रिय भएन | शंकर भण्डारी | ५२ |
| १९ | उपभोक्ता हित संरक्षणमा तानसेन नगरपालिकाको भूमिका | कमलराज तिमिल्सेना | ५३ |
| २० | कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रणमा तानसेनको अग्रसरता | मिलन विश्वकर्मा | ५५ |
| २१ | समुदायमा कोरोना फैलिन नदिन तानसेनका वडाको सक्रियता | मिलन विश्वकर्मा | ५९ |
| २२ | कोरोनाकालमा भएका केही गतिविधि | चुरामणि पोखरेल | ६४ |
| २३ | संक्रमण व्यवस्थापनमा तानसेन नगरपालिकाको उदाहरणीय प्रयास | पवित्रा खनाल | ६६ |
| २४ | योजनाबद्ध विकास अभियानमा लाग्दै गरेको तानसेन नगरपालिका | मुक्तिप्रसाद न्यौपाने | ६८ |
| २५ | कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणमा तानसेन नगरपालिकाको प्रयास | नारायण न्यौपाने | ७२ |
| २६ | कोरोना कहरका बाबजुद तानसेनमा हरित बसपार्क निमार्ण हुँदै | सुमन कार्की | ७४ |
| २७ | कोरोनाकालमा किन हिंडे तानसेनका जनप्रतिनिधि ? | सुमन गैरे | ७६ |
| २८ | लकडाउनको समय : सामाजिक सुरक्षा भत्ता घरघरमै तानसेन-११ देशमै पहिलो | विष्णु खनाल | ७८ |
| २९ | बन्दाबन्दीका बेलामा तानसेन नगरपालिकाले सुरू गऱ्यो दूर शिक्षा | सुनिल कार्की | ८० |
| ३० | बन्दाबन्दीका समयमा तानसेन नगरपालिका कृषि तथा पशु सेवा | सरोज/दानबहादुर | ८२ |
| ३१ | सामान खोज्न र ठाउँमा पुऱ्याउन हम्मेहम्मे भयो | रामजीबहादुर कार्की | ८३ |
| ३२ | तानसेन नगरपालिकाको कोरोना रोकथाम नियन्त्रण तथा उपचार कोषको २०७७ जेष्ठ मसान्तसम्मको रकम विवरण | | ८६ |
| ३३ | तानसेन नगरपालिका नगरकार्यपालिकाको आ.व. २०७६/०७७ चैत्र मसान्तसम्मको आम्दानी खर्च विवरण | | ८८ |
| ३४ | पत्रपत्रिकामा तानसेन | | ८९ |
| ३५ | तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्बन्धित केही प्रेस विज्ञप्ति | | ९२ |

# लकडाउन कोरोना भाइरस संक्रमण नियन्त्रणको औषधि हो



- लक्ष्मीदेवी पाठक

विश्वलाई त्रसित बनाएको कोरोना भाइरस (कोभिड-१९) चीनको बुहानबाट शुरू भयो र विकसित देशहरूलाई समेत यसले हायल-कायल पारेको छ । यो माहामारीमा हालसम्म विश्वभर लाखौं जनाले ज्यान गुमाउनु भएको छ । यसको कुनै उपचारमा प्रयोग गर्न क्याप्सुल बनिसकेको छैन । विभिन्न देशहरूले यसको औषधि र भ्याक्सिनको खोजी गरिरहेको समाचार हामीले पनि सुनिरहेका छौं । हालसम्म कोरोना निर्मूल गर्ने औषधि वा भ्याक्सिन नभएकाले नै धेरै मानिसहरूले ज्यान गुमाउनु परेको हो । यो कोरोना भाइरसबाट हाम्रो देश नेपाल पनि अछुतो रहन सकेन । यद्यपि नेपाल सरकारले बेलैमा होसियारका साथ लकडाउनको घोषणा गऱ्यो । अझसम्म अन्य देशमा जस्तै भयावह स्थिति भै सकेको छैन तर वैदेशिक रोजगारीबाट फर्किनुभएका नेपाली दाजुभाइ दिदीबहिनीहरू र भारतको विभिन्न प्रान्तबाट नेपाल आउने दाजुभाइ दिदी बहिनीबाटै नेपालमा पनि कोरोनाले पाइला टेकेको हो । पछिल्ला दिनमा संक्रमितहरू बढ्दै जाने क्रम छ । पहिलो व्यक्तिबाट दोस्रो हुँदै धेरै ब्यक्ति र जिल्लामा कोरोना फैलिदै गएको छ । २०७६ चैत्रमा शुरू भएको लकडाउनले गर्दा माध्यमिक शिक्षा (SEE) परीक्षा स्थगित भयो । ११ र १२ को परीक्षासमेत स्थगित भयो । विद्यालयहरू बन्द छन् । विद्यार्थीले पढेका जानेका पाठ पनि बिर्सिएका छन् । एक ठाउँबाट अर्को ठाउँमा जान नपाउनुको कारण सबैलाई समस्या परेको छ । श्रमिकहरूलाई जीवन निर्वाह गर्नसमेत मुस्किल परेको छ । यसैगरी महिला बालबालिकाहरूमा लकडाउनको असर परेको छ ।



कोरोना संक्रमण हुने हो कि भनेर दीर्घ रोगीहरू उपचारको लागि हस्पिटल जानसमेत डराइरहेको अवस्था छ । सरकारले लकडाउन नगरेको भएदेखि आजसम्म कति धेरै मानिसहरूको मृत्यु हुन्थ्यो होला ? कल्पना मात्र गर्न सकिन्छ ।

लकडाउनबाट कृषि मजदुर, अन्य मजदुर र अति विपन्न परिवारको मर्का बुझी सबै पालिकाहरूले राहत सामग्रीहरू वितरण गरिरहेका छन् । तानसेन नगरपालिकाबाट पनि कृषि क्षेत्र र अन्य क्षेत्रका श्रमिक, अति विपन्न अपाङ्गता भएका, जेष्ठ नागरिक, अशक्त, एकल महिला, सुत्केरीहरूलाई पहिलो चरणमा चामल, दाल, नुन, तेल, साबुन (नुहाउने धुने) गरी परिवार संख्याको आधारमा (चार जना परिवार संख्यासम्म २५ केजी चामल, ३ केजी दाल, ३ केजी चिनी, २ लिटर तेल, नुहाउने धुने ४ पिस साबुन गरी १६१७ परिवारलाई पहिलो चरणमा) निःशुल्क राहत वितरण गरिएको थियो । लकडाउनकै कारण निम्न मध्यम वर्ग पनि यसको मारमा पर्ने जानकारी भएअनुसार लागत मूल्यको २५ % छुट सहुलियतमा चामल, आटा, नुन ३ हजार १ सय ७२ घर परिवारलाई वितरण गरिएको थियो । दोस्रो चरणको राहत पनि सुत्केरी, अपाङ्गता भएका, जेष्ठ नागरिक, एकल महिलाहरूलाई वितरण गरिएको छ । सर्सरी केलाउँदा कोरोना भाइरस (कोभिड-१९) को औषधि लकडाउन नै रहेछ भन्ने महसुस भएको छ । लकडाउन गर्दागर्दै पनि भारतबाट धेरै दाजुभाइहरू कोरोना संक्रमणसहित नेपाल आउनु भयो । त्यसकारण पहिलो व्यक्तिबाट दोस्रो हुँदै कोरोना फैलिएको छ । बिस्तारै मृत्यु हुनेको संख्यासमेत बढ्न थाल्यो । हामीहरूले अझै पनि सरकारले निर्देशन गरेअनुसारको दुरी कायम गरौं, बाहिर जाने काम नभए घरमा बसौं, अति आवश्यक काममा बाहेक घर बाहिर ननिस्कौं भनी रहेका बेला कतिपयले त्यो निर्णयको पालना गरिरहेका छैनौँ । पसल हेरौँ सबै भिड लागिरहेको पाउँछौं । सडकमा घुमफिर गर्नेहरू त्यत्तिकै हिडिरहेको  देखिन्छ । हुनसक्छ हामीलाई कोरोना भाइरसको संक्रमण नहोला । यदि भए देखि हाम्रो लागि यो लकडाउन गरिएको हो भन्ने बुझाई जनमानसमा पाइँदैन । नेपाल, नेपालीलाई भगवानले नै रक्षा गर्नुभएको थियो जस्तो लाग्छ तर अब भगवान भरोसा भनेर मात्र हुने छैन । विश्वलाई नै हायलकायल गरिरहेको कोरोना भाइरस हाम्रो सामु आइसकेको छ । भारतबाट हाल आउने नेपालीहरूले ल्याएको कोरोना संक्रमण पाल्पाले पनि व्यहोर्नु पर्ने भयो । सरकारले शुरू गरेको मिति २०७६/१२/११ देखिको लकडाउनको कारण नै नेपालमा कोरोनाले माहामारीको रूप लिइसकेको थिएन ।

लकडाउन खुकुलो हुँदै जाने अनि वैदेशिक रोजगारीबाट आउनेको संख्या बढ्दो हुँदा के हुने  हो ? संक्रमित कति पुग्ने हुन् ? मृत्यु कतिको हुने हो ? यसै भन्न सकिने अवस्था छैन । औषधिलगायत परीक्षण किट समेत अन्य देशबाट ल्याउनु पर्ने अवस्था छ भने अर्कोतिर हस्पिटल र डाक्टरहरू समेत सीमित रहेको हुनाले अब नेपाली स्वयम् नै आफ्नो स्वास्थ्यप्रति जागरूक र सचेत हुनुपर्दछ । कोरोनासँगै बाँच्न सकेसम्म आत्मबल बढाउँदै सरकारको निर्देशन पालना गर्दै साबुन पानी र सेनिटाइजरको प्रयोग गरी कृषिजन्य उत्पादनको वृद्धि तर्फ लागौँ । काम गर्दा दूरी कायम गरौँ । जनप्रतिनिधिहरू तपाईहरूकै लागि रातदिन नभनी खटिरहेका छौं । अनावश्यक भिडभाडमा नजाने, आफ्नो घरमा बनाएको खाना खाने गरी नोबेल कोरना भाइरस (कोभिड-१९) लाई सबैले जितौँ । नभुलौं, हामीले नखोजे रोग हाम्रो घरभित्र आउने छैन । फेरि पनि स्मरण गरौं-लकडाउन नै यो रोगबाट बँच्ने अचुक औषधि हो । लकडाउनको सबैले पालना गरौँ । आफू पनि बाँचौ, अरूलाई पनि कोरोना संक्रमणबाट बचाऔँ ।

*(उपप्रमुख)*

# शङ्कटमा समन्वय र सहयोगको महत्वपूर्ण भूमिका हुँदो रहेछ



- दामोदर घिमिरे

कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट नगरबासीलाई जोगाउन लकडाउन शुरू हुनु अघि नै नगर प्रमुखको नेतृत्वमा नगरस्तरीय र वडाअध्यक्षहरूको नेतृत्वमा वडास्तरीय कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन समिति गठन गरेर कामलाई गति दिएकै कारण कोरोना संक्रमणले यो सामग्री तयार पार्दासम्म तानसेनमा भयावह रूप लिन पाएन । जिल्ला प्रशासन कार्यालय लगायत सरोकारवाला अन्य संघसंस्थाहरूसँग आवश्यक समन्वय, छिमेकी पालिकाहरूसँग सहकार्य र नगरपालिकाका जनप्रतिनिधि र कर्मचारी संयन्त्रलाई समेटेर अगाडि बढ्ने तानसेनको नेतृत्वको विवेकपूर्ण निर्णयले संक्रमण रोकथाम र योजना कार्यान्वयनको कामलाई गति दिएको प्रष्ट हुन्छ ।

तानसेन नगरपालिकाले समयमै रोकथामका लागि पूर्वतयारी गरेको हुँदा स्थिति जटिल भएन साथै शङ्कटपूर्ण समयमा समेत विकास निर्माणका योजना कार्यान्वयन हुँदै गएको पाइन्छ । लकडाउन शुरू भएपछि केही समय सामग्री किन्न नपाउने जटिल अवस्थाको समेत हामीले सामना गर्‍यौं । नागरिकको अप्ठेरो बुझेर हुँदा खाने निम्न वर्गका लागि निःशुल्क राहतको व्यवस्था गरियो भने निम्न मध्यम वर्गीय नगरबासीलाई थोरै भए पनि राहत पुगोस् भनेर २५ प्रतिशत लागत अनुदानमा वडाको सिफारिसमा खाद्य सामग्री वितरण गर्‍यौँ । किसानलाई राहत पुगोस् भनेर मकै, धान र तरकारीका बीउ वितरण गरियो । पत्रकारहरूको कोरोना वीमा गर्न सघायौँ ।

कोरोना संक्रमणको त्रास बढेकै बेला देशमै पहिलो पटक तानसेन नगरपालिकाले वडा नम्बर ११ मा घरघरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने काम सम्पन्न गरेको थियो । बैंकसम्म पुग्न अप्ठेरो भएका बखत घरमै भत्ता बुझ्न पाउँदा नगरबासी खुसी हुनु भएको थियो । यो कामको सिको अन्य पालिकाले समेत गरेको पाइयो । तानसेनले विद्यार्थीहरूलाई सहयोग पुगोस् भनेर सामूदायिक रेडियो मदनपोखरा र युनिक एफएमसँग सहकार्यमा दूरशिक्षा कार्यक्रम सञ्चालन गरेको थियो । यो कार्यक्रमको समेत कतिपय पालिकाले सिको गरेको पाइयो । श्रममा आधारित राहतसमेत तानसेनले कार्यान्वयन गरेको थियो । तानसेनले गरेका कतिपय कामको बारेमा हाम्रो तानसेनको यो अंकमा पत्रकारहरूले लेख्नुभएको सामग्रीबाट समेत अवगत हुनेहुँदा यहाँ सबै उल्लेख गरिएन, मात्र शङ्कटमा समन्वय र सहयोगको महत्त्वपूर्ण भूमिका हुँदोरहेछ भन्ने कुरालाई उजागर गर्न खोजिएको हो ।

कोरोना संक्रमण रोकथामका लागि तानसेन नगरपालिकाको अगुवाइमा पाल्पाका पालिकाहरूले होल्डिङ क्वारेन्टाइन सञ्चालनमा सहकार्य गरेर विदेशबाट आएका नागरिकलाई व्यवस्थापन गरेका थिए । यसैगरी तानसेनले मिसन अस्पतालसँग सहकार्य गरी तानसेन-१ स्थित बृद्धाश्रममा आइसोलेसन कक्ष सञ्चालन गर्‍यो भने छिमेकी पालिकाहरू बगनासकाली, माथागढी र तिनाउसँग सहकार्यमा भुसलडाँडा मावि र तानसेन नर्सिङ स्कूलमा संयुक्त आइसोलेसन कक्ष सञ्चालन गरेको थियो । होल्डिङ क्वारेन्टाइनमा तानसेन-१३ का वडाअध्यक्ष टुकप्रसाद भट्टराईले संयोजक भएर काम गर्नुभयो भने ४ पालिकाको सहकार्यमा सञ्चालित आइसोलेसन व्यवस्थापनमा संयोजनको भूमिका तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज बेल्बासेले निर्वाह गर्नुभयो । यसरी कोरोना संक्रमण रोकथामका लागि साथै नागरिकलाई सहयोग गर्ने सन्दर्भमा समेत पालिकाहरूबीच सहकार्य र समन्वयको खाँचो हुँदो रहेछ भन्ने सन्देश तानसेन नगरपालिकाको यसबीचको कामले दिएको प्रष्ट छ ।

*(प्रवक्ता, तानसेन नगरपालिका)*

# कोरोना कहरका बेला घर बिर्सेर कार्यालयमै खट्यौं



- डिल्ली राज बेल्बासे

विश्वलाई त्रसित पारेको कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट नेपालसमेत प्रभावित रहेको हामी सबैलाई अवगत भएकै कुरा हो । यतिबेला धेरैको चिन्ता आफू र आफ्नो घरपरिवारलाई कसरी संक्रमणबाट जोगाउने भन्ने छ तर अधिकांश जनप्रतिनिधि र कर्मचारीहरूले घरपरिवार बिर्सेर आफू कार्यरत क्षेत्र, पालिकाका नागरिकलाई संक्रमण नहोस् भनेर खट्नुपरेको अवस्था विद्यमान छ । सारमा भन्नुपर्दा हामीले आफू र परिवार भूलेर कोरोना संक्रमणबाट सरोकारवाला नगरबासीलाई जोगाउन हरसम्भव प्रयास गर्‍यौं ।

मैले २०७६ कार्तिक १४ गतेबाट तानसेन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्यभार वहन गरेको हुँ । २०७६ माघ अन्त्यतिरबाट कोरोनाबारे समाचार सुन्न थालियो, चीनको वुहानबाट संक्रमण शुरू यो भाइरसबाट तानसेनबासीलाई जोगाउन नगरप्रमुख अशोककुमार शाहीको अगुवाइमा जनप्रतिनिधि, कर्मचारीले हरसम्भव प्रयास गरेका तथ्य हाम्रो तानसेन पूर्णाङ्क ९ मा प्रकाशित सामग्री बोल्दछन् । कोरोना संक्रमण रोकथामको पूर्व तयारीको सिलसिलामा जनप्रतिनिधि, कर्मचारीहरूलाई नै यथार्थ जानकारी दिनुपर्ने आवश्यकता महसुस भएपछि मिसन अस्पताल तानसेनका निर्देशक लगायत स्वास्थ्यकर्मीलाई नगरपालिकामै निम्त्याएर कोरोनाबारे तथ्यगत छलफल, अभिमुखीकरण कार्यक्रम आयोजना गर्‍यौं ।

हामीले तानसेन नगरपालिकाका सबै वडामा कोरोना रोकथाम समिति गठन गर्‍यौं । त्यसैगरी टोल विकास संस्था, महिला स्वास्थ्य स्वयमसेविका तथा अन्य सामाजिक संघसंस्थालाई समन्वय गरी परिचालन गर्‍यौं । नगरप्रमुखको निर्देशन र सुझावअनुसार बिहानदेखि राति अबेरसम्म भोकप्यास नभनी हामी काममा खट्यौं । रोकथामका लागि सहयोग पुग्ने सन्देशमुलक ब्यानर नगरपालिकाका विभिन्न स्थानमा राख्ने, प्रहरी कार्यालयसँग समन्वय गरेर नगरपालिकाका विभिन्न टोलबस्तीमा माइकिङ गर्ने काम गरायौं । मिसन अस्पतालका निर्देशक डा रचेल कारखले सरल भाषामा कोरोनाबारे अभिव्यक्त गर्नुभएको श्रव्यदृश्य सामग्री तयारी गरी प्रशारण गर्‍यौं । कसरी बँच्ने भन्ने सन्दर्भमा भेटघाटमा नमस्ते गरे पुग्छ हात मिलाइरहन पर्दैन भनेर मैले हात अघि नसार्दा कतिले लौ हाकिम ठूलो भएछ हात मिलाउन पनि चाहेन भन्दै चित्त दुखाउनुभयो । पछि उहाँहरूले नै डिल्ली सर तपाईले ठिक गर्नु भएको रहेछ भन्दै भन्नुभयो ।



हामीले कोरोना नफैलियोस् भनेर स्वास्थ्यकर्मी, जनप्रतिनिधि, सरसफाइकर्मी लगायतलाई समयमै मिसन अस्पताललगायतका ठाउँबाट दक्ष स्वास्थ्यकर्मी बोलाएर आवश्यक ज्ञान, सीप प्रदान गर्‍यौं । चोकगल्लीमा निसंक्रमण गर्ने काम गर्‍यौं । आवश्यक परेका बेला आकस्मिक रूपमा कार्यपालिका बैठक राखेर निर्णय गराएर कामलाई सहज बनाउन नगरप्रमुखले विशेष पहल गर्नुभयो । जनप्रतिनिधि र कर्मचारीको समन्वयमा काम गराउने वातावरण तयार भयो । समयमै व्यक्तिगत स्वास्थ्य सुरक्षा सामग्री (पिपिइ, मास्क, सेनिटाइजर, ग्लोब्स आदि) खरिद गरेर अस्पताल, सञ्चारकर्मीलगायत सरोकारवाला संघसंस्थालाई प्रदान गर्ने काममा समेत हामीले तत्परता देखायौँ ।

हामी सबैलाई थाहै छ, नोवेल कोरोना भाइरस संक्रमणबाट बँच्नका लागि नेपाल सरकारले २०७६ चैत्र ११ देखि बन्दाबन्दी शुरू गर्‍यो, विभिन्न चरणमा त्यसलाई बढाउँदै लगियो । आवतजावत बन्द भयो । कार्यालय प्रमुख र सवारी चालक

बाहेक अरू कर्मचारीलाई समेत लकडाउनको शुरूका दिनमा कार्यालय प्रवेशमा बन्देज जस्तै गरियो । विकासनिर्माणका काम ठप्प जस्तै भयो केही समय । हामीले पनि स्वास्थ्य, प्रशासन, लेखा, जिन्सीलगायतका साथीहरूलाई आवश्यकताअनुसार परिचालन गर्‍यौं । सरसफाइकर्मी अहोरात्र खट्नु भयो । विकास निर्माणका कामसँग सम्बन्धित योजना, प्राविधिक, राजश्व लगायत सबै शाखाका कर्मचारीलाई पनि काम पर्दा बोलाउन थाल्यौं । जनप्रतिनिधितर्फ नगरप्रमुख, उपप्रमुख, वडाअध्यक्ष, कार्यपालिका सदस्य र कतिपय वडासदस्यसमेत कोरोना संक्रमण रोकथामका सिलसिलामा खट्नु भएको नगरबासीले देख्नुभयो । हामीले २०७६ माघदेखि २०७७ वैशाखसम्म बाहिरबाट तानसेन फर्किएका नागरिकको लगत तयार गर्‍यौं, उपप्रमुख लक्ष्मीदेवी पाठकको नेतृत्वमा स्वास्थ्यकर्मीसहितको टोली घरघरमै पुगेर स्वास्थ्यपरीक्षण गर्ने कामसमेत गर्‍यौँ ।

लकडाउन शुरू भएपछि केही समय काम गर्न दुःख भयो । पैसा भएर पनि बजारमा सामग्री नपाइने अवस्था थियो । जस्तै, थर्मल गनकै कुरा गरौँ । खरिद गर्न साह्रै दुःख भयो । परल मूल्यभन्दा बढी पैसा लिएर समेत त्यसबेला सामान बिक्री भएको सुनियो, भोगियो । हुँदा खाने वर्गलाई सम्बोधन गर्न निःशुल्क राहत कार्यक्रम चलायौँ । कतिजनालाई कसरी वितरण गर्ने राहत ? शुरूमा हामीलाई अन्यौल भयो । वडाबाट सिफारिस हुनुपर्ने लगायतका प्रक्रिया समेटेर संघीय सरकारको निर्देशिकालाई समेत मनन गर्दै मापदण्ड तय गर्‍यौं । चुल्हो निभेका, हातमुख जोर्न धौ भएका, आयश्रोत नभएका नछुटून् भनेर नगरप्रमुखले सुझाव दिनुभयो । वडाबाट शुरूमा ५ हजार भन्दा धेरैको सिफारिस आएपछि कार्यपालिका बैठकले संख्या निश्चित गर्न सहयोग पुर्‍यायो । उद्योग बाणिजय संघ, पाल्पा व्यापार संघसँग निश्चित योगदान गर्नुहोस् मिलेर राहत वितरण गरौँ भनेर प्रस्ताव राख्यौँ । अन्त्यमा उहाँहरूसँग तानसेन नगरपालिकाको कुपनअनुसार राहत सामग्री उपलब्ध गराउनसक्ने पसलको विवरण माग्यौं र नगरपालिकाबाटै करीब १७ सय परिवारलाई निःशुल्क राहत वितरण गर्‍यौं ।

कुपन सिस्टमले राहत वितरणका लागि केही सहज त भयो तर कतिपय वडाबाट राहत सामग्रीको गुणस्तरबारे गुनासो आएपछि सम्बन्धित पसलवालाको ध्यानाकर्षण गरायौं । एप्पल मोबाइलवाला, तले घरवाला लगायतले समेत निःशुल्क राहत पाए भनेर राहत लिनेवालाबारे पनि टीकाटिप्पणीसमेत भयो । कतै वास्तविक गरिब छुटेको गुनासो आयो, सबै कुरा सुन्यौं र हरसम्भव सम्बोधन गर्ने प्रयास गर्‍यौं । नगरपालिकाले नै किनेर १३, १४, ८ र ५ नम्बर वडाका केही नगरबासीलाई राहत वितरण गर्‍यौं । हामीले उपलब्ध गराएकोमा भने कमसल भन्ने गुनासो सुनिएन ।

राहतबारे पनि थरीथरीका टीकाटिप्पणी आए । कतिले घरमा खानेकुरा हुँदाहुँदै चाँडो राहत वितरण गर्‍यो तानसेनले भने । केहीले ढिलो वितरण गर्‍यो भने । निम्न वर्गलाई राहत वितरणपछि निम्न मध्यम वर्गलाई पनि सघाए हुन्थ्यो भन्ने कुरा चलेपछि नगरप्रमुखले २५ प्रतिशत लागत मूल्य नगरपालिकाले व्यहोर्नेगरी सामग्री दिँदा कसो होला भनेर जनप्रतिनिधि र हामीसँग सल्लाह गर्नुभयो । वडा कार्यालयको विवरण अनुसार चामल, आटा र नुन मगाएर समितिमार्फत् वडाको पायक पर्ने ठाउँबाट सहुलियतपूर्ण दरमा सामग्री वितरण गर्‍यौं । लौ तानसेन नगरपालिकाले व्यापार गर्‍यो भनेर नकारात्मक चर्चा समेत भएछ बजारमा । हामीले वडा कार्यालयको सिफारिसमा करिब ३५ सय परिवारलाई २५ प्रतिशत सहुलियतमा चामल, आटा र नुन उपलब्ध गरायौं । नयाँ काम गर्दा हाम्रो साख गिर्छ कि भन्ने त्रास थियो जनप्रतिनिधिसमेत हामी सबैमा । यो कामलाई व्यवस्थित गर्न जनप्रतिनिधिहरू सागरमान महर्जन, शिव थापा रहेको समितिले सहयोग पुर्‍यायो ।

लकडाउनका कारण वार्षिक योजना तथा कार्यक्रम के हुने होलान ? भनेर पिर पर्‍यो सबैलाई । प्रहरी प्रशासनसँग समन्वय गरेर नगरप्रमुखले काम गर्ने वातावरण बनाउन पहल गर्नुभयो । काम अघि बढ्यो । योजना सम्झौता र भुक्तानीका काम हुँदै गए । कोरोना संक्रमणको त्रासका बाबजुद विकास निर्माणका काम सुचारू गर्न सफल भयौं । हामीले कोरोना रोकथामका लागि क्षमताअनुसार प्रभावकारी काम गर्‍यौं । कोरोना संक्रमण रोकथामका लागि तानसेन नगरपालिकाले स्थापना गरेको कोषमा सघाउने हातहरू थपिए । ७० बढी संघसंस्था र केही मनकारी व्यक्तिले समेत नगद, जिन्सी, सहयोग गर्नु भयो । उहाँहरूप्रति धन्यवाद ज्ञापन गर्दछु । प्राप्त सहयोग र राहत वितरण विवरणको लेखापरीक्षण गरी सार्वजनिक गर्नेछौं । अन्त्यमा, मार्गनिर्देश गर्ने आदरणीय नगरप्रमुख, उपप्रमुख लगायत जनप्रतिनिधि, कर्मचारी साथीहरू, सञ्चारकर्मी, सम्पूर्ण नगरबासी तथा सहयोगी सबैप्रति आभार प्रकट गर्दछु ।

*(प्रमुख प्रशासकीय अधिकृत)*

कविता

# कोरोना कहर र तानसेन सरकार



- झपेन्द्र जी.सी.

**१. प्रवेश**

स्थिर भई सक्दैन बस्न यो विश्व ब्रह्माण्ड
गतिशील यसका धर्म र नियम छन् धेरै प्रकाण्ड ।
रात र दिन हुनुमा पनि कारण गति हो ।
यथार्थ कुरा प्रकाश गर्ने गतिशील मति हो ।
कोरोना के हो ? दुई चार बात मन पेट खोलेर
बताउन लागें गतिको धर्म यसैमा जोडेर ।

**२. इतिहास**

हरेक चिज आज यहाँ जे छन् भोलि ती हुँदैनन् ।
भैहाले पनि त्यै रूप रङ्ग आकार हुँदैनन् ।
हरेक चिज आज यहाँ जे छन् हिँजो ती थिएनन् ।
थिए नै पनि, त्यै रूप आकार टिकाउन सकेनन् ।
सिर्जना, सृष्टि, नाश विनाश कारण गति हो ।
पुरानो अन्त्य नयाँको जन्म कारण गति हो ।
हुरी र बतास, असिना पानी मच्चिन्छ प्रचण्ड
प्रलय होला जस्तो पो लाग्छ यो सारा ब्रह्माण्ड
भुँइचालो आउँछ निमेष भरमै लाखन मराउँछ ।
मानव सिर्जित दरबार महल सोत्र्यान गराउँछ ।
धर्तीको पेटमा उम्लेर धातु ज्वाला भई निस्कन्छ
समुद्र मासी हिमाल पहाड ठिङ्ग भई उभिन्छ ।
उथल-पुथल धर्तीमा हुँदा हिमाल बन्दियो ।
टेथिस सागर सगरमाथा बनेर उभियो ।
हिमयुग आयो चार पाँचफेर जिउन नै धौ भयो ।
छ जाति मान्छे पाँच जाति मरे, एउटाको बीउ रह्यो ।
त्यै एउटा बीउ बाँचेर फैली आठ अरब जिउँदैछन्
कसरी बाँच्ने कसरी हाँस्ने, उपाय सिउँदै छन् ।
कहानी पढे रोचक लाग्छ जीवन जगत
निराशा तोडी आशामा हिँड्छ मानव जगत ।
निराशा माला लगाउन कहिल्यै मान्छेले जानेन ।
रोग र व्याधि प्रकोपसँग हैरान मानेन ।
प्रकोपहरू अनगिन्ती आए मान्छेले पछार्‍यो
पछार्न खोज्ने हारेर गए मान्छेले लगार्‍यो ।
हैजाले खायो महामारी बनी कहिले त बिफर ।
मुसे रोग आयो बस्तीका बस्ती रित्याउन घरघर ।
औलोले पनि मैमत्त बनी मान्छेलाई सतायो ।
कोरले अनि एचआइभीले पनि थरथरी गरायो ।
पखाला आउँ महामारी बन्दा विश्व नै डरायो ।
हारेन मान्छे विपत पर्दा ठाडो शिर गरायो ।
गतिशील नियम प्राकृतिक नियम अचम्मै रहेछ ।
बाँच्नका लागि सङ्घर्ष गर्नु जीवन रहेछ ।

**३. विकासवादी नियमः सृष्टि, रूपान्तरण, विकास र विनाश**

गनौनी झार विस्थापन भयो नयाँ झार उम्रियो ।
वनमारा आयो वन नै खायो साम्राज्य फैलियो ।
मालभोग केरा क्या मीठो थियो त्यो पनि मासियो ।
त्यसको स्थान हेर न साथी अरूले पो लियो ।
भाइरस पनि जन्मिए कति मासिए कति त ।
अनेक रोग उत्पत्ति भए, कोही भए अतीत ।
जीवन ग्रह पृथ्वी हाम्रो जीवको घर हो ।
रोग निरोग होडबाजी गर्छन् के मान्नु डर हो !
पुरानो जाने नवीन आउने नियम रहेछ ।
भौतिकः नियम सिर्जनाशक्ति विचित्र रहेछ ।
अहिले त फेरि कोरोना भन्ने भाइरस आइरा'छ
बाँच्ने र मर्ने के हुने होला ? अत्यास लाइरा'छ
यसरी हेर्दा उराठ लाग्छ, हतास निरास ।
सुन्दर जीवन घरभित्रै बन्दी मात्रै छ आवाज ।
अनेक रोग अनेक वस्तु सृष्टि र विनाश

सँगसँगै हुने प्रक्रिया रै'छन् हर्ष र विस्मात
अगोचर अज्ञात संसार छैन सत्यचाहिं सत्य छ
अगम्य छैन अज्ञेय छैन संसारै रम्य छ ।
जिज्ञासुलाई सृष्टि र विनाश साँचो र गहिरो छ ।
नबुझ्नेलाई त भय र त्रास घरनेरै पहिरो छ ।

**४. उत्साह र भविष्य**

**४.१ हुरी र बतास हिउँसँग खेल्दै ढकमक्क गुराँस**

भीरमा फुल्छ, मनुष्य झुल्छ, फैलाउँछ सुवास
त्यो लाली गुराँस फूलको गाथा जीवनको हो सार
फूलको जीवन नबुझ्नेलाई जीवनै भार हो
गतिको नियम नबुझ्नेहरू छिनछिनमै मर्दछन्
गतिको नियम जो जसले बुझ्छन् अगाडि बढ्दछन् ।
तिनैले खोप औषधि मूलो आविष्कार गर्दछन्
संसार भरका मान्छेको सेवा उद्धार गर्दछन् ।
सयमा एक दुई मरिने रै' छ अरू त बाँचिन्छ
डरको भारी बिसाई हिँडे भविष्य साँचिन्छ

**४.२ मानव मस्तिष्क, विज्ञान प्रविधि र आनीबानी**

मानव चेत सर्वोच्च चेत असम्भव केही छैन ।
कोरोनालाई लगारी छाड्छ हारेर बस्दैन ।
तोपले होइन खोपले धेरै सम्भव गरायो ।
विफर, औलो, मुसेरोग सारा उन्मूलन गरायो ।
कोरोना पनि मैमत्त बनी सक्दैन बाँचन
विज्ञान विधि नयाँ प्रविधि जमाउँछ आसन ।
कोरोना थाक्छ हारेर भाग्छ चल्दैन शासन
जीवनशैली फेरबदल गरौं हामीले बाँचन
कोरोना युग होइन यो युग, वैज्ञानिक युग हो
रोगको युग होइन यो युग मान्छेको युग हो ।
स्रष्टा र द्रष्टा निर्माता भर्ता मानव स्वयं छ ।
मागेर खान्न भागेर जान्न विज्ञान अहम छ ।
असम्भव छैन, संभवैसम्भव भा'को छ हुनेछ ।
औषधि मूलो खोपका विधि सिर्जना हुनेछ ।
डराउनु छैन, कराउनु छैन धैर्य भई बसे भो ।
भौतिक दुरी कायम गरी घरघरमै बसे भो ।
प्रकृतिसँग मितेरी गाँसी हिंडेमा बाँचिन्छ ।
प्रकृतिसँग अमैत्री गरे मासिन्छ नासिन्छ ।
डाइनासोर बन्ने बाटोमा हिँड्न मान्छेले हुँदैन ।
प्रकृतिसँग मितेरी गाँसे केही बिगार हुँदैन ।
कोराना भाइरस डराई भाग्छ मान्छेलाई छुँदैन
मै जान्ने सुन्ने अहङ्कार बोकी कोही हिँड्नु हुँदैन ।

**५. तानसेन नगरमा**

**समन्वय, सहकार्य, चेतना अभिबृद्धि र कामको सूची**

सुन्दर देश नेपाल भित्र कोरोना छिर्दैछ ।
हिमाल, पहाड, तराईको मन व्यथाले पिर्दैछ ।
सुरूमा अलि डर भय थियो नेपाली जनमा
डरको खिल गडेको थियो नेपाली मनमा
डिङ र सिङ भाइरसको भाँच्न नेपाल सरकार
पालिका, प्रदेश सरकार आए नेपाली घरघर ।
पालिका प्रदेश पाल्पाली सरकार जुरूक्कै उठेर
जनताको कवच बनेर आए सर्लक्कै जुटेर
तानसेन सरकार जनताको सरकार नगर सरकार
उद्धार राहत मलम लाउन भैहाल्यो तयार
कसरी गऱ्यो ? के काम गऱ्यो ? गर्दैछ के काम ?
लगत तयार सकिन्न गर्न कामको तमाम
नगरले भन्यो गरेका काम लगत फरर
त्यसैलाई टिपी रगाउन कागज गर्दैछु तर्खर
आठ दश आखर लेखूँ कि भनी कलम समाएँ ।
सेवाको क्षेत्र सर्सर्ती हेर्दा आफैं पो रमाएँ ।
जनताका नेता जनताका सेवक जनता झैं बनेका ।
पुच्छनलाई आँसु कुसुमेरूमाल जनताकै बनेका ।
कोराना भाइरस युद्धमा जित्न मोर्चामा खटेका ।
सुरक्षाकर्मी डाक्टर वैद्य मोर्चामा अटेका ।
अस्पताल, डाक्टर, सिस्टर नर्स बनेका लहर ।
कोरोना भाइरस उन्मूलन गर्न गरेका ठहर ।

**६. के हो कोरोना भाइरस (कोभिड-१९) ?**

सानोमा सानो कोरोना भाइरस आँखाले देखिन्न ।
छामेर पनि सुँघेर पनि कोरोना भेटिन्न ।

जुन कुनै जाति, धर्मीका बीच कोरोना सर्दछ ।
भन्दैन अमिर राजा र बादशाह सबैलाई डस्दछ ।
मै ठूलो भनी कसैले पनि घमण्ड नगर ।
सर्वत्र यसको साम्राज्य हुन्छ गाउँ र सहर ।
निर्जीव छ यो मान्छेमा लाउँछ निशाना ताकेर
सास र थुक कफ सिँगान्भित्र बस्दछ हाँसेर ।
सङ्क्रमितबाट दुईमिटर टाढा बसेमा छुँदैन ।
बाटा र घाटा जहाँ पायो त्यहीँ थुक फाल्नु हुँदैन
डाक्टर र नर्स आ–आफ्नो ठाउँमा यही ज्ञान दिँदैछन् ।
जनताका वारेस चेतना ज्ञान फैलाउन हिँड्दैछन्
कोरोना कुनै हाउगुजी होइन सकिन्छ मासन
स्वास्थ्यका नियम पालना गरे सकिन्छ बाँचन
हातधुने बानी साबुन पानी बारम्बार गरौं है
भीडभाडमा नजाऔं एकान्त बसौं सुरक्षित बनौं है
सामाजिक दूरी निकट राम्रो कसिलो बनाऔं है
भौतिक दूरी कायम गर्दै सद्भाव बढाऔं है
नाक र मुखमा नथुको मास्क लगाइ छोपौं है
सासबाट सर्ने कोरोनालाई आआफैं रोकौं है ।
इम्युन पावर/प्रतिरोध शक्ति (जीवनशक्ति) बढाउनु पर्दछ ।
साग र पात फलफूल दाल त्यो शक्ति भर्दछ ।
मिडिया पनि तरङ्गित भयो चेतना बढायो ।
सत्कर्म गर्ने मिडियालाई तानसेनले सघायो ।
कोरोनाबाट सुरक्षित हुने ज्ञान चेत फैलाए
बचौं र बाँचौं मूलमन्त्र सूत्र सबैले पैलाए ।
यसैले धेरै तानसेन भित्र कोरोना आ'छैन ।
कोरोनाबाट मरिन्छ भन्ने शङ्का नै ला'छैन ।

**७. अरू के के गरियो त ?**

कोरोनालाई फाँसीमा राख्न ब्यानर टाँगियो ।
सुरक्षित हुने ढङ्ग र शैली जनतामा भ्याँगियो ।
कल्धारे बाल्टिन साबुन पानी हे.पो.मा राखियो ।
हात धुने विधि सिकाउनलाई वडामा डाकियो ।
नागरिक सचेत भइदिए मात्रै कोरोना कहर
लाग्दैन रोग भनेर यहाँ गरियो ठहर
पर्देशबाट घरदेश आउने मान्छेको जाँचपास
गरियो जोहो परीक्षण हुन्छ त्यही नाका प्रभास
रोग निरोधक त्यो सेनिटाइजर बनाउन सिकाइयो
सरोकारवाला सुरक्षित हुने तरिका सिकाइयो ।
डाक्टर नर्स साक्षात् देउता सुरक्षित राख्नलाई
सुरक्षा कवच पी.पी.ई दियौं बँचाउन बाँच्नलाई
अस्पतालहरू सरकारी पाल्पा, मिसन, प्रभास
लाभान्वित भा'छन् सेवारत भा छन् ढुक्क भई एकसाथ
सवासौ बाँड्यो सुरक्षा कवच थोरै पो हुँदैछ
आउनेको ताँती बढ्दो छ ऐले चुनौती हुँदैछ ।
चुनौतीसँग जुधेर पनि नागरिक बँचाउन
नगर सरकार बढ्दैछ अघि पर्दैन सुर्ताउन
सूचना संचार ज्ञान खुराक प्रवाह साधन
सुरक्षित भई पी.पी.ई लगाई बस्तीमा गा'छन्
सूचना ज्ञान प्रसारण गर्ने संचारकर्मी छन्
नगरबाट करिब सय विमित भा'का छन्
एसइइ कक्षा सारेमबाट संचालन गरियो
प्रविधि नयाँ प्रयोग गरी ज्ञान शिक्षा छरियो
युनिकबाट परीक्षा शिक्षण अनलाइनमा गरियो ।
धेरै नहोला विद्यार्थीलाई केही सहयोग गरियो ।
सस्तो र सुपथ पसल खोल्ने चिन्तन हुँदैछ
खाद्यान्न दिने काम गरेपछि तयारी हुँदैछ
गरिब दुःखी आहतलाई राहत बाँडियो
जनताको सरकार जनताकै हुने यसबाट बुझियो
चार हजार चामल चार हजार दाल के.जीको बाँडियो
नून, चिनी, तेल, साबुनसम्म जनतालाई बाँडियो ।
पाउनेलाई थोरै दिनेलाई धेरै खर्च चाहिँ बढ्दैछ ।
कति दिनसम्म यो गर्नु पर्ला पीर चिन्ता बढ्दैछ ।
हुलका हुल आउँदैछन् मान्छे भोकालाई अन्नपात
जसरी पनि पुऱ्याउने हाम्रो हिम्मत आँट छ ।
धेरै छन् मुख पेटका भोका पाउनेलाई थोरै भो
टनका टन हात्तीको मुखमा जीराझैं थोरै भो
बेरोजगार मान्छे बेवारिस मान्छे जीवनका हकदार
साँचो हुन भनी राहत दियौं हामीले बारम्बार ।
उपचार गर्न परीक्षण गर्न क्वारेन्टिन आश्रम
निर्माण भा छन् सेवामा ला छन् नगरी विश्राम

विज्ञान क्याम्पस, जनप्रिय मावि, त्रिभुवन मा.वि.मा
क्वारेन्टिन केन्द्र संचालन भा'छन् जनताकै सेवामा
बढ्दो छ सङ्ख्या भारतबाट नागरिक आउँनेछन्
जो जति आउँछन् सेवा र सुसार राहत पाउनेछन् ।

**७.१ अन्नदाता किसान र प्राण नै अन्न**

हजारौं मान्छे विदेशबाट आउने खाका छ
काम पछि माम रोजगारी दिने निधो नै भा'को छ ।
खाने हो अन्न सागसब्जी तिउन फलाउने किसान
किसान आफै चाउरिए भने आउँदैन बिहान
कृषि उत्पादन बढेन भने भोकभोकै परिन्छ ।
रोगबाट भन्दा भोकबाट धेरै चिहान परिन्छ
उत्पादन, बजार व्यवस्थापन चाँडो नगरी भा'छैन
थालनी यसको नगरेसम्म घाम पनि ला'छैन ।
जीवनदाता प्राणदाता अन्नेश्वर किसान
आरती गाउँछ तानसेन सरकार जय जय किसान !
मल र बीउ, औजार यन्त्र सहुलियतमा दिने हो
उत्पादन हुन्छन् जे जति यहाँ न.पा.ले लिने हो ।
ग्यारेन्टी गर्छौं खुलेर कृषि काममा लागौं है ।
के चीज चाहिने उत्पादन गर्न खुलेर मागौं है ।

**८. निचोड**

धेरै छन् कुरा कर्तव्य पूरा नगरी हुँदैन ।
जे जति गऱ्यौं त्यतिले मात्र एक छेउ छुँदैन ।
कोरोना भाइरस रोकथाम गर्नु आजको धर्म हो ।
उत्पादन गर्नु भोकहरण गर्नु त्यो प्रमुख कर्म हो ।
कर्ममा श्रम नमिलाईकन उद्धार हुँदैन ।
विदेशको आस विदेशको बास गरेर हुँदैन ।
तानसेन सरकार यसैले आज अपिल गर्दछ
नेपालमै बसौं कम्मर कसौं सुवर्ण वर्षन्छ ।
सरकार मात्र जागेर हुन्न जनता नै जागौं है ।
कोरोनामुक्त बनाउन नगर सबै नै लागौं है
सबैलाई सुखी सबैलाई खुसी बनाउने रहर
यही बेला आयो नेपालभित्र कोरोना कहर
कोरोना कहर सखाप पार्न बन्नुछ लहर
लहर बनी मोर्चामा खटौं भन्दछ नगर !!

*(तानसेन नगरपालिकाका विकास सद्भावना दूत)*

# गजल



**- सुरज घिमिरे "दीपशिखा"**

कला संस्कृतिको धरोहर हो तानसेन
प्रकृतिको खानी मनोहर हो तानसेन

सधैं मुस्कुराउने शीतलपाटी, दरबार
टुँडिखेल, बतासे, श्रीनगर हो तानसेन

भेदभाव छैन यहाँ कोही कसैमा
भनूँ कि एकै जात एकै थर हो तानसेन

फुलैकै छ प्रीति रानीमहलझैँ
माया प्रेम फूल्ने नगर हो तानसेन

पहाडकी रानी हो धर्तीकै स्वर्ग
मनै रम्ने भुल्ने, सहर हो तानसेन

यहाँ लेक बेसी मनोरम छ धर्ती
जीवनमै नभुल्ने सफर हो तानसेन

सपनाहरूको "दीपशिखा" बाल्दै
भनिदिएँ मेरो पनि घर हो तानसेन ।

*(सर्जक)*

समीक्षा

# हाम्रो तानसेन बुलेटिनका एकदेखि आठसम्मका अङ्कहरूलाई नियाल्दा




- टंकप्रसाद पन्थ

**विषयप्रवेश**

संघीय नेपालको संविधान २०७२ ले तीन तहका सरकारको व्यवस्था गरेको र सोही अनुसारको अभ्यासमा सरकारहरु निर्माण भई अगाडि बढेको अवस्थामा हामीहरु छौँ । संघीय सरकार र प्रदेश सरकारका तुलनामा नागरिकका दैनन्दिन समस्यासँग जोडिएर कार्यसम्पादन गर्ने हुनाले जनतासँगको प्रत्यक्ष सम्बन्ध स्थानीय सरकारसँग रहनु स्वाभाविक हो । यसै भावनाअनुरूप स्थानीय सरकारहरुले आफ्नो भूमिका निर्वाह गरेको पाइन्छ । पछिल्लो संरचनाअनुसार तानसेन नगरपालिका भौगोलिक रूपमा फैलिन पुगेको छ । यसैले यसको कार्यक्षेत्र र व्यवस्थापकीय पाटो पनि फराकिलो भएको छ । स्थानीय तहको संरचनालाई सरकारकै हैसियत प्रदान गरिएको वर्तमान परिस्थितिमा आफ्ना काम अनि योजनालाई जनताका बीचमा लैजान पनि आधिकारिक माध्यमको आवश्यकता हुन्छ । यस्तै नगर सरकारले निर्माण गरेका नीतिहरु, योजना निर्माण र बजेटको व्यवस्थापन अनि कामको प्रगतिलाई अभिलिखित गर्नुका साथै सम्पादन भएका काम र उपलब्धीलाई जनतासमक्ष प्रवाहित गर्ने उद्देश्यले **'हाम्रो तानसेन'** त्रैमासिक बुलेटिन प्रकाशन गर्न थालिएको अनुभव हुन्छ । बुलेटिन प्रकाशनको अभीष्ट उद्देश्य र एकदेखि आठ अङ्कसम्म पस्किएका सामग्रीहरूलाई हेर्दा यही कुराको पुष्टि हुन्छ । यस प्रकाशनका माध्यमबाट तानसेन र समग्र पाल्पाको इतिहास, संस्कृति, शिक्षा, पर्यटन, कृषि तथा रोजगारीका सम्भावना र अवस्थासँगै सम्पन्न गतिविधीलाई उजागर गराइएको पाइन्छ । पछिल्ला अङ्कहरूलाई दृष्टि दिंदा खास विषय र समस्यालाई केन्द्रित गरी विशेषज्ञ र सरोकारवालाहरूका विचारपूर्ण लेख र सुझावहरूलाई सङ्कलन गर्नुले बुलेटिन प्रकाशनको औचित्य पुष्टि हुँदै गएको अनुभव हुन्छ । यस लेखमा तानसेन नगरपालिकाद्वारा ७५३ स्थानिय तहमध्ये सर्वप्रथम (सूचना विभाग र प्रेस काउन्सिल नेपालमा समेत सूचीकृत) प्रकाशित बुलेटिनका आठवटा अङ्कहरूको प्रकृति र विशेषतालाई सर्सरी प्रकाश पार्ने प्रयास गरिएको छ ।

**हाम्रो तानसेन अङ्क एक**

हाम्रो तानसेन वर्ष १, पूर्णाङ्क १, वैशाख २०७५ मा प्रकाशित तानसेन नगर सरकारको पहिलो बुलेटिन हो । रङ्गीन आवरण पृष्ठमा सजिएको प्रस्तुत अङ्कमा तानसेन नगारपालिकाको वर्तमान मानचित्र बीच भागमा अङ्कित हुनुका साथै तलपट्टि तानसेनको मूल बजारको झलक प्रस्तुत गरिएको छ । किनारामा यहाँका सांस्कृतिक सम्पदाका साथै ढाका र करूवाका झलक पनि प्रतिबिम्बित भएका छन् । आवरण पृष्ठको पछिल्तिरको भागमा गुफाचौरमा राखिने प्रस्तावित गणेश मन्दिरको झलक प्रस्तुत गरिएको छ । अन्य सबै अङकहरूको आवरण पृष्ठको संयोजन रङ्गीन हुनुका साथै तानसेन नगारपालिकाका गतिविधि र सम्पदाहरूलाई समावेश गरिएको छ ।




कुल एक सय बत्तीस पृष्ठ रहेको यस अङ्कमा राष्ट्रपति, प्रधानमन्त्री, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री, प्रदेश ५ का मुख्य मन्त्री, नेपाल नगरपालिका संघका संयोजक तथा तानसेन नगरपालिकाका प्रमुखको शुभकामना मन्तव्य राखिएको छ । यसैगरी 'हाम्रो तानसेनबारे केही कुरा' शीर्षकमा प्रकाशकीय लेख रहेको छ । हाम्रो तानसेन बुलेटिनका प्रधान सम्पादक गोविन्द भट्टराईको 'अब तानसेन बोल्छ' शीर्षकको लेखमा नगर सरकारका काम र गतिविधिहरूको सम्प्रेषणको आधारका रूपमा बुलेटिन प्रकाशन थालिएको कुरा उल्लेख गरिएको छ । यस अङ्कमा तानसेनको पृष्ठभूमिबाट समग्र पाल्पाको ऐतिहासिक सर्वेक्षण गरिएका विभिन्न लेखकका चौँतीसवटा लेखहरु समेटिएका छन् । यी लेखहरूका माध्यमबाट पाल्पाको गौरवशाली इतिहास तथा यस क्षेत्रको योगदान र महत्त्वलाई प्रस्तुत गरिएको छ । यो पहिलो अङ्क भएकोले यसमा पाल्पा र यसको ऐतिहासिक सांस्कृतिक सम्पदा र नेपालको इतिहासमा पाल्पाको उपस्थिति र सम्भावनाका लेखहरु यहाँ समेटिएका छन् । यसका साथै तानसेन नगरपालिकाका वडा गतिविधिअन्तर्गत चौधैवटा वडाध्यक्षहरूका प्रतिबद्धता, दृष्टिकोण र कार्यप्रगति प्रस्तुत गरिएको छ । तानसेन नगरपालिकाका मातहतमा रहेका कार्यालय तथा संघसंस्थाहरूको परिचयात्मक प्रस्तुति पनि समेटिएको छ । यसै गरी खानेपानी, सडक, पर्यटन र रोजगारीलाई प्राथमिकतामा राखिएको कुरा पनि यहाँ समावेश गरिएको छ । नगारपालिकाद्वारा विभिन्न समयमा सम्प्रेषित विज्ञप्तिहरु तथा तानसेन नगर सरकारका विषयमा उद्धृत पत्रिकाका टिप्पणीलाई पनि स्थान दिइएको छ । नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरूको परिचयात्मक विवरणका साथमा तस्बिर पनि अङ्कित गरिएको छ ।

यस अङ्कमा समेटिएका लेखहरूमा समग्र पाल्पाको ऐतिहासिक झलक, तानसेनको इतिहास, नामकरण, धार्मिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक सम्पदाहरूलाई प्रकाशमा ल्याइएको छ । शिक्षा तथा स्वास्थ्यका क्षेत्रमा पाल्पाले गरेको प्रगति अनि पर्यटनका पूर्वाधार र सम्भावनामा केन्द्रित विचारहरु पनि यहाँ प्रस्तुत भएका छन् । ढाका, करूवाका साथै पाल्पाको पहिचानका विषयहरु पनि यहाँ प्रस्तुत गरिएका छन् । सांस्कृतिक हिसाबले सम्पन्न रहेको तानसेनलाई सांस्कृतिक सहर बनाउन सकिने आधारहरु पनि यहाँ प्रस्तुत भएका छन् । नेपालको तेस्रो नगरपालिका भएर पनि इतिहासको आलोक र साखलाई जोगाई राख्न नसकिएका चिन्ता पनि यहाँ प्रस्तुत भएका छन् । इतिहासको अध्ययन गरी वर्तमान अवस्थालाई छामेर भविष्यका महत्त्वाकाङ्क्षी योजनाहरु बनाई अगाडि बढ्नुपर्ने सुझावहरु पनि यहाँ प्रस्तुत भएका छन् । विस्तारित तानसेनका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, व्यावसायिक, शैक्षिक आदि सम्भावनाहरूलाई अध्ययन गरी अगाडि बढ्नु वर्तमान नगर सरकारको कार्यभार रहेको कुरा यहाँ उल्लेख छ । जनप्रतिनिधि, कर्मचारी, सामाजिक अगुवा, बुद्धिजीवी तथा आम नागरिकहरु दत्तचित्त भएर लाग्नुपर्ने कुराको मार्गदर्शन पनि यहाँ पाइन्छ । पाल्पाको इतिहास, तानसेनको गौरवगाथा तथा विविध समावेशी सामग्रीलाई अभिलिखित गरिएकाले यो अङ्क विशेष सङ्ग्रहणीय बनेको छ ।

**हाम्रो तानसेन अङ्क दुई**

प्रस्तुत अङ्क २०७५ साल श्रावण महिनामा प्रकाशित भएको हो । यो अङ्क जम्मा अठासी पृष्ठमा संरचित रहेको छ । रङ्गीन आवरण पृष्ठमा संरचित यस अङ्कमा पनि तानसेनसम्बद्ध सामग्रीका झलकहरु समेटिएका छन् । 'विकास अबको आवश्यकता' शीर्षकमा प्रधान सम्पादक गोविन्द भट्टराईको लेख रहेको छ । विकास र समृद्धि नगर सरकारको अबको कार्यभार रहेको कुरा यहाँ प्रकाश पारिएको छ । 'अब हामी काममा लागौँ' शीर्षकमा नगरप्रमुख तथा पत्रिकाका संरक्षक अशोककुमार शाहीको मन्तव्य रहेको छ । नगर सरकारले गरेका कामको झलक अनि योजनामा रहेका कामहरु सम्पन्न गर्ने प्रतिबद्धताका साथमा जन सहयोगको अपेक्षासमेत यहाँ गरिएको छ । तीसवटा विभिन्न शीर्षकहरु समेटिएको यसअङ्कमा नगरपालिकाले गरेका कामको प्रगतिविरणका साथै नगरपालिका अर्न्तगतका कार्यालयका गतिविधिहरु र योजनालाई प्रस्तुत गरिएको छ । 'न्यायिक समिति बामे सर्दैछ' शीर्षकमा उपप्रमुख लक्ष्मीदेवी पाठकद्वारा न्यायिक समितिद्वारा सम्पन्न भएका कामहरूको विवरण प्रस्तुत गरिएको छ । 'तानसेन सरकार र चुनौती' शीर्षकको लेखमा प्रमुख प्रशासकीय अधिकृत कीर्तनराज

पौडेलद्वारा एक वर्षमा भएका कामको समीक्षासहित जनप्रतिनिधि, कर्मचारी र नागरिकका बीचमा समन्वय हुनुपर्ने कुराको अपेक्षा गरिएको छ ।




यस अङ्कमा लेखक निर्मल श्रेष्ठको 'शाहकालीन तानसेन' शीर्षकको लेखमा सेनकालीन तानसेनको प्रभाव र शक्तिलाई कूटनैतिक र छलकपटपूर्ण तरिकाले कमजोर पारी नेपाल राज्यमा समाहित गरिएको सन्दर्भका साथमा तानसेनलाई केन्द्र बनाई ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक महत्त्वका सम्पदाहरु निर्माण गरिएको कुरालाई प्रकाश पारिएको छ । यहाँ पाल्पाको गौरवशाली इतिहास र विभिन्न समयमा निर्माण भएका सम्पदाको महत्त्वलाई गम्भीर रूपमा प्रकाश पारिएको छ । यसै गरी लेखक झपेन्द्र जी.सी.द्वारा लिखित 'तानसेन पाल्पामा जात्रापर्वको उत्पत्ति, विकास र वर्तमान अवस्था' शीर्षकको लेखमा जात्राको परिचय, प्रचलन र मान्यतालाई झल्काइएको छ । तानसेनमा प्रचलित मूलतः गाईजात्रा र रणउजीरेश्वरी भगवती जात्राका केन्द्रमा रही तानसेनको जात्रामय माहोललाई यहाँ उजागर गराइएको छ । उजिरसिंहको वीरतापूर्ण अभियान र त्यसले उठाएको राष्ट्रिय गौरव अनि सांस्कृतिक आस्थालाई यहाँ प्रकाश पारिएको छ ।


चीनको लसान नगरपालिकासँग तानसेन नगरपालिकाको भगिनी सम्बन्ध स्थापना गरिएको कुराका झलकहरु यहाँ प्रतिबिम्बित भएका छन् । तानसेन नगरपालिकाबाट भएका विविध गतिविधिहरु, मातहतका कार्यालयहरूबाट भएका सेवा र कार्यको विवरण, अवसर र अधिकारबाट पछाडि पारिएका जाति र वर्गको उत्थानका लागि नगरपालिकाले प्रदान गरेको निशुल्क स्वास्थ्यबिमा, वृद्धवृद्धाहरूलाई न्यानो शीतल घरको निर्माण, सहकारी संस्थाहरूको दर्ता थालनी, जनप्रतिनिधिहरूलाई प्रशिक्षणका विषयहरु पनि यहाँ समेटिन आएका छन् । यसै गरी नगर सरकारले प्रस्तुत गरेको बजेटका विशेषताहरु, नगर सरकारले प्रदान गरेका राहत र सुविधाहरु तथा नगर सभाबाट पारित ऐन, नियमको सूची पनि यहाँ प्रस्तुत गरिएको छ । नगर सरकारलाई प्राप्त भएका सुझावका साथै चौधवटै वडाहरूले गरेका कार्यसम्पादन र योजनालाई पनि यहाँ समेटिएको छ । नगरभित्रका प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक सम्पदाहरूको संरक्षण र विकासको चासो र प्रयासका झलकहरु पनि यहाँ पाउन सकिन्छ ।

**हाम्रो तानसेन अङ्क तीन**

हाम्रो तानसेन वर्ष १, पूर्णाङ्क ३, २०७५ साल कार्तिक महिनामा प्रकाशित भएको हो । कुल चौसठ्ठी पृष्ठमा संरचित यस अङ्कमा एकतीसवटा शीर्षकका विविध लेखरचनाहरु रहेका छन् । 'हाम्रो तानसेनलाई समावेशी बनाऔँ' शीर्षकको सम्पादकीय लेखमा प्रधान सम्पादक गोविन्द भट्टराईद्वारा यस बुलेटिनलाई समावेशी र सबै जनताको साझा बनाउने उद्घोषका साथमा सकारात्मक आलोचनाको अपेक्षा पनि गरिएको छ । 'तानसेनको विकास तानसेनवासीको साझा चासो बन्नुपर्दछ' शीर्षकको मन्तव्यमा नगर प्रमुख तथा पत्रिकाका संरक्षक अशोककुमार शाहीले बृहत् तानसेनको विकासको भावनालाई आत्मसात गरी कानुन निर्माणको चरण पनि पूरा भएकाले सबैको साथमा तानसेनलाई सबै पक्षबाट माथि उठाउने प्रतिबद्धता प्रस्तुत गरिएको छ । गोपालप्रसाद बस्यालद्वारा लिखित एउटा लेख अङ्ग्रेजी भाषामा छ भने अरु सबै सामग्री नेपाली भाषामा रहेका छन् । मुद्दाका प्रकृतिका आधारमा न्यायिक समितिले हेर्ने गरेको तर पूर्ण अधिकार नभएकाले समस्या झेल्नुपरेको,

मध्यस्थता गर्दा गालीगलौजसमेत झेल्नु परेको मर्मका साथै न्याय सम्पादनलाई व्यवस्थित गर्दै लगिएको कुरा उपप्रमुख लक्ष्मीदेवी पाठकको लेखमा उल्लेख छ । 'तानसेन विकास, समृद्धि र हाम्रो लक्ष्य' शीर्षकको लेखमा प्रमुख प्रशासकीय अधिकृत कीर्तनराज पौडेलद्वारा विकासका हालसम्मका प्रयास, चुनौती र गर्नुपर्ने कामको मोटामोटी खाका प्रस्तुत गरिएको छ । लेखाअधिकृत दिवाकर अर्यालको लेखमा उपभोक्ता समितिले गर्ने निर्माण कार्य र भुक्तानी लिने प्रक्रियाको कानुनी प्रवधानलाई प्रकाश पारिएको छ । झपेन्द्र जी.सी.द्वारा लिखित 'तानसेन नगरपालिकाका सेवाशुल्क र दस्तुरमाथि विहंगम दृष्टि' शीर्षकको लेखमा २०७२ सालको संघीय नेपालको संविधानले गरेका तीन प्रकारका सरकारको व्यवस्था र तिनको सेवा र भूमिकाका उल्लेखित सीमामा आर्थिक स्रोत जुटाउने उद्देश्यले करको व्यवस्था गरिएको कुरा उल्लेख गरिएको छ । करका सम्बन्धमा केही विद्वानहरूका परिभाषाका साथमा नागरिकको बुझाइ पनि फरक रहेको कुरा यहाँ सङ्केत गरिएको छ । विभिन्न क्षेत्रबाट उठाउने करको प्रकृति र तालिका समेत यहाँ देखाइएको छ । प्रेमनाथ बस्यालद्वारा लिखित 'नेपालको राजनीतिक परिवर्तनमा पाल्पालीहरु' शीर्षकको लेखमा २००७ सालदेखि २०६२/०६३ सम्मका आन्दोलनहरूमा पाल्पालीले खेलेको भूमिकालाई प्रकाश पारी आन्दोलनमा सहिद हुने, घाइते हुने, जेल चलान भई सजाय पाउने व्यक्तिहरूको नामावलीसमेत प्रस्तुत गरिएको छ ।

लेखक निर्मल श्रेष्ठको 'तानसेन विगतदेखि वर्तमानसम्म' शीर्षककको लेखमा भारतीयहरूले हाम्रो तानसेनलाई गायक तानसेनको पृष्ठभूमिमा लिने गरेको सन्दर्भ उठाई तानसेनको आफ्नै मौलिक पहिचान रहेको कुराका साथमा यहाँको प्राकृतिक सौन्दर्य ऐतिहासिक गरिमा र सांस्कृतिक सम्पदा अतुलनीय रहेको मर्म प्रस्तुत गरिएको छ । यस्तै गरी यसै पंक्तिकारद्वारा लिखित अङ्क एक र दुईको समीक्षामूलक लेख रहेको छ । झपेन्द्र जी.सी.को अर्को लेख 'तानसेन नगरपालिकाको सहरीकरण: चुनौती, अवसर र आवश्यकता' शीर्षकको लेख तानसेन नगरपालिकाको ऐतिहासिक झलकमा केन्द्रित रहेको पाइन्छ । 'स्थानीय सरकारको हैसियतले जनप्रतिनिधिले काम गर्नुपर्छ' शीर्षकको लेखमा नारायणप्रसाद कोइरालाद्वारा वर्तमान जनप्रतिनिधिहरूको हैसियत आफै कानुन बनाई कार्यान्वयनका तहमा लैजाने अधिकार पाएकाले धेरै काम गर्नसक्ने प्रावधान रहेको कुरा उल्लेख गरिएको छ । तानसेन नगरपालिकाले गर्नुपर्ने कामको क्षेत्रसमेत यहाँ उल्लेख गरिएको छ । पत्रकार झपेन्द्र गहिरेको 'तानसेन नगरपालिका र पाल्पाली सञ्चार क्षेत्र' शीर्षकको लेखमा सञ्चार क्षेत्रको सबलीकरणसँगै सूचना प्रविधि र समग्र विकास प्रवाहित हुने कुरा उल्लेख गरिएको छ । गोपालप्रसाद बस्यालद्वारा अङ्ग्रेजीमा लेखिएको 'टुरिजम इन तानसेन' शीर्षकको लेखमा यहाँका प्राकृतिक, सांस्कृतिक, पुरातात्त्विक सम्पदाको संरक्षण र प्रचारको आवश्यकतालाई औल्याइएको छ । गौरीनाथ प्रधानको 'एक अनुभव र अनुभूतिमा पाल्पा तानसेन' शीर्षकको लेखमा तानसेनको नामकरणको सन्दर्भ, पाल्पा राज्यको इतिहास, भौगोलिक, प्राकृतिक, सांस्कृतिक सम्पदाको पृष्ठभूमिलाई उठाई हामी हाम्रो तानसेनलाई आफै बनाउँछौँ भन्ने प्रतिबद्धताको खाँचो रहेको कुरा उल्लेख गरिएको छ । विष्णु पौडेलद्वारा लिखित 'सन्दर्भ सहरी पर्यटनको' शीर्षकमा सहरी पर्यटनको अवधारणा, पश्चिमा राष्ट्र तथा मलेसिया, सिङ्गापुरका सन्दर्भबाट सहरको सौन्दर्यीकरण र पूर्वाधार विकासका साथमा पर्यटनलाई प्रवर्द्धन गनुपर्ने अवधारणा र आधारहरू प्रस्तुत गरिएको छ ।



'धर्मस्थली नगरी तानसेन' शीर्षकको कवितामा वरिष्ठ साहित्यकार नीलकण्ठ न्यौपानेद्वारा यहाँको प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा पर्यटकीय महिमालाई उद्घाटन गराइएको छ । साझा संस्कृतिको संगमस्थल, गण्डकी भगवती आदि देवदेवी र सम्पदाहरूले तानसेनको गरिमालाई उच्च बनाएको कुरा अभिव्यक्त गरिएको छ । सर्जक गोम क्षेत्रीद्वारा तीन मुक्तकमा तानसेनको सौन्दर्यलाई उजागर गराइएको छ । भावना खनालद्वारा रचित 'सुन्दर पाल्पा' शीर्षकको कवितामा समग्र पाल्पाको प्रकृति, संस्कृति, कला,सम्पदा र रमणीयतालाई झल्काइएको छ । यसै गरी राम ज्ञवालीको तासेनलाई केन्द्रित गरी लेखिएको गीत पनि यहाँ समेटिएको छ । दुर्गा थापाद्वारा तानसेन नगरपालिकाद्वारा पारित कानुन अनि नगर क्षेत्रका सहकारीहरूको विवरण प्रस्तुत गरिएको छ । भरत आचार्यद्वारा नगरसभा सञ्चालन र विपद न्यूनीकरणका सम्बन्धमा प्रकाश पारिएको छ । तानसेन राजपत्र लोकार्पणको खर्चविवरण पनि यहाँ प्रस्तुत गरिएको छ । तानसेनमा मोनो रेलको सम्भावनालाई पनि यहाँ समेटिएको छ । यस्तै विविध गतिविधिअन्तर्गत एक दर्जन कार्यकलापहरु समेटिएका छन् । नगरपालिकाको आम्दानी खर्च तथा योजना कार्यान्वयनका अवस्थाको झलक पनि यहाँ प्रस्तुत गरिएको छ । वडा गतिविधिहरु, नगरपालिकाद्वारा प्रेसित विज्ञप्तिहरु तथा विविध अवसर र कार्यक्रममा लिइएका तस्बिरहरूले यो अङ्क पठनीय र सङ्ग्रहणीय सामग्री बन्न गएको छ ।

**हाम्रो तानसेन अङ्क चार**

हाम्रो तानसेन वर्ष १, पूर्णाङ्क ४, २०७५ माघमा प्रकाशित भएको हो । रङ्गीन आवरणमा सजिएको प्रस्तुत अङ्क आवरण पृष्ठबाहेक असी पृष्ठमा संरचित रहेको छ । प्रधान सम्पादक गोविन्द भट्टराईद्वारा लिखित 'पर्यटन विकासका लागि नागरिक सहभागिता महत्त्वपूर्ण सवाल' शीर्षकको लेखमा मूलतः पर्यटन व्यवसायप्रति लक्षित विचारहरु प्रस्तुत गरिएको छ । संरक्षकको कलमबाट नगर प्रमुख अशोककुमार शाहीले 'टुँडिखेल स्तरोन्नति, नयाँ बसपार्क निर्माण र नागरिक स्वास्थ्यलाई प्रमुख केन्द्रमा राखिएको कुरा प्रकाश पारिएको छ ।

यस अङ्कमा विविध विधा र विषयका सामग्रीहरु समाविष्ट गरिएका छन् । इतिहास र संस्कृतिमा केन्द्रित भई लेखिएका तीनवटा लेखहरु रहेका छन् । कमल रानाद्वारा लिखित 'रूरू




क्षेत्रको ऐतिहासिक महत्त्व, समस्या र विकासका सम्भावनाहरु' शीर्षकको लेखमा रूरू क्षेत्रको ऐतिहासिक, पौराणिक तथा सांस्कृतिक गरिमालाई उठाई यसको विकासमा ध्यान जानुपर्ने कुरा प्रकाश पारिएको छ । हृषिकेशको आध्यात्मिक महत्त्वका साथै विकासका बाधक तत्त्व र संभावनाहरूलाई बुँदागत रूपमा उठान गरिएको छ । 'तानसेन नगरपालिकाको शहरीकरण चुनौती अवसर र आवश्यकता' शीर्षकको लेखमा झपेन्द्र जी.सीद्वारा तानसेनमा अवस्थित मठ-मन्दिर लगायतका सांस्कृतिक सम्पदाको परिचयका साथै जातजातिका संस्कृति, प्रथा र व्यावसायिकताका आधारहरूलाई झल्काइएको छ । निर्मल श्रेष्ठद्वारा लिखित 'तानसेन विगतदेखि वर्तमान' शीर्षकको लेखमा राणाकालीन तानसेनको व्यापक रूपमा प्रकाश पार्ने काम गरिएको छ । रानीघाट दरबारको निर्माण विधि, कलात्मकता, निर्माणको प्रयोजन, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वलाई प्रकाश पारिएको छ । मदन देउरालीद्वारा लिखित 'तानसेनका नेवारहरूको सामाजिक संस्कार' नामक लेखमा नेवारी समाजमा जन्मदेखि मृत्युपर्यन्त गरिने विविध संस्कार कर्म, र विधिहरूलाई प्रकाश पारिएको छ । काठमाडौँबाट खास प्रयोजनले बेलाबेलामा

पाल्पामा आएका नेवारहरूको पृष्ठभूमि उल्लेख गरी हिन्दू तथा बौद्ध सम्प्रदायमा रहेका नेवारहरूको संस्कारगत कर्मलाई यहाँ उजागर गरिएको छ ।

यस अङ्कमा अर्को महत्त्वपूर्ण पक्ष विकास निर्माणसम्बन्धी गतिविधि र विचारहरु रहेका छन् । प्राध्यापक सन्तोष खनालको 'स्थानीय सकार चुनौती र गन्तव्य' विषयको लेखमा राज्यको पुनर्संरचनापछि स्थानीय तहले पाएको अधिकारलाई प्रयोग गरी कार्यान्वयन पक्षलाई प्रभावकारी रूपमा अगाडि बढाई समृद्धितर्फ जानुपर्ने मर्मका साथमा चुनौती र गन्तव्यलाई सुझाइएको छ । सोमनाथ अर्यालको 'मदनपोखरा अनि नयाँपाटी-सारेम-दमकडा मोटरबाटोको कुरा' शीर्षकको लेखमा मदनपोखराको ऐतिहासिक योगदान, पहिचान र सम्भावनातर्फ सङ्केत गरिएको छ । उक्त बाटोका लागि बजेट विवियोजन र जनप्रतिनिधिको भूमिकालाई उल्लेख गरिएको छ । नगर सभा र कार्यपालिकाबाट गठन गरिएका समितिहरूको सूची, सरसफाइ शाखाका गतिविधि, सञ्चार क्षेत्रका काम, शिक्षा शाखाद्वारा गरिएका कार्यक्रम, स्वास्थ्य तथा कृषि र पशु सेवाका गतिविधि, नगरपालिकाले तत्काल गर्नुपर्ने कामसमेत यहाँ प्रस्तुत गरिएको छ । विविध शीर्षकअन्तर्गत विभिन्न बीसवटा कार्यविवरण प्रस्तुत गरिएको छ । यसै गरी विभिन्न वडाहरूमा भएका कामलाई वडा गतिविधि स्तम्भमा राखिएको छ । 'पत्रपत्रिकामा तानसेन' शीर्षकमा तानसेन नगरपलिकाले गरेका काम र गतिविधिका सम्बन्धमा सम्प्रेषण गरिएका पत्रपत्रिकाका झलकहरूलाई प्रस्तुत गरिएको छ ।

पाल्पाको पर्यटनलाई केन्द्रित गरिएको गुराँस आत्रेयको एउटा लेख रहेको छ । 'पाल्पा, तानसेन र पर्यटन' शीर्षकको उक्त लेखमा तानसेनको पर्यटकीय सम्भावनालाई उजागर गराई बृहत् रूपमा योजना बनाएर लाग्नु आवश्यक रहेको कुरा प्रकाश पारिएको छ । टंक पन्थको 'हाम्रो सुन्दर तानसेन' शीर्षकको कवितामा तानसेको बहुआयामिक विशेषतालाई झल्काइएको छ । मन गहिरेको **'वादलमाथिको सहर'** कवितामा तानसेनको भौगोलिक वर्णनका साथै प्राकृतिक सांस्कृतिक सम्पदालाई प्रस्तुत गरिएको छ । रानीमहललाई केन्द्रित गरी लेखिएको रमेश आचार्यको एउटा मुक्तक पनि यहाँ समेटिएको छ । राजेन्द्र विश्वकर्माद्वारा लिखित 'नेकपा र नगर राज्यसत्ताँसँगको सम्बन्ध' विषयक लेखमा पार्टी र नगर सरकारको समन्वय, योजना निर्माण र संयोजन पक्षलाई प्रकाश पारिएको छ । विविध सामग्रीहरूको खुराक समेटिएको प्रस्तुत अङ्क उपयोगी र सङ्ग्रहणीय सामग्री रहेको छ ।

**हाम्रो तानसेन अङ्क पाँच**

हाम्रो तानसेन वर्ष २, अङ्क १, पूर्णाङ्क ५, २०७६ साल वैशाखमा प्रकाशित अङ्क हो । यो आवरण पृष्ठबाहेक बहत्तर पृष्ठमा संरचित रहेको छ । यस अङ्मा प्रधान सम्पादक गोविन्द भट्टराईको 'समृद्धिका लागि तानसेनवासी चनाखो र सक्रिय हुनैपर्छ' शीर्षकको सम्पादकीय लेख रहेको छ । संरक्षकको कलमबाट स्तम्भमा नगर प्रमुख अशोककुमार शाहीद्वारा 'सडक बिस्तार, पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार र युवा स्वरोजगार बारे' शीर्षकमा विकास निर्माणका कुराहरूका साथै प्रतिभाहरूलाई प्रोत्साहन गर्ने जस्ता रचनात्मक कामतर्फ पनि नगरपालिका संवेदनशील रहेको कुरा प्रकाश पारिएको छ । तानसेन नगरपालिकाका गतिविधिका झलकहरु आवरण पृष्ठ तथा भित्रीपृष्ठहरुमा अङ्कित गरिएका छन् ।

यस अङ्कलाई अध्ययन गर्दा इतिहास, कला-संस्कृति, सम्पदा, पर्यटन, विकास तथा खेलकुद आदि विषयहरु समेटिएका छन् । छत्रराज शाक्यद्वारा लिखित 'तानसेन पाल्पा क्षेत्रमा बुद्ध धर्मको उत्थान' शीर्षकको लेखमा बुद्ध धर्मको ऐतिहासिक झलक, पाल्पामा बुद्ध धर्मप्रतिको आस्था तथा वर्तमान अवस्थाका विषयमा प्रकाश पारिएको छ । निर्मल श्रेष्ठद्वारा लिखित 'सातसालको परिवर्तनपछिको तानसेन' शीर्षकको लेखमा सात सालपछि तानसेनको नेतृत्वमा रहेका व्यक्तिहरूले गरेका विकास निर्माणका प्रयासका साथै तानसेको गौरवमय इतिहास र भविष्यका प्रचुर सम्भावनातर्फ सङ्केत गरिएको छ । शान्ति भैँडीको 'मगरजातिको भाषा र तानसेन नगरपालिका' शीर्षकको लेखमा मगर भाषाको ऐतिहासिकतालाई झल्काई तानसेन नगरपालिका क्षेत्रमा यसको प्रभाव र सम्भावनालाई प्रकाश पारिएको छ । मदन देउरालीद्वारा लिखित 'तानसेनमा पुराना कलाकारहरूको सम्मान' शीर्षकको लेखमा गीत तथा नाटक कलाका क्षेत्रमा भएका क्रियाकलाप र संरक्षणको पक्षमा लाग्नुपर्ने कुरालाई उठाइको छ । धार्मिक तथा सांस्कृतिक महत्त्वका मठ-मन्दिर तथा सम्पदाहरूको परिचयात्मक झलक पनि यहाँ प्रस्तुत गरिएको छ । राजेशकुमार अर्यालको 'इतिहास बिर्सने पाल्पा : इतिहास बङ्ग्याउन खोज्ने रूपन्देही' शीर्षकको लेखमा पाल्पालीहरूमा इतिहास चेतना र

स्वत्वबोधको कमी रहेको कुरालाई सान्दर्भिक रूपमा प्रकाश पारिएको छ ।




यस अङ्कमा युवा तथा खेलकुद क्षेत्रको विकास तथा सम्पदाहरूको संरक्षणका विषयलाई पनि उठाइएको छ । गुराँस आत्रेयको रचनात्मक कामका लागि तत्परताको सन्दर्भलाई उठाई तानसेन युवापरिषद्मा युवाहरूको सिर्जनशील क्षमताको पक्षलाई उठान गरिएको छ । चित्रवली रामसुवालको 'चोला फेर्दै छ टुँडिखेल' शीर्षकको लेखमा टुँडिखेलको इतिहासलाई उठान गरी यसको विकासमा भएका प्रयासलाई सङ्केत गरिएको छ । विशाल ओलीको 'तानसेन टुँडिखेलको महत्त्व र निर्माणसम्बन्धी' शीर्षकको लेखमा हाल भइरहेको कामको अवस्था र निर्माण योजनाका सम्बन्धमा प्रकाश पारिएको छ । यज्ञमूर्ति तिमिल्सिनाद्वारा लिखित 'सम्पदा संरक्षणमा तानसेन नगरपालिकाको चासो' शीर्षकअन्तर्गत तानसेनका मठ, मन्दिरहरूको संरक्षणमा भएका प्रयासहरूलाई प्रस्तुत गरिएको छ । युवा र खेलकुद सम्बन्धमा क्रिकेट विकासमा तानसेन नगरपालिकाको अग्रणी भूमिकाको सम्बन्धमा पत्रकार विजय बौडेलको लेख रहेको छ । यस्तै पत्रकार रेखीराम रानाको लेखमा अर्गलीको कुलोको महत्त्व र त्यसको न्यायमूलक वितरण प्रक्रियाका बारेमा प्रकाश पारिएको छ । झपेन्द्र जी.सी.द्वारा लिखित 'तानसेन समृद्धिको सम्भावना छ जाँगर गरौँ' लेखमा तानसेनको इतिहासलाई झल्काउनुका साथै बृहत् तानसेनका वडाहरूको परिचयात्मक प्रस्तुतिका साथमा सम्पदाको पहिचान गरी साधनस्रोतको परिचालन गरेमा सजिलै विकास गर्न सकिने अवधारणा प्रस्तुत गरिएको छ । महिला उद्यमशीलता तथा विकास निर्माणका प्रावधान तथा विविध गतिविधिहरू यस अङ्कमा समेटिएका छन् ।


उपप्रमुख लक्ष्मीदेवी पाठकको 'सिकाइको खोजीमा अवलोकन भ्रमण' लेखमा पाल्पाका उपप्रमुख तथा उपाध्यक्षहरूको सञ्जाल बैठकको झलक प्रस्तुति, प्रवक्ता दामोदर घिमिरेको 'समृद्ध तानसेनको बलियो आधार पर्यटन विकास र सडक पूर्वाधार' शीर्षकको लेखमा तानसेनको विकासमा पर्यटन र सडक निर्माणलाई प्राथमिकतामा राखी अगाडि बढ्नुपर्ने अवधारणा प्रस्तुत गरिएको छ । संघीय सांसद, प्रदेश सांसदहरू, नेतृत्व तहमा रहेका व्यक्तिहरू, पूर्व जनप्रतिनिधिहरूका अनुभूति र धारणाहरूलाई पनि यहाँ समावेश गरिएको छ । डिल्लीराज अर्यालको 'पाल्पा नराम्रो छ ?' खत्री कमलको 'सार' कविता अनि धातानन्द शर्माका 'पाल्पा तानसेन' शीर्षकमा निर्मित हाइकुहरूको प्रस्तुतिले प्रस्तुत अङ्क विविधतामय र पठनीय रहेको छ । यस्तै मिसन अस्पताल तानसेनका निर्देशक डाक्टर रचेल कारखको तानसेनको समुदायमा मिसन अस्पतालको योगदानसम्बन्धी लेख पनि महत्त्वपूर्ण सामग्री रहेको छ ।

**हाम्रो तानसेन अङ्क छ**

हाम्रो तानसेन वर्ष २, अङ्क २, पूर्णाङ्क ६, २०७६ साउन महिनामा प्रकाशित अङ्क हो । आवरण पृष्ठबाहेक प्रस्तुत अङ्क एक सय अठ्ठाईस पृष्ठमा संरचित रहेको छ । आकारका दृष्टिले यसपूर्वका अङ्कहरूका तुलनामा यो स्थूल रहेको छ । यहाँ अरू अङ्कहरूमा जस्तै सम्पादकीय, संरक्षकको मन्तव्य, तस्बिरहरू, सूचना तथा सम्प्रेषण गरिएका विज्ञप्ति र सम्पादन भएका कार्यहरूको दस्तावेजका रूपमा यो अङ्क आएको छ । अर्को महत्त्वपूर्ण कुरा वडाहरूमा भएका विविध गतिविधि र विकासका कामहरूलाई पत्रकारहरूद्वारा

सङ्कलन गरी प्रस्तुत गरिएको छ । नगर सरकारले सम्पादन गरेका काम, योजना निर्माण, बजेटको तर्जुमा तथा आयव्ययको विवरण पनि यहाँ प्रस्तुत गरिएको छ । न्यायिक समितिको एक वर्षको अनुभवलाई उपप्रमुखद्वारा प्रस्तुत गरिएको छ । नगरप्रमुखद्वारा दुई वर्षको अनुभवलाई समीक्षात्मक रूपमा प्रस्तुत गरिएको छ । स्थानीय सरकारका हैसियतमा नगरपालिकाको भूमिका र अवस्थाका बारेमा पनि यहाँ चर्चा गरिएको छ । प्रस्तुत अङ्कमा नेपाली राजनीतिका शिखर पुरूष पुष्पलालको परिचयात्मक पृष्ठभूमि उठाई उनको व्यक्तित्व र विचारलाई लेखक दिल साहनीद्वारा झल्काइएको छ । आफ्ना कुराहरूभन्दा विरोधीहरूका कुराहरु बढी पढ्नुपर्ने विचार राख्ने पुष्पलाल बुद्ध दर्शनबाट प्रभावित भएको कुरा पनि यहाँ प्रकाश पारिएको छ । 'पुष्पलाल, पत्रकारिता र पाल्पा' शीर्षकको लेखमा झपेन्द्र जी.सी.ले पुष्पलालको राजनीतिक व्यक्तित्व, पाल्पा आगमन र पत्रकारितासँगको सम्बन्धलाई प्रकाश पारेको देखिन्छ । यस्तै छत्रराज शाक्यद्वारा आचार्य भिक्षु अमृतानन्द महास्थविरको व्यक्तित्वको परिचयात्मक सन्दर्भ उठाई, विहार निर्माणमा खेलेको भूमिका अनि मानपदवी र सम्मानको पाटोलाई उठान गरिएको छ । विधान श्रेष्ठद्वारा लिखित 'विश्वेश्वरप्रसाद कोइराला र पाल्पा' शीर्षकको लेखमा विश्वेश्वरप्रसाद कोइराला तीन पटक पाल्पा आएको सन्दर्भ उल्लेख गरी २०३७ साल फागुन २२ गते धवल पुस्तकालय परिसरमा व्यक्त गरेको ऐतिहासिक सम्बोधनको पूर्ण पाठसमेत यहाँ प्रस्तुत गरिएको छ ।

नारायणप्रसाद कोइरालाद्वारा लिखित 'स्थानीय सरकारको कसीमा तानसेन नगरपालिका' शीर्षकको लेखमा संविधानले गरेको व्यवस्थाबमोजिम सरकारको हैसियतमा गरिने काम तथा अभ्यासका साथै गर्नुपर्ने कामको मार्गचित्रसमेत प्रस्तुत गरिएको छ । पुरानो सम्झना र वर्तमानको जनअपेक्षाको प्रतिबिम्ब पनि यहाँ झल्किएको पाइन्छ । पाल्पा तानसेनको भौतिक तथा सामाजिक विकासका सम्बन्धमा प्रस्तुत गरिएका विचारहरु पनि यहाँ समेटिएका छन् । दीपक विश्वकर्माद्वारा प्रस्तुत 'तानसेन नगरपालिका र सामाजिक क्षेत्रका कार्यक्रम : एक चर्चा' शीर्षकमा सामाजिक जीवनमा नगरपालिकाले सञ्चालन गरेका कार्यक्रमको विवरण प्रस्तुत गरिएको छ । राजेश अर्यालद्वारा प्रस्तुत 'मिडियाकर्मीको आँखामा तानसेन नगरपालिकाको दुई वर्ष' शीर्षकमा नेतृत्व, पर्यटन, भौतिक पूर्वाधार विकास, युवा स्वरोजगार र महिला सीप, शिक्षा र स्वास्थ्य, गुणस्तरीय जीवन,




कला, संस्कृतिको संरक्षण, अन्तर्राष्ट्रिय सम्बन्ध बिस्तार आदि पाटाहरूबाट मूल्याङ्कन गरिएको छ । गोपालप्रसाद बस्यालको 'तानसेन : कोर टु द डोर' शीर्षकको लेखमा अहिलेको संवैधानिक व्यवस्था अनुसारको स्थानीय सरकारको सन्दर्भ उठाई पर्यटन, शिक्षा, स्वास्थ्य, कृषि तथा कुटिर उद्योगमा नै तानसेनको विकासलाई केन्द्रित गर्नुपर्ने अवधारणा प्रस्तुत गरिएको छ ।

यस अङ्कमा डिल्लीराज अर्यालको 'भन्छ यो तानसेन' तथा शंकरप्रसाद गैरेको 'मात्र एउटा इतिहास' शीर्षकका दुईवटा कवितामा तानसेनको बहुआयामिक पक्षलाई उजागर गराइएको छ । विभिन्न शाखाहरूका कामका प्रगति विवरणका साथै सामाजिक तथा लोक कल्याणकारी क्षेत्रमा नगरपालिकाले पुऱ्याएको योगदानलाई पनि यहाँ प्रकाश पारिएको छ । शिक्षा, स्वास्थ्य, कृषि, सहकारी, सूचना प्रविधि, प्रधानमन्त्री रोजगार, पत्रकारिता, भौतिक विकासका पक्ष तथा विविध समग्रीहरु समेटिएको प्रस्तुत अङ्क पठनीय र संग्रहणीय सामग्रीका रूपमा रहेको छ ।

**हाम्रो तानसेन अङ्क सात**

हाम्रो तानसेन वर्ष २, अङ्क ३, पूर्णाङ्क ७, २०७६ साल कार्तिकमा प्रकाशित भएको हो । आवरण पृष्ठबाहेक प्रस्तुत अङ्क अठासी पृष्ठमा संरचित रहेको छ । यसपूर्वका अङ्कहरूका तुलनामा यो अङ्क फरक प्रकृति र उद्देश्यमा केन्द्रित भएको पाइन्छ । यस अङ्कमा पस्किएका प्रायः सबै सामग्रीहरु तानसेनका सांस्कृतिक सम्पदामा केन्द्रित गरिएकाले यस अङ्कलाई **'संस्कृति र सम्पदा विशेष'** बनाइएको छ । आवरण तस्बिरमा नौमती बाजाको झलक र उपस्थित दर्शकको तस्बिर अङ्कित गरी सांस्कृतिक मर्मलाई प्रतिबिम्बित गरिएको छ । प्रधान सम्पादक गोविन्द भट्टराईको 'तानसेनको गहना संस्कृति र सम्पदा' शीर्षकको सम्पादकीय लेखमा सटीक रुपमा यहाँको सांस्कृतिक पहिचानलाई झल्काइएको छ । संरक्षकको कलम स्तम्भमा नगरप्रमुख अशोककुमार शाहीको 'समृद्धिका लागि संस्कृति र सम्पदा हाम्रा असली गहना' शीर्षकको लेखमा तानसेनको विविधतामय संस्कृतिको संरक्षण र विकास गरी पर्यटनको पाटोलाई सबल बनाउनुपर्ने मर्म यहाँ प्रकाश पारिएको छ । उपप्रमुख लक्ष्मीदेवी पाठकले पुर्खाले सिकाएका असल संस्कार, संस्कृति र परम्परा जोगाउने हाम्रो अभिभारा रहेको मर्मका साथमा प्रतिबद्धता पनि प्रस्तुत गरिएको छ ।

प्रस्तुत अङ्क मूलतः तानसेनको कला, संस्कृति र पहिचानमा केन्द्रित रहेको छ । नगरपालिकाका नियमित झलक, बजेट, कर्मचारी, आयव्यय तथा क्रियाकलापहरु बाहेक सम्पूर्ण लेख रचनाहरु तानसेन पाल्पाको सांस्कृतिक परिचयका साथै मठ, मन्दिर, जात्रा, उत्सव, सम्पदा, बाजागाजा, नाचगान, पहिचान, जातिजनजातिका संस्कार मान्यता आदिका पृष्ठभूमिबाट विविधतामा एकताको प्रदर्शन गरेको पाल्पाली संस्कृतिको छटापूर्ण आलोक यस अङ्कमा देख्न सकिन्छ । बुद्धिप्रसाद शर्माद्वारा लिखित 'तानसेन टुरिस्टिक डिस्टिनेसन' शीर्षकको लेख अनि विष्णु पौडेलको 'बुद्धिस्ट फिलोसफी फर गुड गभर्नेन्स' शीर्षक दुईवटा लेख अङ्ग्रेजी भाषामा रहेका छन् । जातीय, धार्मिक, सांस्कृतिक हिसाबले तानसेन आफैमा विविध संस्कृतिको भण्डार रहेको र केही भाषा, कला, नृत्य, बाजालगाएतका हाम्रा गौरवका कुराहरु लोपोन्मुख अवस्थामा रहेकाले यिनको संरक्षण र प्रवर्द्धनका साथमा तानसेनको आकर्षण बढाई पर्यटकहरूलाई भित्र्याउन सकिने विचारहरु यहाँ प्रस्तुत भएका छन् । तानसेन बजारमा रहेका मठ-मन्दिर तथा सम्पदाहरु, रानीमहल, रिडीको हृषिकेश मन्दिर तथा सम्पदाहरु, गुफाचौर, प्रभास, श्रीनगरलगाएतका प्राकृतिक सांस्कृतिक महत्त्वका निधिहरूको संरक्षण र विकाससम्बन्धी अवधारणाहरु यहाँ मुखरित भएका छन् । तानसेन र पाल्पाकै कला, संस्कृति र सम्पदाहरूको जानकारी र अध्ययनका लागि प्रस्तुत अङ्क महत्त्वपूर्ण सङ्ग्रहणीय सामग्री बनेको छ । यस अङ्कलाई तानसेनको संस्कृतिका पक्षमा केन्द्रित गरी वर्तमान नगर सरकारको प्रमुख लक्ष्य सांस्कृतिक सम्पदाहरूको संरक्षण रहेको कुरा स्पष्ट हुन्छ ।




यहाँ पद्यका सामग्रीहरु पनि समेटिएका छन् । साहित्यकार डिल्लीराज अर्यालको 'सभ्यता दीप बालौँ', कमला देवकोटाको 'हाम्रो तानसेन', कृष्णकला भण्डारी कँडेलको पाल्पाको पहिचान गरी तीनवटा कविता समेटिएका छन् । यी रचनामा पाल्पाको सांस्कृतिक पक्ष, पहिचान र गौरवलाई उठान गरिएको छ । यसै गरी पुष्कर अथक रेग्मीको गजल तथा धातानन्द शर्माको साइनोको प्रस्तुतिले विधागत विविधतालाई पनि समेटेको अनुभव हुन्छ । सालग्राम अधिकारीको व्यक्ति परिचय केन्द्रित लेख

'सम्झनामा कुलमणि देवकोटा' पनि यहाँ समेटिएको छ । झपेन्द्र जी.सी.को इतिहास पुरुष पूर्णमान थैव शीर्षकको व्यक्ति परिचयात्मक लेख पनि यहाँ रहेको छ । तानसेन पाल्पाकै संस्कृति र कलाको पाटोलाई उज्यालो पार्न प्रस्तुत अङ्क सफल रहेको मान्न सकिन्छ ।

**हाम्रो तानसेन अङ्क आठ**

हाम्रो तानसेन वर्ष २, अङ्क ४, पूर्णङ्क ८ का रूपमा रहेको प्रस्तुत अङ्क महामारी कोरोना भाइरस संक्रमण (कोभिड-१९) का कारण ढिलो प्रकाशित हुन गएको छ । प्रस्तुत अङ्कलाई सिद्धार्थ आर्थिक करिडोर विशेष रूपमा केन्द्रित गरिएको छ । यसको आकारलाई दृष्टि दिँदा आवरण पृष्ठबाहेक नब्बे पृष्ठमा संरचित रहेको पाइन्छ । प्रधान सम्पादक गोविन्द भट्टराईको 'सीमा रक्षा र आर्थिक समृद्धिका लागि स्थानीय सरकार' शीर्षको सम्पादकीय लेखमा कालापानी, लिम्पियाधुरा र लिपुलेकका विषयमा ध्यानाकर्षण भएको कुराका साथमा सुनौलीदेखि पोखरासम्मको सिद्धार्थ राजमार्गका आर्थिक सम्भावनालाई यहाँ साङ्केतिक रूपमा उठान गरिएको छ । संरक्षकको स्तम्भमा नगरप्रमुख अशशोककुमार शाहीको 'समग्र विकासका लागि स्थानीय सरकारको साझा प्रयास' पर्यटन, कृषि, सूचनाप्रविधि र स्वरोजगारमूलक उद्योगका क्षेत्रमा समन्वय गरी साझेदारी रूपमा अगाडि बढ्न आवश्यक रहेको कुरा उठाइएको छ । यस्तै उपप्रमुख लक्ष्मीदेवी पाठकको 'सिद्धार्थ आर्थिक करिडोर समृद्धिको एक आधार' शीर्षकमा यस मार्गको विकास र विस्तार गरी यस क्षेत्रका नागरिकको जीवनस्तर उठाउने सम्भावनालाई झल्काइएको छ । 'विकासका लागि साझा आधार बन्न सक्छ सिद्धार्थ आर्थिक करिडोर' शीर्षकमा प्रवक्ता दामोदरप्रसाद घिमिरेद्वारा शिक्षा, स्वास्थ्य, कृषि, स्वरोजगार, पशुपालन, फलफूल आदि व्यवसायको बजारीकरणका लागि उत्तम उपाय रहेको कुरा झल्काइएको छ । तानसेन नगरपालिकाले गरेका विविध गतिविधि, छेर्लुङका बोटे जातिको अवस्था, पाल्पाली ढाकाको प्रवर्द्धन, पत्रकार तथा साहित्यकार विनय कसजूको सम्झना गरिएका सामग्रीहरु पनि यहाँ समेटिएका छन् यद्यपि यो अङ्क सिद्धार्थ आर्थिक करिडोरको बहुआयामिक प्रभाव र यसको विकासका सबालमा केन्द्रित छ ।

सिद्धार्थ राजमार्गलाई आर्थिक दृष्टिले बहुआयामिक मार्गका रूपमा विकास गर्न तानसेन नगरपालिकाको अगुवाइमा सिद्धार्थ लोकमार्गसँग जोडिएका १६ वटा स्थानीय तह, सरोकारवाला र सम्बद्ध व्यक्तिहरूको उपस्थितिमा यसका सम्भावना र अवसरका बारेमा बृहत् छलफल गरी साझा उद्देश्य बनाएर अगाडि बढ्ने प्रतिबद्धताका पृष्ठभूमिमा महत्त्वपूर्ण लेखहरु समेटिएका छन् । सिद्धार्थ राजमार्ग बन्नुभन्दा पहिलाको अवस्था, बनेपछिको अवस्था र समयक्रममा यसलाई बहु आयामिक मार्गका रूपमा उपयोगमा ल्याई यस क्षेत्रको आर्थिक समृद्धिसँग यसलाई जोड्नुपर्ने अवधारणाहरु यहाँ प्रस्तुत भएका छन् । तीनवटा लेखहरु अङ्ग्रेजी भाषामा रहेका छन् भने अरु सबै सामग्रीहरु नेपाली भाषामा छन् । यस अङ्कमा जम्मा बाह्रवटा लेखहरु सिद्धार्थ करिडोरसँग केन्द्रित रहेका छन् । यसै गरी पत्रिकालाई विविधता प्रदान गर्ने गरी केही अन्य सामग्री पनि समेटिएको पाइन्छ ।




डा शंकर शर्माको 'सिद्धार्थ इकोनोमिक करिडोर कन्सनट्रेसन एन्ड वे फरवार्ड' शीर्षकको लेखमा सिद्धार्थ करिडोरको बहुआयामिक महत्त्वलाई प्रकाश पारिएको छ । सुनौलीदेखि पोखरासम्म उत्तर-दक्षिण फैलिएको नेपालकै लामो राजमार्ग

रहेको विचारका साथमा पोखरा, लुम्बिनी, बुटवल, तानसेन जस्ता पर्यटकीय र ऐतिहासिक स्थलहरूलाई जोड्ने महत्त्वपूर्ण कडीका रूपमा यो मार्ग रहेको कुरा प्रकाश पारिएको छ । डा गिरीधारी शर्मा पौडेलको 'सिद्धार्थ आर्थिक करिडोरलाई कसरी चलायमान बनाउने ?' शीर्षकको लेखमा आर्थिक करिडोरले समेट्ने विकासका पूर्वाधारहरु, विकास ध्रुव सिद्धान्तको उल्लेख, नेपालका सन्दर्भमा विकास ध्रुवको अभ्यास, विभिन्न देशमा विकास भएका आर्थिक करिडोरको सन्दर्भ अनि सिद्धार्थ करिडोरका सम्भावना र चुनौतीलाई प्रस्तुत गरी यसलाई चलायमान गराउनका लागि खेल्नुपर्ने भूमिकालाई पनि जोड दिइएको छ । डा ईश्वर गौतमको 'सिद्धार्थ आर्थिक करिडोर पर्यटन प्रबर्द्धनको बलियो आधार' शीर्षकको लेखमा सिद्धार्थ आर्थिक करिडोरसँग जोडिएका पालिकाहरूको जनसङ्ख्याको स्थिति, यस क्षेत्रको पर्यटकीय सम्भावना, पर्यटनका पूर्वाधारका रूपमा रहेका यातायात, होटेल, सञ्चार तथा सूचनाप्रविधि, सुरक्षा व्यवस्था, सेवासत्कार जस्ता पक्षको उल्लेख गरी सिद्धार्थ करिडोर क्षेत्रको पर्यटकीय विकासको प्रबल सम्भावनालाई उजागर गराई चुनौतीको अवस्थालाई समेत प्रकाश पारिएको छ ।

'योजनाबद्ध मेगा प्रोजेक्ट : सिद्धार्थ आर्थिक करिडोर' शीर्षकको लेखमा पत्रकार राजेश अर्यालद्वारा सिद्धार्थ राजमार्ग बन्नुभन्दा अगाडिको अवस्था र बनेपछिको अवस्थालाई झल्काई अहिलेको स्थिति र भोलिको सम्भावनालाई पनि सङ्केत गरिएको छ । सन्तोष खनालद्वारा लिखित 'आर्थिक करिडोरको सन्दर्भमा सिद्धार्थ आर्थिक करिडोर : समृद्धिको भिजन' शीर्षकको लेखमा आर्थिक करिडोरको अवधारणालाई उठाई सिद्धार्थ करिडोरले यस क्षेत्रको समृद्धिमा पार्ने सकारात्मक प्रभावका सम्बन्धमा प्रकाश पारिएको छ । अबको गन्तव्यका रूपमा अल्पकालीन र दीर्घकालीन रणनीतिको निर्माण गरी अगाडि बढ्नुपर्ने विचार यहाँ प्रस्तुत गरिएको छ । 'सिद्धार्थ इकोनोमिक करिडोर : अ कोल्याबोरोटिभ एप्रोच टु प्रोस्पेरेटी' शीर्षकको लेखमा गोपाल बस्यालद्वारा तानसेनको ऐतिहासिक झलक, सिद्धार्थ राजमार्गले जोड्ने विविध सांस्कृतिक पर्यटकीय क्षेत्रहरूको सन्दर्भलाई उठाई कृषिका सम्भावनालाई उत्पादनसँग जोडी बजारीकरणसँगै आर्थिक फाइदा लिन सकिने आधारहरु यहाँ प्रस्तुत गरिएको छ ।


पत्रकार रेखीराम रानाद्वारा लिइएको नगरप्रमुख अशोककुमार शाहीसँगको 'सिद्धार्थ आर्थिक करिडोर हाम्रो रहर मात्र होइन साझा अभियान हो' भन्ने शीर्षकमा रहेको अन्तर्वार्ता तानसेन नगारपालिकाले गरेको संयोजन र यस क्षेत्रको कृषि, उद्योग, व्यापार, पर्यटन, पशुपालन, फलफूल लगायतका क्षेत्रलाई आर्थिक रूपमा माथि उठाउन सकिने अवस्थालाई झल्काइएको छ । 'सिद्धार्थ करिडोरको आर्थिक विकासमा सार्वजनिक निजी साझेदारी उत्तम विकल्प' शीर्षकमा प्रकाश पाण्डेद्वारा सार्वजनिक, निजी साझेदारीको अवधारणासहित करिडोरसँग सम्बद्ध विकास र निर्माणका पक्षलाई सङ्केत गरिएको छ । 'अ कम्पेरेटिभ स्टडी अफ लोकल गोभर्मेन्ट सिचुएटेड इन सिद्धार्थ इकोनोमिक करिडोर' शीर्षकको लेखमा विष्णु पौडेलद्वारा राजमार्गको पृष्ठभूमि उठान गरी भौगोलिक तथा जनसाङ्ख्यीकीय, सामाजिक तथा वातावरणीय, साझेदारी तथा समन्वय, नीति र योजना जस्ता पक्षबाट प्रकाश पारिएको छ । सिद्धार्थ आर्थिक करिडोरको समग्र विकास लक्षित स्थानीय तहका प्रमुखहरूको प्रथम भेला तानसेनमा भएको कुराका साथै उक्त भेलाले पारित गरेका निर्णयलाई मधुसुधन घर्तीद्वारा उठान गरिएको देखिन्छ । मूलतः सिद्धार्थ राजमार्गको आर्थिक सम्भावनालाई केन्द्रित गरिएको प्रस्तुत अङ्क पठनीय र सङ्ग्रहणीय सामग्रीका रूपमा रहेको छ ।

**निष्कर्ष**

हाम्रो तानसेन त्रैमासिक बुलेटिनका रूपमा मिति २०७५ साल वैशाख महिनादेखि निरन्तर रूपमा प्रकाशन हुँदै आएको छ । संघीयताको अभ्याससँगै स्थानीय सरकारको निर्माण र त्यसले जनतामा प्रत्यक्ष रूपमा सेवा पुऱ्याउने कुराको अभियानसँगै तानसेन नगर सरकारले आफ्ना कामलाई अभिलिखित गर्ने उद्देश्यले यो प्रकाशन थालेको हो । यसैले यो पत्रिका तानसेन नगर सरकारको मुखपत्रका रूपमा रहेको छ । आफ्ना कामलाई अभिलिखित रूपमा सम्प्रेषण गर्नुका साथै जनताका सरोकार र विकास निर्माणका कार्यलाई दस्तावेजीकरण गर्ने उद्देश्यले पनि यो प्रकाशन उल्लेखनीय रहेको पाइन्छ । तानसेन नगरपालिकाभित्रका प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक महत्त्वका सम्पदाहरूलाई प्रकाशनमा ल्याउन अनि शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि र साना उद्योगको विकासमा जनसरोकारका मुद्दालाई उठान गर्नमा पनि प्रस्तुत प्रकाशनले सेतुको काम गरेको



पाइन्छ । जनप्रतिनिधिका कामको प्रगतिविवरण अनि भावी योजनाको निर्माणका लागि पनि यसले उत्साहका साथमा मार्गप्रशस्त गर्ने काम पनि गरेको पाइन्छ । सूचना प्रविधिका क्षेत्रमा नगरपालिकाले गरेको प्रयास अनि समयको मागलाई हेक्का राखी सामग्री पस्किने कुरामा पनि यो पत्रिकाले कडीको काम गरेको पाइन्छ । सेवा प्रदान गर्नेहरूलाई जवाफदेही बनाउन, सेवाग्राहीहरूलाई विश्वस्त बनाउन, कामको मूल्याङ्कन गरी आत्मसमीक्षा गर्न अनि कामको मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्राप्त गर्ने आधार सामग्रीका रूपमा पनि यी अङ्कहरु उल्लेखनीय सामग्री बनेको पाइन्छ । पछिल्ला अङ्कहरूलाई खास क्षेत्र र समस्या विशेष रूपमा केन्द्रित गरी विशिष्टीकरण गर्नुले यी पत्रिकाहरु सन्दर्भ सामग्रीका रूपमा पनि उपयोग हुने देखिन्छ । यस्तै गरी खास समस्याको क्षेत्र पहिचान गरी अद्यावधिक गर्नका लागि मार्गनिर्देशन हुनुका साथै आफ्ना कामको ऐना पनि पत्रिकामा देख्न देखिन्छ । विकास निर्माणका काममा नगर सरकार कसरी लागेको छ भन्ने प्रतिबिम्ब पनि यहाँ देखिनुका साथै भोलि आउने सरोकारवालाहरूलाई आधार निर्माण र मार्ग प्रदर्शन गर्न पनि यी अङ्कका सामग्रीहरु खुराक बन्ने देखिन्छ । नगर सरकारका आफ्ना कुराहरु जनतासामु सम्प्रेषण गर्ने हेतुले थालिएको प्रस्तुत प्रकाशन तानसेन नगरपालिकाको दस्तावेजका रूपमा रहेको पाइन्छ । प्रतिकूलताहरूलाई चिर्दै प्रकाशनमा आएको यो शृङ्खला अटुट रूपमा अघि बढोस् । नगर प्रमुखको जुन इच्छाशक्ति छ, त्यसको मूर्तीकरणका लागि पनि यो प्रकाशन ऐतिहासिक र अनुकरणीय बनेर रहने विश्वास गर्न सकिन्छ । यसलाई निरन्तरता दिन प्रकाशन समितिमा रहेकाहरू र बाहिर रहेकाहरू, जनप्रतिनिधि, कर्मचारी मात्र होइन शुभेच्छुक सबैले हाम्रो तानसेन मेरो पनि हो भन्ने



ठानेर सहयोग गरेमा मात्र यो बाँच्ने छ । यसका प्रधान सम्पादक गोविन्द भट्टराईको जुन तत्परता छ, अझ सशक्त रूपमा लागी पत्रिकाको निरन्तरता र गुणत्मकतामा फड्को मार्दै जाओस्, पत्रिकाको प्रकाशनले विश्राम नलेओस्, जनभावना र विचारको अवज्ञा नहोस् । आगामी अङ्कहरु अझ परिष्कृत र पठनीय सामग्रीका रुपमा आऊन् भन्ने सुभेच्छासहित शुभकामना ।

*(सर्जक तथा समीक्षक)*



- ❑ विद्यालय, समुदाय र पारिवारमा बालमैत्री वातावरण सिर्जना गरौं।
- ❑ विद्यालयलाई शान्तिक्षेत्र कायम गरौं।
- ❑ बालबालिकाको अधिकतम सिकाइको सुनिश्चितता गरौं।
- ❑ बाल बिबाहलाई निरूत्साहित गरौं।
- ❑ बालमैत्री स्थानीय शासनको अवलम्वन गरौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

# कोभिड १९ को महामारीमा शिक्षा र स्थानीय सरकारको दायित्व



- राजेशकुमार अर्याल

देश संघीयतामा गइसकेपछि पहिलोपटक स्थानीय तहले नागरिकलाई काम गरेर हाम्रो सरकार यही रहेछ भन्ने अपनत्व बोध गराउने कोशिश गरेका छन् । यसै सन्दर्भमा तानसेन नगरपालिकाले कोरोना भाइरस संक्रमणका कारण नेपाल सरकारले लागू गरेको बन्दाबन्दीका बेलामा समेत केही राम्रा काम गरेर नगरबासीको मन जित्ने काम गरेको छ । प्रस्तुत लेखमा अशोककुमार शाही नेतृत्वको निवाचित जनप्रतिनिधिले सम्पादन गरेका चर्चित काम मध्ये एकलाई चर्चा गर्ने कोशिश गरिएको छ ।

**दुरशिक्षा र सिकाइ प्रक्रिया**

तानसेन नगरपालिकासँगको सहकार्यमा सामुदायिक रेडियो मदनपोखराले सुरू गरेको दूरशिक्षा रेडियो कार्यक्रम एसईई (SEE) पाठशाला कोभिड-१९ को समयमा सिकाइलाई निरन्तरता दिने एउटा महत्वपूर्ण माध्यम बनेर खडा भएको छ । २०७६ साल चैत्र २५ गतेदेखि प्रसारण सुरू भएको एसईई पाठशाला सिकाइका लागि महत्वपूर्ण एउटा विकल्प नै बनेको थियो । अंग्रेजी, गणित, विज्ञान, नेपाली, सामाजिक र स्वास्थ्य तथा जनसंख्या विषयमा रेडियोबाट दैनिक कक्षा चल्दा रेडियो नै पाठशाला बन्न पुग्यो । सूचना, मनोरञ्जन, शिक्षा र अभिप्रेरणाका कार्यक्रम सञ्चालन गर्ने सामुदायिक रेडियो मदनपोखरा दूरशिक्षा रेडियो कार्यक्रमका कारण दिनभर शैक्षिक प्रसारण केन्द्र बन्न पुगेको हो । यो पाठशाला नै बन्दाबन्दीमा असल अभ्यास गर्ने नगरपालिकाका रूपमा तानसेन नगरपालिकालाई परिचित गराउने माध्यम बनेको छ ।

सरकारका अधिकांश निकाय कोरोनाको संक्रमण नियन्त्रण, संकास्पद व्यक्तिको आवासका लागि क्वारेन्टाइन, स्वास्थ्य परीक्षणका लागि पिसिआर प्रयोगशाला र उपचारका लागि कोभिड अस्पताल निर्माणमा सक्रिय रहँदा तानसेन नगरपालिका र सामुदायिक रेडियो मदनपोखराले थालेको यो शैक्षिक अभियान देशव्यापी नै बन्न पुग्यो । सारेमले एक महिने एसईई पाठशालाको अभियानपछि कक्षा ६ देखि १० सम्मलाई मध्यनजर गरी हाम्रो पाठशाला सञ्चालन गऱ्यो, जुन आजसम्म पनि चलिरहेको छ ।




आमसञ्चार र सूचना प्रविधिको यो प्रयोगले शिक्षामा वैकल्पिक विधिबाट शिक्षण गर्ने र सिकाइलाई निरन्तर प्रवाह गर्न सकिने सन्दर्भ स्थापित भएको छ । नेपालको विषम भौगोलिक अवस्थितिमा रेडियो माध्यम प्रयोग गरी निरन्तर शिक्षक सिकाइ सञ्चालन गर्दा आम समुदायको पहुँचमा पुग्न सकिन्छ । यद्यपी रेडियो, टेलिभिजन र भर्चुअल माध्यम नै प्रयोग गर्न, शिक्षाका लागि उपयोग गर्न सकिन्छ, सबै माध्यम प्रयोग गरी सर्वव्यापकता ल्याउन सकिन्छ ।

**बन्दाबन्दी र शिक्षामा असर**

शिक्षामा कोभिड-१९ असर र प्रभाव दुबै देखिन थालेको छ । संघीयताको कार्यान्वयनमा प्रवेश गरेको नेपालका लागि यो कोभिड-१९ को महामारी अवसर र चुनौति पहिचान गर्ने ठूलो अवसर बन्न पुग्यो । एसईईको परीक्षा केन्द्र आसपासमा डेरा लिएर बसेका विद्यार्थीहरू अघिल्लो साँझ मात्र सार्वजनिक भएको परीक्षा स्थगितको सूचनाले मर्माहत बने । त्यो भन्दा ठूलो पीडा लामो लकडाउन, परीक्षा हुने नहुने अनिश्चय र

शिक्षक तथा अभिभावकको तयारीका लागि पढपढ भनेर दिएको दवाव विद्यार्थीका लागि मनोवैज्ञानिक त्रास बनेर आयो । कोभिड-१९ कोरोना भाइरसको महामारीको असर २०७६ साल चैत्र ११ मा लकडाउनको घोषणापछि बल्ल नेपालमा सबैले सोच्ने अवस्था सिर्जना भएको हो ।

गाउँ सहरका विद्यालय बन्द हुँदा सिंगो राज्य नै लामोसमयसम्म बन्दाबन्दीमा पऱ्यो । यो बन्दाबन्दीले शैक्षिक संस्थाहरू अस्तव्यस्त बने । विद्यार्थीको नियमित गतिविधि रोकियो, सिकाइ प्रक्रिया अवरूद्ध भयो । शिक्षकले शिक्षण गर्न पाएनन्, संस्थागत विद्यालयका शिक्षक र सामुदायिकका निजी स्रोतका शिक्षकको तलब रोकियो । हातमा पैसा नहुने र बजारमा खाद्यवस्तुलगायतका सामग्री नपाइने अवस्था आयो । दैनिक ज्यालामजदुरी र नमेक गरेर जीविकोपार्जन गर्ने परिवारमा संकट देखापऱ्यो । तीनै श्रमिक मजदुरमा आश्रित परिवार र बालबालिकाको अवस्था बेहाल बन्न पुग्यो । नागरिकले खान, लाउन र बाँच्न पाउने आधारभूत अधिकार प्राप्तिका लागि नै संघर्ष गर्नुपऱ्यो । शिक्षा प्राप्तिको अधिकार दोस्रोमा पुग्यो । सबैले शिक्षाभन्दा पहिले खाद्यान्नका लागि राहत र स्वास्थ्य उपचारमा जोड दिए । तानसेन नगरपालिकाले भने खाद्यान्न राहतसँगै बालबालिकाको पठनपाठनको अधिकारलाई समेत सम्बोधन गर्ने प्रयास गरेको पाइन्छ ।

**विपत्तिमा समुदायले देखेको अवसर**

कोभिड-१९ ले त्रास र संत्रास दियो । अभाव र असक्षमता पहिल्याइदियो । राज्यको शक्ति र क्षमता जाँच्ने अवसर पैदा गऱ्यो । साँचो अर्थमा अप्ठेरो र असहजताका बीचमा सम्भावना र अवसरको ढोका पनि खोलेर देखाइदिएको छ । विद्यालय र कलेज बन्द हुँदा आम अभिभावकलाई शिक्षक र शैक्षिक संस्थाको महत्व थाहा भएको छ । विद्यालयले लाखौँ बालबालिका विद्यालयमा राखेर पढाइलेखाई मात्र गरेका रहेनछन्, अभिभावकको दायित्वमा रहेको स्याहारसुसार पनि गरिरहेका रहेछन् । २०७२ सालको भूँइचालोले बिद्यालय बन्द रहँदा विपत्तिबाट कति ठूलो जनधनको क्षति हुनबाट जोगायो भन्ने ज्ञात गरायो, त्यही ज्ञान संकटमा विद्यालयका संरचना उपयोग गर्न पाउँदा कोरोना संक्रमणको दरमा कमी आएको हुनुपर्छ ।

विगतमा विद्यालय समुदायका लागि बैठक र सभासम्मेलनका लागि प्रयोगमा थिए । राजनीतिक सभासम्मेलनका केन्द्र समेत बनेका थिए ।कोरोना महामारीको संकटमा झनै ठूला भौतिक पूर्वाधार बनेर देखिए । सरकार कोरोनाको शंकास्पद व्यक्ति राख्ने क्वारेन्टाइनको लागि सरकारी भवन, होटल खोजी गरिरहँदा समुदायले विद्यालय खाली गरेर क्वारेन्टाइन र आइसोलेसन बनाएर सरकारलाई सघाए । बेड बिस्तराको बन्दोबस्त नहुँदै बेन्चडेस्क जोडेर खाट बनाए । अलगअलग धारा र शौचालय देखाए । शिक्षण संस्थामा बनेका सुविधासम्पन्न भवन, महिला पुरूष शौचालय, स्वच्छ खानेपानीका धारा, स्नान गृह, फर्निचर, क्यान्टिन र सुरक्षित पर्खालको महत्व जो कोहीले बुझ्ने गरी उजागर भएको छ । विद्यालयमा बनेका क्वारेन्टाइनमा आधारभूत आवश्यक सेवा र सामग्री समयमैपूर्ति नहुँदा युवा वा अधवैंशे उमेरका मानिसहरूले गरेको विद्रोह, धर्ना, आन्दोलन र आत्महत्याको निर्णयले पनि विद्यालयमा पूर्वाधारको रित्तता महसुश गर्न सघाएको छ ।

कोभिड-१९ ले सरकारलाई आफ्नो क्षमता र कमजोरी चिन्ने अवसर प्रदान गरेको छ । शिक्षण संस्थाको पूर्वाधार किन विपद् र महामारी संवेदनशील हुनुपर्छ भन्ने सचेतना जगाएको छ । विद्यार्थीको बसाई दुरी कायम गर्नुपर्ने सन्देश दिएको छ । कक्षा कोठाको फर्निचर व्यवस्थापनमा एक व्यक्ति र अर्को व्यक्ति बीचको दुरी कायम गर्न सिकाएको छ । परम्परागत शैक्षिक सामग्रीको सट्टा नयाँ प्रविधि र शैली आत्मसात गर्न शिक्षा दिएको छ । शिक्षक मात्र शिक्षणकर्ता बन्ने परिवेशलाई बहुव्यक्ति र बहुमाध्यमको उपयोगमा जान घचघचाएको छ । विद्यालयमा भौतिक उपस्थिति बर्जित गरिएको समयमा वैकल्पिक माध्यमबाट शिक्षण गर्न प्रेरित गरेको छ । अभिभावक र समुदाय केन्द्रित सिकाइलाई लैजान अभिप्रेरित गरेको छ । घर, टोल र बस्तीमा आधारित कक्षा, परियोजना कार्य, दूरशिक्षा कार्यक्रमअर्न्तगत रेडियो र टेलिभिजनमार्फत् पठनपाठन, अनलाइन र भर्चुअल कक्षाको खोजी भएको छ । स्मार्ट बोर्ड र डिजिटल कक्षाको महत्व उजागर गरेको छ । शिक्षक विद्यार्थी बीचको संवाद र सिकाइ अभ्यासमा सिर्जनशीलता थप्ने भावना पैदा गरेको छ । सिकाइ उपलब्धीको मापन र विद्यार्थीको सिकाइ स्तर वा परीक्षाका प्रचलित अभ्यासमा परम्परागत शैली तोड्ने सन्देश दिएको छ ।

**संकटमा समुदायलाई विद्यालयको सहयोग**

बालबालिकाहरूले विद्यालय जान नपाउँदा पाठ्यक्रममा आधारित शिक्षा प्राप्त गर्न सकेका छैनन् । तर संस्कार, संस्कृति, परम्परागत अभ्यासको सिकाइमा यो संकटले असीमित गति दिएको देखिन्छ । संयुक्त परिवारको बसाइ र एकीकृत भावना सिक्ने अवसर मिलेको छ । विद्यालय रूपी पिंजडामा रहेका विद्यार्थीले अहिले आम सरोकारका विषयमा सहभागी हुन पाएका छन् । समाज र राष्ट्रका गहन विषयमा अध्ययन र अनुसन्धान गर्न पाएका छन् । शिक्षकले डोऱ्याएको विषयमा मात्र होइन, आफ्नो रूची र चाहनाका विषयमा समय दिएका छन् । अभिभावकमा आधारित शिक्षा, परियोजना कार्य, टोलटोलमा कक्षा, रेडियो, टेलिभिजन र भर्चुअल कक्षामा सिंगो देशको अध्ययन अध्यापन भइरहेको छ ।

सामुदायिक विद्यालयले सामुदायिक गतिशीलतालाई बढाएका छन् । विद्यालय बन्द हुँदा सामुदायिक गतिविधि पनि बन्द प्रायः बनेका छन् । स्थानीय परिस्थिति हेरेर विद्यालय सञ्चालनको विधि तय गर्न सकिन्छ । कोरोना संक्रमणको जोखिमलाई मध्यनजर गरी त्यसका आधारमा विद्यालय सञ्चालनको आधार बनाउन पर्छ । विद्यालय आंशिक सञ्चालन गर्न सकिन्छ । विद्यालय घरमै पुऱ्याउन सकिन्छ । त्यो काम गरेर विद्यालयले समुदायलाई सघाएका छन् ।

महामारीको यो समयमा विद्यालय र शिक्षण संस्थाका भवन काम लागेका छन् । विद्यालयभित्रको पूर्वाधारमा गरिने लगानी र त्यसको प्रतिफल अनुभूत गर्ने अवसर विद्यालयमा बनेका क्वारेन्टाइनले देखाएका छन् । समुदायका मानिस जो कोरोना संकास्पद छन्, उनीहरूलाई विद्यालयमा आश्रयस्थल दिएर समुदायमा कोरोना छिर्न रोकेका छन् ।

**महामारीमा सरकारको दायित्व र जिम्मेवारी**

संविधानले माध्यमिक तहसम्मको शिक्षा हेर्ने अधिकार स्थानीय तहलाई दिएको छ । एसईई परीक्षा प्रदेशको अधिकार थियो तर त्यो परीक्षा संघले नै चलाइरहेको छ । स्थानीय तहअन्तर्गत माध्यमिक तहसम्मका विद्यालय राखिएको छ तर त्यसको व्यवस्थापनमा संघअर्न्तगतकै कार्यालय खडा गरी स्थानीय तहको अधिकारमाथि धावा बोलिएको छ । विद्यालय र शिक्षक कसका हुन् ? उनीहरू को प्रति जवाफदेही हुन्छन् ? भन्ने प्रश्न महत्वपूर्ण छ । विद्यालय र शिक्षक समुदाय र सरकारका हुन् । सरकारले सञ्चालनको जिम्मेवारी लिन्छ, समुदायले व्यवस्थापनको जिम्मा लिन्छ ।

माध्यमिक तहसम्मको शिक्षा हेर्ने संवैधानिक दायित्व पाएको स्थानीय सरकारले कोभिड-१९ जस्ता प्राकृतिक विपत्ति र महामारीहरूमा बाँच्ने र सिक्ने कुरालाई प्राथमिकता दिनुपर्नेछ । कोरोनासँग बाँच्ने र अरूलाई बचाउने अभियानमा मुखरित हुनुपर्ने समय आएको छ । संकटबाट मुक्ति पाउनका लागि सामुदायिक सचेतना फैलाउने र नियमित शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने वातावरण बनाउनु स्थानीय सरकारको दायित्व हो । विद्यार्थी, शिक्षक, कर्मचारी र व्यवस्थापन समितिको स्वास्थ्य बीमा, महामारी बीमालगायतका सुरक्षात्मक प्रबन्ध अपनाउनुपर्ने अवस्था छ । स्वास्थ्य बीमालाई कोरोना बीमाको रूपमा समर्थन गर्ने र आम अभिभावकलाई त्यसबाट लाभ लिने विषयमा सरकार लाग्नुपर्ने देखिन्छ ।

बालबालिकाको सिकाइका लागि सिर्जनशीलता, रचनात्मकता र बहुक्रियाकलापमा संलग्न गराउनुपर्ने परिस्थिति उजागर भएको छ । आम शैक्षिक सरोकारवालाले माग गर्दै आएको शिक्षाको स्वरूप, ढाँचा र पद्धतिमा रूपान्तरणको सवाल सान्दर्भिक रहेको यो महामारीले पुष्टी गरेको छ । कोरोना भाइरस विरूद्ध चिकित्सा विज्ञानले ठोस उपलब्धी दिन नसकेको अवस्थामा यो अवस्था कति लम्बिने हो भन्ने यकिन छैन । यस्तो विषम् परिस्थितिमा अभिभावकमा आधारित शिक्षा, घरदैलो दौतरी शिक्षक, परियोजना कार्य, रेडियो र टेलिभिजनमार्फत् पढाई, भर्चुअल पठनपाठन, सूचना प्रविधिमा स्थानीय सरकारले लगानी बढाउनुपर्ने देखिन्छ । तानसेन नगरपालिकाको शिक्षा शाखाले पनि यो दिशामा आफूलाई रूपान्तरण गरी योगदान दिन सक्षम हुनुपर्छ । नगरपालिकाले संकटका बेला विद्यालय केन्द्रित गतिविधि खोज्ने होइन, विद्यार्थीको सिकाइ केन्द्रित गतिविधि खोज्ने र लगानी बढाउने आँट गर्न जरूरी छ ।दुरशिक्षा मार्फत् सिकाइ प्रक्रिया सञ्चालनमा जसरी सिकाइका अन्य विकल्प तय गरी कार्यान्वयनमा समेत अग्रताका लागि तानसेन नगरसरकारले पहल गरोस् । नगरप्रमुख लगायत जनप्रतिनिधिको ध्यानाकर्षण होस् । नागरिकको घरदैलोको सरकार स्थानीय सरकार नै रहेछ भन्ने अनुभूति तब हुनेछ ।

*(अध्यक्ष, नेपाल पत्रकार महासंघ, पाल्पा)*

# कोरोना भाइरस अर्थात् कोभिड-१९ को असरबाट बँच्न आत्मनिर्भताको बाटो खोजौं



- दीपक विश्वकर्मा

हिँजोआज जता गए पनि कोरोनाको बाहेक कुरै सुनिन्न । घर, परिवार, टोलछिमेक, कार्यालय, पालिका सबैतिर कुराकानीको महत्त्वपूर्ण शीर्षक बन्न पुगेको छ- कोरोना भाइरस । चुनावका बेला सञ्चारमाध्यमबाट कसको कति मत आएछ, कुन पार्टीले कति सिट जितेछ ? भनेर सबैको ध्यानाकर्षण हुन्थ्यो, त्यस्तै अचेल कुन पालिकामा, कुन जिल्लामा, कुन देशमा कति कोरोना संक्रमित थपिए, कति मरे अनि कति निको भए भन्ने कुरामा सञ्चारमाध्यम केन्द्रित भएझैँ लाग्छ । विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) ले मानव सभ्यता र अस्तित्वलाई नै चुनौती दिइरहेको छ, यसबाट हाम्रो मुलुक नेपाल पनि अछुतो रहने कुरै भएन । सुरूमा सामान्य रूपमा देखिएको भाइरस दिनप्रतिदिन मानव जीवनको यो अध्याय या युगमा देखिएको सबैभन्दा डरलाग्दो जीवाणु सावित भयो । यो भाइरसका विरूद्ध हालसम्म कुनै खोप तथा औषधि पत्ता लागेको छैन । कोरोना भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रण गर्न संसारभरका देशहरूले भाइरस विरूद्धको खोप तथा औषधि पत्ता लगाउन अनुसन्धान गरिरहेका छन् यद्यपि हालसम्म परिणाम प्राप्त हुन सकेको छैन् ।

गतवर्षको डिसेम्बरमा छिमेकी देश चीनको वुहान सहरबाट सुरू कोरोना संक्रमणबाट ठूला देशसमेत हायलकायल भएका छन् । नेपालमा कोरोना भाइरसको संक्रमण देखिएपछि नेपाल सरकारले २०७६ चैत्र ११ बाट पुरै देश लकडाउन गर्नुका साथै मानिसहरूलाई घरभित्रै रहन अनुरोध गऱ्यो । अत्यावश्यक बाहेक सम्पूर्ण क्षेत्र तथा सेवा बन्द गरियो ।

एक व्यक्तिबाट अर्को व्यक्तिमा कोभिड-१९ सर्न नदिनका लागि लकडाउन एउटा महत्त्वपूर्ण विधि देखियो । लकडाउन र नेपाल सरकारले संक्रमण रोकथाम तथा नियन्त्रणका लागि जारी गरेको सुरक्षाका मापदण्डहरूलाई हामी सबैले अनुशासित तवरबाट पालना गऱ्यौं । यसबाट हाम्रो दैनिक जीवनसमेत परिवर्तन भएको छ । मानिसहरूले सामाजिक वा भौतिक दूरी कायम गर्ने, व्यक्तिगत बानी व्यवहार परिवर्तन गर्ने जस्ता कुरा सामान्य र नियमित भएका छन् ।

कोरोना भाइरस मुख, नाक र आँखाको माध्यमबाट शरीरभित्र प्रवेश गरी फोक्सोमा यसले नराम्रो असर पार्ने भएकोले संक्रमण रोकथाम तथा नियन्त्रणका साथै यसबाट बँच्न सामाजिक वा भौतिक दूरी कायम गर्ने, हात नमिलाउने नमस्कार गर्ने, साबुनपानीले पटकपटक राम्रोसँग हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने, भिडभाडमा नजाने, मास्कको अनिवार्य प्रयोग गर्ने, खोक्दा वा हाछ्यूँ गर्दा रूमाल वा कपडाले नाक मुख छोप्ने जस्ता सावधानी अपनाउनु पर्दछ । त्यसैगरी कोरोना भाइरसको लक्षणसँग मिल्दोजुल्दो लक्षण देखिएका व्यक्तिहरूको सम्पर्कबाट टाढा रहने, मासुजन्य परिकारहरू राम्रोसँग पकाएर मात्र खाने, घरपालुवा तथा जङ्गली जनावरहरूको अनावश्यक सम्पर्कबाट टाढा रहने आदि उपायहरू अपनाउन विश्व स्वास्थ्य संगठनले अनुरोध गरेअनुसार संक्रमण हुन नदिन मानिसहरूले हरसम्भव उपायहरू अपनाइरहेका छन् ।

संक्रमणको दायरा बढ्दै जाँदा मुलुक र मुलुक बाहिर रोजगार र अन्य काममा गएका नेपालीहरूमध्ये दैनिक जसो छिमेकी देश तथा तेस्रो मुलुकबाट आफ्नो गाउँ, ठाउँ, जन्मभूमि अर्थात् माटोमा फर्कनेहरूको संख्या पनि बढ्दै गयो । घर /गाउँ आएका नागरिकहरूलाई सुरक्षित तवरबाट सम्बन्धित स्थानमा ल्याउन र सुरक्षाको मापदण्ड अनुसार १४ वा सो भन्दा बढी दिन क्वारेइन्टानमा राख्ने, संक्रमण भएकालाई आवश्यक व्यवस्थापन र उपचार गर्ने कुरा कम चुनौतीपूर्ण छैन् । यसका बावजुद पनि संक्रमण रोकथाम तथा नियन्त्रण र उपचारमा जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाइकर्मी, सञ्चारकर्मी, अत्यावश्यक सेवामा कार्य गर्ने कर्मचारीहरू आफ्नो जीवनको जोखिम मोलेर दिनरात नभनेर काम गरिरहेका हुनाले नै यो सामग्री तयार गर्दासम्म नेपालमा संक्रमितको संख्या अन्य देशको तुलनामा थोरै देखिएको छ ।

नेपालमा कोरोना भाइरसको संक्रमणको जोखिम त छँदै छ, यसबाट अब झन् आर्थिक र रोजगारीका क्षेत्रमा पर्ने असर र समस्या कोभिड-१९ भन्दा कम छैन । रोजगारीका लागि मुलुकभित्र र मुलुकबाहिर गएका नेपालीहरू आफ्नो गाउँ घर फर्कदै छन् । संक्रमणको जोखिमले गर्दा काम गर्ने वातावरण छैन् । दैनिक गुजारा चलाउन धौधौ हुनेहरूको संख्या बढ्दो छ । यसलाई हामीले आत्मनिर्भर हुने अवसरका रूपमा समेत लिनुपर्दछ । हाल गाउँघरमा भएका बाँझा जमिनहरूले हामीलाई गिज्याइरहेका छन् । त्यसलाई उत्पादन गर्ने र स्वरोजगार बन्ने आधार मानेर परियोजना बनाइयो भने आफू र समाज साथै मुलुकलाई समेत दीर्घकालीन आर्थिक समृद्धिको आधार बनाउन सकिन्छ । हामीसँग भएका स्रोत र साधनलाई अधिक प्रयोग गरी आफ्नै माटोमा सुन फलाउन सक्नुपर्दछ र लागिपरेमा सुन फलाउन पक्कै सकिन्छ ।



आत्मनिर्भरताको सवाल, स्वरोजगारको सवाललाई स्थापित गर्नका लागि अब आफै पनि केही किन नगर्ने ? बेला भएको छ आँट गर्ने । हरेकले जुनसुकै काम पनि शून्यबाट सुरूवात गर्दै सफलताको शिखर चुम्ने, आत्मनिर्भर भई स्वरोजगारको सवाललाई सुन्दर बनाएर देशलाई हरेक ढंगले समृद्धिको बाटोमा अगि बढाउने हो । आज सफल देखिएका उद्यमी व्यवसायीहरूको व्यवसायिक गाथा सुन्यौं भने कम चुनौतीपूर्ण भेटिँदैन । सहजै हिँडेर मात्र सगरमाथा आरोहण कसले पो गर्‍यो र ? त्यसैले गहन इच्छाशक्तिका साथ केही गर्ने हिम्मत राख्ने हो भने व्यावसायिक कृषि, पशुपालन, पर्यटन प्रवर्द्धन लगायत लघुउद्यमका  काम गरेर हामी स्वरोजगार र आत्मनिर्भर एवम् समृद्ध बन्न सक्छौं । समाज र देशको समृद्धि चाहने हो भने यसका लागि योजना बनाएर  फरक ढंगले सोच्न जरूरी छ । जसबाट वास्तवमै परिवर्तन र आत्मनिर्भरताको आभास गर्न सकियोस् । सफल उद्यमी बन्न सकियोस् ।

सफलताका लागि आफूसँग भएका ज्ञान, सीप र क्षमताको सदुपयोग र विकास गर्दै उद्यमशीलता, उत्पादन र रोजगारी अभिवृद्धि गर्ने र विदेशबाट फर्केका युवाहरूलाई विदेशमा आर्जन गरेको सीप तथा व्यवसायिकता र दक्षताको थपउपयोग गर्न आवश्यक छ । आफूले नजानेका आवश्यक पर्ने ज्ञान, सीप सिक्न, अनुकरण गर्न अप्ठेरो मान्नुहुँदैन् । आफ्नै माटोमा स्वरोजगार र आत्मनिर्भर बनाउन राज्यले पनि स्वरोजगार कार्यक्रमका योजना बनाउनुपर्दछ । तानसेनको सन्दर्भमा तानसेन नगरपालिकाले युवा स्वरोजगार कार्यक्रम अगाडि सारेको छ । विदेशबाट फर्कने युवाहरूको चाहनाअनुसार व्यावसायिक सीप विकासका कार्यक्रम तथा बिना धितो बैंक मार्फत् लगानीको चाँजोपाँजो मिलाएको छ । तानसेनले जस्तै वा अझ परिष्कृत हिसाबले संघीय, प्रदेश र स्थानीय सरकारको सहयोगमा विदेशबाट फर्किएका तथा देशमै बेरोजगार रहेका जनशक्तिलाई उद्यमी बनाउन योजनाबद्ध ढंगले लागेमा नेपालीले विदेशको मुख ताक्नु पर्दैन । रोजगारका लागि कतिपय  कृषि क्षेत्रलाई आधार बनाएर लगानीमा जोड दिनुपदर्छ, स्वरोजगार कार्यक्रमका लागि दक्ष जनशक्ति तयार गर्नुपर्ने देखिन्छ । यस्ता कार्यक्रमले खास गरी युवा, महिला र दलित, अल्पसंख्यक समुदायलाई लक्षित गरी व्यक्ति वा समुहको रोजगारी सिर्जना गरी आयआर्जनमा बृद्धि गर्न व्यवसायिक कृषि, पशुपालन, घरेलु, कुटिर तथा साना उद्योग र परम्परागत सीप सहित विभिन्न शीर्षकहरूमा व्यवसाय गर्न प्रोत्सान गर्दछ र स्वरोजगार बनाई आत्मनिर्भर बनाउन मद्दत पुग्दछ  ।

अन्तमा कोरोना (कोभिड-१९) संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि सामाजिक वा भौतिक दूरी कायम गरी सुरक्षाका मापदण्ड पूर्ण रूपमा पालना गर्ने गरौं । यससँगै स्वरोजगार र आत्मनिर्भर बन्ने अभियानमा लागौं । तिर्खा लागेकाले पानी खोज्नु पर्दछ भनेझैँ नागरिकले अवसर खोजौं तीन तहका सरकारले सक्दो सहयोग गरौँ । समृद्ध नेपाल सुखी नेपाली भन्ने नारा तब पो साकार होला, होइन र ?

*(कार्यपालिका सदस्य)*

# सिद्धार्थ आर्थिक करिडोरका पालिकाहरुबीच बजेटबारे भर्चुअल छलफल



- विष्णु पौडेल

तानसेन नगरपालिकाको आयोजनामा २०७६ मंसिरमा भेलापछि गठित सिद्धार्थ आर्थिक करिडोर अन्तरगतका पालिकाहरूको पूर्व बजेट तयारीसम्बन्धी भिजुयल कन्फ्रेन्स २०७७ जेठ २४ गते सम्पन्न भयो ।

सिद्धार्थ आर्थिक करिडोरको सचिवालय रहेको तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाहीको संयोजनमा भएको कन्फ्रेन्समा गण्डकी प्रदेश योजना आयोगका उपाध्यक्ष डा. गिरीधारी शर्मा पौडेल, ५ नं. प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष प्रा. डा. ईश्वर गौतम, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. शंकर शर्मा, स्वास्थ्य विज्ञ डा. समीरमणि दीक्षित, यु.एन.डि.पी.का प्रतिनिधि सुदीप अर्याल, दि एसिया फाउण्डेशनका डाईरेक्टर विष्णु अधिकारी, ईपिआईका डा.नरबहादुर थापा, पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसी, बुटवल उपमहानगरपालिकाका प्रमुख शिवराज सुवेदी, वालिङ नगरपालिकाका प्रमुख दीलिपप्रताप खाँण लगायत करिडोरमा आबद्ध पालिकाका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कन्फ्रेन्समा कोभिड-१९ का कारण सबै क्षेत्र प्रभावित भएकोले स्वास्थ्यलाई प्राथमिकता दिन र विदेशबाट फर्कने नेपालीहरूलाई कृषि, पशु र उद्यमशीलता विकासमा सहयोग हुने खालका कार्यक्रम ल्याउनुपर्ने कुरामा सरोकारवालले जोड दिएका थिए । विशेषत यस क्षेत्रको विकासमा सघाउ पुग्ने कार्यक्रम ल्याउनुपर्नेमा सबैको मतैक्यता देखियो ।

कार्यक्रममा सहभागीहरूबाट सिद्धार्थ लोकमार्गको आर्थिक विकासका लागि सिद्धार्थ आर्थिक करिडोर प्राधिकरण गठनका लागि नेपाल सरकारलाई अनुरोध गर्ने, स्थानीय तहको जस्तै गण्डकी प्रदेश र ५ नं. प्रदेशले प्रदेश स्तरीय नेटवर्क निर्माण गरी कार्यक्रम अगाडि बढाउनुपर्ने, सिद्धार्थ आर्थिक करिडोरको योजना बैक बनाउनु पर्ने, स्थानीय तहहरूबाट करिडोर विकासको लागि गुरूयोजना तयार गर्नुपर्ने, आर्थिक करिडोरका लागि पर्याप्त बजेट नभएकोले संघीय तथा प्रदेश सरकारसँग बजेटका लागि ध्यानाकर्षण गराउने निर्णय भयो । यसै गरी सिद्धार्थ लोकमार्ग अन्तर्गतको सिद्धबाबा क्षेत्रमा निर्माण गरिने सुरूङ मार्गको कार्य अविलम्ब अगाडि बढाउन माग गर्ने समेत निर्णय भएको थियो ।

कार्यक्रम तानसेन नगरपालिकाको फेसबुक पेजबाट लाइभ प्रशारण गरिएको थियो, जसमा सयौंले सहभागिता जनाएका थिए ।

कार्यक्रममा तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले सबैलाई धन्यवाद दिँदै सिद्धार्थ आर्थिक करिडोरको विकासका लागि साथ दिन अनुरोध गर्नुभयो ।

*(योजना तथा प्रशासकीय अधिकृत)*

**तानसेन नगरपालिकाको अनुरोध**

- ❑ सफा टोल सफा सहर, हामी सबै तानसेन बासीको रहर
- ❑ सार्वजनिक सम्पत्ति सडक, चोक,गल्ली हामी सबैको हो, सधैं सफा राखौं
- ❑ घर घरमै फोहरलाई कुहिने र नकुहिने गरी छुट्याएर उचित व्यवस्थापन गरौं
- ❑ प्लाष्टिक भोलाको बिकल्पको रूपमा जुट, कपडा वा धेरै पटक प्रयोग हुने भोलाको प्रयोग गरौं
- ❑ सफा तानसेनको लागि आफ्नो क्षेत्रबाट सफा अभियान सञ्चालन गरौं

# कोभिड विपदमा तानसेन सरकार



- कृष्ण मल्ल

कोरोना भाइरस (कोभिड-१९) को विश्वव्यापी प्रभावका कारण भएको लकडाउनले जनजीवन प्रभावित भएको छ । यसबारे सचेतना र कोरोना भाइरस संक्रमण रोकथामका लागि तीन तहका सरकारहरू आआफ्ना भूमिकाहरू बाँडेर काम गरिरहका पनि छन् । नीति बनाउने संघ सरकार, समन्वय गर्ने प्रदेश सरकार र कार्यान्वयन गर्ने भूमिकामा स्थानीय सरकार देखिएको छ । कार्यान्वय गर्ने निकायको रूपमा भएका कारण पनि कोभिड-१९ को विपद्को बेलामा स्थानीय सरकारको महत्त्व बढेर गएको छ । स्थानीय सरकार नभएको भए महामारी रोकथामको काम कसरी चल्थ्योहोला ? अवस्था के हुन्थ्यो होला ? भन्ने जस्ता प्रश्नहरू धेरै ठाउँमा उठिरहेका छन् ।

तानसेन सरकारले पनि कोभिड १९ को प्रकोपको समयमा गरेका कामहरूमध्ये केही कामहरू प्रभावकारी र अरूका लागि समेत उदाहरणीय देखिएका छन् । यसले तानसेन नगरपालिकाको गरिमालाई बढाएको त छँदैछ, जनताको सेवालाई पनि प्रभावकारी बनाएको छ । अबका दिनमा आउनसक्ने विपद र अरू दिनमा काम के कसरी गर्न सकिन्छ भन्ने विषयमा सिकाइ तानसेन नगरपालिकालाई भएको छ । तानसेनको यो काम गराई र यो अनुभव अरू स्थानीय तहलाई समेत काम लाग्न सक्छ । कोभिड-१९ महामारीको समयमा तानसेन नगरपालिकाले सञ्चालन गरेका केही कामहरूको यहाँ चर्चा गरिएको छ ।

**कृषि एम्बुलेन्स**

किसानका खेतबारीमा तरकारी कुहिने, नगरबासीले किनेर समेत तरकारी खान नपाउने अवस्थामा तानसेन नगरपालिकाले 'कृषि एम्बुलेन्स' सेवा शुरू गर्‍यो । तरकारी उत्पादन गर्ने किसान र उपभोक्ताबीच पुलको काम गर्नका लागि नगरपालिकाले कृषि एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको थियो । लकडाउनको समयमा युवाहरू परिचालन गर्दै तानसेन नगरपालिकाले ढुवानी अनुदान दिनेगरी यो सेवा शुरू गर्‍यो । किसानको तरकारी बारीमै नसुकून् र नकुहिऊन्, सुपथ मूल्यमा उपभोक्ताको घरदैलोमा हरियो तरकारी पुगोस् भन्ने जस्ता मुख्य उद्देश्य कृषि एम्बुलेन्स कार्यक्रमले बोकेको थियो ।





कृषि एम्बुलेन्सको सुन्दर पक्ष भनेको यसको व्यवस्थापन नगरपालिकाले गठन गरेको तानसेन नगर युवापरिषद्ले गरेको थियो । जुन नगरपालिकाको एक अंग पनि हो । उक्त परिषद् नगरपालिकाले निर्देशिका बनाई गठन गरेको परिषद् हो । विपदको बेला परिषदलाई परिचालन गर्नु नगरपालिकाको दूरदर्षिता मान्नुपर्छ । यसले थोरै मात्रामा भए पनि युवालाई परिचालन गर्नमा सहयोग पुर्‍याएको देखिन्छ । विपद बिरूद्धको काममा युवाको सहभागिता बढाएको छ ।

परिषदले बजार मूल्यभन्दा कम मूल्यमा किसानका खेतबारीबाट तरकारी ल्याएर उपभोक्तालाई उपलब्ध गरायो । किसानले

उपभोक्ताले तिरेको मूल्य पाए । बन्दमा पनि किसानका तरकारी खेतबारीबाट उठे । फाइदा के त भन्दा उपभोक्ताले कम मूल्यमा हरियो तरकारी उपभोग गर्न पाए । शूरूका दिन कृषि एम्बुलेन्सबाट तरकारी बिक्री वितरण गर्दा व्यवस्थापनको पक्षमा आएको गुनासोलाई सुधार गरियो । नगरपालिकाको यो कामबाट किसानलाई सम्बोधन गर्ने प्रयास भयो । यसले एकातिर स्थानीय सरकारले किसानलाई सम्झिएको देखियो भने अर्कोतिर युवा शक्ति विपदका बेलामा परिचालन भयो । यो कामको सिको पाल्पाकै माथागढी पालिका लगायत देशका अन्य पालिकाले समेत गरेको पाइयो ।

**दूरशिक्षा रेडियो पाठशाला**

तानसेन नगरपालिकाले एसईईका विद्यार्थीलाई लक्षित गरी रेडियो कार्यक्रम एसईई पाठशाला शुरू गर्‍यो । एसईई परीक्षा अनिश्चित भएपछि नगरपालिकाले स्थानीय एक एफ एम रेडियोसँगको सहकार्यमा कार्यक्रम संचालन गरेको थियो । कार्यक्रम उत्पादनमा स्थानीय विद्यालयका शिक्षकहरू परिचालन भएका थिए ।

कोरोना संक्रमण रोकथामका लागि जारी लकडाउनको अवस्थालाई मध्यनजर गरी उत्पादन गरिएको दूरशिक्षा रेडियो कार्यक्रम एसईई पाठशाला हरेक दिन बिहान सवा १० बजेदेखि ३ बजेसम्म प्रसारण भयो । त्यसका लागि सामुदायिक रेडियो मदनपोखरा र तानसेन नगरपालिकाको सहकार्य भएको थियो । यो कार्यक्रम ३० बढी रेडियोबाट प्रशारण भएको सामुदायिक रेडियो मदनपोखराका स्टेशन प्रवन्धक पत्रकार राजेशकुमार अर्याल बताउनुहुन्छ ।

एसईई परीक्षा दिने तयारीमा रहेका विद्यार्थीका लागि यो कार्यक्रम सहयोगी बन्न सक्यो । यद्यपि एसईई परीक्षा खारेज भएको भए पनि यसले विद्यार्थीलाई पढ्ने बानीको विकास, अध्ययनलाई निरन्तरता, बैकल्पिक विधिबाट सिकाइको अनुभव गर्नमा सहयोग पुर्‍यायो । स्थानीय शिक्षकहरू रेडियो स्टेशनमा आए । अंग्रेजी, गणित, विज्ञान, सामाजिक अध्ययन र कम्प्युटर विषय रेडियोबाट बोलेरै सिकाए । शिक्षकहरूले पनि वैकल्पिक विधिबाट सिकाइ गर्ने अनुभव लिने अवसर पाए । रेडियोबाट पठन-पाठन गर्नुपर्ने हुँदा, विद्यार्थी मात्रै नभई सबैले सुन्ने हुँदा तयारी भएर रेडियो कक्षमा सहभागी भए । अर्थात् यो कार्यक्रमले शिक्षकलाई पनि पठन-पाठनमा सहभागी हुनु अघि तयारी हुने बानी बसाल्यो ।

कक्षा १२ का विद्यार्थीका लागि यूनिक एफएमबाट अर्को दूर शिक्षा कार्यक्रम संचालन गर्‍यो । यो कार्यक्रम पनि उक्त कक्षामा अध्ययन गर्ने विद्यार्थीका लागि सहयोगी बन्यो । यसरी रेडियोबाट दूर शिक्षा कार्यक्रम संचालन भएको खबरले जिल्लाका साथै जिल्ला बाहिरका स्थानीय तहले पनि सिकाइको रूपमा लिई कार्यक्रम सञ्चालनका लागि पहल गरी रेडियो दूर शिक्षा कार्यक्रम सञ्चालन गरे । अर्को शब्दमा भन्नुपर्दा तानसेनको अभ्यास अरू स्थानीय तहहरूमा पनि पुग्यो । यस खालको सोच ल्याउने तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाही, कार्यान्वयनमा भूमिका निर्वाह गर्ने शुभचिन्तक, सहप्रशारण गर्ने रेडियोहरू र नगरशिक्षा शाखा तानसेनको अन्यत्र पनि तारिफ सुनियो ।

**कोरोना विरूद्धको समन्वय**

तानसेन नगरपालिका र युनाइटेड मिसन अस्पताल तानसेनको संयुक्त आयोजनामा नगर कार्यपालिकाका पदाधिकारीहरू, नगरपालिकाका स्वास्थ्य चौकी प्रमुख, शाखा प्रमुख, वडा सचिवहरूको लागि नोवेल कोरोना भाइरस (कोभिड-१९) को विषयमा तानसेनले अभिमुखीकरण कार्यक्रम आयोजना गर्‍यो । यो कोरोनाको पूर्वतयारीको समय थियो । यसले कोरोना विरूद्धको अभियानमा खटिने व्यक्तिहरूलाई मानसिक र प्राविधिक रूपमा खटिनमा सहज बनायो । सँगसँगै नगरपालिकाले नगर क्षेत्रमा नोवल कोरोना भाइरसको बारेमा छापा तथा विद्युतीय सञ्चार माध्यमहरू पनि परिचालन भए । नगर क्षेत्रका विभिन्न मुख्य स्थानहरूमा चेतनामूलक फ्लेक्स व्यानरबाट कोरोना विरूद्धको सचेतनाको जानकारी दिने प्रयास पनि भयो । यी सबै काम जनतालाई कोरोना के हो ? र कोरोनासँग आफ्नो तर्फबाट कसरी तयारी हुने ? भन्ने सूचना दिनमा केन्द्रित थियो । मिसन अस्पताल तानसेनकी निर्देशक डा रचेल कारखको सन्देशमा कोरोनाबारे श्रव्यदृश्य सामग्री (भिडियो) तयार गरी प्रशारण समेत गरेको थियो तानसेन नगरपालिकाले । कोरोना संक्रमणबाट बचाउन जनस्तरमा त्यसले सचेतना बिस्तारमा सघाएको पाइयो ।

तानसेन नगरपालिकाको अग्रसरता र नेपाली सेना (गोरखदल गण) को समन्वयमा तानसेनको वडा नं. ६ को बसपार्क र वडा नं. ७ को प्रभास क्षेत्रमा हेल्थ डेस्क स्थापना गरी बाह्य क्षेत्रबाट आएका मानिसहरूलाई स्वास्थ्य सेवा प्रदान भयो । उक्त डेस्कले जनचेतनामूलक सेवा पनि प्रदान गर्‍यो । नगर क्षेत्रमा रहेका स्वास्थ्य चौकीहरूमा फिवर जाँच क्लिनिक सञ्चालन भयो । यसले नगरभित्र रहेका नागरिक र नगरको सडक भएर आवत जावत गर्ने नागरिकका लागि कोरोना विरूद्धको सचेतना फैलाउनमा सहयोग पुग्यो ।

नेपाल सरकारद्वारा जारी गरिएको निर्देशिकाबमोजिम कोभिड बिरूद्धको अभियानमा जुट्नका लागि तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाहीको संयोजकत्वमा नगरस्तरीय समन्वय समिति गठन भयो । नगरपालिकाले बाह्य मुलुकबाट आएका नागरिकको स्वास्थ्य परीक्षण गर्‍यो । टोलबस्तीमा पुगेर विदेश तथा अन्य जिल्लाबाट गाउँ फर्किएका नगरबासीको स्वास्थ्य परीक्षण गर्ने काममा नगरउपप्रमुख लक्ष्मीदेवी पाठक, अन्य जनप्रतिनिधि, स्वाथ्यकर्मीसहितको टोली सक्रिय भएको पाइयो ।

तानसेन नगरपालिकाका सम्पूर्ण वडाहरूमा स्थानीय जनप्रतिनिधि, स्वास्थ्य स्वयम्सेविका, टोल विकास समितिका पदाधिकारी र अन्य सरोकारवालाहरूलाई अभिमुखिकरण गरी निर्देशिका अनुसार कोरोना रोकथामका लागि तानसेन नगरपालिकाको सम्पूर्ण वडाहरूमा वडास्तरीय समन्वय समिति गठन भयो । यसबाट काम शुरू गर्दा समन्वय हुनुपर्दछ र सरोकारवालाहरूलाई विभिन्न माध्यमको प्रयोग गरी जानकारी दिन जरूरी छ भन्ने सिकाइ लिन सकिन्छ ।

**मापदण्ड निर्माण र तथ्याङ्कीय व्यवस्थापन**

तानसेन नगरपालिकाले असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहतसम्बन्धी मापदण्ड, २०७६ तयार गरी काम गर्‍यो । मापदण्डमा टेकेर काम गर्दा काममा एकरूपता दिनका लागि सजिलो भयो ।

मजदुर, श्रमिकलगायत दैनिक ज्यालादारी गरी जीवन निर्वाह गर्ने व्यक्तिहरू, जेष्ठ नागरिक, असहाय बालबालिका, फरक क्षमता भएका व्यक्तिहरूको लगत लिने काम गर्‍यो । त्यसका आधारमा दैनिक जीवन निर्वाहको लागि आधारभूत खाद्य सामग्री प्रदान गर्ने व्यवस्था मिलायो ।

यो सामग्री तयार पार्दासम्मको तथ्याङ्कअनुसार तानसेन नगरपालिकाले १६७१ परिवारका करिब ५८०४ सदस्यहरूका लागि मापदण्डबमोजिम चामल ३०५५४ के.जी., दाल ३१४२ के.जी., तेल २०९६ लिटर, चिनी २००९ के.जी., नुन २०९६ के.जी., नुहाउने साबुन ३३४७ पिस र कपडा धुने साबुन ३३६२ पिस) राहत वितरण गर्‍यो ।

त्यसैगरी नेपाललगायत बाह्य मुलुकबाट आएका व्यक्तिहरूको वडागत तथ्याङ्क संकलन गर्‍यो ।

**कोष र क्वारेन्टाइन**

तानसेन नगरपालिकाले गत चैत्र २० गते ता.न.पा. कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन (रा.बा.बैंक, तानसेन, पाल्पाको खाता नं ३०३००१०६९२०१) गरी सोही कोषमार्फत् राहतका क्रियाकलापहरू अगाडि बढायो । यो सामग्री तयार पार्दासम्म कोषमा १ करोड १२ लाख ९४ हजार ३ सय ११ रूपैयाँ चौतीस पैसा जम्मा भएकोमा ६६ लाख ६० हजार ४ सय ७० रूपैयाँ खर्च भै ४६ लाख ३३ हजार ८ सय ४१ रूपैयाँ चौतीस पैसा बाँकी रहेको छ ।

नगरभित्र वडा नं.. ६ को जनप्रिय मा.वि.मा ५० शैया (चैत्र १३ मा १५ बेड, चैत्र १६ मा १५ बेड, चैत्र २२ मा २० बेड) को क्वारेन्टाइन स्थापनागरिएको (भारतबाट आएका ३३ जना नेपाली नागरिकहरूलाई राखी सम्बन्धित स्थानमा पठाइएको र उनीहरूलाई खानपान र नेपाली सेनाबाट स्वास्थ्य परीक्षणको व्यवस्थासमेत तानसेनले मिलायो । (क्वारेन्टाइन व्यवस्थापन कार्यमा नेपाल रेडक्रस शाखा, पाल्पाबाट १५ र जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट १६ वटा कम्बल प्राप्त भएको देखिन्छ ।)

**खाद्य आपूर्ति र फोहर व्यवस्थापन**

कार्यपालिकाको निर्णयबाट तानसेन नगर क्षेत्रमा खाद्य आपूर्ति सन्तुलन राख्न र हालको अवस्थामा कृषि तथा पशुपालन मार्फत् स्वरोजगार प्रवर्द्धनको लागि कृषि तथा पशुपालनका कार्यक्रमलाई निरन्तरता दियो । कृषकहरूलाई प्रोत्साहन गर्नको

लागि हाल कृषकहरूबाट माग भएको मकै, धान, तरकारीका वीउविजन, घाँसको वीउ, मलखाद, औजार, यन्त्र उपकरण लगायतका वस्तु तथा सामग्रीहरू ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने र बजार व्यवस्थापनमा सहजीकरण गर्‍यो । तत्काल कामलाई कायान्वयन गर्न समितिसमेत गठन गर्‍यो ।

नगरपालिकाको बजार क्षेत्र, क्वारेन्टाइन क्षेत्र तथा फोहरजन्य क्षेत्र तोकेर सरसफाइ तथा निसंक्रमण गर्ने कार्यलाई निरन्तरता दियो ।

**प्रदेश ५ मा वातावरण तथा विपद व्यवस्थापनमा तानसेन अगाडि**

तानसेन वातावरण तथा विपद् व्यवस्थापनमा सबैभन्दा अगाडि देखिएको छ । प्रदेश ५ का दुई उपमहानगरपालिका, सात नगरपालिका र नौ वटा गाउँपालिका गरी १८ वटा स्थानीय तहको बजेट अध्ययन गर्दा यस्तो देखिएको हो । त्यसरी अध्ययन भएकामा बुटवल र नेपालगञ्ज उपमहानगरपालिका, रेसुङगा, सन्धिखर्क, रोल्पा, कोहलपुर, तानसेन, तिलोत्तमा, र कपिलवस्तु नगरपालिका छन् । त्यसैरी झिमरूक, रम्भा, छत्रदेव, तिनाउ, यशोधरा, सिस्ने, सम्मरीमाई, गेरूवा, र पाल्हीनन्दन गाउँपालिका रहेका छन् ।

नीति पात्रोमा प्रकाशित अध्ययन रिर्पोट अनुसार आर्थिक वर्ष २०७५/७६ मा तानसेनले सबैभन्दा बढी ५.५१ प्रतिशत बजेट वातावरण तथा विपद् व्यवस्थापनमा छुट्टयाएको छ भने सम्मरीमाईले यो शीर्षकमा बजेट नै छुट्टयाएको छैन । अन्यले पनि एकदमै कम मात्रै बजेट छुट्टयाएका छन् । बुटवल, कोहलपुर, यशोधरा, सिस्नेले एक प्रतिशतभन्दा कम बजेट छुट्टयाएका छन् ।

आर्थिक वर्ष २०७६/७७ मा पनि सबैभन्दा धेरै तानसेनले ६.०८ प्रतिशत बजेट छुट्टयाएको देखिएको छ । उसले अघिल्लो वर्षको तुलनामा ०.५७ प्रतिशतले बजेट वृद्धि गरेको हो । अघिल्लो वर्षको तुलनामा कोहलपुर, यशोधरा र सिस्नेले वातावरण तथा विपद् व्यवस्थापनमा बजेट वृद्धि गरेका छन् भने नेपालगञ्ज, तिलोत्तमा, रोल्पा, रेसुङगा, कपिलवस्तु, सन्धिखर्क, रम्भा, छत्रदेव र तिनाउले वजेट घटाएका छन् । अघिल्लो वर्ष वातावरण तथा विपद् व्यवस्थापनमा थोरै भए पनि बजेट छुट्टयाएका बुटवल, झिमरूक, गेरूवा र पाल्हीनन्दनले पछिल्लो वर्ष यो शीर्षकमा बजेट नै छुट्टयाएनन् । सम्मरीमाईले भने यो शीर्षकमा दुवै वर्ष बजेट छुट्टयाएन ।

वातावरण तथा विपद् व्यवस्थापनतर्फ स्थानीय तहहरूले अघिल्लो वर्षको तुलनामा बजेट कटौती गरेको देखिन्छ । औषतमा अघिल्लो वर्ष १.८१ प्रतिशत बजेट छुट्टयाएका स्थानीय तहहरूको पछिल्लो वर्षको वातावरण तथा विपद् व्यवस्थापनतर्फको औषत अंक १.३५ रहेको छ । उपहानगरपालिका, नगरपालिका र गाउँपालिकातर्फको अघिल्लो वर्षको औषत अंक क्रमशः १.२६, २.५२ र १.३८ प्रतिशत रहेकोमा पछिल्लो वर्ष ०.११, २.२३ र ०.९४ प्रतिशत हुन आउँछ ।

**निष्कर्ष**

कोरोना संक्रमण (कोभिड-१९) रोकथाम, सचेतना बिस्तारमा सीमित साधनस्रोतका बाबजुद तानसेन नगरपालिकाका कदम सराहनीय रहेको पाइन्छ । होल्डिङ क्वारेन्टाइन, सहुलियतूर्ण राहत (२५ प्रतिशत अनुदानमा) वितरण लगायतका केही कामले भने नकारात्मक ढंगलेसमेत चर्चा पाएको सन्दर्भ यहाँ उठान गर्नुपर्ने हुन्छ । कोरोना कहरका बेला किसान, उपभोक्ता र गरिब नागरिकको पक्षमा तानसेनले गरेको सहयोग र रोकथामको पहल अरूले समेत सिक्न लायक छ । यसैगरी विद्यार्थीको हितका लागि शुरू गरिएको दूर शिक्षा कार्यक्रम अनुकरणीय हुनाले नै विभिन्न पालिकाले स्थानीय रेडियोबाट सहप्रशारण गर्न लगाएको पाइयो ।

शङ्कट व्यवस्थापनका लागि नगर प्रमुख आफै, उपप्रमुख, वडाअध्यक्ष, कार्यपालिका सदस्य र वडासदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत र कर्मचारीहरू समेत लागिपरेको देखियो । यद्यपि नगरप्रमुखको सोचअनुसारका योजना कार्यान्वयन हुन नसक्नु तानसेनको दुर्भाग्य हो । कतिपय सन्दर्भमा रचनात्मक सोच र योजना अगाडि सारेर पनि कार्यान्वयन पक्ष फितलो र विलम्व हुनपुग्नाले तानसेन छायाँमा परेकै हो । यसबारेमा जनप्रतिनिधिका नेता नगरप्रमुख र कर्मचारीका अगुवा प्रमुख प्रशासकीय अधिकृतको समयमै ध्यानाकर्षण हुन आवश्यक देखिन्छ ।

*(सम्पादक, बुटवल टुडे दैनिक)*

# किसानको तरकारी उपभोक्ताको घरदैलोमा पुऱ्यायो तानसेन नगर युवा परिषदले



- गुराँस आत्रेय

लकडाउनका बेला पाल्पाको विभिन्न स्थानमा घरदैलो तरकारी सेवा सहितको कृषि एम्बुलेन्स चलिरहेको थियो । सहकारीका सदस्यहरूले विभिन्न तरकारीका पोकाहरू पिकअप गाडीमा राखेर घरघरमै डुलिरहनुभयो । उपभोक्ताले आफ्नो रूचि अनुसार ताजा तरकारीहरू घरअगाडि नै पसलमाभन्दा सुपथ मूल्यमा किनिरहनुभयो भने लामो मेहनतपश्चात् आफ्नो रगत पसिनासँग साटेको उत्पादन बिक्रीहुँदा किसानहरू खुसी हुनपुगे । कोरोना (कोभिड १९) को महामारीका कारण किसानका उत्पादन बिक्री नभएको र पसलबन्दको कारण उपभोक्ताले हरियो तरकारी खान नसकेको अवस्थालाई मध्यनजर गर्दै तानसेन नगर युवा परिषद्ले घरदैलो तरकारी सेवा शुरू गरेको थियो । जुन कार्यक्रमपछि पाल्पाका विभिन्न स्थान र देशभर चलिरहेको छ । युवालाई उद्यमशीलताको तालिम, तानसेनको इतिहास वर्तमान र भविष्यबारे तीनदिने अन्तर्क्रिया गरी युवामैत्री नगर तानसेन घोषणा जारी गर्दै कामको शुरूवात गरेको परिषद्ले युवा सशक्तीकरणसँगै खेलकुदको क्षेत्रमा पनि काम गरेको छ । परिषद्को भावनाअनुसार नै तानसेन नगरपालिकाले युवा स्वरोजगार तथा उद्यमशीलता बृद्धिको लागि सहयोग, र्निव्याजी ऋण तथा सहुलियत ऋणलगायतका कामहरू गरिरहेको छ ।  समाजवादी अर्थव्यवस्थासम्म पुग्ने गन्तव्य निर्धारण गरेको संविधानको मर्मलाई आत्मसात गर्दै परिषदले पछिल्लो पटक घरदैलो तरकारी सेवा सञ्चालन गरेको हो । कोरोना भाइरसको कारणले लकडाउनको बेलामा तानसेनका घरघरमा तरकारीका गाडीहरू दैलोमै पुगेका थिए । घरघरमा नै अत्यन्तै सस्तो मूल्यमा तरकारी पाउँदा उपभोक्ताहरू अचम्म परे । किसानहरू पनि महिनौ दिन लगाएर आफ्नो रगत पसिना र श्रमसँग साटेको तर लकडाउनले माया मारेको उत्पादन बिक्री हुँदा निकै खुसी भए ।

**के हो घरदैलो तरकारी सेवा**

तानसेन नगरपालिकाद्वारा गठित तानसेन नगर युवा परिषद्ले तानसेनका सहरी क्षेत्रमा बन्दाबन्दीका बेलामा उपभोक्ताको घरघरै हरियो तरकारी वितरण गर्ने सेवा गरेको हो । यस सेवाअन्तर्गत किसानले जति रूपैयाँमा बिक्री गर्दछन् त्यत्ति रूपैयाँमा उपभोक्ताले घरघरमा बसेर प्राप्त गर्दछन् । बीचमा कुनै रकम नजोडिएकाले तरकारीको मूल्य धेरै सस्तो भयो । युवा परिषद्ले बिक्री गरेको तरकारीमा बन्दा प्रति किलो १० रूपैयाँ, काउली प्रति किलो २० रूपैयाँ, काँक्रो प्रति किलो ४० रूपैयाँ र सेमी प्रति किलो ४० रूपैयाँ थियो, जुन साबिकको बजारमूल्य भन्दा चारदेखि पाँच गुणासम्म सस्तो हो । यो मूल्यमा अहिलेसम्म कुनै सिजनमा पनि तानसनेमा तरकारी किन्न नपाएको उपभोक्ताहरू बताउँछन् ।



**किन सुरू भयो कृषि एम्बुलेन्स सेवा ?**

"सामान्य आम्दानी भएका हामीहरूको लागि यो घरदैलो पसल सेवा अत्यन्तै उपयोगी भएको छ कि जुन शब्दमा अनुभूति गर्न सकिदैन ।" टुँडिखेलमा भेटिनुभएको (नाम नखुलाएको) सुब्बा साबको कुरा हो । महिनाको करिब ३० हजार रूपैयाँ कमाउने सरकारी कर्मचारीको यो अवस्था छ भने अरूको के कुरा । व्यापार व्यवसायलगायत सम्पूर्ण कुरा बन्द छ । परिवारका सबैजना सदस्य घरमै छन् । एक किलो तरकारी एक छाकमा

सकिन्छ । सङ्क्रमणमा अर्थशास्त्रकै परिभाषा परिवर्तन गर्ने व्यवसायीबाट खरिद गरेको तरकारी किनेर नियमित खान सक्ने अवस्था थिएन । किसानले उत्पादन गरेको तरकारी बिक्री हुने अवस्था थिएन । उद्यमशीलताको अभ्यास शुरू गरेका युवा तथा अन्य कृषकहरूलाई आफ्नो सन्तानलाई जस्तै माया गरेर उत्पादन गरेको तरकारी बेचेर लागत उठाउने बेला नबिक्ने भएपछि कस्तो भयो होला ? देशको मूल अर्थव्यवस्था धानेको कृषि र कृषकहरू यस्तो घटनाले जिन्दगी कृषिमा नर्फकने योजना बनाए भने के हुन्छ ? यस्तै घटनाबाट जानकार तानसेन नगर युवा परिषदले घरदैलो पसल सञ्चालन गर्ने योजना बनाएको हो ।

**कसरी सुरू भयो**

भनिन्छ, युवा समाजमा वर्तमानका संवाहक र भविष्यका अगुवा हुन् । युवामा रचनात्मकता र सामाजिक भावना भयो भने युवाले भविष्यमा होइन वर्तमानमा नै अगुवा बन्न सक्छन् अन्यथा युवालाई केटा को संज्ञा दिइन्छ जसले अपरिपक्व भन्ने बुझाउँछ । स्थापनादेखि नै रचनात्मक काम गर्दै आएको तानसेन नगर युवा परिषद्ले तानसेन नगरपालिकाका प्रमुखको उपस्थितिमा बसेको (तानसेन युवा परिषद्को) बैठकमा एजेन्डा राख्दा मेयरले राम्रो काम हो अघि बढ्नु भनेपछि निर्णय गरिएको थियो । नगर प्रमुखको एउटै कुरा थियो नगरको कुनै पनि कृषकको तरकारी बारीमा कुहिन नदिने, नगरमा बिक्री गरेर, धेरै भएमा अन्य पालिकामा समेत पाहुर पठाउने बताउनुभएको थियो । लगत्तै तानसेनको सबैभन्दा धेरै तरकारी संस्थागतरूपमा बेच्ने मदनपोखरा संगम सहकारीका अध्यक्ष र बजार प्रतिनिधिसँग बैठक बसी तत्काल तरकारी वितरण गर्ने निर्णय भयो । निर्णयमा किसानले जति रूपैयाँमा तरकारी दिनुहुन्छ त्यत्ती रूपैयाँमा उपभोक्तालाई दिने, प्याकेजिङको लागि प्लाष्टिक र ढुवानीको लागि इन्धन र तरकारी नबिकेर स्टोर भएमा त्यसको रकम नगरपालिकाले दिने सहमति भयो । ढुवानीको लागि जिप धनीसँग भाडा सहयोग माग्ने र बितरण कार्य युवा परिषद्ले स्वयंसेवी रूपमा गर्ने तथा नाम "घरदैलो तरकारी सेवा" राख्ने निर्णय भयो तर त्यही दिन प्रदेश सरकारले कृषि एम्बुलेन्स सेवा शुरू गर्ने निर्णय गऱ्यो अनि हामीले पनि त्यही नाम राखौँ भनेर राखियो तर यो प्रदेशको नभएर नितान्त तानसेन सरकारको सहयोगमा आरम्भ तथा नगर युवापरिषद्को मौलिक कार्यक्रम हो ।

**सहयोग कसकसको ?**

तानसेन नगर युवापरिषद् तानसेन नगरपालिकाको अंग भएकाले मुख्य सहयोग तानसेन नगर सरकारको छ । सामान ढुवानीको लागि प्रयोग हुने साधनमा इन्धन खर्च, तरकारी प्याकेजिङको लागि प्लाष्टिक लगायतका सामान, बिक्रीमा परिषद्का सदस्यहरूलाई आवश्यक पर्ने माक्स, सेनीटाइजर, कपडा लगायतका सामाग्रीको खर्चलगायत विविध खर्च तानसेन नगरपालिकाले गऱ्यो भने संगम सहकारी, व्यवसायी विष्णु भण्डारी, व्यवसायी तथा तानसेन नगर युवापरिषद् सदस्य भरत भट्टराई, कृषि ज्ञान केन्द्र र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (जोन) ले आवश्यक परेको बेला यातायातको साधन उपलब्ध गराउनुभएको थियो । अन्य काम तानसेन नगर युवापरिषद्ले गरेको थियो ।

**निरन्तरता**

तानसेन नगर युवापरिषद् आफैमा तरकारी व्यापारी नभएकाले निरन्तर स्वयंसेवीरूपमा घरदैलो तरकारी सेवा सञ्चालन गर्नु स्वाभाबिक र सजिलो थिएन । उपभोक्ता र किसानले प्रत्यक्ष राहत महसुस गरेको कार्यक्रम भएकाले यसको निरन्तरता अहिले सहकारी र कृषकहरू आफैले गरिरहनु भएको छ । जसलाई तानसेन युवापरिषद्ले सहयोग गरिरहेको छ । माथागढी सहकारीले स्थानीय उत्पादन काफल, पिँडालु, तरूल, सिब्लीघान लगायतका उत्पादन बजार ल्याएर हाम्रो कार्यक्रमलाई निरन्तरता दिएको थियो भने त्यस्तै मदनपोखरा संगम बहुउदेश्यीय सहकारी सस्थालगायत विभिन्न कृषि सहकारी र कृषक समूहहरूले घरदैलो तरकारी सेवालाई निरन्तरता दिइरहेका छन् । बजारमा कृषकको पहुँच पुऱ्याउने नेपाल सरकारको नीतिसमेत आएकाले यस्ता कार्यक्रमले लकडाउनपछिका दिनमा पनि निरन्तरता पाउनेछ भन्ने आशा गरेको छु ।

**चुनौती**

तानसेन नगर युवापरिषद्को लागि नौलो प्रकृतिको काम र प्रतिकूल समय भएकाले हरेक पलमा चुनौती सामना गर्नु परेको

छ । कोरोना (कोभिड १९) भाइरसले गर्दा देश निरन्तर लकडाउनमा छ । सरकारले घरभित्रै बस्न आग्रह गरेको छ । यो कुनै पनि हिसाबले भिडमा जाने वा घरबाट निस्कने अवस्था होइन । कोरोना भाइरस र यसको बिस्तारको बारेमा पूर्ण रूपमा जानकार युवापरिषद्ले किसानको बारीदेखि उपभोक्ताको हातमा दिने बेलासम्म कुनै पनि अवस्थामा भाइरस सत्रमण नहुँने गरी व्यवस्थापन गरेको थियो । लामो समयदेखिको हरियो तरकारीको आवश्यकता अझै एकदमै न्यून मूल्यमा दिने र भिड नहुने कुरालाई व्यवस्थापन गर्न हम्मेहम्मे पर्‍यो । त्यसमा भौगोलिक अवस्थाले तानसेनका सबै गल्लीमा गाडी जाने फराकिलो बाटो छैन जसले गर्दा गल्लीका उपभोक्ताहरू मूल सडकमा निस्कनुपर्ने हुँदा भिड हुनु स्वाभाविकै हो । यसले पनि भूकम्प र आगलागी जस्तै जुनसुकै विपदमा पनि आफ्नो घरअगाडिको बाटो फराकिलो हुनु पर्दो रहेछ भन्ने सिकाइ भयो । जुनसुकै कामको सकारात्मक र नकारात्मक पक्ष हुन्छ नै अझै कामलाई सकारात्मक र नकारात्मक देख्ने आँखा र मन नहुने कुरै भएन । अन्य घटनामा जस्तै केही साथीहरूले राजनीतिक आधारमा नराम्रो भन्नुभयो भने केही साथीहरूले

## तानसेनमा 'कृषि एम्बुलेन्स' मार्फत उपभोक्ताको घरमै तरकारी पुग्यो



**रानीमहल संवाददाता || ७ बैशाख २०७७,आईतवार १७:००**

पाल्पा – लकडाउनको प्रभावकारी कार्यान्वयन गर्न र कोरोना संक्रमण रोक्न तानसेनका उपभोक्तालाई घरभित्रै तरकारी पुर्‍याउने अभियान सुरु भएको छ । 'कृषि एम्बुलेन्स'मार्फत तानसेन नगरपालिकाद्वारा गठित तानसेन युवा परिषद्को व्यवस्थापनमा तानसेनका

सत्यतथ्य नबुझी लकडाउनमा के लेखूँ के लेखूँ भएर कमेन्ट गर्नुभयो होला जस्तो लाग्यो । यसलाई नराम्रो भन्ने साथीहरू धेरै न्यून हुनुहुन्थ्यो तर जसले नकारात्मक रूपमा लिनुभयो उहाँहरूको विचार हामीले मार्गदर्शक मान्यौ । नियमित रूपमा तरकारी पसल चलाई जीविकोपार्जन गर्नु भएका व्यवसायी साथीहरू सम्भवत; हामीसँग रिसाउनु हुन्छ होला भन्ने थियो तर समय, परिस्थिति र देशको सबैक्षेत्र बन्द भएको यो अवस्थामा गरिएको यो कार्यमा समर्थन जनाउनुभएको हामीले बुझेका छौँ । तानसेन नगर युवापरिषद्ले प्रत्येक सूचनामा सबैको घरघरमा आउने बताएको थियो । लक्ष्य उद्देश्य पनि त्यही हो तर उपभोक्ता पहिलो दिन एकैठाँउमा जम्मा हुनुभयो । त्यसमा कस्को कमजोरी भनेर हामीले खोतल्नेभन्दा पनि त्यसको व्यवस्थापन गर्नेतर्फ लाग्यौँ । एकै दिन ८ गाडी तरकारी विभिन्न क्षेत्रमा पुर्‍यायौँ जसमा हामीलाई स्वयम्सेवक परिचालनमा केही समस्या भयो । सबै होटलहरू बन्द भएकाले बिहानदेखि साँझसम्म काम गर्ने हाम्रा २० जना साथीहरू सँगै गाडीका चालकहरूलाई पानीसमेत किन्न सहज थिएन तर तरकारी प्राप्त गरेको उपभोक्ताको खुसी देख्दा सबै पीडा बिर्सनुभयो । तीन दिनको खटाइपछि बल्ल चाप घटेको महसुस भयो । पहिले तरकारी आएन भन्नेहरू पछि टमाटर आएन वा मैले सेमी पाइन, मैले बन्दा मात्र पाएँ भन्न थाल्नु भयो । यस्ता समस्या आउँदा हामी भने एक पटक त दिन सकेछौँ भनेर खुसी भयौँ । हामीले एक पटक तरकारी किनेपछि एक हप्ताको लागि पुगोस् भनेर नै एकैपटकमा ५ किलो तरकारीको पोका वितरण गरेका थियौँ । लकडाउनको शुरूवातको समय थियो । बजारमा अरू कोही सामाजिक काममा निस्किएका थिएनन् । युवाले आँट गरे भनेर धेरैले तारिफ गर्नुभयो । केही हदसम्म किसान र उपभोक्ताबीच हुने बजारको दलालीकरण चिर्ने काम भयो । मेहनती किसान र उपभोक्ताको मुहारमा कोरोना कहरको बीचमा थोरै भए पनि राहत दिन हामीले प्रयत्न गर्‍यौँ । तानसेन नगर युवापरिषद्को अध्यक्षको नाताले सम्पूर्ण सहयोगीलाई मनैदेखि धन्यवाद दिन चाहान्छु । अन्त्यमा समुदायको समृद्धि र विकासमा तानसेन सरकारको नगर युवापरिषद् सदैव रचनात्मक कामसहित उपस्थित हुने जानकारी गराउँछौ ।

*(अध्यक्ष, तानसेन नगर युवापरिषद्, पाल्पा)*

# Tansen Municipality intensifies management of coronavirus pandemic



- Gopal Prasad Bashyal

Tansen Municipality has been working rapidly to manage coronavirus pandemic outbreak in the area. As the government of Nepal analysed the possible consequences of spreading coronavirus positive cases and took decision to declare lock down and control public activities throughout the country being effective from March 24, 2020, the Tansen government also began possible programmes of developing awareness and supporting living of needy people, construction of quarantine and isolation, coordination and utilizing health workers and institutions, and demonstrated a high level of coordination skill in this challenging situation.

### What is coronavirus?

Coronavirus disease 2019 (COVID-19) is defined as illness caused by a novel coronavirus now called severe acute respiratory syndrome coronavirus 2 (SARS-CoV-2; formerly called 2019-nCoV), which was first identified amid an outbreak of respiratory illness cases in Wuhan City, Hubei Province, China. It was initially reported to the WHO on December 31, 2019. On January 30, 2020, the WHO declared the COVID-19 outbreak a global health emergency. On March 11, 2020, the WHO declared COVID-19 a global pandemic, its first such designation since declaring H1N1 influenza a pandemic in 2009. Illness caused by SARS-CoV-2 was termed COVID-19 by the WHO, the acronym derived from "coronavirus disease 2019."

### How does the coronavirus spread?

The coronavirus or the virus that causes COVID-19 is thought to spread mainly from person to person, mainly through respiratory droplets produced when an infected person coughs, sneezes or talks. These droplets can land in the mouths or noses of people who are nearby or possibly be inhaled into lungs spread. It's more likely to spread when people are in close contact with one another (within about six feet). Therefore, putting on mask and maintaining physical distancing are widely recommended to keep safe from being infected with coronavirus.

### How does coronavirus spread?

Viruses don't produce symptoms as soon as they come into contact with humans. First, they go through an incubation period or a period of time when the virus multiplies to a threshold necessary to produce symptoms in its host. During incubation period, the immune system of body of contacted person recognizes the virus and reacts through multiple immune responses. If the immune system of the person can keep the number of viruses in the body below the threshold, the person doesn't experience any symptoms but may still be able to spread some viruses. This means the responses of immune system to the viruses play significant role. Some people (their immune system) can keep safe from possible damage. This incubation period between infections to symptoms allows viruses to move slowly across the borders before being detected. Unfortunately, the incubation period varies one to 14 days and this long period without being aware of infection has possibility of unknowingly spreading viruses to other people. There is also possibility of symptoms in receiver and no symptoms to the person who was infected earlier depending upon roles of their immune systems.

### How could coronavirus affect globally?

We live in a global economy era that includes frequent domestic and international travel, and viruses often go together with these visitors and also affect whoever gets in close contact on the way. It's likely that travelers passing through Wuhan were unknowingly encountering people who were infected with COVID-19 and might also have returned home without knowing they were infected. Then, with the mobility of infected but unaware people the viruses could spread at different places fast. It was reported that Italy worse condition since there was close labour contact to

Wuhan and Italy. We observed coronavirus positive cases in a student returning home in a French plane at first. A few positive cases were identified in the persons traveling by the same plane. Later, it was said that many Muslim people in Khotang, Parsa, Banke were found infected after some Muslims visiting to Nepal from a holy programme in Delhi. Likewise, after the huge flow of Nepalese people returning home after the government of India eased railway travel are also reported coronavirus positive and some of them are still in quarantine.

## Attempts to control COVID-19

The COVID-19 was traced in Wuhan in November 2019 and the World Health Organization has officially declared this outbreak a pandemic. However, it was not spread globally than in China until March 2021. Then, Italy observed the worst situation due to huge death toll and coronavirus infection positive cases. Soon it engulfed Europe and the United States of America. Asia was lately affected. As the disease claimed life of thousands of people and spread globally, the government, international and national organizations, health workers and security forces are continuing to work diligently to further our understanding of this novel disease and to prevent it from spreading. The international and domestic air and road transports were closed. The governments of all affected countries started lock down and controlled public mobility, government and public services other than health were suspended. The lockdown became a popular strategy to control the communication of COVID-19. As such, we now must use one of our more stringent methods to slow the spread of this infectious disease and this includes limiting all unnecessary movement and gatherings including working from home if possible, limiting unnecessary travel, and avoiding large crowds like those at concerts or sporting events.

## Role of local governments to prevent COVID-19

As recently restructured governing system of Nepal, the local government has roles and responsibilities to address various needs of people and provide immediate services. The local governments have allocated very little budget in disaster management but the COVID-19 outbreak was unpredicted problem. As the public mobility, business and other services stopped, the governments were unable to collect revenue. Despite of little budget and human resources, the local governments tried to manage the situation passionately. They stopped other activities and entirely devoted tocoronavirus control. They could earn people's faith who recognized for their tireless efforts to minimize the health risks due to coronavirus.

## Activities of Tansen Municipality to manage coronavirus related health hazards

Following the directives of the government of Nepal, the Anti-coronavirus activities management coordination committee was formed under the chairmanship of Mr Ashok Kumar Shahi, the Mayor,Tansen Municipality. Tansen began with awareness programmes against coronavirus. Tansen Municipality placed hoarding boards, sponsored anti-COVID-



19 messages broadcasting on different local FM radios, organized orientation on safety and preventive measures to its Executive Members and health workers were also trained to deal with patients and possible suspects of coronavirus positive. Tansen government also sponsored vehicle for spreading messages against coronavirus through loudspeaker at Tansen and major areas of Palpa. Different areas of Tansen were disinfected and regular health and sanitization programmes were continue even at this difficult period.

Anti-COVID-19 coordination committee could coordinate well among the health workers and hospitals, including health posts under the Municipality, District Hospital, United Mission Hospital and Lumbini Medical College, and could motivate them to work together for the treatment of coronavirus positive cases. At first, there was very inhuman behaves of private hospital were spread at public media. However, the local government could bring fever clinics in operation at its health posts which avoided fear of dying without diagnosis of illness. Later, all health institutions in Tansen began usual health services and coronavirus cases as well. Different awareness programmes and orientations to the health workers were organized with the technical support of the United Mission Hospital. The Municipality established Coronavirus Control and Treatment Fund which is being contributed by various institutions, organizations and individuals.Tansen Municipality has published coronavirus related fund and expenditure status public. The Nepal Army, Nepal Police, Armed Police Force, Nepal Red Cross Society and other agencies have also been working together to make anti-COVID-19 programmes effective. Mr Ashok Kumar Shahi, Mayor, MrsLaxmiPathak, the Deputy Mayor, all the ward chairs and other elected representatives, the executive officer and other staffs are engaged in managing anti-coronavirus programmes.

As coronavirus positive cases were increased, Tansen Municipality expanded beds and quarantines, especially at Janapriya Secondary School, Ward No. 6. After the huge flow of Nepalese workers in India, Tansen Municipality could coordinate with neighbouring Rural Municipalities, Province government and could manage the holding quarantine at Tribhuvan Campus, Science Block, Batasedanda, which provided short-term services to people of Palpa, Gulmi, Arghakhanchi, Syangja and Baglung. MrTukrajBhattarai, the Ward Chair, Ward No. 13, led the management of holding quarantine.Then, the other Wards of Tansen also managed quarantine at local Schools and Colleges after they collected data of foreign employees possible to return their homes.

Tansen Municipality distributed huge amount of food items to needy people and also distributed rice packages at subsidized rate. One of the significant projects was 'agriculture ambulance' which was first materialized by Tansen Municipality after the Province government came up with this idea. It made farmers possible to sell their products and local people got fruits, vegetables and other items in cheaper rate. It helped farmers' market and provided people fresh vegetables at the lockdown period. The Youth Council of Tansen Municipality was promptly mobilized at this difficult time.

Another remarkable intervention during lockdown by Tansen Municipality is educational support. The Municipality supported the Community Radio Madanpokhara for broadcasting radio education classes targeting to SEE preparing students who were severely affected as the SEE exams had been uncertain due to lockdown. Similarly, the Unique FM was awarded with the education programme to Grade 11 and 12 examinees. Besides these special programmes to address the difficulties generated by coronavirus, Tansen Municipality continued all its social service programmes at the doors.For example, post-natal mothers are getting nutritious food items.

## Conclusion

The local government is a close friend of people in need, indeed. Tansen Municipality seems scoring excellent grade at this difficult test given by coronavirus. It became possible only because of sound coordination with health workers and institutions, security personals and organizations, government agencies and elected representatives, engaging the leaders throughout the planning and execution of programs,and the people also showed a high level understanding of cooperation with the government and among the people.

*(Journalist)*

# तानसेन नगरपालिकाको नि:शुल्क अनि सहुलियतपूर्ण राहत कार्यक्रम सन्दर्भमा



- शिब थापा

समग्रमा सन् २०१९-२०२० अर्थात् वि.सं. २०७६ साल विश्वको निम्ति नै चुनौतीपूर्ण रहयो । COVI D -19 ले गर्दा नेपाल अछुतो रहन सकेन र तानसेन पाल्पा पनि । यस्तो विषम परिस्थितिको सामना गर्नको निम्ति तानसेन नगर सरकारको तर्फदेखि सीमित स्रोत साधनको वावजुद नगरवासीको निम्ति विभिन्न किसिमका कार्यक्रमहरू अगाडि सारियो । दैनिक ज्यालदारी काम गर्ने मजदुरहरूको निम्ति राहत, निम्न आय भएका परिवारको निम्ति सहुलियतदरको खाद्यान्न, राहतको सट्टा श्रम र कृषकहरूको निम्ति कृषि कार्यक्रमहरू । यस्ता सबैखाले कार्यक्रमहरू तानसेन नगरपालिका वडा नं. १ मा पनि सञ्चालन गरियो । राहतस्वरूपको कार्यक्रमअन्तर्गत १ नं. वडामा २३३ घर परिवारलाई खाद्यान्न वितरण गरियो । यस कार्यक्रम सोचेको जस्तो सफल बनाउन सहयोग पुर्‍याउनुहुने जनप्रतिनिधि, वडाका कर्मचारी साथीहरू, १ नं. वडाका सम्पूर्ण टोल विकास संस्थाहरूलाई धन्यवाद दिन चाहान्छु ।

निम्न आय भएका परिवारहरूको निम्ति सुहुलियत दरको खाद्यान्न वितरण कार्य अविस्मरणीय बन्यो । यस कार्यक्रमअन्तर्गत



वडा नं ६ का अध्यक्ष सागरमान महर्जनको संयोजकत्वमा एउटा समिति बन्यो र त्यही समितिको सदस्यको रूपमा काम गर्न पाएकोमा नगर कार्यपालिकालाई धन्यवाद दिन चाहान्छु । यस कार्यक्रमअन्तर्गत तानसेन नगरका १४ वटै वडाहरूमा जाने र नगरबासीसँग घुलमिल हुने अवसर मिल्यो । यस कार्यक्रमअन्तर्गत बिर्सन लायकका भनाइ र केही सानातिना समस्याहरू पनि झेल्नुपर्‍यो । समग्रमा यस कार्यक्रमले नगरबासी खुसी भएको पाइयो । तानसेन नगर सरकारलाई धन्यवाद दिएको पाइयो । सहुलियत दरको खाद्यान्न वितरण कार्यक्रम सफल पार्न सहयोग गर्नुहुने संयोजक वडा नं. ६ का वडा अध्यक्ष सागरमान महर्जनलगायत सम्पूर्ण टिम र सम्पूर्ण कर्मचारीहरू, नेपाली सेना गोरख दल गण, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र पत्रकार साथीहरूलाई पनि धन्यवाद दिन चाहान्छु । त्यसै गरी नेपाल सरकारको निर्णयअनुसार राहतको सट्टा श्रम भन्ने कार्यक्रमअन्तर्गत १ नं. वडामा रू दुई लाख विनियोजन भई दैनिक ज्यालदारी गर्ने बराङ्दी भेगका श्रमिक १५ जनलाई २२ दिनसम्म काममा खटाइयो । यसले गर्दा पनि कोभिड-१९ बाट प्रभावित केही घर परिवारलाई थोरै भएपनि राहत पुगेको आभास भयो ।

अन्तमा कोभिड-१९ ले गर्दा प्रभाव पारेको असहज परिस्थिति कुनै दिन साम्य हुने आशा राखौँ । देश फेरि आर्थिक समृद्धितर्फ उन्मुख हुनेछ । हाम्रो दैनिक दिनचर्या पहिलै जस्तै हुनेछ । जीवन सामान्य हुनेछ । मिलेर जुटेर एक आपसमा हातेमालो गरी विकासका कार्यक्रमहरू अगाडि बढाउने नै छौँ । नगर सरकार हाम्रो हो हामीले सहयोग गर्नुपर्छ । त्यसैगरी नगरसरकारले हामीहरूलाई सहयोग गर्नेछ भन्ने भावना लिएर अगाडि बढौँ ।

*(तानसेन-१, वडा सदस्य)*

**खोज**

# अमर नारायण मन्दिरमा रहेको 'गरुडको शालिक' एक जिज्ञासा



- राजेन्द्रगोपाल सिंह

पाल्पा राज्य नेपाल अधिराज्यमा विलय भएपछि केन्द्रबाट तैनाथ वालाको अख्तियारी लिएर पाल्पाको पहिलो प्रशासक भएका अमर सिंह थापा पाल्पामा करिव एक दशक बसेका थिए । उनले आफ्नो कार्यकालमा यथासक्य विकास निर्माण र सुधारका कार्यहरू गरेका थिए ।

उनको कार्यकालमा पाल्पा सदरमुकाम तानसेनमा कलात्मक टुँडालसहितको अमर नारायण मन्दिर, अमर महेश्वर मन्दिर, अमर विनायक मन्दिर, टुँडिखेल, पाटीपौवा, पोखरी आदिहरू बनेका थिए । जुन अहिलेसम्म पनि देख्न पाइन्छ साथै प्रयोगमा आएको पनि छ । धार्मिक पर्यटनको महत्त्व बढाइरहेको छ । अमर सिंह थापाको योगदान र मठमन्दिरहरूको बारेमा पुस्तक र लेखहरू लेखिँदै आएको छ र भोलिको दिनमा पनि अझैँ अरू लेखिँदै जाला । नगरबासीमा इतिहासबारे रूचि बढ्दै जाला भन्ने आशा गरौँ ।



कलाकार अशोकमान सिं को स्केचमा अमरनारायण परिसर

अमर नारायण मन्दिर र जात्राले दुई शताब्दी पूरा गरिसकेको छ । शाहकालपछि राणाकालमा पाल्पामा तैनाथी भएर बस्नेहरू मध्ये वीर शमसेरले आफ्नो कार्यकालमा प्रभास बगैँचा, प्रभासबाट तानसेन दरबारसम्मको बाटोको दुवै किनारमा वृक्षारोपणका साथै अमर नारायण परिश्रमी र विष्णुपादुका पनि निर्माण गरेका थिए ।

इतिहासको विषयमा विरोधाभास, अपुष्ट, मतभेद र काल्पनिक चिन्तनहरू प्रयोग हुने गरेको तथ्यहरू पाइन्छ । लेखक मधुसुदन पाण्डेले **'नेपालको इतिहासको केही अपुष्ट पक्षहरू'** नामक पुस्तकमा यस जिल्लाको नभए तापनि देशको विभिन्न क्षेत्रका विविध विषयहरूको बारेमा चर्चा गरेका छन् ।

यस्तै अपुष्ट विषयहरूलाई खोजी चर्चा गरी जिज्ञासा मेटाउने उद्देश्यले सालिकको बारेमा यो लेख विषय प्रवेश गराइएको हो । अमर नारायण मन्दिरभित्र एउटा गरूडको सालिक रहेको छ । यसबारे लेखक राजेश्वर थापाले **'काजी जनरल अमर सिंह थापा'** पुस्तकको पेज नं. २३ मा लेख्छन् :

**शालिक**

यस्ता निर्माणहरूमा काजी जनरल अमर सिंह थापाले अमर नारायण परिसरमा निर्माण गरेको एउटा हो शालिक । अमर नारायण मन्दिर अगाडि बाहिर पश्चिम दिशामा जमिन सतहबाट अन्दाजी ५/६ फिट माथि उठाइएको ढुङ्गाको गाह्रो माथि एउटा गरूडको ठूलो मूर्ति र बाल गोपालजीको सानो शालिक



छ  र त्यस सालिकको ठिक मुनि दुई वटा खोपीमा नारायण र लक्ष्मीतर्फ हात जोडेर बसेका भक्तजनहरूका शालिक छन् । ती कसको शालिकहरू हुन्, सो प्रमाणिक रूपमा यकिन हुँदैन तर बुढापाका मानिसहरूका अनुसार ती शालिकहरू काजी अमर सिंह थापाका परिवारका केही सदस्यहरू हुन् ।

गरूडको सालिकनेर रहेको अरू कुराहरूको वर्णन गरिएको तर गरूडको शालिकको भने वर्णन गरिएको छैन । ध्यान नदिईएको हो वा आवश्यक नठानेको हो कारणहरू थाहा हुँदै जाला तर मन्दिर अगाडि रहेको गरूडको शालिकको यो मूर्तिलाई ध्यानपूर्वक हेर्ने हो भने गरूडको पखेटा र मानव मूखाकृतिको समन्वय देखिन्छ । पूर्णरूपमा गरूड चरो जस्तो देखिँदैन र गरूडको खुट्टानेर गोलाकारमा नेपाली भाषामा अक्षरहरू कुँदिएका छन् । धेरैजसो अक्षरहरू बुझिए तापनि केही अक्षरहरू धुलो जमेका र पूरानो शैलीको अक्षर भएका




कारणले बुझ्न गाह्रो पर्छ । जे जति बुझ्न सकिन्छ त्यसले यहाँ शालिक कसरी निर्माण हुन सम्भव भयो र कसले बनायो वा कसको हो ? के उद्देश्यले बनाइएको हो ? जिज्ञासा उत्पन्न गरिरहन्छ ।

त्यतिबेला अधिकार प्रदत्त व्यक्तिहरू र तैनाथवाला बाहेक अरूलाई सार्वजनिक ठाउँमा निर्माणको लागि अनुमति निश्चित नै चाहिन्थ्यो । अनुमति बेगरको सर्वसाधारणको कृति खासै देख्न पाइँदैन । अधिकार सम्पन्न व्यक्तिहरूले बनाउँदा विषयवस्तु प्रस्ट्याउने गरेको पाइन्छ । तर, यस गरूडमा भने त्यो प्रस्ट बुझिन्न । श्री गणेशाय नम : ....१९३६..... शमसेर....छोरी....आदि लेखिएको देखिन्छ तर पूरै पढ्न र बुझ्न प्राविधिक कारणले समस्या रहेको छ । पाल्पा तानसेन सम्बन्धी ऐतिहासिक तथ्य समेटिएका केही पुस्तकहरू जस्तै :

१. काजी जनरल अमर सिंह थापा - राजेश्वर थापा
२. नेपालको इतिहासमा जनरल अमर सिंह थापा - रामेश्वर श्रेष्ठ
३. पाल्पाको सेरोफेरो - कविन्द्रमान सिंह

आदि भेटिन्छन् ।

यी पुस्तकहरूमा पनि यस बारेमा चर्चा उल्लेख गरेको पाइदैन । ...शमसेर लेखिएको बाट त्यस समयमा वीर शमसेर तैनाथवाला रहेको समय हो भन्ने बुझ्न सकिन्छ तर, कुन शमसेर हुन् प्रस्ट नहुँदा कसरी गरूडको शालिक निर्माण भयो जिज्ञासा ढिलो चाँडो पूरा होला आशा गर्न सकिएला ।

त्यसो त पाल्पाको इतिहासमा चर्चा र जिज्ञासाहरू थुप्रै रहेका छन् । जस्तो कि पाल्पा, तानसेन नामकरण भगवतीको पहिलो मुर्तीको निर्माणकर्ता, नारायण मन्दिरको सिँढीको ढोका आदिहरू रहेका छन् । कुनै बेला उपयुक्त समय मिलेमा यस बारे पनि छलफल गर्न सकिएला । पाल्पाको सदरमुकाम तानसेनको इतिहासबारे कलम चलाउनेका लागि तानसेनस्थित अमरनारायण मन्दिर परिसरमा रहेका यी कुराहरू चासोको विषय बन्न सक्छन् ।

*(संस्थापक अध्यक्ष, पाल्पा साहित्य समाज)*

इतिहास

# मुकुन्द सेन (प्रथम) र मुकुन्द सेन (द्वितीय)



- पुष्कर अथक रेग्मी

प्राचीन सेन वंशावली अध्ययन गरी हेर्दा चितौरमा सिसौडिया वंश थियो । मदन रायका नाति अभय राणा दिग्विजयको क्रममा बढ्दै जाँदा काली गण्डकी समीपवर्ती क्षेत्र पालपापुरी आई बसे । यिनैको आठौँ पुस्ता धर्मपाल सेनले वि. सं. १४७७ मा रिब्दीकोट नामक एउटा स्वतन्त्र रियासतको स्थापना गरी पाल्पा राज्यको जग बसाए । नेपाल एकीकरणको अभियानमा पाल्पा राज्यका अन्तिम सेन वंशीय राजा पृथ्वीपाल सेनलाई काठमाडौ बोलाई धोका पूर्ण तरिकाले बन्दी बनाएसंगै वि.सं. १८६१ मा पाल्पा राज्य नेपालमा विलीन हुन गयो । वि.सं. १४७७ देखि १८६१ सम्म पाल्पा राज्यमा धेरै सेनवंशी राजाहरूले शासन गरे । जसमध्ये मुकुन्द सेनको नाम अग्रपङ्तिमा आउँछ । इतिहासका अनभिज्ञहरू पाल्पामा मुकुन्द सेन एउटै थिए भन्छन् तर पाल्पामा मुकुन्द सेन नाम गरेका राजा दुई जना भए । जसलाई मुकुन्द सेन (प्रथम) र मुकुन्द सेन (द्वितीय) भनिन्छ । यस लेखमार्फत् यी दुवै मुकुन्द सेनको संक्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

**१ मुकुन्द सेन (प्रथम)**

(क) पूर्वजहरू

पाल्पाली सेनहरूको वंश वृक्षलाई नियाल्दा अभय राणाका खलक चितौरका राजा रत्नसेनबाट नाग सेन, नाग सेनबाट तीर्थराज र तीर्थ राजबाट तुथा राय भए । तुथा राय धार्मिक प्रकृतिका भएकाले तपस्या गर्न रूरू क्षेत्र रिडीमा आए । तुथा रायबाट दिमिकि राय दिमिकि रायबाट उदय राय, उदयपछि गजब्रहमदेव र गजब्रहम देवको वंशज धर्मपाल थिए । यिनै धर्मपाल रिब्दीकोट रियासतको राजा भए (१४७७- १५००) धर्मपालले पाल्पा रिब्दीकोटमा शासन गर्दा नेपाल उपत्यकामा ज्योति मल्लले शासन गरेका थिए । धर्मपालपछि अनेक सिहं र अनेक सिहं पछि खामसेनले पाल्पामा राज्य गरे । खामसेनका छोरा चन्द्रसेन भए । चन्द्रसेनको मृत्युपछि यिनका जेठा छोरा रूद्र सेन गद्दीमा बसे । यिनै रूद्रसेनले रिब्दीकोटबाट राजधानी पुरानाकोट (पूर्णाकोट) अर्थात् पाल्पामा कायम गरी शासन गरेपछि यिनी पाल्पा राज्यका संस्थापक भए । यिनले वि. सं. १५५० देखि १५५५ सम्म पाल्पामा शासन गरे ।

ख) मुकुन्द सेन (प्रथम) को जन्म र शिक्षादिक्षा

रूद्रसेनकी जेठी महारानी आसनमालाको कोखबाट मुकुन्द सेन (१५५५) को जन्म भयो । रूद्रसेनकी दोस्री प्यूठानी रानीबाट उग्रसेन र पूर्णसेन नामक दुई छोरा र दीपावती नामकी एक छोरीको जन्म भयो । मुकुन्द सेनको शिक्षादीक्षा दरबारमै बाबु र गुरूहरूको रेखदेखमै हुन गयो । संस्कृत, मगर, खस, अवधी लगायतका भाषामा राम्रो दखल गर्दै गए । दश वर्षको उमेर देखि नै उनले राजकालमा चाख लिँदै गए । धर्म, ज्ञान, राज्य सञ्चालन, सैन्य परिचालन, व्यवस्थापन, समन्वय, कुटनीति लगायतका विषयमा विशिष्टता देखाउँदै गए । इतिहासमा यिनैलाई राजा मणिमुकुन्द सेन (प्रथम) भनिन्छ ।

ग) विवाह र सन्तान

उमेर पुगी विवाह योग्य भएपछि यिनको विवाह गुल्मीकी राजकुमारी पुष्पमालासँग भयो । पछि आफ्नो राज्य कालमा समन्वय स्थापित गर्न प्युठानी राजकुमारी महिमावती, शासकीय सहयोगका लागि पार्कोट मगर राजकुमारी सुवर्णमाला र स्थानीय कन्या मायावतीसँग विवाह गरेका थिए । यिनकी जेठी रानी पुष्पमालाबाट विनायक सेन, हरि सेन, नरि सेन र तण्डुल सेन गरी चार छोरा, महिमावतीबाट श्वंभर सेन, भृंगी सेन, नन्द सेन, सुनन्द सेन, लोहाङ्ग सेन सहित पाँच छोरा यशोधरा, जोन्नानानी, चैतानानी गरी तीन छोरी जन्मिए । सुवर्णमालाबाट माणिक्य सेन, डम्बर सेन र कुवेर सेन गरी तीन छोरा र मायावतीको कोखबाट विनायक सेन छोरा र कर्णावती छोरीको जन्म भयो ।

घ) राज्य सञ्चालन र विजय अभियान

रूद्रसेनपछि उनका छोरा मुकुन्दसेन पाल्पाका राजा भए । (१५७५-१६१०) । उनी राजा हुँदा बीस वर्षीय जोशिला युवा थिए । त्यसताका नेपाल उपत्यकामा क्रमश : सूर्य मल्ल र अमर मल्लले शासन गरिरहेका थिए । बाबु रूद्रसेनको राज्य, एकीकृत अभियानलाई यिनले अगाडि बढाउँदै लगेका थिए । त्यसताका काबुलका बादशाह बाबरले पश्चिम उत्तर भारतमा त्राहीत्राही मच्चाइरहेका थिए । बंगालका सुल्तान नसरत शाहले मिथिलामा आक्रमण गरी तिरहुत प्रदेशलाई कब्जा गर्दै थिए । यता नेपालमा उपत्यकाका मल्ल राजाहरू कलह गर्दै थिए । यही क्रममा उनले चतुऱ्याइँपूर्वक छिमेकी राजाहरूसँग समन्वय स्थापित गर्दै खस र मगर जातिहरूको बलियो सैन्य संगठन बनाई परम्परागत रूपमा चलिआएका धनुकाँण, गुलेली, खुँडा, खुकुरी, ढाल, तरवार, भाला, बर्छा, भरूवा बन्दुक, ढुङ्गा, मुढालगायतका हातहतियारहरू जम्मा गरी सैन्य शक्तिलाई श्रेष्ठ शक्तिको रूपमा विकसित गरी उपत्यकालाई समेत पाल्पा राज्यको अधिनमा राखे । यिनले पाल्पाली सेनालाई पूर्व र पश्चिम गरी अघि बढाए । पूर्व बढेको सेनाले ब्रह्मपुत्र र गंगाको संगमस्थलसम्म कब्जा गऱ्यो भने पश्चिम बढेको सेनाले कुमाउ, गढवाल हुँदै श्रीनगरसम्म सर गऱ्यो । उत्तरमा धवलागिरी हिमाल र दक्षिणमा हरिहर क्षेत्र पुग्यो । यसरी मुकुन्दसेनको पाल्पा राज्यभित्र बराहक्षेत्र, रूरू क्षेत्र, मुक्ति क्षेत्र र हरिहर क्षेत्र गरी चार वटै धार्मिक क्षेत्र पर्न आए । यसपछि चक्रवती महाराज मुकुन्द सेनको नामले पुकारिन लाग्यो । यसरी उनी एकीकृत विशाल पाल्पा राज्यका महान निर्माता भए ।

ङ) सांस्कृतिक एवम् धार्मिक कार्य

दिग्विजयको क्रममा ध्वंसात्मक प्रकृतिका देखिए तापनि वास्तवमा राजा मुकुन्द सेन धार्मिक प्रकृतिका थिए । उनले जुन-जुन क्षेत्रमा विजय हासिल गर्थे त्यहाँका देवी देवता मठ मन्दिरलाई उच्च सम्मान र आदरका दृष्टिकोणले हेर्थे । विजय गरेर ल्याएका मूर्तिहरूलाई पनि विधिवत प्रतिष्ठापित गर्थे । काठमाण्डौं रातो मचिन्द्रनाथबाट ल्याएको काल भैरवको अपूर्व मूर्तिलाई भैरवनाथको रूपमा स्थापित गरी पाल्पालीको आराध्य देव बनाए । यसै गरी रूरू क्षेत्र गुल्मीमा चर्तुबाहु, श्री विष्णुको मूर्ति प्रतिष्ठापित गरी हालको तानसेन-१४ रिडीमा हृषीकेशको मन्दिर बनाए । देवघाटमा मुकुन्देश्वर महादेव, गणेश, विष्णु, सूर्य, भगवतीका मन्दिरहरू बनाई मूर्तिहरू स्थापना गरे र स्थायी पूजाआजाको लागि गुठीको व्यवस्था गरे ।

उनले नारायण मल्ललाई आफ्नी छोरी यशोधाराको विवाह गरी दिँदासमेत दाइजो स्वरूप महाकाली, महालक्ष्मी, महासरस्वतीका मूर्तिहरू दिए । भनिन्छ, मुकुन्द सेनले शिववाणी सुनेका थिए र भगवान शिवबाट तरवार प्राप्त गरेका थिए । उक्त तरवार बन्दिपुरको भगवती मन्दिरमा अद्यावधि रहेको लोक विश्वास छ । हाल भारतको मुजफरपुरमा पर्ने हरिहर क्षेत्रमा समेत पाल्पाली प्यागोडा शैलीमा हरिहरको मन्दिर बनाए । मुकुन्द सेनले राज्य व्यवस्था नीति नियमको आधारमा चल्ने चलन चलाए । शास्त्रीय विधिपूर्वक शान्ति, सुव्यवस्था, इज्जत, सम्मान, मेलमिलाप जन सहभागिता र समर्थन साथ साथमा राज्य सञ्चालन गरे । राज्यभित्रका शिव मार्गी, बौद्ध मार्गी, किराँत मार्गीहरू बीच सांस्कृतिक समन्वय स्थापित गरे । उनी वीर विजय प्रतापी राजा हुनुका साथै धार्मिक सांस्कृतिक मर्मज्ञ थिए । राज्य एकीकृत मेलमिलाप र समन्वयात्मक, संस्कृति नै उनको अभियान थियो ।

च) संघीय शासनको सुरूवात

मुकुन्द सेनले वि.सं. १५७५ देखि १६१० सम्म शासन गरेका थिए । उनले पाल्पालाई केन्द्र मानी संघीय शासन प्रणालीमा जोड दिएका थिए । आफ्नो शासनकालमै उनले पाल्पा, बुटवल, रिसिङ, तनहुँ, मकवानपुर, राजपुर र मदरिया गरी सात राज्यमा विभाजन गरे । पाल्पामा माणिक्य सेन, बुटवलमा विनायक सेन, रिसिङमा रामसेन, तनहुँमा भृगी सेन, मकवानपुरमा लोहाङ सेन, राजपुरमा कुवेर सेन र मदरियामा खड्क सेनलाई शासन गर्ने जिम्मेवारी दिए । मुकुन्द सेनको शासनपछि उनका ती जिम्मेवार छोरा, भाई, भतिजहरू आफू आफैमा कलह गर्न थाले र राजा भएको घोषणा गर्न थाले । यस लगत्तै पाल्पाको केन्द्रीय नियन्त्रण कमजोर हुदैँ गयो । यही क्रममा पाल्पाभित्र समेटिएका अन्य राज्यहरू पनि स्वतन्त्र हुँदै गए । सेनहरूको पारिवारिक भागबण्डा, फुट, कलह, विद्रोहको फलस्वरूप पाल्पा राज्य झनै कमजोर हुँदै गयो ।

छ) जीवनको उत्तरार्द्ध

राजा मुकुन्द सेन ५७ वर्षको उमेरमा वि.सं. १६१० सालमा

राजकाज त्यागी त्रिशुली र कालीको दोभान पवित्र तीर्थस्थल देवघाटमा गई तपस्या गरी बसे । उनको तपस्याले राज्यभर सुख शान्ति समृद्धि छाउँदै गयो । राजाको तपस्याले सुदिन आएको भनी उनलाई मुनि मुकुन्द भन्न थाले । पछि आएर मणिमुकुन्द भनियो । अझै पछि विशाल पाल्पा राज्यका निर्माता महान चक्रवती राजा मणिमुकुन्द सेन भनियो । यसरी बाह्र वर्षसम्म तपस्वी जीवन बिताएपछि वि.सं.१६२२ सालको एकदिन बिहान उनी शशरीर परमात्मामा विलीन भएर गए । उनका एकजना भक्तले काली र त्रिशुलीको दोमहीमा जाल हान्दा अपूर्व शिला भेटाएछन् । सपनाको आदेश अनुसार उक्त शिलालाई मणिमुकुन्द सेनको स्वरूप मानी 'चक्रशिला' नाम दिई उनकै आश्रममा ल्याई स्थापना गरियो । आश्रमले मन्दिरको रूप लियो । पाल्पा दरवारबाट नित्य पूजा, पूजारी र गुठीको व्यवस्था गरियो । देवघाटमा चक्रशिला, अधावधि रहेको छ ।

### २) मुकुन्द सेन (द्वितीय)

क) पूर्वजहरू

मुकुन्द सेन (प्रथम) 'चक्रशिला'को रूपमा रहेपछि उनका छोरा भाइ भतिजहरूले आ-आफ्नो राज्य भोग गर्दै गए । पाल्पा राज्यको पहाडि खण्डको राजा यिनकै छोरा मणिक्य सेन भए । मणिक्य सेनपछि क्रमश : फिरोज सेन, जगदीश सेन र पृथ्वी सेन राजा भए । पृथ्वी सेनका छोरा त्रिलोक सेन निसन्तान भए । पाल्पा राज्यको तराई बुटवल खण्डमा मुकुन्द सेनकी जेठी महारानी पुष्पमालाको छोरा विनायक सेन राजा भए । यसपछि क्रमश : जसु सेन, दामोदर सेन, बलभद्र सेन र अमर सेनले राज्य गरे । पाल्पाका त्रिलोक सेन निसन्तान भएकाले अमर सेनको पालामा बुटवल गाभियो । अमर सेनपछि गन्धर्व सेन पाल्पा राज्यका राजा भए । यिनै गन्धर्व सेनकी छोरी कौशल्यावतीलाई गोरखाका राजा नरभूपाल शाहले विवाह गरे । जसको कोखबाट आधुनिक नेपालका निर्माता वडा महाराजाधिराज पृथ्वी नारायण शाहको जन्म भएको हो । राजा गन्धर्व सेनका उद्योत सेन, लक्ष्मीनारायण सेन र महावीर सेन गरी तीनजना छोराहरू भए । परन्तु युवराज उद्योत सेनको बाबु जीवितै रहँदा निधन भयो । वि.सं. १८०९ मा गन्धर्व सेनको निधन भएपछि यिनकै नाति अर्थात उद्योत सेनका छोरा मुकुन्द सेन पाल्पा राज्यको राजा भए । यिनैलाई इतिहासमा राजा मुकुन्द सेन द्वितीय भनिन्छ । यिनको निधन वि.सं. १८३९मा भयो ।

ख) विवाह र सन्तान

राजा मुकुन्द सेन (द्वितीय) ले अर्घाकी राजकुमारीसँग विवाह गरेका थिए । यिनका महादत्त सेन, शूरवीर सेन, करवीर सेन, चन्द्रवीर सेन र ध्वजवीर सेन गरी पाँचजना छोराहरू जन्मिएका थिए । मुकुन्द सेन द्वितीयपछि महादत्त सेन पाल्पाका राजा भए । यिनले तानसेनदेखि उत्तरतर्फको श्रीनगर डाँडामा आफ्नो दरवार बनाई त्यसको आसपासमा सहर बसाए । जुन पाल्पा तानसेनको श्रीनगर भनेर अधावधि प्रसिद्ध छ । महादत्त सेनका पृथ्वीपाल सेन, रणबहादुर सेन र समरबहादुर सेन गरी तीन छोरा र दुई छोरी भए । महादत्त सेनपछि पृथ्वीपाल सेन पाल्पाका राजा भए । पृथ्वीपाल सेन नै पाल्पा राज्यका सेन वंशका अन्तिम अभागी राजा भए ।

ग) राज्य सञ्चालन र विजय अभियान

मुकुन्द सेनले बाल्यवस्थादेखि नै पितामह गन्धर्व सेनलाई राज्यकालमा सहयोग गर्दै आएका थिए । युवावस्थादेखि नै सैनिक नेतृत्वमा लागिरहने समन्वय कार्य, भूमिका निर्वाह गर्ने गर्दथे । पाल्पामा मुकुन्द सेनले राज्य गरीरहँदा गोर्खाका राजा पृथ्वीनारायण शाह नेपालको एकीकरण अभियानमा जुटिरहेका थिए । दक्षिणतर्फ अवधमा सफदर जङ्को शासन चलेको थियो । अवधका नवावहरूसँग मुकुन्द सेनले युद्ध गरी बन्दुक र झण्डासमेत लिएका थिए । नवावलाई जितेको खुसीयालीमा उनले 'बहादुर' शब्द ग्रहण गरी स्याहामोहरहरूमा समेत प्रयोग गरेका थिए । मुकुन्द सेन (द्वितीय) पनि मुकुन्द सेन (प्रथम) जस्तै राष्ट्रिय एकतामा महत्त्व दिने देखिन्छन् । यिनले पाल्पालाई केन्द्र मानी रिसिङ्, घिरिङ्, अर्घा, खाँची, गुल्मी, प्यूठान, तनहुँ, लमजुङ, पर्वत, मकवानपुर आदिलाई एउटै गठबन्धनभित्र राखी गोरखा राज्यसँग नै टक्कर लिएको देखिन्छ । सिक्किम र भूटानसम्म पनि पूर्वतर्फका विजयपुर र चौदण्डी क्षेत्रका सेनाहरूद्वारा सम्पर्क बढाएका थिए । भारतको इष्टइण्डिया कम्पनीसँग पनि पाल्पाको सम्बन्ध राम्रो थियो । यसरी मुकुन्द सेनको पालामा पाल्पाको प्रभाव बढ्दो रहेकोले गोरखाका राजा पृथ्वीनारायण शाहसमेत सचेत थिए । पृथ्वीनारायण शाहको

वि.सं. १८३१ मा स्वर्गारोहण भएपश्चात् प्रतापसिंह शाहपछि नावालक रणबहादुर शाह राजा भएको अवस्था र बहादुर शाह बेतिया गई बसेको अवस्थामा राजा मुकुन्द सेनले सैनिक संगठन सुदृढ बनाउँदै गुमेका पाल्पाका राज्यहरू फर्काउने अभियानमा लागेको पाइन्छ । यही क्रममा पाल्पा पर्वत, लम्जुङ आदि छ राज्य मिलि वि.सं. १८३८को पौष/माघ महिनामा गोरखा आक्रमण गर्न गएका थिए । यसरी पाल्पाका राजा मुकुन्द सेन (द्वितीय) ले आफ्नो प्रभाव बढाउँदै लगेका थिए ।

घ) सांस्कृतिक एवम् धार्मिक कार्य

मुकुन्द सेन (प्रथम) जस्तै मुकुन्द सेन (द्वितीय) पनि धार्मिक प्रकृतिका राजा थिए । यिनले आफ्ना कान्छा छोरा ध्वजवीर सेनलाई धर्मपुत्र बनाउन विजयपुरका राजा कर्णसेनकी विधवा रानीलाई दिएका थिए । यिनले मठमन्दिर निर्माणका लागि समेत बन्दोवस्त गरी दिएका थिए । रूरू क्षेत्र रिडीको हृषिकेशव मन्दिर, भैरवस्थान, देवघाट, बुटवल क्षेत्र आदिका जीर्ण मन्दिरहरू मर्मत गरी पूजा सामग्रीहरू थपिदिएका थिए । यिनकै पालादेखि हृषिकेशव र भैरवस्थानमा पूजा गरी पञ्चेबाजा बजाउनु पर्ने थप व्यवस्थापन गरियो । यिनको शासनकालमा पाल्पा राज्यमा नौ जना विद्वानहरू थिए । यिनीहरूलाई 'नवरत्न' भनिन्थ्यो । यिनीहरूले धर्म, शिक्षा, संस्कृति लगायतका पक्षहरूमा राजा मुकुन्द सेनलाई सघाउँथे । पाल्पा राज्यको श्री वृद्धिमा खटिएका यिनै नौ जना नवरत्नहरूको मालामा मणिस्वरूप भएका राजा मुकुन्द सेन (द्वितीय) थिए ।

ङ) जीवनको उत्तरार्द्ध

मुकुन्द सेन (द्वितीय)ले माहिला छोरा शूरवीर सेनलाई सैनिक क्षेत्रको काममा लगाएका थिए । काका, भाइ, छोराहरूका साथै पाल्पाली सैन्यवलहरूलाई साथ लिई छिमेकी राज्यहरूसँग समन्वय गर्दै अघि बढिरहेको अवस्थामा विजयपुरमा गोर्खाली सेनाद्वारा कान्छा छोरा ध्वजवीर सेन मारिनु, आफ्नै योजनामा पठाएका चौबीसी अधिकारीहरू पनि गुमाएर सेना फर्कनु, लमजुङ र तनहुँ पनि नेपालमै गाभिएको खबर थाहा पाउनु जस्ता कार्यले उनी निकै नै विक्षिप्त भएको पाइन्छ । वृद्ध र जीर्ण हुदै गएको शरीर, पुत्र शोक, अन्तिम रण क्षेत्रहरूमा असफलता आदि कारणले चिन्तित भए तापनि हिम्मत नहारेका राजा मुकुन्द सेनले पाल्पा राज्यमाथि तीस वर्ष शासन गरी वि.सं. १९३९ मा परलोक भए ।

यसरी पाल्पा राज्यमा वि.सं. १५७५ देखि वि.सं. १६१० सम्म राज्य गरी राजर्षि भई वि.सं. १६२२ मा देवघाटमा परमात्मामा विलीन भएका राजालाई मणि मुकुन्द सेन (प्रथम) भनिन्छ भने वि.सं. १८०९ देखि वि.सं. १८३९ सम्म राज्य गरी पाल्पामा स्वर्गीय भएका राजालाई मुकुन्द सेन (द्वितीय) भनिन्छ । अर्थात पाल्पा राज्यका संस्थापक रूद्रसेनका छोरा मणिमुकुन्द सेन (प्रथम) हुन् भने राजा गन्धर्व सेनका नाति, उद्योत सेनका छोरा र पाल्पाको तानसेनमा श्रीनगर शहर बसाल्ने राजा महादत्त सेनका बाबु राजा मुकुन्द सेन (द्वितीय) हुन् ।

**सन्दर्भ सामग्रीहरू :**

खनाल, मोहनप्रसाद (२०६१), सेनराज्यको राजनैतिक इतिहास, काठमाडौँ : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

घिमिरे, विष्णुप्रसाद (२०४५), पाल्पा राज्यको इतिहास, भाग-१ चितवन : पद्मा घिमिरे ।

घिमिरे, विष्णुप्रसाद (२०५६), पाल्पा राज्यको इतिहास, भाग-२, चितवन अध्ययन केन्द्र ।

रेग्मी, पुष्कर अथक (२०७६) अमर पात्र, ऐतिहासिक नाटक संग्रह, पाल्पा : पाल्पा साहित्य समाज ।

सेन, सूव (२०६१), मणिमुकुन्द सेन प्रथम राष्ट्रिय संस्कृतिका संस्थापकको रूपमा एक अध्ययन पाल्पा दर्शन, काठमाडौँः जीवन मासिक ।

श्रेष्ठ, निर्मल (२०७५) सेनकालीन इतिहास कला र संस्कृति, पाल्पा : केशलक्षी श्रेष्ठ ।

क्षत्री, कर्णबहादुर वानिया (२०६३) पाल्पा गौडा : एक ऐतिहासिक अध्ययन, काठमाडौँ : फूलचोकी पब्लिकेशन एण्ड डिस्ट्रिव्यूसन प्रा.लि ।


*(अध्यक्ष, पाल्पा साहित्य समाज)*

## सूचना

**हाम्रो तानसेन बुलेटिनको दशौं अंकको लागि सामग्री २०७७ भाद्र १५ गतेभित्र पठाई सक्नुहुन सरोकारवालाहरू सबैमा सादर अनुरोध छ ।**

**- प्रधान सम्पादक**

Email: hamrotansenbu@gmail.com



कविता

# रानीघाट



- गणेश ज्ञवाली

काली तटमा गुँञ्दछ गीत, अमरताको भाकामा
यहाँ छ युगयुग जीउने प्रीत, भीर, पखेरा, पाखामा
कलकल धुनमा संगीत कस्तो, दिलले बुझ्ने बोल सुनिन्छ
एक पुरानो याद दिलाई, हेरन कोही तटमा रुन्छ
गहका आँसु जलमा झर्छन्, अमरताको सन्देश पाई
जड आत्मामा तरल प्रेमको, भो सञ्चार आज मलाई !
१

अमर प्रेमको स्मारक भै, नदी तटमा महल खडा छ
काली सलिला पद धुन्छिन्, निर्मलताको राज यहाँ छ
बन्यो कि सुन्दर दिलको मन्दिर, हृदयभरी नै छाउनलाई !
शब्दहरू ती ललित छैनन्, अपार महिमा गाउनलाई
निर्जन खोल्सो पहाड फँदीमा, कसरी सिर्जियो होला यो?
चारु कलाको अनुपम नमुना, अमर प्रेमको मन्दिर त्यो !
२

साथ रहौँला युगयुग सम्मन्, थियो सपना दुई दिलको
काल शिकारी झम्टिन आयो, टुट्यो नि संसार सपनाको
प्रिया ढलिन् रे ! अचेत, निश्चल अमर सुखको याद दिलाई
प्रिय अश्रु सिञ्चित गर्छन्, प्रीत भरेको आत्म रूलाई
कसरी जिउँछ एकल तन यो, सम्झी पुरानो प्रेम कहानी?
चिर सुतेकी तिमीलाई दिऊँ कि केही अमर निशानी?
३

आज उँभिन्छ अमर प्रीतको, सन्देश साँची यो दरबार
प्यार गुमेको ऐश्वर्यमा, हर्षित होला के घरबार ?
मनको शान्ति निर्जनतामा, एक सुनौलो विपना बन्छ
यही त हृदय पल्लव खिल्ने, वाग वसन्ती फुलिदिन्छ
जलको छलछल सागर पुग्छ, प्रीति भरेको राग सुसेली
गाउँछ यही गाथालाई, पारी वनमा एक कोयली !
४

*(सर्जक)*

# कोरोनाको कहरमा तानसेन नगरपालिकाको सेवा



- भरत आचार्य

सन् २०१९ को डिसेम्बरमा चीनको वुहानमा देखिएको कोरोना भाइरसले १ वर्षको अन्तरालमा विश्वभर लाखौंको ज्यान लिएको छ भने करोडौं संक्रमित भएका छन् । विश्वभर संक्रमण बढिरहेको कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रणका लागि तानसेन नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरू दिनरात खटनु परेको छ । अझै पनि कोरोना निर्मूल भएको छैन र नगरपालिकाबाट रोकथामको सेवा जारी छ ।

नेपाल सरकारबाट मिति २०७६ चैत्र ११ गतेदेखि कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण गर्न बन्दाबन्दी गरी सबै सरकारी कार्यालय, होटल व्यवसाय, पेशा व्यवसाय, यातायात शिक्षण संस्थालगायत सबै गतिविधि बन्द भएको अवस्था थियो । अत्यावश्यक काममा मात्र हिंडडुल सीमित भएको बेलामा तानसेन नगरपालिकाका नगरप्रमुख, उपप्रमुख, वडा अध्यक्षलगायत वडाका जन प्रतिनिधिहरू, नगरपालिका र वडाका कर्मचारी, स्वास्थ्य चौकीलगायत कार्यालयका स्वास्थ्यकर्मीहरू, सरसफाइकर्मीहरूबाट नगरवासीहरूलाई रोगबाट बच्न र बचाउने उपाय अवलम्बन गर्दै र गराउँदै राहतको बन्दोबस्तीको लागि अहोरात्र खटिनु परेको थियो । सवारी साधनको समस्या, हिडडुल गर्ने समस्या, खान तथा वस्नको समस्याको बाबजुद तानसेन नगरपालिकाले निम्न बर्गीय नगरवासीहरूलाई राहतस्वरूप खाद्यान्न, नुन, तेल, साबुन चिनी र स्वास्थ्य सामग्री वडावडाबाट वितरण गरिएको थियो । जसका कारण स्थानीय समुदायहरूले तानसेन सरकारको सहयोगको प्रशंसा गरेका थिए ।

विदेशबाट आउने मानिसहरूको तथ्याङ्क सङ्कलन गर्नु, भारतबाट आउने नेपालीहरूलाई बोर्डरसम्म लिन जानु, यातायात पासको व्यवस्था गरी देशका विभिन्न ठाँउ र भारतसम्म मानिस पठाउनु, क्वारेन्टाइनमा खानेबस्ने तथा उपचार व्यवस्था मिलाउनु, नियमित स्वाब परीक्षण गराउनु, संक्रमितलाई स्थानीय आइसोलेसन कक्षमा सुरक्षित गर्नु तानसेन नगरपालिकाको प्रमुख काम थियो । तत्कालको व्यवस्थापनले गर्दा वर्तमान अवस्थामा देशको विभिन्न भूभागमा संक्रमण बढ्दै गए तापनि तानसेन पाल्पामा हाल सङ्क्रमण प्रायः शून्य रहेको अवस्था छ ।

कोरोना भाइरसले गर्दा समाजमा आर्थिक, सामाजिक, सांस्कृतिक, क्षेत्रमा ठूलो प्रभाव पारेको छ । तानसेन नगरपालिकासमेत यसबाट प्रत्यक्ष प्रभावित भएको छ । विकास बजेट काटेर कोरोना संक्रमण रोकथामका लागि खर्च गर्नुपरेको छ । आन्तरिक आम्दानी लक्ष्यभन्दा करिब ५० प्रतिशत कम भएको छ । व्यवसायी तथा कृषकहरू खुलेर काम गर्न सकिरहेका छैनन् । त्यसैले अब हामीले सामाजिक उत्तरदायित्व कुशलतापूर्वक निर्वाह गरी रोगलाई जित्दै यी प्रभावित क्षेत्रमा समस्या न्यूनीकरण गरी समृद्ध नेपाल सुखी नेपालीको नारा साकार पार्न गर्न सबै पक्ष जागरूक हुनुपर्ने आवश्यकता छ ।

लामो समयदेखि संक्रमणकै अवस्थामा रहेको यो रोग तत्काल नियन्त्रण हुने सम्भावना कम भएको देखिँदा यसलाई जित्न मानव समुदायमा उच्च मनोवलको खाँचो छ । चिकित्साशास्त्रको जर्नल द लान्सिट इन्फेक्सस डिजिजेजमा प्रकाशित एउटा अध्ययनले संक्रमण भएका व्यक्तिमध्ये झन्डै ०.६६ प्रतिशतको मात्र मृत्यु हुने अनुमान गरेको पाइन्छ । यसर्थ डर, चिन्ता होइन आत्मबल बढाएर बाँच्नु पर्दछ हामी । हालसम्म पनि यसको औषधिको विकास नभएको, अनुसन्धानकै क्रममा रहेको र यो रोगले अझ भयावह रूप लिन सक्ने हुँदा कत्तिपनि विचलित नभई प्रतिरोधात्मक शक्ति बढाई स्वास्थ्य मापदण्ड अपनाई नगरबासीको स्वास्थ्य सुरक्षा र राहतको लागि तानसेन नगरपालिका परिवार एक कदम अगाडि रहेर काम गर्नुको विकल्प रहेन । नगरप्रमुखको मार्गनिर्देश तथा प्रमुख प्रशासकीय अधिकृतको अगुवाइमा नगरपालिका परिवार निरन्तर क्रियाशील रहने नै छ ।

*(शाखा अधिकृत, सामाजिक विकास शाखा)*

# कोरोना सर्छ कि भनेर सरसफाइ शाखा निस्क्रिय भएन



- शंकर भण्डारी

तानसेन नगरपालिकालाई सफा र सुन्दर नगरपालिका बनाउने धोको छ हाम्रो तसर्थ कोरोना भाइरस संक्रमणका बाबजुद हामीले नियमित सरसफाइका कामलाई निरन्तरता दियौं । सबैको गुनासो र गालीले मन खिन्न भएका बखत हामी सरसफाइकर्मीलाई नगरप्रमुखको बोलीले ऊर्जा दिन्छ, आजै छाँडौं भन्ने लागे पनि काममा खट्न उत्प्रेरित हुन्छौँ । यी कुरा सबै तानसेनको मायाले भएका हुन् नकि यो कुरा नगरप्रमुखको चाकडी गर्न भनिएको हो । तानसेन समृद्ध अनि सफा, सुन्दर होस् भनेर हामी सरसफाइकर्मी अहोरात्र खटेका छौँ ।

कोरोना भाइरस संक्रमणको त्रास भए पनि तानसेन नगरपालिकामा कार्यरत सरसफाइकर्मीले टोलबस्ती सफा राख्ने काम जारी राख्यौँ । कुहिने तथा नकुहिने फोहर संकलनका काम बन्द भएन । ऐतिहासिक सम्पदास्थल वरफर सरसफाइ गर्ने काम स्थानीय बासिन्दा, टोलसमिति, क्लवहरूसँग समन्वय गरी कामलाई निरन्तर गति दिएका छौं ।

तानसेन नगरपालिका प्राकृतिक रूपमा जति सुन्दर भए पनि मानवसिर्जित फोहरका कारण छिनमै कुरूप देखिन पुग्छ । घरआँगनमा आफै फोहर गर्ने अनि नगरप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, सरसफाइ शाखाका कर्मचारीलाई गाली गर्ने प्रवृत्ति निमिट्यान्न भने हुन सकेको छैन । पढेलेखेका शिक्षित व्यक्तिले समेत फाइबर झोलामा फोहर राखेर तीनधारा जाने बाटोमा वा अन्य टोलका गल्लीमा फालेको भेटेर चेतावनी दिएर समेत विगतमा पठाएका छौँ । जबसम्म सम्पूर्ण तानसेनबासीमा तानसेन हाम्रो सहर हो हामीले नै सफा राख्नु पर्दछ भन्ने चेत खुल्दैन तबसम्म मेयर, हाकिम, वडाध्यक्ष वा सरसफाइ शाखाका कर्मचारी मात्र खटेर तानसेन सफासुन्दर हुँदैन । यो तथ्य सबैले मनन गर्न जरूरी ठान्दछु म ।

कोरोना भाइरस संक्रमणका त्रासका बाबजुद विभिन्न ठाउँमा अबरूद्ध ढल सुचारू गराइएको छ । टोल विकास संस्थालाई सरसफाइमा परिचालन गरी पुरस्कृत गर्ने अभियानको सुरूवातसमेत गरेको छ तानसेन नगरपालिकाले ।

त्यसैगरी हाम्रो सपना फोहरबाट ऊर्जा परियोजनालाई छिट्टै अगाडि बढाउने निश्चित भएको छ । तानसेनको वातावरण सफा राख्न टोलविकास संस्थासँग समन्वय गरेर बाल्टिन वितरण गरिने छ भने दिगो सरसफाइका लागि समेत स्थानीय टोलविकास संस्थालाई क्रियाशील गराएर लगिने छ । वातावरण सफा राख्न सहयोग पुगोस भनेर प्लाष्टिकजन्य सामग्री नजलाउन टोलविकास संस्था मार्फत् नगरबासीलाई सूचित गरिएको छ ।

केन्द्र सरकारको आर्थिक सहयोगमा कोभिड-१९ बाट बँच्न केन्दीय कलाकार सहितका जागरण अभियान सञ्चालन गर्ने काम गरिएको छ । कोरोना भाइरस (कोभिड-१९) बाट बच्न सुरक्षाका सबै उपाय अपनाई फोहर संकलन र व्यवस्थापनको काम निरन्तर गरीरहेका छौँ । तानसेनभित्रका तीन सावजनिक शौचालय नियमित सफा गराएका छौँ ।

केही समयमै नगरभित्रको कुहिने फोहरबाट ग्यास (ऊर्जा) निकाली घरघरमा वितरण गरी नमूना नगर बनाउन हामी क्रियाशील रहेका छौँ । सफा टोल सफा सहर भन्ने नारा साकार बनाउन करिब ४० स्थानमा अभियान सञ्चालन गरिरहेका छौँ जुन जारी छ । आउनुहोस् तानसेन सफा राख्ने अभियानमा तपाईंले पनि हामीलाई सक्दो सहयोग गर्नुहोस् । जय तानसेन ।

*(प्रमुख, सरसफाइ शाखा)*

# तस्बिरमा तानसेन



तानसेन नगरपालिका-६ स्थित जनप्रिय माविमा सञ्चालन गरिएको नगरपालिकाको पहिलो क्वारेन्टाइन



क्वारेन्टाइन निरीक्षण गर्दै प्रदेश सभासद् नारायण आचार्य, नगरप्रमुख, उपप्रमुख, प्रजिअ यादव सुवेदी, पाल्पा अस्पतालका अध्यक्ष नेत्रप्रसाद पाण्डे



भुसलडाँडा माविमा आइसोलेसन अवधी पुरा गरेकी महिलालाई कोरोनामुक्त प्रमाणपत्र प्रदान गर्दै नगरप्रमुख अशोककुमार शाही



तानसेन नगरपालिका-६ स्थित जनप्रिय माविमा सञ्चालन गरिएको क्वारेन्टाइनमा बसेका नागरिकहरू योग अभ्यास गर्दै






त्रिभुवन बहुमुखी क्याम्पसको विज्ञान भवन बतासेडाँडामा सञ्चालित होल्डिङ् क्वारेन्टाइनमा बस्न आएका नागरिकहरू



लकडाउनका बेलामा पाल्पा दरबार संग्रहालय परिसरमा तानसेन नगरपालिकाद्वारा ढुङ्गा छापिँदै



लकडाउनको पहिलो दिन २०७६ चैत्र ११ गते सुनसान तानसेन शीत्तलपाटी

यो पेजका प्रस्तोता : कमल अधिकारी (पत्रकार)

# तस्बिरमा तानसेन



तानसेन नगरपालिका-७ स्थित सिर्जनशील अपाङ्ग स्वाबलम्बन केन्द्रमा निःशुल्क राहत सामग्री प्रदान गरेपछि नगरप्रमुख र उपप्रमुख



तानसेन-१ स्थित बराङ्दीमा विद्युत प्रसारणलाइन विस्तारको कार्य निरीक्षण गर्दै नगरप्रमुख, वडाध्यक्ष लगायत



लकडाउनका बेलामा बाहिरबाट घर फर्किएका नागरिकको घरघरमै पुगेर स्वास्थ्य परीक्षण गर्न सहयोग गर्दै उपप्रमुख, प्रवक्ता र स्वास्थ्यकर्मी



तानसेन नगरपालिकाद्वारा जिल्ला अस्पताल पाल्पालाई व्यक्तिगत स्वास्थ्य सुरक्षा सामग्री (PPE) हस्तान्तरण गर्दै



तानसेन नगरपालिकाद्वारा मिसन अस्पताल तानसेन पाल्पालाई व्यक्तिगत स्वास्थ्य सुरक्षा सामग्री (PPE) हस्तान्तरण गर्दै



तानसेन नगरपालिकाद्वारा लुम्बिनी मेडिकल कलेज तथा टिचिङ् अस्पताललाई व्यक्तिगत स्वास्थ्य सुरक्षा सामग्री (PPE) हस्तान्तरण गर्दै



तानसेन नगरपालिकाद्वारा नेपाल पत्रकार महासंघ पाल्पालाई व्यक्तिगत स्वास्थ्य सुरक्षा सामग्री (PPE) हस्तान्तरण गर्दै



लकडाउनका बेलामा तानसेन नगरपालिकाको त्रैमासिक प्रकाशन हाम्रो तानसेनको सिद्धार्थ आर्थिक करिडोर अंक सार्वजनिक गर्दै नगरप्रमुख

यो पेजका प्रस्तोता : प्रकाश गैरे (सुचना प्रविधि अधिकृत, तानसेन नगरपालिका)

# तस्बिरमा तानसेन



तानसेन नगरपालिका र बगनासकाली गाउँपालिकाबीच अर्न्तपालिका सहकार्य बारे प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत छलफलमा



समसामयिक विषयमा तानसेन नगरपालिकाद्वारा आयोजित पत्रकार भेटघाट कार्यक्रम



सिद्धार्थ आर्थिक करिडोरका पालिकाहरूको भर्चुअल बैठकबारे पत्रकार भेटघाट कार्यक्रम



निर्माणाधीन बतासेडाँडा ढुङ्गाखानी हुँदै नगरपालिकाको पश्चिम सीमासम्म सडक बिस्तार योजनाको स्थलगत निरीक्षण



निर्माणाधीन बतासेडाँडा ढुङ्गाखानी सडक बिस्तार योजनाबारे नगरप्रमुखसँग कुरा गर्दै समाजसेवी विदुर घिमिरे



पाल्पाली समाज पोखराका अध्यक्ष कुलप्रसाद घिमिरेलाई हाम्रो तानसेन त्रैमासिक प्रदान गर्दै तानसेन नगरपालिकाका मेयर अशोककुमार शाही



प्रदेश नं. ५ योजना आयोगका उपाध्यक्ष प्रा.डा. ईश्वर गौतमलाई हाम्रो तानसेन त्रैमासिक प्रदान गर्दै प्रधान सम्पादक



लकडाउनका बेलामा तानसेन नगरपालिका-१३ स्थित रानीघाट दरबार परिसर सफा गर्दै तानसेन नगरपालिकाका सरसफाइकर्मी

यो पेजका प्रस्तोता : राजेन्द्र लिगल (पत्रकार)

# तस्बिरमा तानसेन



तानसेन-१४, स्थित रिडी कालीतिरमा सबदाहस्थल निर्माणबारे बताउँदै नगरप्रमुख अशोककुमार शाही, उपप्रमुख लक्ष्मीदेवी पाठक, वडाध्यक्ष कमल राना



गौँडेपुलदेखि बर्तुङसम्म सडक बिस्तारका लागि सम्भाब्यता अध्ययन गर्दै नगरप्रमुख, सिनियर डिभिजनल ई. मुकुन्दराज अधिकारी, वडाध्यक्ष मुक्तिराम जी.सी. लगायत



कोष तथा लेखा नियन्त्रण कार्यालय पाल्पाका प्रमुख खेमराज घिमिरेसँग दोस्रोचरणको सहुलियतपूर्ण खाद्यान्न वितरणबारे परामर्श गर्दै



नीति, कार्यक्रम र बजेट तर्जुमाका क्रममा सामाजिक विकास समितिमा छलफल, बोल्दै समितिका संयोजक दीपक बिक



हाम्रो तानसेन त्रैमासिक पूर्णाङ्क ८ का लेखक, सर्जक, पत्रकार हाम्रो तानसेनको कार्यालयमा



पाल्पाली दुग्ध व्यवसायीहरूसँग लकडाउनको असरबारे छलफल गर्दै नगरप्रमुख अशोककुमार शाही



बजार अनुगमन समितिको बैठक समितिका संयोजक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्ली राज बेल्बासेको अध्यक्षतामा



तानसेनको विकासबारे होमस्टे समितिको तर्फबाट नगरप्रमुख समक्ष सुझाव प्रस्तुत गर्दै होमस्टे एसोसिएसन नेपालका उपाध्यक्ष धनिश्वर बस्याल

यो पेजका प्रस्तोता : अनिल लिगल (पत्रकार)

# उपभोक्ता हित संरक्षणमा तानसेन नगरपालिकाको भूमिका



- कमलराज तिमिल्सेना

आफ्नो क्षमताले भ्याएसम्म तानसेन नगरसरकारले उपभोक्ता हितखातिर यथासक्य कदम चालेको पाइन्छ । कुनै पनि उपभोग्य वस्तु, सेवा, भौतिक पूर्वाधार र प्राकृतिक स्रोतलाई मूल्य तिरी वा नतिरी उपभोग तथा प्रयोग गर्ने व्यक्ति वा संस्था उपभोक्ता हुन् । बजारमा कोही कुनै वस्तु वा सेवाको प्रदायक भए पनि अर्को वस्तु वा सेवाको उपभोक्ता हुन्छ । त्यसैले वस्तु वा सेवा वा भौतिक पूर्वाधार वा प्राकृतिक स्रोतलाई उपभोग गर्ने सबै कानुनी तथा प्राकृतिक व्यक्तिहरू उपभोक्ता हुन् ।

नेपालको संविधान २०७२ को धारा ४४ ले उपभोक्ताको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ भने धारा ५१ घ (७) बमोजिम व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ता हित संरक्षण गर्ने राज्यको नीति रहने उल्लेख छ । संविधानको अनुसूची ७ मा आवश्यक वस्तु तथा क्षेत्रको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुसूची ८ मा स्थानीय वस्तु तथा सेवा बजारको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई एकल अधिकारको रूपमा दिएको छ ।



स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी तानसेन नगरपालिकाले छैटौ नगरसभाको बैठकबाट स्थानीय बजार व्यवस्थापन गरी स्वच्छ बजारको माध्यमबाट गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने उपभोक्ताको मौलिक हकलाई स्थानीय तहमा संरक्षण तथा सम्वर्द्धन गर्न, बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ता हित संरक्षण तथा सवर्द्धनसम्बन्धी कानून व्यवस्था गर्न **"स्थानीय बजार व्यवस्थापन तथा अनुगमन विधेयक २०७६"** पारित गरी जारी गरेको छ ।

नेपालको संविधानमा व्यवस्था गरेको उपभोक्ताको हक, राज्यको नीति, शिक्षासम्बन्धी हक, स्वास्थ्यसम्बन्धी हक, खाद्यसम्बन्धी हक, आवाससम्बन्धी हक, स्वच्छ वातावरणको हक र सूचनाको हकको कानुनी प्रावधानलाई कार्यान्वयन गरी नगरवासीलाई गुणस्तरीय उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चिततासहित उपभोक्ताको हक र हितको संरक्षण गर्ने ऐन जारी गरी कार्यान्वयन गरेको बताउनुहुन्छ तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाही ।

बजारलाई स्वच्छ र प्रतिस्पर्धी बनाउन उपभोक्ताको हकहितमा प्रतिकूल असर पर्नसक्ने एकाधिकार वा अनुचित व्यापारिक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्न नगर उपप्रमुख लक्ष्मीदेवी पाठकको संयोजकत्वमा सरोकारवाला सरकारी तथा गैरसरकारी संघसस्थाका प्रतिनिधिसमेत रहेको नौ सदस्यीय बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति गठन गरिएको नगर प्रमुख शाही बताउनुहुन्छ ।

तानसेन नगरपालिकाभित्र रहेका उपभोक्ताको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छडके अनुगमन, उपभोक्ता शिक्षासम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गरी अनुगमनको कार्यलाई तीव्रता दिइएको छ । अत्यावश्यक वस्तुको माग र आपूर्ति अवस्थासम्बन्धी तथ्याङ्क संकलन गरी मागबमोजिम आपूर्ति व्यवस्था सहज र सुलभ बनाउन समिति लागिपरेको बताउनुहुन्छ बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिका संयोजक एवम नगर उपप्रमुख लक्ष्मीदेवी पाठक ।

उपभोक्ता सचेत र जागरूक नहुँदासम्म स्वस्थ र सम्वृद्ध नागरिक तथा स्वच्छ र जिम्मेवार व्यवसायी बनाउन नसकिने हुँदा उपभोक्ता तथा उद्योगी व्यवसायीहरूलाई सहभागी गराई द एसिया फाउण्डेसन र उपभोक्ता हित संरक्षण मञ्च नेपालको

सहयोगमा नगरका विभिन्न वडाहरूमा उपभोक्ता सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिँदै आएको र बाँकी वडामा पनि कार्यक्रम लैजाने योजना रहेको उपप्रमुख पाठक भन्नुहुन्छ ।

विश्व भरी महामारीको रूपमा फैलिएको कोभिड -१९ भाइरसका कारण भएको (लकडाउन) बन्दाबन्दीले घरमै बस्नु परेको अवस्थामा तरकारी लगायतका वस्तुको अभाव हुन नदिन नगरवासीलाई तानसेन नगरपालिकामा गठन भएको नगर युवापरिषद् र केही संघ-सस्थाको समन्वयमा तानसेन नगरपालिका एवम् पाल्पा जिल्ला भित्रका कृषकले उत्पादन गरेका तरकारी लगायतका कृषि उपजलाई उचित मूल्यमा खरिद गरी सहज तरिकाले उपभोक्ताको घरदैलोमा सेवा पुऱ्याएको नगरप्रमुख शाही बताउनुहुन्छ । कृषकले उत्पादन गरेका तरकारी बिचौलियाका कारण महङ्गो मूल्य तिर्न बाध्य हामी उपभोक्ताहरू नगरपालिकाले गरेको यस्तो कार्यबाट खुसी भएका छौँ यसलाई निरन्तरता दिनसके राम्रो हुने थियो भन्नुहुन्छ तानसेन २ का रामदर्शन बज्राचार्य ।

उपभोक्तालाई सहज ढंगले सेवा पुऱ्याउन तानसेन नगरपालिका निरन्तर क्रियाशील रहेको छ । उपभोक्ताका गुनासा सुन्न, उजुरी लिन र प्रभावकारी कार्यान्वयन गर्न कार्यालयमा छुट्टै डेक्स तयार गरी कर्मचारीको व्यवस्थासहित काम भैइरहेको छ भन्नुहुन्छ प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज बेल्बासे ।

ऐनमा व्यवस्था भएअनुसार नियमित रूपमा सेवा तथा बजारको अनुगमन गर्न नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत संयोजक रहेको सरोकारवाला संघ-संस्थाका प्रतिनिधिसहित नौ सदस्यीय अनुगमन समिति गठन भएको छ । गठित समितिले व्यवसायी तथा सेवा प्रदायक संस्थाले सम्बन्धित निकायमा दर्ता, नवीकरण गरेनगरेको, उपभोक्ताले देख्ने गरी मूल्य टाँस गरेनगरेको, माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी, होटल रेष्टुरेन्ट, वधशाला तथा माछामासु विक्रीस्थल सफासुग्घर र मापदण्डअनुसार भएनभएको, सामान विक्री गर्दा विलविजक जारी गरेनगरेको, माल वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौललगायत सेवा तथा बस्तुको अनुगमन गर्ने गरेको जनाएको छ ।

उपभोक्ताले गरेको उजुरीका आधारमा पनि अनुगमन गर्ने र अनुगमनका क्रममा कहीँ कतै मापदण्ड विपरीत सञ्चालन गरेको पाइएमा कानुनबमोजिम कार्वाहीसमेत गर्ने गरेको बताउनुहुन्छ अनुगमन समितिका सदस्य सचिव तथा तानसेन नगरपालिकाका वरिष्ठ अधिकृत दुर्गाबहादुर थापा । थापा अगाडि भन्नुहुन्छ -"सीमित साधन र स्रोतका बीच काम गर्नुपर्ने अवस्थामा अस्वस्थ तथा अखाद्य वस्तु मिसावट भए नभएको जाँच गर्न उपकरण यहाँ नहुँदा भैरहवा पठाउनु पर्ने वाध्यताले समस्या परेको छ ।"

म्याद गुज्रेका तथा अखाद्य वस्तु मिसावट गरिएका मानव शरीरलाई प्रत्यक्ष असर गर्ने खालका सामान जानेर वा नजानेर खरिद गरी प्रयोग गर्ने हामी उपभोक्तालाई सचेत बनाउन तानसेन नगरपालिकाले सूचनाहरू प्रकाशन तथा प्रशारण गर्ने, बजारमा नियमित अनुगमन गर्ने र व्यवसायीलाई जिम्मेवार बन्न उत्पेरित गर्न थालेपछि राहत महसुस भएको छ भन्नुहुन्छ तानसेन ६ का देवेन्द्रमान शाक्य । उपभोक्ता हितलाई प्राथमिकतामा राखेको उद्योग बाणिज्य संघ पाल्पाका अध्यक्ष राजु महर्जन बताउनुहुन्छ । यसैगरी उपभोक्ताप्रति जिम्मेवारी बहन गर्दै असहज परिस्थितिमा पनि जोखिम मोलेर अत्यावश्यक दैनिक उपभोग्य वस्तु लगायत अन्य सामान बजारमा अभाव हुन नदिन व्यावसायीहरू निरन्तर लागिपरेको बताउनुहुन्छ पाल्पा व्यापार सघंका अध्यक्ष चिरञ्जीवी पोखरेल ।

गुणस्तरहीन वस्तु र सेवाका विरूद्ध आवाज उठाउने, सूचना नदिने, गलत सूचना दिने, ढिलासुस्ती, असमान व्यवहार, अनियमितता र भ्रष्टाचार गर्नेका विरूद्ध आवाज उठाउन, उत्पादक, आयातकर्ता र विक्रेताबाट वस्तु र सेवाको आपूर्ति, मूल्य, गुणस्तर, नापतौलमा हुन सक्ने ठगी र शोषणका विरूद्ध सचेत र जागरूक हुँदै सम्बन्धित निकायमा सूचना तथा उजुरी दिने बानीको विकास गरी तानसेन नगरपालिकालाई सहयोग गर्न आम उपभोक्तालाई तानसेन नगरपालिकाले अनुरोध गरेको छ ।

उपभोक्ता हित र संरक्षणका लागि स्थानीय सरकारले आवश्यक बजेटको व्यवस्था गरी प्रभावकारी अनुगमन, नापतौल तथा खाद्य वस्तु परीक्षणका लागि पर्याप्त उपकरणको व्यवस्था मिलाउन आवश्यक छ । उपभोक्ता, विक्रेता र सेवा प्रदायकले आफ्नो जिम्मेवारी र दायित्वलाई पूरा गरी उपभोक्ताको अधिकारलाई पूर्ण रूपमा पालना गराउन तानसेन नगरपालिकाले जारी गरेको स्थानीय बजार व्यवस्थापन तथा अनुगमन विधेयकलाई कडाइका साथ लागू गर्न सबै पक्षको सकारात्मक सुझाव र सहयोगको जरूरी छ । आफ्नो अधिकार बारे उपभोक्ताहरू स्वयम् सचेत र क्रियाशील हुन आवश्यक छ ।

*(पत्रकार)*

# कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रणमा तानसेनको अग्रसरता



- मिलन विश्वकर्मा

विश्वभर महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) ले नेपाललाई पनि आक्रान्त बनायो । कोरोना भाइरसले यहीँ बसेका मानिस संक्रमित भएको नदेखिएपनि भारतबाट केही युवा कोरोना संक्रमित भएर फर्किए । गाउँमा आइपुगेका उनीहरूमा कोरोना पोजेटिभ देखिन थालेपछि यहाँका आम नागरिक आतंकित बन्न थाले । यसको नियन्त्रण गर्न कसरी सकिन्छ ? भन्ने पिरलो स्थानीय सरकारलाई हुन थाल्यो । यद्यपि ती युवामा कोरोना संक्रमण देखिनुअघि नै रोकथामका लागि तानसेनले कदम चालेको थियो ।

विदेशी मुलुकमा फैलिएको कोरोनाबारे हल्ला सुनेको तानसेन नगरपालिका यसअघि नै सचेत भएको थियो । त्यसैले कोरोनाको महाविपत्ति आइपरे के गर्न सकिन्छ ? भन्ने योजना बनाउनतर्फ समयमै लागेको थियो तानसेन नगरपालिका । यहाँका जनताको अभिभावकीय भूमिकामा तानसेन नगरपालिका र यहाँका जनप्रतिनिधि रहेको भन्ने सोंचका साथ जनता बचाउने मुख्य ध्येयका साथ काम अगाडि बढाएको विभिन्न गतिविधिले पुष्टि गर्दछन् ।

कोरोना नआउँदै तानसेनले विविध रचनात्मक कार्यक्रम सञ्चालन गरेको थियो । सचेतनामूलक कार्यक्रमदेखि प्रत्यक्ष बस्तीमा पुगेर मानव स्वास्थ्यलाई फाइदा हुने खालका गतिविधि गरेको थियो । लकडाउन अघिदेखि नै तानसेन नगरपालिकाले कोरोना भाइरस रोकथाम र नियन्त्रणका लागि विभिन्न पहल गऱ्यो । कोरोना भाइरस के हो ? यसले कस्तो असर गर्छ ? यसबाट बाँच्न कसरी सकिन्छ ? तथा यसको रोकथाम गर्ने उपायबारे विभिन्न सन्देशमूलक पर्चा पम्पलेट वितरण गरिएको थियो । साथै स्थानीय मिडियामार्फत् प्रचारप्रसार गर्ने काम भयो । बसपार्क र प्रभासमा हेल्थ डेस्क स्थापना गरेर ज्वरो चेक गरेर मात्र तानसेन प्रवेश गर्ने व्यवस्था मिलाइयो । मिसन अस्पताल तानसेनकी निर्देशक डा रचेल कारखसँगको कुराकानीमा आधारित सन्देशमूलक श्रव्यदृश्य सामग्री तयार गरी सुरूमै प्रशारण गरिएको थियो ।

कोरोना महामारी नेपालमा फैलिन थालेपछि सरकारले मुलुकभर लकडाउन घोषणा गऱ्यो । लकडाउन घोषणा भएपछि आम मानिसमा निकै त्रास छायो । एकले अर्कोलाई देख्दा डराइरहेको अवस्था थियो । आम नागरिक कोरोनाबाट आतंकित बनेका थिए । यस्तो अवस्थाले कोरोना रोकथामभन्दा पनि झन फैलिन सक्ने नगरपालिकाले अनुमान गऱ्यो । कोरोनाबारे मानसिकरूपमा परेको असर नमेटिंदासम्म रोकथाममा सहज नहुने नगरपालिकाले निष्कर्ष निकाल्यो । त्यसैले सबैभन्दा पहिले डाक्टर र विशेषज्ञसँग नगरपालिका मातहत रहेका स्वास्थ्यकर्मीसहित जनप्रतिनिधि र कर्मचारीले कोरोनाबारे प्रशिक्षणमूलक जानकारी लिए । मानसिक रूपमा आफूहरु तयार भएपछि कोरोनाबारे सचेत गराउन टोलटोलमा पुगेको नगरप्रमुख अशोककुमार शाहीले बताउनुभयो । विदेशबाट घर फर्किएकाहरूको लगत राखेर स्वास्थ्य परीक्षणका लागि नगरउपप्रमुख लक्ष्मीदेवी पाठकको अगुवाइमा स्वास्थ्यकर्मीको टोली घरमै पुगेर सेवा प्रवाह गरेको नगर स्वास्थ्य शाखा प्रमुख झविन्द्र न्यौपानेले बताउनुभयो ।

यस्तै पूर्वतयारीअन्तर्गत तानसेनस्थित युनाइटेड मिसन अस्पतासँग कोरोना रोकथाम र उपचारका लागि नगरपालिकाले सम्झौता गरेको थियो । छिमेकी जिल्ला र जिल्लाभित्रका अन्य पालिकालाई समेत विपद्मा साथ दिने गरी तयारी अगाडि बढाइएको नगरप्रमुख शाहीले बताउनुभयो ।

विभिन्न बाटो हुँदै लुकेर भातरबाट घरमा आउनेको संख्या बढ्दै गएपछि टोलमा एक खालको आतङ्क नै सिर्जना भयो । यसलाई व्यवस्थित गर्न नगर उपप्रमुख पाठकको नेतृत्वमा स्वास्थ्यकर्मीको टिम तयार गरियो । यो टिम बस्तीबस्तीमा पुगेर स्वास्थ्य परीक्षण गर्ने, सल्लाह सुझाव दिने गरेको प्रमुख शाहीले बताउनुभयो ।

यस्तै व्यक्तिगत स्वास्थ्य सुरक्षा सामग्री खरिद गरेर मिसन अस्पताल, लुम्बिनी मेडिकल कलेज, पाल्पा अस्पताल, पाल्पा लायन्स लाकौल आँखा अस्पताल, नेपाल रेडक्रस सोसाइटी पाल्पा, नेपाल पत्रकार महासंघ पाल्पा साथै एम्बुलेन्स चालकहरूलाई सहयोग गरेको उहाँले बताउनुभयो । पीपीइ, मास्क, सेनिटाइजर र ग्लोब्स पाएपछि स्वास्थ्यकर्मी निर्धक्क भएर फिल्डमा पुगेका थिए ।

प्रत्येक वडा कार्यालयमा हात धुने व्यवस्था गरियो । नगरपालिका भित्रका अन्य कार्यालयलाई आवश्यक साबुन र सेनिटाइजर उपलब्ध गराइएको थियो । बजारका विभिन्न चोकचोकमा र अस्पताल परिसरमा डिसइनफेक्सन औषधि छर्किने काम गरेको नगरप्रमुख शाहीले बताउनुभयो । नगरको मातहतमा रहेका १० वटा स्वास्थ्य चौकीमा ज्वरो क्लिनिक स्थापना भयो । सबै स्वास्थ्यकर्मी फिल्डमा परिचालन भए । बन्दाबन्दीका बेलामा पनि स्वास्थकर्मी, सरसफाइकर्मीको टोली सक्रिय भएर काममा लागेको थियो ।

कोरोनाले त्रसित भएका समुदायमा नै पुगेर तत्काल सान्त्वना दिने काम गरेको उपप्रमुख लक्ष्मीदेवी पाठकले बताउनुभयो । 'नयाँ मान्छे देखे स्थानीय डराउने, स्वास्थ्यकर्मी सामान्य नागरिकको नजिक जान डराउने अवस्था थियो' उहाँले भन्नुभयो 'मास्क, ग्लोब्स र सेनिटाइजरको भरमा आफूसहितको स्वास्थ्यकर्मीको टोली बस्तीमा पुगेर कोरोनाबारे सचेतीकरण र स्वास्थ्य परीक्षण गरेपछि वातावरण सामान्य बनेको थियो ।'

सामाजिक दूरी कायम गर्ने, मास्क, सेनिटाइजर प्रयोग गर्ने वा सावुन पानीले समय समयमा हात धुनेबारे सहजीकरण गरेको नगरउपप्रमुख पाठकले बताउनुभयो । भारतबाट आएका व्यक्ति र उनका परिवारलाई समेत स्वास्थ्य सुरक्षा सतर्कताबारे जानकारी गराएपछि कोरोना रोकथाममा सहज भएको उपप्रमुख पाठकले सुनाउनुभयो । सुरूवाती चरणमा कोरोना भाइरस, बाँच्ने उपाय र यसको रोकथाम तथा नियन्त्रणबारे स्वास्थ्यकर्मी, प्रहरी, जनप्रतिनिधिले सहजीकरण गरेको उपप्रमुख पाठक बताउनुहुन्छ ।

विदेश तथा अन्य जिल्लाबाट आउनेलाई १४ दिन सुरक्षित राख्नको लागि क्वारेनटाइन निर्माण भयो । जनप्रिय माध्यमिक विद्यालयमा पहिलो क्वारेन्टाइन निर्माण गरियो । लगत्तै जिल्लाका सबै स्थानीय तहको अनुरोधमा तानसेनमा होल्डिङ क्वारेन्टाइन निर्माण गर्ने निधो भयो । तानसेनको बतासेडाँडामा रहेको विज्ञान संकायको भवनमा होल्डिङ क्वारेन्टाइन स्थापना गरियो । होल्डिङ क्वारेन्टाइनले जिल्लामा कोरोना संक्रमण फैलिन सक्ने अवस्थालाई कम गरेको नगरपालिकाको दावी छ । भारतसहित तेस्रो मुलुकबाट आएकालाई सुरक्षित गाउँसम्म पुऱ्याउन होल्डिङ क्वारेन्टाइनले सहयोग गरेको थियो ।

होल्डिङ क्वारेन्टाइन व्यवस्थित बनाउनको लागि वडा नम्बर १३ का वडाध्यक्ष टुकप्रसाद भट्टराईको संयोजकत्वमा सचिवालय गठन भएको थियो । सचिवालयमा बगानासकाली गाउँपालिकाका कर्मचारी मनोज आचार्य र रिब्दीकोट गाउँपालिकाका स्वास्थ्यकर्मी सुनिल अधिकारीसहित नेपाली सेना, शसस्त्र प्रहरी र नेपाल प्रहरीका १/१ जना प्रतिनिधि सदस्य रहेका थिए । सचिवालयले नेपाल भारतका विभिन्न सीमा नाकामा अलपत्र परेका पाल्पाका मानिसलाई तानसेनसम्म ल्याउने काम गरेको थियो ।

सुनौली नाकामा हेल्प डेस्क नै स्थापना गरेर भारतबाट आएकाहरूको उद्धार गरेको होल्डिङ क्वारेन्टाइन संयोजक टुकप्रसाद भट्टराइले बताउनुभयो । चौवीसै घण्टा सेवा दिएर सचिवालले आफ्नो भूमिका निर्वाह गरेको थियो । उहाँका अनुसार सुनौलीलगायत विभिन्न नाकाबाट तानसेनसम्म निःशुल्क गाडीमा ल्याउने व्यवस्था मिलाइएको थियो । साथै होल्डिङ क्वारेन्टाइनमा खान र बस्नको समेत व्यवस्था गरिएको थियो । तानसेन नगरपालिकाको कार्यालय भवनमा होल्डिङ क्वारेन्टाइन सचिवालय स्थापना गरी निशुल्क टोलफ्रि नम्बरको व्यवस्था गरिएको भट्टराईले बताउनुभयो । होल्डिङ क्वारेन्टाइनमार्फत् विभिन्न पालिकाका करीब ४ हजार नागरिक घर पठाइएको टुकप्रसाद भट्टराईले बताउनुभयो ।

**सामुदायिक क्वारेन्टाइनको अवधारणा**

बाहिरी मुलुकबाट यहाँका नागरिक ठूलो संख्यामा आउन थालेपछि क्वारेन्टाइन बिस्तार र थप व्यवस्थापन गरियो । सामुदायिक क्वारेन्टाइनको अवधारणा अनुसार प्रत्येक वडाका टोलटोलमा क्वारेन्टाइन निर्माण भए । आवश्यक स्वास्थ्य सामग्री भने नगरपालिकाले उपलब्ध गराउँदै आएको थियो । जस्तैः सेनिटाइजर, मास्क, डिसइन्फेक्सन औषधि नगरपालिकाले उपलब्ध गराएको हो । भौतिक दूरी कायम गरेर क्वारेन्टाइनमा

बस्ने व्यवस्था मिलाएका कारण नगरभित्र संक्रमितको संख्या अत्यन्तै न्यून भएको नगरप्रमुख शाहीले दाबी गर्नुभयो । यो सामग्री तयार गर्दासम्म अन्य पालिकाको तुलनामा कोरोना संक्रमित हुनेहरूको संख्या तानसेन नगरपालिकामा न्यून नै रहेको छ ।

विदेश तथा अन्य जिल्लाबाट फर्कनेहरूको संख्या बढ्दै गएपछि तानसेनका १४ वटा वडामा ३५ वटा क्वारेन्टाइन स्थापना गरियो । ५ सय बेड क्षमताको क्वारेन्टाइन निर्माण भएको तानसेन नगरपालिकाका सूचना अधिकारी दुर्गा थापाले जानकारी दिनुभयो ।

**निःशुल्क राहत तथा सहुलियत दरमा खाद्यन्न वितरण**

लकडाउन घोषणा भएपछि ज्याला मजदुरी गरेर खाने परिवारलाई निकै समस्या पर्न थाल्यो । मेलो गरेर बिहान साँझ खाने परिवारलाई लकडाउनका कारण काम गर्न नपाउँदा छाक टार्नसमेत समस्या भयो । यस्तो अवस्थामा तानसेन नगरपालिकाले निःशुल्क राहत वितरण गरेको थियो । यो लेख तयार पार्दासम्म एक हजार सात सय ५० घर परिवारलाई निःशुल्क राहत वितरण गरिएको थियो । लकडाउन जारी रहेकाले सुत्केरी, जेष्ठ नागरिक, रातो र निलो कार्ड भएका फरक क्षमताका नागरिकलाई नगरपालिकाले घरघरमै पुगेर राहत उपलब्ध गराउँदै आएको नगरप्रमुख शाहीले बताउनुभयो ।

नगरपालिकाबाट रोजगारमा आधारित राहत कार्यक्रमसमेत सञ्चालन भएको थियो । नगरभित्रका विभिन्न वडामा विकास निर्माणका काम गर्न दिएर पारिश्रमिक दिएको नगरप्रमुख शाहीले बताउनुभयो । 'विकास निर्माणको काम पनि भयो' उहाँले भन्नुभयो 'खान नपाएर भोकले मर्नुपर्ने बाध्यताको पनि अन्त्य भयो ।'

नगरपालिकाले न्यून र मध्यम वर्गीय परिवारलाई लक्षित गरेर सहुलियत दरमा खाद्यान्न समेत उपलब्ध गराएको थियो । वडा नम्बर ६ का वडाध्यक्ष सागरमान महर्जनको संयोजकत्वमा रहेको समितिले वडा कार्यालय मार्फत् न्यून वर्गका परिवारको छनोट गरी २५ प्रतिशत छुटमा चामल, आटा र नुन वितरण गरेको तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले बताउनुभयो । त्यति बेला ती सामग्रीको बजार मूल्य अनुसार छुट ४० प्रतिशत भएको पाइन्छ ।

यो कार्यक्रमबाट तीन हजार एक सय ७२ घर परिवार लाभान्वित भएका सहुलियतपूर्ण राहत वितरण समितिका संयोजक सागरमान महर्जनले बताउनुभयो । तानसेन नगरभित्र बसोबास गर्नेमध्ये निम्न वर्ग र मध्यम वर्गका परिवारलाई सहुलियत दरमा खाद्यान्न उपलब्ध गराएको संयोजक महर्जनले बताउनुभयो । राहत माग्न जान नमिल्ने, बजार भाउ मूल्यमा किन्ने अवस्था पनि नभएका परिवारलाई सहुलियत दरमा खाद्यान्न वितरण गरेको उहाँले बताउनुभयो । सिधै भैरहवा कम्पनीबाट होलसेल दर रेटमा खरिद गरेको चामल, नुन र आँटा वडामा पुऱ्याएर २५ प्रतिशत छुटमा वितरण गरिएको महर्जनले बताउनुभयो । उक्त छुट रकम तानसेन नगरपालिकाले व्यहोरेको हो । यसले संकटका बेला न्यून र मध्यम वर्गीय परिवारलाई ठूलो राहत मिलेको समितिका सदस्य शिव थापाले बताउनुभयो ।

मुलुक अहिले पनि लकडाउनकै चपेटामा रहेकोले गरी खाने वर्गलाई बिहान साँझ खान समस्या छ । प्रयाप्त काम गर्न नपाएकोले महिनौ बित्दासमेत उनीहरूलाई छाक टार्ने समस्याले सताएको छ । दुई छाक खान समस्या भइरहेका परिवारलाई सम्भव सहयोग गर्ने प्रयास नगरपालिकाले गरिरहेको छ । कारीतासको सहयोगमा सबै वडाका अति विपन्न परिवारलाई नगद साढे १३ हजार बराबर सहयोग गरिने नगरप्रमुख शाहीले बताउनुभयो । बैंकमा खाता खोलेर उनीहरूलाई नगद दिइने छ । यो रकम न्यूनतम आवश्यकता अनुसार खर्च गर्न पाउने छन् । शाहीका अनुसार कोरियनको सहयोगमा कोएका संस्थाको सहयोग तथा तानसेन नर्सिङ स्कुलको समन्वयमा यहाँका विपन्न परिवारलाई १० हजार बराबरको राहत प्रदान गर्ने सहमति पनि भइसकेको छ ।

**बाहिरी मुलुकमा रहेकाको तथ्यांक संकलन**

तानसेन नगरपालिका भित्रका नागरिक तर अहिले विभिन्न बाहिरी मुलुकमा बस्दै आएकाहरूको तथ्यांक संकलन गरिएको छ । उनीहरूको अनलाइन सर्भे गरिएको हो । तानसेन नगरपालिकाभित्रका विभिन्न वडाका ९ हजार मानिस भारतसहित तेस्रो मुलुकमा बस्दै आएको पछिल्लो तथ्यांकमा उल्लेख छ । ६ हजार मानिस विभिन्न पेशा, व्यवसाय र रोजगारको

लागि भारत लगायत बाह्य मुलुकमा छन् । उनीहरु मध्ये २ हजार बढी घर फर्कन चाहिरहेका छन् । यसरी घर फर्किएका र फर्किन चाहनेका लागि उद्यमशील व्यवसायमा जोड्ने योजना नगरपालिकाले बनाइरहेको छ । नगरप्रमुख शाहीका अनुसार तत्काल २ सय युवालाई कृषि तथा पशुपालन र उनीहरूको सीप क्षमताको आधारमा उद्यमशील व्यवसायमा जोड्ने तयारी भएको छ । विदेशबाट फर्किएकालाई गाउँ घरमा उत्पादनमूलक क्षेत्रमा जोड्न सके मुलुकको अर्थ व्यवस्थामा ठूलो टेवा पुग्ने नगरप्रमुख शाहीको ठहर छ ।

**तानसेनको संयुक्त आइसोलेसन निर्माण**

कोरोना संक्रमितलाई राख्न तानसेनमा आइसोलेसन स्थापना गरिएको छ । तानसेन नगरपालिका र युनाइटेड मिसन अस्पतालबीच सहकार्य गरेर छुट्टै आइसोलेसन पनि निर्माण भएको छ । तानसेन नगरपालिका, बगनासकाली गाउँपालिका, माथागढी गाउँपालिका र तिनाउ गाउँपालिकाले संयुक्त आइसोलेसन स्थापना गरेका हुन् । तानसेनको भूसलडाँडास्थित वृद्धाश्रममा १८ बेड, भूसलडाँडा माध्यमिक विद्यालयमा ५० बेड, तानसेन स्कुल अफ हेल्थ साइन्समा १२ बेडको आइसोलेसन निर्माण भएको तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज बेल्बासेले बताउनुभयो ।


कृष्णप्रसाद बस्याल


सन्तोष थापा


ओम ब. घर्तीमगर

चार स्थानीय तह मिलेर आइसोलेसन सञ्चालन गर्दा आफूहरूलाई राहत मिलेको बगनासकाली गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले बताउनुभयो । कम खर्चमा संक्रमितले समयमै गुणस्तरीय उपचार पाएको बस्यालले बताउनुभयो । सहकार्यमा स्थापना गरिएको आइसोलेसनबाट कोरोना संक्रमितले राम्रे उपचार पाएको माथागढी गाउँपालिकाका अध्यक्ष सन्तोष थापाले बताउनुभयो । आइसोलेसनलाई थप उपकरणसहित थप व्यवस्थित बनाउने बारे अहिले पनि छलफल भइरहेको उहाँले जानकारी दिनुभयो । एउटै गाउँपालिकाले लगानी गरेर व्यवस्थित आइसोलेसन बनाउन सक्ने अवस्था नरहेको तिनाउ गाउँपालिका अध्यक्ष ओमबहादुर घर्तीमगरले बताउनुभयो । संयुक्त लगानीमा निर्माण गरिएको आइसोलेसनले स्थानीय सरकारलाई मर्का नपरेको उहाँले बताउनुभयो । आइसोलेसनमा चौबीसै घण्टा डाक्टरले निगरानी गरिरहेका छन् । तानसेनस्थित होटल काउनमा क्वारेन्टाइन निर्माण गरेर डाक्टरसहितका स्वास्थ्यकर्मी राखिएको छ । उनीहरूले आइसोलेसनमा रहेका संक्रमितलाई आवश्यकताअनुसार सेवा दिइरहेका छन् ।



युनाइटेड मिसन अस्पतालका कार्यकारी निर्देशक डाक्टर रचेल कारखले तानसेन नगरपालिकाको समन्वयमा वृद्धाश्रममा आइसोलेसन निर्माण गरेको बताउनुभयो । आइसोलेसन व्यवस्थापन गरेर यहाँ बस्ने कोरोना संक्रमितलाई मिसनले खाना खुवाउने व्यवस्था गर्दै आएको उहाँले बताउनुभयो । यहाँ बस्नेका लागि डाक्टर र नर्ससमेत चौबीसै घण्टा तयारी अवस्थामा राखिएको छ । औषधि पनि मिसनबाट नै दिंदै आएको डा कारखको भनाइ छ । तानसेन नगरपालिकाले वृद्धाश्रम समिति र मिसनबीच सहजीकरण गरेर आइसोलेसन स्थापनाको लागि सहयोग गरेको डाक्टर कारखले बताउनुभयो ।

तानसेन स्कुल अफ हेल्थ साइन्सका प्रिन्सिपल डाक्टर शकुन्तला थान्जूले तानसेन नगरपालिकासहित अन्य तीन पालिकाको सहकार्यमा स्थापना गरिएको आइसोलेसन प्रभावकारी बनेको बताउनुभयो । आवश्यकताअनुसार पीपीइ लगायतका स्वास्थ्य सुरक्षा सामग्री नगरपालिकाले उपलब्ध गराएको उहाँले बताउनुभयो । आफूहरूले संक्रमितको रेखदेख र स्वास्थ्य परीक्षण गर्दै आएको थान्जूको भनाई छ । संक्रमित भएर यहाँ आएकाहरूलाई आवश्यकता अनुसारको उपचारमा कुनै कमी हुन नदिएको आइसोलेसनका इन्चार्ज समेत रहनुभएकी डाक्टर थान्जुले बताउनुभयो । उनीहरूको खाने व्यवस्था तानसेन नगरपालिकाले गर्दै आएको थान्जूले बताउनुभयो ।

*(पत्रकार)*

# समुदायमा कोरोना फैलिन नदिन तानसेनका वडाको सक्रियता



- मिलन विश्वकर्मा

केन्द्रीकृत सरकार भएको बेला पटक-पटक विपद् व्यहोरेका पाल्पालीले संघीयतापछि भने पहिलो पटक यति ठूलो (कोरोना) विपद्को सामना गर्नु परेको छ । नजिकै सरकार भएकोले विपद्का बेला समयमै साथ पाएको उनीहरूले अनुभूति गरेका छन् । जनताको अभिभावकको भूमिका स्थानीय जनप्रतिनिधिले गर्नुपर्छ भन्ने सोंचका साथ वडाले काम गरिरहेका छन् । कोरोना भाइरस (कोभिड १९) रोकथामका लागि वडा तहले पनि आफ्नो सक्रियता बढाएका छन् । वडा भित्रका टोलटोलमा रचनात्मक कार्यक्रम गरेर जनतालाई कोरोना भाइरसबाट बचाउने प्रयास गरिरहेका छन् । संक्षेपमा तानसेनका १४ वडाको गतिविधिलाई यहाँ सर्सरी केलाउने प्रयास गरिएको छ :

**वडा नम्बर १**



शिव थापा

तानसेन नगरपालिका वडा नम्बर १ ले कोरोना भाइरस (कोभिड १९) रोकथामका लागि कोरोना भाइरस रोकथाम तथा नियन्त्रण समिति गठन गरेको थियो । समितिले शुरूदेखि नै विभिन्न गतिविधि सञ्चालन गरिहेको छ ।

टोलटोलमा पुगेर कोरोना रोकथामबारे जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै सचेतना व्यानर वितरण गरेको कार्यवाहक अध्यक्ष शिव थापाले बताउनुभयो । उहाँका अनुसार कोरोना भाइरसबारे जानकारी र यसबाट बाँच्ने उपाय र रोकथामबारे सहजीकरण गरिएको थियो । यहाँ रहेको युनाइटेड मिसन अस्पतालमा विभिन्न खालका बिरामी आउने भएकोले विशेष सर्तकता अपनाइएको थियो । बिरामी बोक्ने सवारी चालकलाई कोरोना सचेतनासहित मास्क वितरण गरेको उहाँले बताउनुभयो । वडामा रहेको वृद्धाश्रम, नर्सिङ कलेज र भुसलडाँडा माविमा आइसोलेसन कक्ष निर्माण गर्ने काममा वडाले समन्वय गरेको थापाले बताउनुभयो ।

साथै बाहिरबाट आएका मानिसलाई १४ दिन सुरक्षित राख्नको लागि बराङ्दीको घारे खोलामा क्वारेन्टाइन निर्माण गरिएको थियो । यहाँको रेखदेख गर्न सुरक्षाकर्मी र स्थानीय युवा परिचालन गरिएको थियो । कोरोना रोकथामका लागि सरकारले लकडाउन घोषणा गरेपछि विपन्न परिवारलाई राहत वितरण गरिएको छ । अति विपन्न १ सय ३५ घर परिवारलाई खाद्यवस्तु राहतस्वरूप वितरण गरेको उहाँले बताउनुभयो । श्रममा आधारित राहत कार्यक्रम पनि सञ्चालन गरिएको थियो । २ लाख बजेटबाट १५ जना लाभान्वित भएको कार्यवाहक अध्यक्ष थापाले बताउनुभयो । कोरोना कहरलाई बिर्सेर वडाअध्यक्ष रामप्रसाद (पोषकान्त) बस्यालसहित वडाका जनप्रतिनिधि विकास निर्माणका काममा खटेको थापाले सुनाउनुभयो ।

**वडा नम्बर २**



वरूण प्र. रेग्मी

कोरोना भाइरसको महामारी नेपालमा फैलिएपछि तत्काल यो वडामा पनि सचेतनामूलक कार्यक्रम आयोजना गरिएको थियो । गत चैत ७ गते टोलविकास संस्था, आमा समूह, स्वास्थ्य स्वयमसेविका, स्थानीय बुद्धिजीवी लगायतलाई कोरोना भाइरस र यसबाट बाँच्ने उपाय तथा रोकथामका बारेमा सहजीकरण गरिएको थियो । लुम्बिनी मेडिकल कलेज प्रभासका डाक्टर उदीप महर्जन, सेभ द चिल्ड्रेनका सुवास श्रेष्ठ, रेडक्रस पाल्पाका विनोद भारती लगायतले सहजीकरण गर्नुभएको थियो ।

यस वडामा राहत वितरण गर्ने कार्यलाई बढी प्राथमिकता दिइएको वडाअध्यक्ष वरूणप्रसाद रेग्मीले बताउनु भयो । तानसेन नगरपालिकाको सहयोगमा अति विपन्न १ सय घरपरिवारलाई राहत वितरण गरिएको वडाध्यक्ष वरूणप्रसाद रेग्मीले बताउनु भयो । साथै २ सय ६० घर परिवारलाई सहुलियत दरमा खाद्यन्न वितरण गरियो । 'वडा कार्यालयको समन्वय र तरूण दलको सहयोगमा ५० घरपरिवार र नारायण युवा क्लवको

सहयोगमा ३५ घरपरिवारलाई थप राहत वितरण गरिएको रेग्मीले बताउनुभयो । रेग्मीका अनुसार नगरपालिकाको स्रोतबाट श्रममा आधारित राहत कार्यक्रमबाट ३२ जना लाभान्वित भएका छन् ।

कोरोना रोकथामलाई थप प्रभावकारी बनाउन वडास्थित महिला विकास कार्यालयको भवनमा क्वारेन्टाइन निर्माण गरियो । जिल्लाभन्दा बाहिर र भारतसहित तेस्रो मुलुकबाट आएकाहरूलाई यहाँ १४ दिन राख्ने काम भयो । रोजगार तथा अध्ययनको लागि विभिन्न बाहिरी मुलुकमा गएकाहरूको तथ्यांक संकलन गरिएको छ । वडाभरिका ३ सय ५० बाहिरी मुलुकमा छन् । वडाका जनप्रतिनिधि संक्रमण रोकथाम र राहत वितरणमा खटेको रेग्मीले सम्झनुभयो ।

**वडा नम्बर ३**


महेशलाल शाक्य

यस वडामा पनि अन्य वडामा जस्तै सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो । विभिन्न माध्यमबाट कोरोना भाइरसबारे प्रचारप्रसार गर्नुका साथै यहाँका घरघरमा पुगेर जानकारी गराउने काम भएको वडाध्यक्ष महेशलाल शाक्यले बताउनुभयो । बाहिरबाट आउने मानिसको प्रभावकारी अनुगमन गरियो । 'कोही नयाँ मान्छे आएमा खबर दिन भनियो' शाक्यले भन्नुभयो 'नयाँ मान्छे आएको पाइएमा तत्काल होम क्वारेन्टाइनमा राख्ने व्यवस्था गर्‍यौं ।' क्वारेन्टाइनमा बसेकाहरूको तानसेन नगरपालिका स्वास्थ्य शाखासँगको समन्वयमा सम्बन्धित ठाउँमा नै पुगेर पीसीआर कीटमार्फत स्वाब संकलन गर्ने काम भएको वडाअध्यक्ष शाक्यले बताउनुभयो । निम्न वर्गका परिवारलाई तानसेन नगरपालिकासहित विभिन्न दातृ संस्थाबाट प्राप्त भएको निशुल्क राहत र सहुलियतपूर्ण खाद्यान्न वितरण गरिएको थियो ।

**वडा नम्बर ४**


गणेश ब. थापा

यस वडाका ४९ घरपरिवारलाई राहत वितरण गरिएको छ भने ८८ घरपरिवारलाई सहुलियतदरमा खाद्यान्न उपलब्ध गराइएको छ । डि-प्रोक्स लघुवित्तको सहयोगमा १५ बोरा चामल थप राहतस्वरूप वितरण गरिएको कार्यवाहक वडाध्यक्ष गणेश बहादुर थापाले बताउनुभयो । यो राहत जुटाउने काममा विशाल बजार टोल विकास संस्थाले समन्वय गरेको थियो । क्वारेन्टाइनमा बसेकाहरूलाई साबुन, मास्क, सेनिटाइजर वडाबाट वितरण गरिएको थियो । उहाँका अनुसार सेवाग्राही र कर्मचारीको स्वास्थ्य अवस्थालाई मध्यनजर गरेर कार्यालयमा थर्मलगन, सर्जिकल मास्क, सेनिटाइजर व्यवस्था गरिएको छ । यस वडाका नेपाल बाहिरका देशमा रहेकाहरूको नाम, उनीहरूले गर्दै आएको पेशा, व्यवसाय र अहिलेको अवस्था समेटेर तथ्यांक समेत संकलन गरिएको थापाले बताउनुभयो । उनीहरूको इच्छानुसार आयमूलक व्यवसायका लागि नगरपालिकाले योजना बनाएको थापाले बताउनुभयो ।

**वडा नम्बर ५**


राम ब. रावल

कोरोना भाइरस (कोभिड-१९) को सुरूवातसँगै टोलबस्तीमा गई विदेशबाट आएकाहरूको कोरोना संक्रमणको अवस्था बारे बुझ्ने र चेकजाँच गर्ने काम यो वडामा पनि गरियो । साथै सचेतनामूलक कार्यक्रम गरेको वडाध्यक्ष रामबहादुर रावलले बताउनुभयो ।

लकडाउनले प्रभावित असंगठित क्षेत्रमा दैनिक रूपमा ज्याला मजदुरी गर्ने १ सय ७५ घर परिवारलाई पहिलो चरणमा निःशुल्क राहत वितरण गरिएको छ भने ४ सय घर परिवारलाई तानसेन नगरपालिकाको सहयोगमा २५ प्रतिशत छुट सहित सहुलियत दरमा खाद्यान्न वितरण गरेको रावलले बताउनुभयो । यस्तै पहिलो चरणको राहत सकिएर खान समस्या भएका ६६ घर परिवारलाई प्रहरी, पत्रकार, नागरिक समाजको रोहबरमा थप राहत उपलब्ध गराइएको थियो भने तानसेन गुठीको सहयोगमा २२ परिवारलाई राहत वितरण गरेको वडाध्यक्ष रावलले बताउनुभयो ।

श्रममा आधारित राहत कार्यक्रमअन्तर्गत अति विपन्न परिवारलाई ४ लाख बराबरको काम दिइएको वडाअध्यक्ष रावलले बताउनुभयो । जुन कार्यक्रमबाट यस वडाको नर्सरी-धरमपानी-सेतिपोखरी-माथिल्लो धरमपानी र रानीमहल जाने सडक तथा पैदलमार्ग, चण्डीस्थान विसडाँडा कच्ची नाली निर्माण गर्ने काम सम्पन्न भएको छ ।

यस वडाका भारतसहित तेस्रो मुलुकमा रहेका नागरिकको तथ्यांक संकलन गरिएको छ । ३ सय नागरिकको अहिलेको अवस्थासहितको तथ्यांक संकलन गरिएको हो ।

बतासेडाँडास्थित विज्ञान संकाय क्याम्पसमा निर्माण गरिएको होल्डिङ क्वारेन्टाइन व्यवस्थित बनाउने, सेतीपोखरीस्थित जनआधारभूत विद्यालय शीतलडाँडामा व्यवस्थित क्वारेन्टाइन निर्माण गरी बाहिरबाट आएकाहरूलाई सुरक्षित राख्ने काम गरिएको थियो । उनीहरूको पीसीआर विधिबाट स्वाब परीक्षण गरेर रिर्पोटको आधारमा घरमा पठाउने काम भएको रावलले बताउनुभयो ।


सागरमान महर्जन

**वडा नम्बर ६**

सुरुवाती चरणमा तानसेन-६ मा जनचेतना सम्बन्धी कार्यक्रम गरियो । परिवार नियोजन संघ पाल्पाको सहयोगमा टोलविकास संस्थाका सदस्यहरूलाई हात धुने प्रक्रिया, सेनिटाइजर प्रयोग लगायत कोरोना रोकथामबारे जानकारी गराएको वडाध्यक्ष सागरमान महर्जनले बताउनुभयो । व्यक्ति सचेत भएमा कोरोना नियन्त्रण हुने भन्दै सचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिएको महर्जनले बताउनुभयो । बाहिरबाट आउनेहरूलाई १४ दिन सुरक्षित राख्नको लागि तानसेन-६, बर्तुङस्थित जनप्रिय माध्यमिक विद्यालयमा क्वारेन्टाइन निर्माण गरिएको थियो । तानसेन नगरपालिकाको सहयोगमा निर्माण गरिएको क्वारेन्टाइन व्यवस्थित बनाउने र रेखदेख गर्ने काम आफूहरूले गरेको उहाँले बताउनुभयो । विभिन्न टोलमा पुगेर जनतालाई कोरोनाबारे सचेत गराउँदै मास्क र सेनिटाइजर वितरण गरिएको थियो ।

तानसेन नगरपालिकाको सहयोगमा वडाका विभिन्न घरपरिवारलाई राहत वितरण गरिएको थियो । यो वडामा विभिन्न संघसंस्थाले समेत थप राहत उपलब्ध गराएका थिए । वडाका सबै जनप्रतिनिधि संक्रमण रोकथाम तथा विकास निर्माणका काममा खटेको वडाअध्यक्ष महर्जनले बताउनु भयो ।


मुक्तिराम जीसी

**वडा नम्बर ७ :**

लकडाउनले विद्यालय जान नपाएका यहाँका बालबालिकालाई पुस्तक वितरण गरिएको छ । बालबालिका यस्ता महामारीको बेला घरमै भुल्न सकून् र उनीहरूको पढ्ने बानी बसाल्न आफूहरूले बालबालिकालाई पुस्तक वितरण गरेको वडाध्यक्ष मुक्तिराम जीसीले बताउनुभयो । कोरोनाबाट बालबालिका बढी जोखिममा पर्ने भएकोले पनि उनीहरूलाई घरमा बस्ने वातावरण सिर्जना गर्न पुस्तक वितरण गरिएको वडाअध्यक्ष जीसीको भनाइ छ ।

टोलटोलमा पुगी माइकिङ गरेर कोरोनाबारे सचेत गराएको समेत जीसीले बताउनुभयो । यहाँका बुर्तङ, कुन्सरे, प्रभास, काजीपौवा, बाँसटारीलगायतका सार्वजनिक स्थानमा साबुन, पानीसहितको ड्रम र सेनिटाइजर राखिएको छ । वंशागोपाल युवा क्लवको सहयोग र वडाको समन्वयमा ती सामग्री राखिएको वडाध्यक्ष जीसीले बताउनुभयो ।

टोलटोलमा क्वोरन्टाइन भन्ने उद्देश्यले तानसेन-७ का ४ ठाउँमा क्वारेन्टाइन निर्माण गरिएको छ । यस्तै यहाँका ३ सय घरपरिवारलाई राहत वितरण गरिएको छ । भने तानसेन नगरपालिकाको सहयोगमा थप ३ सय घर परिवारलाई सहुलियत दरमा खाद्यान्न उपलब्ध गराएको जीसीले बताउनुभयो । कुनै पनि परिचय पत्र नभएर अलपत्र परेका १६ जना मजदुरलाई समेत नगरपालिका र विभिन्न व्यक्तिको सहयोगमा राहत वितरण गरिएको वडाअध्यक्ष जीसीले सम्झनु भयो ।


राम प्र. घिमिरे

**वडा नम्बर ८**

यस वडामा पनि वडास्तरीय समिति गठन गरेर कोरोना भाइरस विरूद्धको अभियान अगाडि बढेको थियो । टोलटोलमा समेत उपसमिति गठन गरिएको छ । समितिले सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ । यस्तै वडाभित्र आइपरेका समस्यामा सहजीकरण गर्दै आएको वडाध्यक्ष रामप्रसाद घिमिरेले बताउनुभयो । उहाँका अनुसार कोरोनाबारे सचेत गराउँदै टोलटोलमा पुगेर स्वास्थ्यकर्मीमार्फत् स्थानीयको स्वास्थ्य परीक्षण गरिएको छ । वडाभित्रका ४ वटा स्थानमा क्वारेन्टाइन निर्माण गरिएको अध्यक्ष घिमिरेले बताउनुभयो । कोरोना संक्रमण रोकथामका लागि वडामा हरसम्भव प्रयत्न गरिएको घिमिरेले बताउनु भयो ।

**वडा नम्बर ९**

२६ वटा टोल रहेको यस वडामा पहिलो चरणअन्तर्गत सचेतनामूलक कार्यक्रम सञ्चालन गरियो । स्वास्थ्य स्वयम्सेविकालाई परिचालन गरेर प्रत्येक टोलमा कोरोनाबारे सचेतना जगाएको वडाध्यक्ष हरिसुमर रेग्मीले बताउनुभयो । यस्तै लकडाउनलाई


हरिसुमर रेग्मी

प्रभावकारी बनाउन टोलटोलमा रहेका बजार पसल खोल्ने समयको व्यवस्थापन मिलाइयो । बिहान ७ देखि ९ र साँझ ५ देखि ८ बजेसम्म पसल खोल्न पाउने गरी वडामा नियम बनाएको उहाँले बताउनुभयो । विभिन्न ठाउँमा मास्क र सेनिटाइजर वितरण गरिएको थियो । विपन्न परिवारका १ सय ५ घरपरिवारलाई राहत वितरण गरिएको उहाँले बताउनुभयो । घिमिरेका अनुसार २ सय ८५ घर परिवारलाई तानसेन नगरपालिकाको सहयोगमा सहुलियत दरमा खाद्य सामग्री उपलब्ध गराइएको थियो ।


लोचन प्र. तिमिल्सिना

**वडा नम्बर १०**

वडा समिति र टोलविकास संस्थाबीच बैठक बसी कोरोना भाइरस विरूद्ध अभियान सञ्चालन गर्ने निर्णय भयो । वडा अध्यक्ष संयोजक रहेको कोरोना रोकथाम तथा नियन्त्रण समिति गठन गरियो । स्वास्थ्य स्वयम्सेविकालाई कोरोनाबारे सचेत गराई गाउँगाउँमा परिचालन गरेको वडाध्यक्ष लोचनप्रसाद तिमिल्सिनाले बताउनुभयो । साथै मास्कसमेत वितरण गरिएको छ । यस्तै कोरोनाको त्रासले हायलकायल भएका नागरिकलाई सान्त्वना दिनेगरी सचेतनामूलक कार्यक्रम गरेको उहाँले बताउनुभयो । नयाँ मान्छेलाई गाउँमा आउन नदिने र स्थानीयलाई बाहिर पाहुना हुन जान निषेध गरिएको थियो । प्रहरी चौकी प्रभासको सहयोगमा लकडाउनलाई प्रभावकारी बनाएको वडाअध्यक्ष तिमिल्सिनाले बताउनुभयो ।

गाउँमा मदिरा सेवन तथा बेचविखनमा समेत रोक लगाएको उहाँले बताउनुभयो । वडामा बिरामी परेकालाई उपचारका लागि सहजीकरण गरिएको छ । हस्पिटलमा उपचार पाइदैन भन्ने अफवाहलाई चिर्दै उपचारको लागि सहजीकरण गरेको वडाध्यक्ष तिमिल्सिनाले बताउनुभयो ।

**वडा नम्बर ११**

यसवडामा कोरोनाको हल्ला सुनेपछि नै जनचेतनामूलक कार्यक्रम शुरू गरिएको थियो । लकडाउन घोषणा भएपछि विभिन्न सञ्चार माध्यमबाट सूचना प्रचारप्रसार गरेर कोरोनाबारे जानकारी दिने काम भयो । सुरूमा मोवाइलबाट म्यासेज पठाएर समाजका अगुवालाई कोरोना के हो ? यसले के असर गर्छ ? बाँच्ने उपाय, रोकथाम र नियन्त्रणका बारेमा सचेत गराएको वडाध्यक्ष तथा तानसेन नगरपालिकाका प्रवक्ता दामोदरप्रसाद घिमिरेले बताउनुभयो । कोरोना रोकथामबारे टोलटोलमा सचेतनामूलक कार्यक्रम गरेको उहाँले बताउनुभयो । बाहिरी मुलुकबाट आउने मान्छेलाई सुरक्षित राख्नको लागि सामुदायिक क्वारेन्टाइन निर्माण गरिएको थियो । होल्डिङ क्वारेन्टइनमा राख्दा कोरोना सर्ने जोखिम देखिएकोले भारतसहित तेस्रो मुलुकबाट आएकालाई तत्काल उद्धार गरी आफूहरूले टोलकै क्वारेन्टाइनमा राखेको घिमिरेले बताउनुभयो । महिलाको सुरक्षालाई ख्याल गरेर होम क्वारेन्टाइनमा राख्ने व्यवस्था गरिएको थियो ।


दामोदर प्र. घिमिरे

लकडाउन घोषणा भएपछि गरी खाने वर्गका १ सय २४ घरपरिवारलाई निःशुल्क राहत वितरण गरिएको छ । तानसेन नगरपालिकाको सहयोगमा ३ सय घर परिवारलाई सहुलियत दरमा खाद्यान्न उपलब्ध गराएको उहाँले बताउनुभो । २५ घरपरिवारलाई श्रममा आधारित रोजगारबाट राहत उपलब्ध गराएको घिमिरेले बताउनुभयो ।

शिक्षकले फोनमार्फत् विद्यार्थीको गुनासो, जिज्ञासा टिपोट गर्ने र सम्बन्धित निकायमा पेस गरेर समाधान गर्ने काम भइरहेको समेत घिमिरेले बताउनुभयो । आगामी दिनमा प्रभावकारी योजना तय गरेर कोरोना रोकथामको लागि थप पहल गर्ने उहाँको भनाइ छ । यो वडामा नेपालमै पहिलोपटक कोरोना संक्रमणका कारण लकडाउन जारी रहेका अवस्थामा घरघरमै पुगेर सामाजिक सुरक्षा भत्ता पनि उपलव्ध गराइएको थियो ।


देवेन्द्र ब. राना

**वडा नम्बर १२**

यस वडामा सबैभन्दा पहिले अन्यत्र जसरी जनप्रतिनिधि, राजनीतिक दल, स्वास्थ्यकर्मी, कर्मचारी सहभागी वडा स्तरीय कोरोना रोकथाम तथा उपचार समिति गठन गरियो । ग्रामीण वडा भएकोले यहाँका टोल टोलमा विभिन्न उपसमिति गठन गरिएको वडाध्यक्ष देवेन्द्रबहादुर रानाले बताउनुभयो । समितिले लकडाउनको अनुगमन तथा कोरोना भाइरस र यसबाट बाँच्ने उपायकाबारे घरघरमा पुगेर जानकारी गराउने काम गरेको थियो । उहाँका अनुसार यहाँका युवा

परिचालन गरेर होम क्वारेन्टाइनलाई थप व्यवस्थित बनाइएको थियो । युवाले नयाँ मान्छेको निगरानी समेत गर्दै आएका छन् ।

तानसेन नगरपालिकाको सहयोगमा यहाँका अति विपन्न १ सय ६४ घरपरिवारलाई राहत वितरण गरिएको छ भने मध्यम वर्गका २ सय ११ घर परिवारलाई सहुलियत दरमा खाद्यान्न वितरण गरिएको वडाअध्यक्ष रानाले बताउनुभयो ।

**वडा नम्बर १३**


टुक प्र. भट्टराई

सुरुमा तानसेन-१३ का बस्तीबस्तीमा पुगेर कोरोनाबारे जनचेतना अभियान सञ्चालन गरिएको वडाअध्यक्ष टुकप्रसाद भट्टराईले बताउनु भयो । विभिन्न ठाउँमा (२ दिनसम्म) सामाजिक दुरी कायम गरेर चेतनामूलक कार्यक्रम गरिएको वडाध्यक्ष टुकप्रसाद भट्टराईले बताउनुभयो । स्वास्थ्यकर्मी र प्रहरीको सहयोगमा सचेतना कार्यक्रम गरिएको हो । लकडाउनलाई प्रभावकारी बनाउन छिमेकी जिल्लाको सीमा नाकामा समेत कडाई गरिएको थियो । टोलटोलमा समिति गठन गरेर कोरोना भाइरस विरुद्ध रचनात्मक कार्यक्रम गरेको वडाअध्यक्ष भट्टराईले बताउनुभयो ।

मास्कले पुऱ्याउने फाइदाको बारेमा जानकारी दिंदै एक हजार थान मास्क वितरण गरिएको थियो । स्थानीय समाजसेवी सुरेन्द्रसिंह रानाले मास्क सहयोग गर्नुभएको थियो । विशेषगरी ६० वर्ष माथिका वृद्धवृद्धालाई मास्क वितरण गरिएको उहाँले बताउनुभयो । दीर्घरोगी तथा सामान्य बिरामीको लागि घरघरमा औषधि पुऱ्याउने काम समेत भएको वडाध्यक्ष भट्टराईले बताउनुभयो ।

**वडा नम्बर १४**


कमल राना

पहिलो चरणमा तानसेन-१४ मा पनि जनचेतनासम्बन्धी कार्यक्रम गरिएको थियो । विभिन्न मिडियाबाट र माइकिङ गरेर कोरोनाबारे सचेत गराएको वडाध्यक्ष कमल रानाले बताउनुभयो । उहाँका अनुसार ४ हजार मास्क वितरण गरिएको छ । यस्तै घरघरमा पुगेर समय समयमा हात धुनुपर्छ भन्नेबारे सहजीकरण गर्दै साबुन वितरण गरेको उहाँले बताउनुभयो । सोही अवसरमा हात धुने प्रक्रियाका बारेमा जानकारी गराइएको थियो ।

अतिविपन्न १ सय ४० घर परिवारलाई तानसेन नगरपालिकाको सहयोगमा राहत वितरण गरिएको हो । बाहिरबाट काम गर्न आएका ८० जना मजदुरलाई समेत राहत प्रदान गरिएको छ । पहिलो चरणको राहत वितरणपछि पनि खान समस्या भएका १९ जनालाई थप राहत उपलब्ध गराइएको थियो । यस्तै पाल्पा, अर्गली रूपन्देही जनसम्पर्क मञ्चको सहयोगमा ३५ जनालाई राहत वितरण गरिएको वडाध्यक्ष रानाले बताउनुभयो ।

गत फागुन २० गतेदेखि चैत ९ गतेसम्म बाहिरबाट गाउँ फर्किएकालाई १४ दिनसम्म होम क्वारेन्टाइनमा राखिएको थियो । लकडाउन पछि आएकालाई भने गाउँमा निर्माण गरिएको सामुदायिक क्वारेन्टाइनमा राखिएको वडाअध्यक्ष रानाले बताउनुभयो ।

तानसेन नगरपालिकाका सबै वडामा कोरोना रोकथामका गतिविधिसँगै विकास निर्माणका कामलाई निरन्तरता दिइएको नगरप्रमुख अशोककुमार शाहीले बताउनुभयो । योजनाका काममा अवरोध नहोस् भनेर आफूहरू खटेको प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज बेल्बासेले बताउनुभयो ।

**कोरोना रोकथाममा झण्डै दुई करोड खर्च**

यो सामग्री तयार पार्दासम्म कोरोना रोकथाम तथा नियन्त्रणको प्रयासमा तानसेन नगरपालिकामा झण्डै दुई करोड खर्च भएको छ । क्वारेन्टाइन, आइसोलेसन, निःशुल्क राहत र सहुलियत दरमा खाद्यान्न वितरणलगायत अन्य सचेतनामूलक कार्यक्रममा गरी १ करोड ७४ लाख १५ हजार ४ सय ७७ रूपैयाँ खर्च भएको तानसेन नगरपालिकाका सूचना अधिकारी दुर्गा थापाले बताउनुभयो । नगरपालिकाका सबै वडा भित्रका अतिविपन्न, न्यून वर्ग र मध्यमवर्गका परिवारलाई राहत तथा सहुलियत दरमा खाद्यान्न वितरण गरिएको थियो ।

# कोरोनाकालमा भएका केही गतिविधि



- चुरामणि पोखरेल

दि एसिया फाउन्डेसनको आर्थिक सहयोगमा स्थानीय सरकार सबलीकरण कार्यक्रमअन्तर्गत कोरोनाकालमा सम्पन्न केही गतिविधिलाई यहाँ संक्षेपमा प्रस्तुत गर्ने जमर्को गरिएको छ ।






२०७६ फागुन २२ गते स्थानीय सरकार सवलीकरण कार्यक्रमअन्तर्गत तानसेन नगरपालिकाको आयोजना, दि एसिया फाउन्डेसनको आर्थिक सहयोग र उपभोक्ता हित संरक्षण मञ्च नेपालको सहजीकरणमा स्थानीय बजार व्यवस्थापनसम्बन्धी सचेतना तथा बजार अनुगमन कार्यक्रम तानसेन नगरपालिका वडा नं १४ मा सम्पन्न भयो । कार्यक्रममा नगरस्तरीय उपभोक्ता हित संरक्षण समितिका संयोजक तथा तानसेन नगरपालिकाका उपप्रमुख लक्ष्मीदेवी पाठक, नगरस्तरीय बजार अनुगमन समितिका संयोजक तथा प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज बेल्बासे, वडाअध्यक्ष कमल राना, कार्यपालिका सदस्य दीपक विश्वकर्मा, बरिष्ठ अधिकृत दुर्गाबहादुर थापा, दि एसिया फाउन्डेसनका प्रदेश नं ५ संयोजक चुरामणि पोखरेल, उपभोक्ता हित संरक्षण मञ्च नेपालका प्रतिनिधि कमलराज तिमिल्सेना, पत्रकार महासंघका प्रतिनिधि मिलन विश्वकर्मा, स्थानीय व्यापारी, स्थानीय उपभोक्तालगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।





कार्यक्रमकै सिलसिलामा २०७६ फागुन ६ गते स्थानीय सरकार सबलीकरण कार्यक्रमअर्न्तगत तानसेन नगरपालिकाको आयोजना, दि एसिया फाउन्डेसनको आर्थिक सहयोग र

प्राकृतिक स्रोत द्वन्द्व रूपान्तरण केन्द्र नेपालको प्राविधिक सहयोगमा न्यायिक समिति र मेलमिलापकर्ताबीच अभ्यास आदान-प्रदान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा नगर प्रमुख अशोककुमार शाही, न्यायिक समिति संयोजक तथा उपप्रमुख लक्ष्मीदेवी पाठक, न्यायिक समितिका सदस्यहरू, तानसेन नगरपालिका प्रेस सल्लाहकार गोविन्द भट्टराई, एसिया फाउन्डेसनको प्रदेश नं ५ प्रतिनिधि, सहयोगी संस्थाका प्रतिनिधिहरू लगायत १४ वटै वडाका मेलमिलाप कर्ताहरूको उपस्थिति रहेको थियो ।



यसैगरी तानसेन नगरपालिकामा कार्यरत कर्मचारीहरूको कार्यक्षमता अभिवृद्धि गर्ने उद्देश्यले २०७६ फागुन ११ गते तानसेन नगरपालिकाको नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरूबीच कार्यसम्पादन सम्झौता गर्ने योजना बमोजिम दि एसिया फाउन्डेसनको सहकार्यमा नेपाल सरकारका पूर्व मुख्यसचिव डा. सोमलाल सुवेदीबाट उक्त विषयमा पहिलो चरणको अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो ।



संसारभर आतङ्क छाएको नोवेल कोरोना भाइरस संक्रमणबाट बचाउने उद्देश्यले २०७७ वैशाख १९ गते संक्रमणकालीन अवस्थामा स्थानीय तहहरूलाई आर्थिक वर्ष २०७७/०७८ को लागि बजेट तथा कार्यक्रमहरू तयार गर्ने सन्दर्भमा अन्यौलता भइरहेको अवस्थामा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा विषयक भर्चुअल छलफल कार्यक्रम सम्पन्न भएको छ । छलफलमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कडेँल, लगायत सातवटै प्रदेशका योजना आयोगका उपाध्यक्षहरू, जिल्ला समन्वय समिति महासंघका अध्यक्ष, नगरपालिका संघका अध्यक्ष, गाउँपालिका महासंघका अध्यक्ष, PLGSP कार्यक्रम निर्देशक, एसिया फाउन्डेसनले स्थानीय सरकार सबलीकरण कार्यक्रम सञ्चालन गरेका स्थानीय तहहरूका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य सरोकारवालाहरूको उपस्थिति रहेको थियो । उक्त छलफलमा स्थानीय तहहरूले आगामी बजेट निर्माणका क्रममा ध्यान पुऱ्याउनुपर्ने प्राथमिकताका क्षेत्रहरूका विषयमा विज्ञहरूद्वारा प्रस्तुतिसमेत रहेको थियो । उक्त छलफलमा Observer को रूपमा DFAT का प्रतिनिधिको समेत उपस्थिति रहेको थियो ।

*(दि एसिया फाउन्डेसनका प्रदेश नं ५ संयोजक)*


- **कर तिरौं, नगरको विकास निर्माणमा सहभागी बनौं।**
- **नगरपालिकालाई तिर्नु पर्ने सम्पूर्ण कर चुक्ता नगरे कुनै पनि सेवा सुविधा उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन।**
- **कर तिर्नु सबै नगरबासीहरूको कर्तव्य हो, सेवा प्राप्त गर्नु अधिकार हो।**
- **कर तिरौं, सभ्य नागरिक बनौं।**
- **समयमै कर तिरौं, जरिवानाबाट बचौं।**

**अनुरोधकः तानसेन नगरपालिका, पाल्पा**

- बातावरणमैत्री नगर बनाउन सबै क्षेत्र जिम्मेवार बनौं।
- विकास निर्माणमा लागत सहभागिता जुटाऔं।
- प्लाष्टिकमुक्त नगर बनाउने हाम्रो पहललाई साकार पारौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

# संक्रमण व्यवस्थापनमा तानसेन नगरपालिकाको उदाहरणीय प्रयास



- पवित्रा खनाल

कोरोना भाइरसले यतिबेला विश्व नै आक्रान्त पारेको छ । सर्वप्रथम चीनको वुहान सहरमा कोरोना भाइरस देखा परेको थियो बिस्तारै विश्वभरी नै तीब्र रूपमा यस भाइरसले महामारीको रूप लिएको छ । विश्वकै ठूला तथा शक्तिशाली राष्ट्रहरूलाई पनि कोरोना भाइरस नियन्त्रण गर्न हम्मेहम्मे परेको अवस्था छ । अझै भनौं भने कोरोना भाइरस वा कोभिड-१९ ले मानव समुदायलाई नै चुनौती दिइराखेको छ । धेरै मानिसहरू कोरोना भइरस संक्रमित भएका छन् भने कतिले यसैको कारणबाट ज्यान गुमाएका छन् भन्ने हामीले थाहा पाएका छौँ । नेपालमा पनि कोरोना भाइरसको संक्रमण दर दिनानुदिन बढिरहदा स्थानीय सरकारलाई नागरिकलाई कसरी जोगाउने भनेर चासो चिन्ता हुनु स्वभाविक हो । त्यसको व्यवस्थापन गर्नु स्थानीय सरकारको जिम्मेवारी पनि हो भन्ने तथ्य मनन गर्दै तानसेन नगरपालिकाले कोभिड-१९ व्यवस्थापन सम्बन्धमा धेरै उत्कृष्ट कार्यहरू समेत गरेको छ । ती कामहरूमध्ये म यहाँ दुईवटा कार्यहरूको मात्र चर्चा गर्न चाहन्छु ।

**कोरोना भाइरससम्बन्धी जनचेतना कार्यक्रम**

कोरोना भाइरस संक्रमण रोकथामका सिलसिलामा तानसेन नगरपालिकासँगको समन्वयमा नेपाल नर्सिङ्ग संघले तानसेन नगपालिकाका विभिन्न वडाहरूमा कोरोनासम्बन्धी सचेतना कार्यक्रम संचालन गरिएको थियो । नेपाल नर्सिङ संघले दक्ष जनशक्तिको प्रयोग गरी जनचेतना कार्यक्रम गरेको थियो । कार्यक्रममा विशेष गरी कोरोना भाइरस के हो ? भन्ने लगायत दैनिक क्रियाकलापमा सुधार गर्नुपर्ने कुराहरूः

- सामाजिक दुरी कायम राख्ने,
- माक्सको उचित प्रयोग गर्ने,
- खोक्दा, हाच्छियु गर्दा टिसु पेपर वा कुइनाको भित्री भागमा गर्ने,
- साबुन पानी वा सेनिटाइजरले पटकपटक हात धुने,
- अनावश्यक रूपमा हात नमिलाउने,
- आफ्ना हातहरू मुख, आँखा, नाकमा अनावश्यक नलैजाने,
- सरसफाइमा ध्यान दिने,
- हात धुने विधिहरू अपनाउने
- मानसिक रूपमा सन्तुलित रहनुपर्ने, जस्ता कुराहरू अत्यन्तै व्यवहारिक रूपमा सु-सूचित गरिएको थियो ।

सचेतना कार्यक्रममा उपस्थित धेरै व्यक्तिहरूले कोरोनाबारे तथ्यगत जानकारी पाउनुभएको थियो भने अप्रत्यक्ष रूपमा सहभागीहरू मार्फत् घरपरिवारका सदस्य र टोलसमाजका व्यक्तिहरूले जानकारी पाउनुभएको थियो । जनचेतना वा सचेतना कार्यक्रमले कोरोना भाइरस रोकथामका निम्ति समुदायलाई निकै सकारात्मक प्रभाव पारेको थियो । कोरोना भाइरस नयाँ भाइरस भएको कारण समुदायलाई जानकारी दिनुको विकल्प थिएन । जनचेतना कार्यक्रम सञ्चालन गर्नका लागि समन्वय तथा सहयोग गरिदिनु भएकोमा तानसेन नगपालिका परिवारलाई विशेष आभार व्यक्त गर्न चाहान्छौँ । यस कार्यक्रममा सम्लग्न दक्ष नर्ससहरूलाई विशेष धन्यवाद । यसबाट थाहा हुन्छ कि बिरामीको उपचारमा अपस्तालमा हुने नर्ससहरू देशमा स्वास्थ्य समस्या आइपर्दा समुदायमा सेवा दिनका लागि समेत अग्रसर हुन्छन् । यसबाट नेपाल नर्सिङ संघलाई ऊर्जा र हौसला मिलेको छ । आफूमा भएको ज्ञान, सीप समुदायमा प्रयोग गर्न पाउँदा गर्वको महसुस भएको छ । आगामी दिनमा स्वास्थ्यका सवालमा यसरी नै स्थानीय सरकारको समन्वयात्मक साथ पाइराखियोस् भन्ने लागेको छ ।

**वृद्ध सहारा आश्रम आइसोलेसन**

तानसेन नगपालिकाको सहयोग तथा युनाइटेड मिसन अस्पतालको व्यवस्थापनमा यो आइसोलेसन केन्द्र चलेको हो । पाल्पा जिल्लामै पहिलो कोरोना संक्रमित व्यक्तिलाई यस आइसोलेसनमा राखिएको थियो । युनाइटेड मिसन अस्पतालले पाल्पामै सबैभन्दा पहिलो पटक स्वास्थ्य सेवा दिने जुन निर्णय गर्‍यो यो आफैमा सन्हानीय अर्थात पुण्य कार्य थियो । कोरोना संक्रमितहरूलाई स्वास्थ्य सेवा दिइरहँदा स्वास्थ्यकर्मीहरूलाई पनि कोरोना सर्ने जोखिम उत्तिकै थियो भने आइसोलेसनमा काम गर्ने

स्वास्थ्यकर्मीहरूलाई क्वारेन्टाइनमा राख्नुपर्ने अवस्था थियो । उपचार तथा व्यवस्थापनका कारण आर्थिक रूपमा अस्पताललाई बढी भार पर्ने निश्चय नै थियो । यसका बाबजुद पनि मिसन अस्पतालले अग्रसरता देखाएकोमा सबैले तारिफ गरेको पाइन्छ । आइसोलेसन सेन्टरमा जम्मा बेड संख्या १८ थियो । यस आइसोलेसन सेन्टरमा १५ जना कोरोना संक्रमितहरूको उपचार गरी सकुशल घर पठाइएको थियो । यसका लागि अस्पतालले २१ जनाको टोली खडा गरेको थियो । जसमा डाक्टर, नर्सेस, अन्य स्वास्थ्यकर्मीहरू, सरसफाइ कर्मचारीहरू लगायत रहेका थिए । रैनादेवी छहरा, निस्दी, माथागढी, बगनासकाली गाउँपालीका तथा तानसेन नगरपालीकाका संक्रमितहरूले सेवा लिएका थिए । स्मरण रहोस् युनाइटेड मिसन अस्पतालमै संकास्पद कोरोना संक्रमित पहिलो व्यक्तिको मृत्यु भएको थियो र वहाँको पि.सि.आर रिर्पोट पोजेटिभ आएको थियो । स्वास्थ्य सङ्कटमा डटेर सेवा गर्नुहोस् अप्ठेरो परे हामी छौं भनेर तानसेन नगरपालिकाका प्रमुखले आडभरोसा थप्ने काम गर्नुभएको थियो ।

**तानसेन स्कूल अफ हेल्थ साइन्स आइसोलेसन**

तानसेन नगरपालिकाको अगुवाइमा बगनासकाली, माथागढी र तिनाउ गाउँपालिका समेतको सहयोग तथा तानसेन स्कुल अफ हेल्थ साइन्सको व्यवस्थापनमा यो आइसोलेन केन्द्र स्थापित भएको हो । यो केन्द्र अस्पताल नभई विद्यार्थीहरूलाई स्वास्थ्य शिक्षा दिने स्कूलको रूपमा स्थापना भएको संस्था हो । जुन संस्थाले आइसोलेसन राखेर कोरोना संक्रमित व्यक्तिहरूलाई सेवा गर्ने निर्णय गऱ्यो । यो आफैमा प्रशंसनीय कार्य हो । यो कामका लागि तानसेनले पहल गरेको हो । यस आइसोलेसन सेन्टरमा बेड संख्या ३० वटा रहेको थियो । यस आइसोलेसन सेन्टरमा यो सामग्री तयार पार्दासम्म ३६ जना संक्रमितहरूले सेवा लिएर घर फर्किनुभएको थियो । १ व्यक्तिको अवस्था जटिल भएको हुँदा कोरोना अस्पताल बुटवलमा रेफर गरिएको थियो । यस आइसोलेसन केन्द्रमा संक्रमित व्यक्तिको मृत्यु भएको थिएन । आइसोलेसन केन्द्रमा १० जना स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सरसफाइ कर्मचारीको टोली खटाइएको थियो ।

स्वास्थ्यकर्मीहरूले कोरोना संक्रमणको बेलामा देखाउनुभएको सहास, हिम्मत र सेवाको लागि उच्च सम्मान छ । समुदायले पनि नर्सेस लगायत स्वास्थ्यकर्मीहरूको कामको उच्च मूल्याङ्कन गरेको अवस्था छ ।

कोरोना संक्रमण रोकथामका लागि मिसन अस्पताल तानसेनकी निर्देशक डा रचेल कारखसँग सम्वाद गरी सन्देशमूलक श्रव्यदृश्य सामग्री बनाएर प्रसारण गर्ने तानसेनको कामको सबैतीर तारिफ भएको थियो । त्यसैगरी स्वास्थ्यकर्मीहरूलाई सेवामा प्रोत्साहित गर्न तानसेनमा रहेका ४ वटा अस्पताललाई व्यक्तिगत स्वास्थ्य सुरक्षा सामग्री (पिपिइ) समयमै तानसेनले वितरण गर्नाले काममा सहजता भएको थियो ।

तानसेन नगरपालिकाले सञ्चालन गरेको गरिब तथा विपन्न परिवारलाई निःशुल्क राहत, श्रममा आधारित राहत कार्यक्रमको पनि सकारात्मक चर्चा भएको पाइन्छ । तानसेन नगरपालिकाको सहयोगमा जिल्ला प्रहरी कार्यालयले टोलटोलमा कोरोना संक्रमण रोकथामका लागि माइकिङसमेत गरेको थियो ।

तानसेन नगरपालिकाले संक्रमण बढिरहेको सन्दर्भमा नागरिकलाई तपसिलका सन्देश मनन गर्न आग्रह गरेको छ :

- देशमा लकडाउन खुलेको अवस्था भए पनि कोरोनाको संक्रमण समाप्त भएको अवस्था होइन ।
- माक्सको उचित प्रयोग गर्नुपर्छ अर्थात् सही ढंगले प्रयोग गर्नु पर्दछ यो देखाउन टाउकामा वा खल्तीमा राखेर हिंड्ने होइन ।
- समयसमयमा साबुन पानीले वा स्यानिटाइजरले हात धुन नछोड्नुहोस् ।
- आफू अनुशासित रहनुहोस्, सामान किन्दा वा अन्य काममा भीडभाड नगर्नुहोस् ।
- नेपाल सरकारले जारी गरेका स्वास्थ्य मापदण्ड वा नियमहरू पालना गर्नुहोस् ।
- सामाजिक दूरी कायम गरी आफ्नो काम गर्नुहोस् ।
- बाटामा अनावश्यक रूपमा थुक्ने, सिंघान फाल्ने नगुर्नहोस् ।
- अनावश्यक घुम्ने आफ्नो बानी व्यवहारमा फरकपन ल्याउनुहोस् ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिनुहोस् ।
- आफूबाट अर्को व्यक्तिलाई कोरोना सार्ने माध्यम नबन्नुहोस् ।
- अर्को व्यक्तिबाट आफूलाई कोरोना सार्ने माध्यम नबन्नुहोस् ।
- समुदायमा कोरोना सार्ने माध्यम पनि नबन्नुहोस् ।
- परिवार समुदायमा कोरोना संक्रमण नहोस् भनेर तपाईं आफै जिम्मेवार बन्नुहोस् र जिम्मेवार नागरिकको पहिचान बनाउनुहोस् ।

*(अध्यक्ष, नेपाल नर्सिङ संघ, पाल्पा)*

# योजनाबद्ध विकास अभियानमा लाग्दै गरेको तानसेन नगरपालिका



- मुक्तिप्रसाद न्यौपाने

योजनाबद्ध विकासको श्रृङखलामा बामे सर्दै गरेको नेपालमा पछिल्लो समय कोरोना महामारीले ढाड भाँचेको छ । विकास सबै र सधैंका लागि आवश्यक छ । विश्वअर्थतन्त्रमा कोरोना महामारीले प्रभाव पारिहेको छ । नेपाल त्यसमा पनि तानसेनलाई नपार्ने भन्ने कुरै भएन । पटकपटक आइरहने विकासमा बाधक बन्ने गरेको विपद् तथा महामारीलाई दोषारोपण गरेर नियमित क्रियाकलापलाई प्रभाव पार्नु पनि हुँदैन । यस्तो समय स्थानीय सरकारले अल्पकालीनभन्दा पनि दीर्घकालीन योजना निर्माण गरेर श्रृङखलावद्ध विकासका कार्यलाई प्राथमिकता दिन योजनाबद्ध विकासको आवश्यकता परिरहेको छ ।

विकासले अवसर सिर्जना गर्दछ । भनिन्छ, विकासले प्रतिकूलता पनि निम्त्याउने गर्छ । विकास अविच्छिन्न रूपमा चलिरहने प्रक्रिया हो तर महाविपद् तथा महामारीले यसलाई अवरोध सिर्जना गर्दछ । चैत ११ गतेदेखि नेपाल कोरोनाको महामारीले 'लक डाउन' मा छ । तानसेन नगरपालिकाले जेठ मसान्तसम्म ३ सय १८ योजना सम्पन्न गर्ने गरी अगाडि बढिरहेको थियो । जेठको मसान्तसम्म सम्पूर्ण योजनाहरू सम्पन्न गर्ने र फरफारक गरी असार महिनामा कुनै पनि योजनाहरूको भुक्तानी नगर्ने कार्यतालिका थियो । ३ सय १८ वटा योजनामध्ये २ सय १९ वटा योजनाहरू चैत्रको पहिलो हप्ता अगाडि नै सम्झौता भैसकेको थियो । जुन बेला ७८ योजनाहरू फरफारक भएको थियो ।

चालु आर्थिक वर्ष २०७६/७७ को योजनामा तानसेन नगरपालिकाले यो सामग्री तयार पार्दासम्म ७८.३० प्रतिशत प्रगति गरेको छ । कोरोनाका कारणले कुनै पनि योजना पूर्ण रूपमा प्रभावित भने नभएको तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले बताउनुभयो । अहिले तानपाको योजनामा ५/७ प्रतिशत लागत थप हुने निश्चित छ । शाही भन्नुहुन्छ- "एउटा वार्षिक योजना र अर्को भैपरी आउने योजना गरेर हामीले वडागत रूपमा १९/१९ वटा योजना पास गरेका थियौं तर अहिले कतिपय वडामा २१ वटासम्म योजना सञ्चालन गर्नुपर्ने अवस्था भने आएको छ । ठेक्कामा लगाउने योजनाहरू भने ढिला भएका छन् । कोरोनाका कारण प्रभाव परेको छ । समयमा सम्पन्न गर्न सकिने अवस्था छैन । तानसेन नगरपालिकाले यो वर्ष १२ वटा मेगा परियोजना सञ्चालन गर्ने तयारी गरेको थियो । सामाजिक दूरी कायम राखेर नपाले तानसेनभित्रका कतिपय योजनाहरू लकडाउनको समयमा पनि सञ्चालन गरेको छ ।" ठूला योजनाहरू सडकमै थिए । लकडाउनको समयमा वडा नं. ९ को भालेबासदेखी लिएर पिपलडाँडा हुँदै टलकजाने बाटो । शीतलपाटी हुँदै एनआईसी एसिया बैंकसम्मको बाटोमा ढुङ्गा छाप्न काभ्रेबाट मजदूर ल्याएर काम भैरहेको छ । अर्को १ नम्बर वडाबाट चण्डीभञ्याङमा निस्कने २ वटा बाटोहरू पर्यटकीय हिसाबले बस्ती विकास हुने गरी दुईवटा समानान्तर बाटो निर्माण गरिएको नगरप्रमुख शाहीले बताउनुभयो । तानसेन-रिडी-तम्घासको बाटोमा खन्नेकाम सकिएर नालीको व्यवस्थापन गर्न थालिएको छ ।

पाल्पा जिल्लाको सदरमुकाम तानसेन पुरानै स्वरूपमा सजिन थालेको छ । भगवती मन्दिरदेखि मखनटोल हुँदै सिल्खानटोलमा रहेको एनआइसी एसिया बैंक अगाडिसम्म पहिलो चरणमा ढुङ्गा छाप्ने काम भैरहेको छ । कालोपत्रे सडक भत्काएर ढुङ्गा सोलिंग सहित प्लाष्टरगरी त्यसमाथि मार्वलजस्तै ढुङ्गा बिछ्याइएको छ । ढुङ्गा छाप्ने कामका लागि सिएम शिवालय जेभि बानेश्वरले एक करोड ८३ लाख ११ हजार ४ सय ५५ रूपैयाँमा ठेक्का लिएको छ । ठेक्कामा भएको सम्झौताअनुसार सडकमा ५ सय ८९ घन मिटर ढुङ्गा सोलिंग, ९२ घनमिटर पिसिसि र ३ हजार ८ सय ८० वर्ग मिटर सडकमा ढुङ्गा छाप्ने काम भैरहेको हो । श्रीनगरको डाँडामा निर्माण भएको ३२ मिटर अग्लो ९

तले भ्यूटावर यहाँको अहिलेको प्रमुख आर्कषण हो । जहाँबाट सुन्दर बगैचा,एकान्त वातावरणले पनि सबैको मन लोभ्याउँछ । भ्यूटावरबाट देखिने तानसेन बजार, माडीफाट, तराईका समथर भूभाग र विभिन्न हिमश्रृङ्खलाले जो कोहीलाई पनि आनन्दित बनाउँछ ।

तानपाले आयआर्जनका माध्यमबाट आत्मनिर्भर हुन चाहने नगरपालिका भित्रका उद्यमशील युवालाई युएनडिपीको सहयोगमा बैंकमार्फत् बिना धितो ऋण प्रवाह गर्ने कार्य सुरूवात गरेको छ । आर्थिक विकासका प्रमुख प्राथमिकता प्राप्त कार्यक्रमहरूमा दलित सशक्तीकरण, महिला स्वावलम्बी कार्यक्रम र युवा स्वरोजगार मुख्य रहेका छन् । समृद्धिका लागि युवाहरूलाई स्वदेशमै स्वरोजगार बनाउन कार्यक्रम अगाडि बढाइएको छ । ऐतिहासिक एवम् पुरातात्विक महत्त्वको रानीमहलको व्यवस्थापन र सञ्चालन गर्ने जिम्मेवारी १० वर्षका लागि तानसेन नगरपालिकालाई प्राप्त भएको छ । प्रदेश ५ सरकारले तानसेनको मुटुमा रहेको दरबारलाई प्रादेशिक सङग्राहलयका रूपमा स्थापना गरेको छ । तानसेन नगरपालिकाका सम्पूर्ण वडाहरूमा अनलाइन व्यक्तिगत घटना दर्ताको कार्य भएको छ । जिल्ला स्तरीय नौमति बाजा प्रतियोगिता, तानसेनसम्बन्धी फोटो प्रतियोगिता जस्ता महत्त्वपूर्ण कार्यक्रमहरू सम्पन्न भएका छन् ।

प्रदेश ५ सरकार र यूके एआइडी सीप परियोजनाको सहयोग तथा पाल्पाली ढाका संघको सहकार्यमा 'ढाका परियोजना' सम्बन्धी सम्झौता भएर कार्यक्रम अगाडि बढेको छ । तीन वर्षे परियोजनाअन्तर्गत १५ सय युवालाई स्वरोजगार बनाउने लक्ष्य छ । कार्यक्रममा ढाका बुन्ने, स्वरोजगार बुनाई गर्नेहरू, प्राविधिक डिजाइन र सिलाईकर्ता गरी १५ जना सहभागी हुने छन्। करिब ५ करोडको लगानीमा यो परियोजना सञ्चालन भएको छ । विदेशबाट फर्केर आएका युवाहरूसँग जे सीप छ त्यही गर्न लगाएर उद्यमशील बनाउने कार्यमा नगरपालिका लागि परेको छ । यसका लागि चालु आर्थिक वर्षभित्रै एक सय युवालाई उद्यमशीलता प्रवर्द्धनका लागि काम भैरहेको छ ।

स्रोतसाधनको कमी तथा मानवस्रोतको कमी हुँदाहुँदै पनि तानसेन नगरपालिकामा धेरै कामहरू सम्पन्न भएका छन् । हिँजोको तानसेनभन्दा अहिले तानसेन बृहत् भएको छ । हरेक वडा कार्यालयमा बसमा पुग्न सकिने सडक बिस्तार भएको छ । खानेपानीलाई नियमित गर्न नगरपालिका क्रियाशील छ । नगरबासीलाई तानसेन खानेपानी उपभोक्ता समिति मार्फत् मासिक शूल्कमा प्रति घर रू. १ सय राहतसमेत दिएको छ । तानसेनको वास्तविक स्थिति पत्ता लगाउन नगर पार्श्वचित्र तयार पारिएको छ । तानसेनलाई डिजिटलाइज गरी कसको घरमा कतिवटा शौचालय छ, धारा छ, कस्तो प्रकारको घर हो भन्ने तथ्याङ्क नपासँग छ । वैज्ञानिक पद्दतिअनुसार एकीकृत दीर्घकालीन योजना बनाइएको छ । बसपार्क निर्माणका लागि निर्माण कार्य अगाडि बढ्दै छ । संस्कृति जगेर्ना गर्न सांस्कृतिक डबली निर्माण कार्य अगाडि बढेको छ । अन्तर्राष्ट्रिय सेमिनार हल निर्माणका लागि अगाडि बढेको छ । श्रीनगरमा **'बिग बुद्ध'** निर्माण गरेर राख्ने तयारी छ । यसका लागि ३५ देखि ४० करोड लाग्छ । नगरप्रमुख शाही भन्नुहुन्छ- "हाम्रो स्रोतले मात्र पुग्दैन तर हामी स्रोत जुटाउँछौं भनेर लागि राखेका छौं ।" ढाकालाई राष्ट्रिय ब्राण्डको रूपमा स्थापित गरिएको छ । बेरोजगारहरूलाई अल्पकालीन रोजगारी तथा दीर्घकालीन रूपमा उद्यमी बनाउने गरी तानसेन नगरपालिका अगाडि बढेको छ ।

तानसेनले पब्लिक-प्राइभेट-पार्टनरसिपको ऐन निर्माण गरेको छ । यसमा ४५ वटा परियोजना सञ्चालन गर्न सकिने सम्भावना पत्ता लगाई १२ वटा परियोजना अगाडि बढाएकोमा ७ वटामा आशयपत्र परिसकेको छ । सरकार भनेको व्यवसाय गर्ने संस्था होइन, नगरप्रमुख शाही भन्नुहुन्छ- "हामीले जनमुखी व्यवसाय गर्ने आधार तयार पारिदिने हो । अहिलेको ऐन कानूनले दिएका कुराहरूलाई बृहत्तर उपयोग गर्ने किसिमले तानसेन नगर अगाडि बढेको छ । बाहिरका लगानीकर्ताहरू तानसेन भित्रन तर्सिने अवस्था थियो, तर ठूला लगानीकर्ता पनि अब तानसेन जानुपर्छ भन्ने अवस्था सिर्जना गर्दैछौं ।"

**अहिलेको योजना ?**

पर्यटकीय उद्योगहरूको विकास, पर्यटनमा मौलिकता तथा सांस्कृतिक सम्पदाको संरक्षण गरिँदैछ । (TACT) ट्याक्ट गठन गरेर पर्यटनका लागि काम गरिँदैछ । शिक्षाको केन्द्र बनाउन

बिएस्सी नर्सिङ्का लागि तानसेन नपा र मिसनको नर्सिङ स्कुल मिलेर सञ्चालन गर्ने योजना छ । साबिक १२ नम्बर सेतीपोखरीमा वर्कसप सञ्चालन गरेर त्यहाँ परम्परागत रूपमा बन्ने गरेका तामाका भाँडाहरू निर्माण गरी अन्तर्राष्ट्रिय बजारसँग सम्बन्ध स्थापित गराउने र युवाहरूलाई स्वरोजगार बनाउने कार्य हुँदैछ ।

**यसरी विकास हुँदैछ श्रीनगर**

तानसेनको मुकुटको रूपमा रहेको श्रीनगर विकास गर्न नगरपालिका आँफैले व्यापार गरेर फस्न हुन्न भन्ने मान्यता अगाडि बढाएको छ । जसअनुसार तीन किसिमबाट श्रीनगरलाई व्यवस्थित गर्न लागि परेको छ । एउटा बिग बुद्ध, दोस्रो सेनकालीन वस्तुको अवस्था चित्रण गर्ने र तेस्रो एग्रो फरेष्टीको रूपमा विकास गर्ने गरी अगाडि बढेको पाइएको छ ।

**बिग बुद्ध**

८० फिटको बुद्धको मूर्ति बनाउने जुन कमलको फूलको आशन सहित १ सय ५ फिट हुन्छ । बुद्धको आठ उपदेश दिने आठ शिक्षाका कोण बनाइन्छ । जुन विभिन्न भाषामा हुन्छ । वरपर एउटा सुन्दर बगैंचा निर्माण हुन्छ । तल लामो सिंढी चढेर बिग बुद्धमा पुग्न सकिने गरी निर्माण गरिने छ ।

**सेनकालीन वस्तुस्थिति**

श्रीनगरको पूरा भागमध्ये २ सय ८ रोपनीमा सेनकालीन अवस्थालाई चित्रण गरी विभिन्न ऐतिहासिक तथा सांस्कृतिक वस्तुहरू दर्शाउने योजना रहेको छ ।

**एग्रो फरेष्टीः**

दुई हजार ओखरको बोट लगाइएको छ । सल्लाबाट खास आम्दानी नहुने भएपछि नगरपालिकाले ओखर लगाउने, भएका जडिबुटी संरक्षण गर्ने र महत्वपूर्ण जडिबुटी लगाउने गरी अगाडि बढेको छ । प्राकृतिक रूपमा रहेको अवस्थालाई नखल्बल्याइकन संरक्षणको पहल अगाडि बढ्दै छ ।

**समस्याको विषय**

५ करोडभन्दा बढी लागत लाग्ने टुँडिखेल व्यवस्थित बनाउने कुरा नगरपालिकाले अगाडि बढाएको छ । फुटवल ग्राउन्डबाहेक बाहिरको कामका लागि ५ करोड रूपैयाँको काम हुन नसकेपछि नगरपालिकाले टुँडिखेलको योजनालाई टुक्राएर दुईवटा बनाएर काम सक्ने सोंच बनाएको बुझिन्छ । तीन वर्षभित्र सम्पन्न गर्ने गरी थालिएको कार्य गर्ने क्रममा समयमै ठेकेदार नआएपछि निर्माणको समय लम्बिने निश्चित् प्रायः छ । एक करोडभन्दा बढीका योजना उपभोक्ता समितिले गर्न नपाउने भएकोले पनि समस्या हुने गरेको बताइएको छ ।

फास्टट्राकको रूपमा रहेको महत्वाकांक्षी योजना बौघागुम्हादेखि कालीगण्डकी करिडोर जाने योजनामा काम हुन सकेन । टेन्डर भयो, सम्झौता भयो तर ठेकेदारले काम गरेन ।

तानसेनमा काम सुरू हुनुभन्दा अगाडि नै प्रायः मुद्दा पर्ने गरेको छ । मेगा परियोजनाहरूमा ठेकेदारहरूको स्वार्थ बाझेर हो वा अन्य केही कारणले । सुरू भएपछि भष्ट्राचार भयो भने अन्यथा मान्नुपर्ने थिएन होला तर सुरू हुन अगाडि नै काम बिफल पार्ने गरी मानिसहरू लागि परिरहन्छन् । तानसेनमा १८ वटा योजनामा मुद्दा परेको थियो । जसमा १२ वटामा सफाई पाइसकेको छ । बेतुकका मुद्दासमेत पर्छन् । मानिसलाई टर्चर गरेर मजा लिने खालको प्रवृत्ति पनि छ । कति योजना कुन हो, लागत कति हो थाहा नभई पनि मुद्दा हाल्ने गरिएको शाहीले बताउनुभयो । व्यक्तिभन्दा प्रवृत्ति बाधक हुँदो रहेछ । जागरूक नागरिक भनेर बेतुकका उजुरी हालियो ।

तानसेनमा सोंचे अनुसार विकास भएको छ भन्नेमा तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ भन्ने प्रश्नमा तानसेनका नगरप्रमुख अशोककुमार शाही भन्नुहुन्छ- "विकासमा सन्तुष्ट हुने हो भने त मान्छे पछाडि पर्छ । विकास भनेको सन्तुष्ट हुने चिज नै होइन । हाम्रो हिंजो बाटो थिएन तर आज २ सय ५० किलोमिटर भन्दाबढी बाटो बनायौं, त्यसैमा सन्तुष्टि भएर बस्ने कुरा त भएन । हिले बाटोमात्रले भएन । पिच बनाउन पर्यो । पिचमात्र भएर नपुग्ला नाली व्यवस्थापन तथा अन्य कुराहरू होलान् । विकास भन्ने कुराको अन्त्य नै हुँदैन । म साँच्चै भन्ने हो भने सन्तुष्ट छैन । यहाँ धेरै गर्नुपर्ने छ । धेरै गर्ने इच्छाशक्ति हामीमा छ त्यो इच्छाशक्तिलाई प्रयोग गरेर हामी गर्न सक्छौं ।"

**कोरोना महामारी नियन्त्रणमा तानसेन**

तानसेन नगरपालिकाका नगरप्रमुख शाही भन्नुहुन्छ- "तानसेन नगरपालिका चीनको बुहान शहरमा कोभिड-१९ को समस्या देखिनासाथ सचेतनताका साथ अभियानमा लागेको हो । चीनको लसान नगरपालिकासँग हाम्रो भगिनी सम्बन्ध स्थापना भएको थियो । त्यहाँबाट विभिन्न आर्टिकलहरू लिएर माघ २४ गते उनीहरूलाई ऐक्यवद्धता जाहेर गरियो । लकडाउन सुरू भएपछि हामीले नगरस्तरीय समितिहरू र वार्डस्तरीय समितिहरू निर्माण गरेका थियौँ । त्यसपछि पर्चा, पम्पलेट, व्यानर र पोष्टरहरू पनि व्यापक रूपमा वितरण गरिएको थियो । यससँगै अग्रपंक्तिमा काम गर्ने तानसेन नगरपालिकाका पदाधिकारीहरू, तानसेन नपाका स्वास्थ्यकर्मीका लागि पहिलो र दोस्रो चरणका लागि प्रशिक्षण तालिम प्रदान गरियो । कोरोना भाइरस के हो? कसरी सर्छ, कसरी पर्सनल हाइजिन मेन्टेन गर्ने भन्ने छलफलसहित ३ पटकमा एक सय लिटर बढी सेनिटाइजर वितरण गरियो । सँगसँगै वडावडामा साबुनपानीको व्यवस्था गरियो ।"

प्रारम्भिक चरणका क्रियाकलापपछि कोरोनाका शंका लागेका व्यक्तिलाई कसरी व्यवस्थापन गर्ने भनेर अगाडि बढेको तानसेन नगरपालिकाले जनाएको छ । शाही भन्नुहुन्छ- '५० बेडको क्वारेन्टाइन बनायौं । स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सामाजिक परिचालक, सरसफाइकर्मी सबै मानसिक रूपमा आतङ्कित भएको पाएपछि हामी उनीहरूलाई सचेतीकरण तथा आवश्यक सुरक्षात्मक व्यवस्थाका लागि पिपिई खीरद गर्यौं । वडाका स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था, लुम्बिनी मेडिकल कलेज, पाल्पा जिल्ला अस्पताल, युनाईटेड मिशन अस्पताल, आँखा अस्पताल, पत्रकार महासंघ पाल्पालाई पिपिई, सेनिटाइजर र मास्क प्रदान गर्यौं । घरघरमै गएर स्वास्थ्य परीक्षण पनि गर्‍यौँ ।"

नगरप्रमुख शाही भन्नुहुन्छ,- "स्थानीय सरकारको पहिलो उद्देश्य मानिसहरूको जिउज्यान जोगाउने भएकोले गरिब, अशक्त तथा विपन्न करिब १ हजार ७ सय घरधुरीमा लकडाउनका कारण छाक टार्न समस्या भएको भनेर हामीले खाद्यान्न वितरण गर्‍यौँ । निम्न मध्यम वर्गलाई सुपथ मूल्यमा चामल, नुन र आटा वितरण भएको छ । जुन २५ प्रतिशतभन्दा बढी सस्तो हुनेगरी करिब ५ हजार घरपरिवारलाई पुर्‍याइएको छ । खेतीपाती नगरी बस्दा खाद्यान्न अभाव हुन सक्छ भनेर बीउबीजन वितरणलाई युद्धस्तरमा सुरू गरिएको छ । जसमा मकैको बीउ, तरकारीको बीउ तथा घाँसको बीउ ५० प्रतिशत अनुदानमा २ हजार ५ सय घरपरिवार कृषकहरूलाई वितरण गरिएको छ । गुणस्तरीय धानको बीउको लागि माग संकलन गरेर वितरण गर्दैछौं । मलको अभाव हुन नदिन र मूल्य उच्च हुन नदिन कुन स्थानमा कति मूल्यमा वितरण गर्ने भनेर मूल्य निर्धारण गरिएको छ ।"

**नेपालमै पहिलो कृषि एम्बुलेन्स**

किसानको बारीमा फलेको तरकारी खेतमै कुहिन नदिन तथा बजारमा महामारीको समयमा तरकारी आपूर्तिलाई नियमित गर्न उत्पादन स्थलबाट जतिमा खरिद गरेर ल्यायो त्यतिमै उपभोक्ताहरूलाई वितरण गरी दोहोरो भूमिका तानसेनले निर्वाह गरेको थियो ।

तानसेन नगरपालिकाद्वारा गठित तानसेन नगर युवापरिषद्ले मदनपोखरामा उत्पादित तरकारी बजारसम्म ल्याएर गरेको थियो । मदनपोखराका किसानहरूको तरकारी मदनपोखरा सङ्गम बहुउद्देश्यीय सहकारीले सङ्कलन गरी तानसेन नगर युवापरिषद् मार्फत बिक्री वितरण गरिएको हो ।

अन्तत, सिद्धार्थ लोकमार्ग सडक सञ्जालको पहुँच तानसेन हुँदै अरू जिल्लामा पुग्न थालेपछि तानसेनको व्यापारमा भएको एकाधिकार टुट्न गयो । शिक्षा, स्वास्थ्य र पर्यटनका अवसर अरू ठाउँमा पनि उपलब्ध हुन थाले । जसलाई पछिल्लो पटक भएका सकारात्मक प्रयासबाट तानसेन नगरपालिकाले साख फर्काउने कार्यमा लागेको छ ।

(तानसेन नगरपालिकाका प्रमुख अशोक कुमार शाहीसँगको अन्तर्वार्तामा आधारित)

*(पत्रकार)*

# कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणमा तानसेन नगरपालिकाको प्रयास



- नारायण न्यौपाने

तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि नगरपालिकाले सबै शक्ति प्रयोग गरेको बताउनुभएको छ । जिल्लाको सदरमुकाम पनि भएकाले कोरोना नियन्त्रणमा आफुहरूको भूमिका थप मजबुत हुनुपर्छ भन्ने आफूले बुझेर काम गरेको वहाँको भनाइ छ । जस्तोसुकै परिस्थितिमा पनि अग्रभागमा रहेर काम गर्नुपर्ने स्वास्थ्यकर्मी र सुरक्षाकर्मी लगायतलाई उच्च प्राथमिकतामा राखेर जनताको सेवा गर्ने वातावरण आफूहरूले बनाएको शाहीले बताउनुभयो । वहाँले भन्नुभयो-"केन्द्र र प्रदेशको अनुरोध तथा निर्देशन पालना पनि गर्दै स्थानीय जनताको हितमा काम गऱ्यौं । नेपाल सरकारद्वारा जारी गरिएको निर्देशिका बमोजिम तानसेन नगरपालिकाका नगरप्रमुखको संयोजकत्वमा नगरस्तरीय समन्वय समिति गठन गरेका छौं, वडावडामा पनि समिति बनाइएको छ । नगरपालिकाको बजार क्षेत्र, क्वारेन्टाइन क्षेत्र तथा फोहरजन्य क्षेत्रमा सरसफाइ तथा निसंक्रमण गर्ने कार्य जारी छ । वडावडामा रहेका हाम्रा सदस्यहरूसँग सम्पर्कमा रहने र स्थानीयको समस्या समाधान गर्ने कामलाई पनि हामीले निरन्तरता दिएका छौं ।"

प्रचारात्मक गतिविधि र रोकथामलाई बढी प्राथमिकतामा राखेर काम गरेको बताउँदै नगरप्रमुख शाहीले समाजमा चेतना छर्नु जरूरी ठानेको औँल्याउनु भयो । "तानसेन नगरपालिका र युनाइटेड मिसन अस्पताल तानसेनको संयुक्त आयोजनामा नगर कार्यपालिकाका पदाधिकारीहरू, नगरपालिकाका स्वास्थ्य चौकी प्रमुख, शाखा प्रमुख, वडा सचिवहरूको लागि नोवेल कोरोना भाइरसको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी टोल टोलमा जनचेतना फैलाउने काम गरेका छौं । बजारमा हुने सम्भावित भिडभाड रोक्न पनि नगरपालिकाले जिल्ला प्रहरी कार्यालयसँग समयसमयमा छलफल तथा अन्तरक्रिया गरेको छ । नगरी प्रहरीमार्फत् नगरपालिकाको गतिविधिबारे जानकारी लिई भीडभाड नियन्त्रणका लागि समेत काम गरेको छ ।" नगरप्रमुख शाहीले भन्नुभयो ।

कोरोना भाइरसबारे धेरै कुरा अनुसन्धानमै रहेको र कुनै औषधि नभएकाले निश्चित दूरीमा बस्न र स्वास्थ्यको ख्याल गर्ने कुरालाई जनतामाझ बुझाउन ध्यान दिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज बेल्बासेले बताउनुभयो । "कोरोनाबाट बँच्न सावधानी अपनाउनुको विकल्प छैन" बेल्वासेले अगाडि भन्नुभयो-" नगरपालिकाले कोरोना नियन्त्रणका लागि जनचेतना जगाउन पोस्टर ब्यानर तथा सूचना सामग्री बनाउनुका साथै सञ्चार माध्यममार्फत् सार्वजनिक सन्देश प्रकाशन तथा प्रशारण गरेको छ ।" बेल्बासेले थप्नु भयो-"नेपालमा कोरोना भाइरसको जोखिमका बारेमा बहस हुँदा नै तानसेन नगरपालिकाले विशेष समिति बनाई जनचेतनामूलक कार्यक्रम शुरू गरेको थियो । तानसेन नगरपालिका स्वास्थ्य शाखाको आयोजना र युनाइटेड मिसन अस्पताल तानसेन पाल्पाको प्राविधिक सहयोगमा तानसेन नगरपालिकाभित्रका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरू (सी.अ.हे.व., एच.ए. र सी.एम.ए.) को लागि नोवेल कोरोना भाइरसबाट कसरी सुरक्षित स्वास्थ्य सेवा प्रदान गर्ने भन्ने बारेमा अभिमुखीकरण कार्यक्रम भएको थियो । नगर पालिकाले युनाइटेड मिसन अस्पतालबाट कोरोनासम्बन्धी ज्ञान भएका चिकित्सक तथा प्राविधिकबाट नगरपालिकाका कर्मचारी र वडा अध्यक्षलाई समेत जानकारी दिएको थियो । वहाँहरू मार्फत् समुदायमा छिटो सन्देश जाने विश्वास गरेर हामीले यो काम गरेका थियौं । "



दुर्गा ब. थापा

तानसेन नगरपालिकाले कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन गरेको जानकारी गराउदै बरिष्ठ कार्यक्रम अधिकृत तथा नगरपालिकाका सूचना अधिकारी दुर्गाबहादुर थापाले सोही



उपप्रमुख, प्रवक्तासहित घरमै पुगेर स्वास्थ्य अवस्था सोध्दै स्वास्थ्य शाखा प्रमुख झविन्द्र न्यौपाने

कोषमार्फत् कोरोनाको क्षेत्रमा थप काम गरेको बताउनुभयो । थापाले, प्रत्येक वडा कार्यालय तथा स्वास्थ्य चौकीलाई धारावाला वाल्टी र साबुन उपलब्ध गराई हात धुने तौर तरिकाबारे प्रचारप्रसार गरिएको, नगर क्षेत्रमा रहेका स्वास्थ्य चौकीहरूमा फिवर जाँच क्लिनिक सञ्चालन गरिएको जानकारी दिनुभयो । थापाका अनुसार, 'ता.न.पा.को अग्रसरता र नेपाली सेना (गोरखदल गण) को समन्वयमा ता.न.पा.-६ को बसपार्क र ता.न.पा.-७ को प्रभास क्षेत्रमा हेल्थ डेस्क स्थापना गरी बाह्य क्षेत्रबाट आएका मानिसहरूलाई स्वास्थ्यसेवा र जनचेतनामूलक सेवा प्रदान गरिएको थियो । नगर कार्यपालिकाका पदाधिकारी र कर्मचारीहरूलाई सेनिटाइजर निर्माणसम्बन्धी अभिमुखीकरण कार्यक्रम गरी आवश्यक ज्ञान, सीप प्रदान गरिएको थियो । सुरूमा तानसेन वडा नं. ६ को जनप्रिय मा.वि.मा ५० बेड क्षमताको क्वारेन्टाइन निर्माण गरिएको थियो । नेपाल सरकारले लागू गरेको लकडाउनको अवधिका लागि नगरवासीको स्वास्थ्य अवस्था अनुगमन गर्न र जनचेतनाका सन्देश प्रवाह गर्नको लागि नगरपालिकाको वित्तीय व्यवस्थापनमा जिल्ला प्रहरी कार्यालय, पाल्पाबाट परिचालन हुने गरी एक वटा भाडाको जीप उपलब्ध गराइएको थियो । बाह्य मुलुकबाट आएका नेपाली नागरिकहरूको स्वास्थ्य परीक्षण गर्न आवश्यक स्वास्थ्यकर्मीहरू परिचालन गरिएको छ । नगरपालिकाको वित्तीय सहयोगमा तानसेन नर्सिङ्ग एसोसियसनमार्फत् नगरका वडास्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो ।" नेपाली सेनाको सहयोगमा क्वारेन्टाइनको स्तरवृद्धिको लागि निरीक्षण गरी आवश्यक कार्य प्रक्रिया अगाडि बढाइएको, युनाइटेड मिसन अस्पताल तानसेन पाल्पासँग सहकार्यमा स्थानीय बृद्धआश्रम भवनमा आइसोलेसन कक्ष निर्माण गरिएको थापाले बताउनुभयो ।

तानसेन नगरपालिकाले न्यून आर्थिक अवस्था भएका नागरिक लक्षित निःशुल्क राहत सामग्री बितरण कार्यक्रम सञ्चालन गरेर स्याबासी पाएको थियो । यसैगरी निम्नमध्यम वर्गका नागरिकलाई थोरै भए पनि सहयोग पुगोस् भनेर २५ प्रतिशत लागत मूल्यको अनुदानमा खाद्यान्न (चामल, आटा र नुन) वितरण गरेको थियो । पाल्पाका पालिकाहरूसँग समन्वय गरेर



त्रिभुवन बहुमुखी क्याम्पसअन्तर्गत विज्ञान संकायको भवन बतासेडाँडामा विदेश तथा अन्य जिल्लाबाट घर फर्किएका नागरिकलाई राख्न तानसेनले होल्डिङ क्वारेन्टाइन सञ्चालनको नेतृत्व गरेको थियो । तानसेन-१३ का वडाअध्यक्ष टुकप्रसाद भट्टराई संयोजक रहेको उक्त क्वारेन्टाइनमा १० वटै पालिकाका नागरिकलाई रहने व्यवस्था गरिए पनि व्यवस्थापकीय त्रुटिका कारण केही आलोचनासमेत भएको थियो । यसैगरी तानसेन नगरपालिकाको नेतृत्वमा छिमेकी पालिकाहरू बगनासकाली, माथागढी र तिनाउसँग सहकार्यमा नर्सिङ क्याम्पसको छात्राबास र भुसलडाँडा माविको भवनमा आइसोलेसन कक्ष सञ्चालन गरेको संयोजक तथा तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज बेल्बासेले बताउनुभयो ।

*(पत्रकार)*

# कोरोना कहरका बाबजुद तानसेनमा हरित बसपार्क निमार्ण हुँदै



- सुमन कार्की

नेपालको पुरानो मध्येको एक तथा प्राचीन सहर पाल्पाको सदरमुकाम तानसेन चर्चित भए पनि व्यवस्थित बसपार्कको अभावका कारण अस्तव्यस्त बनेको थियो । नगरमा पछिल्लो समय व्यवस्थित बसपार्कको निर्माणले गतिलिन थालेको छ । अब तानसेनमा बसपार्क बन्छ भन्ने निश्चित भएको छ ।

इतिहासमा पश्चिम नेपालको प्रशासनिक केन्द्रका रूपमा रहेको तानसेन  राणाकालीन र पञ्चायतकालीन समयसम्म व्यापारिक केन्द्रको रूपमा समेत परिचित थियो । दिनप्रतिदिन बढ्दो सवारी साधनको चापका कारण  तानसेन-६ मा विगतमा निर्माण भएको बसपार्क साघुँरिदै जाँदा सवारी दुर्घटनाको  सम्भावना बढ्नुका साथै सवारीसाधन पार्किङ अस्तव्यस्त हुँदै गयो । नगरपालिका कार्यालयको आँगनको रूपमा रहेको टुँडिखेलमा सवारीसाधन पार्किङ गर्ने काम बढेपछि जनप्रतिनिधि समेत आलोचित बन्न पुगे ।

लामो समय बसपार्क निर्माणस्थल छनौट हुन नसकेर विलम्ब भयो । व्यवस्थित बसपार्क निर्माणका लागि स्थान छनौट हुन नसक्दा विदेशी दातृ निकायबाट विनियोजित अनुदानवापतको करोडौं रूपैयाँ फिर्ता भएको अवस्था थियो । पछिल्लो समय स्थानीय निकायमा जनप्रतिनिधि आएपछि नगरप्रमुख अशोककुमार शाहीको पहलमा तानसेनको वनदेवी सामुदायिक वनमा करिब एक सय रोपनी जग्गामा सुविधा सम्पन्न बसपार्क निर्माणका लागि प्रारम्भिक कार्य थालनी गरिएको छ ।



रूख कटानपछि तानसेन-५, स्थित बसपार्क निर्माण स्थल



बसपार्क निर्माण स्थल नक्साङ्कन गर्दै नगरपालिकाका प्राविधिक शिव पराजुली

नेपाल सरकार वन मन्त्रालयले तानसेन नगरपालिकालाई सल्लाका बोट कटान गरी अत्याधुनिक हरित बसपार्क टर्मिनल निर्माणका लागि करिब एक सय रोपनी क्षेत्रफल जमिनको स्वामित्व हस्तान्तरण गरेपछि कोरोना संक्रमणका कारण शुरू भएको बन्दाबन्दीको अवस्थामा पनि वनमा भएका रूख कटान गरी निर्माण कार्यको प्रारम्भिक कार्यरम्भ गरिएको हो ।

अहिले सबैको चासोको विषय रहेको अत्याधुनिक हरित बसपार्क टर्मिनलको काम धमाधम भैरहेको र वन क्षेत्रमा रहेका सल्ला १ हजार बढी रूखको कटान र व्यवस्थापनको कार्य भएको छ । बन्दाबन्दीको समयमा सवारी साधनहरू समेत अत्यन्तै



रूख काट्न सुरूगर्दै नगरप्रमुख

न्यून रूपमा सञ्चालन हुँदा रूख कटान गर्नसमेत सहजहुने, त्यसैमाथि दूरी कायम गरी यस्ता ठूला आयोजनाहरू सञ्चालन गर्नुपर्ने भएकाले यो अवसरलाई प्रयोग गरिएको तानसेन नगरप्रमुख अशोक कुमार शाहीले बताउनुभयो ।

निर्माणको प्रारम्भिक चरणमा रहेको बसपार्क सञ्चालनमा आएपछि त्यस आसपासमा ससाना ग्यारेज सम्बन्धी उद्योग, पेट्रोल पम्प, यातायात मजदुरको सुबिधाका लागि होटलसहितको सुविधा सम्पन्न संरचना बन्ने तानसेन नगरप्रमुख शाहीले जनाउनुभयो ।

सिद्धार्थ राजमार्ग (हाल लोकमार्ग) अन्तर्गत बुटबल-तानसेन सडकको निर्माण कार्य पूरा भए पछि तानसेनमा बसपार्क निर्माण भएको थियो । चार दशक अगाडि निर्मित बसपार्कमा बढ्दो जनसख्याँसँगै तानसेनमा सवारी साधन पनि बृद्धि हुँदै गएपछि वैकल्पिक बसपार्कको आवश्यकता भएको र यो बन्दाबन्दीकै क्रममा काम थालनी गरिएकोमा खुसी व्यक्त गर्दछन् स्थानीय बासिन्दाहरू ।

जिल्ला वन कार्यालय र नगरपालिकाको समन्वयमा बस टर्मिनलको लागि काम थालनी भएको र वनदेवी सामुदायिक वन रहेको र मिलीजुली सामुदायिक वनअन्तर्गत पर्ने यस वन क्षेत्रमा नगरपालिकाले वनको सट्टाभर्नास्वरूप १०० रोपनी खाली जग्गा मिलीजुली सामुदायिक वन उपभोक्ता समितिलाई उपलब्ध गराउने र कटान भएका रूखहरूलाई वन ऐन नियममा रही विक्रीवितरण गरिने जिल्ला वन कार्यलयका वन प्राविधिक तिलकराम घिमिरे बताउनुहुन्छ । सोधभर्नाको लागि जग्गाको व्यवस्था गरिएको नगरप्रमुख शाहीले बताउनुभयो ।



तानसेनमा व्यवस्थित बसपार्क टर्मिनलको निर्माणको काम सम्पन्न भएपछि सवारी साधन अलपत्र अवस्थामा पार्किङ्ग गर्नु पर्ने समस्यासमेत हट्ने छ । यससँगै पाल्पा तानसेनको सुन्दरता बढ्नुका साथै बजारमा चहलपहल हुने तथा पर्यटन विकासमा समेत थप टेवा पुग्ने देखिन्छ ।

*(पत्रकार)*

# कोरोनाकालमा किन हिंडे तानसेनका जनप्रतिनिधि ?



- सुमन गैरे

कोरोनाको त्रासले दैनिक क्रियाकलाप अस्तव्यस्त बनेको छ । लकडाउनपछि सबै घरभित्रै बस्नुपर्ने स्थिति आयो । यो सब आफ्नै स्वास्थ्यका लागि थियो तर स्वास्थ्यकर्मी, सुरक्षा निकाय लगायत सरकारले अत्यावश्यक ठानेका संघ-संस्था तथा कार्यालयलाई भने जनताको हितमा काम गरिरहनु परेको थियो र छ । अझ जनताले ताल परे ताली र झोक चले गाली दिने जनप्रतिनिधिलाई जनताको घरदैलोमा नपुगी सुख थिएन । किनकि जनताहरूले यस्तै संकटको बेलामा उनीहरूले गरेको काम र व्यवहारको मूल्याङ्कन गरेका हुन्छन् । जनताको सेवा र स्वास्थ्य सुरक्षामा लागिपर्दा कहिलेकाँही घरपरिवार समेत बिर्सिएको तानसेन नगरपालिकाका मेयर अशोककुमार शाहीले बताउनुभयो । शाही भन्नुहुन्छ- "हेर्नुस घरकाले पनि बिर्सन लागे होलान, पहिला त कति पो हिंड्न पर्दथ्यो र ? अहिले यो विपतको बेलामा हाम्रो ध्यान भनेको नै कसरी जनतालाई सुरक्षित बनाउन सकिन्छ भन्ने हो ।" संकटको समयमा आफ्नो भूमिकालाई राम्रोसँग प्रस्तुत गर्नुपर्ने भएकाले दौडधुप गर्नुपरेको तानसेन नगरपालिकाका नगरप्रमुख शाहीले बताउनुभयो ।

शाहीले पंक्तिकारसँग भन्नुभयो- "नगरबासी लकडाउनमा भएका कारण उहाँहरूको व्यवस्थापन चुनौतीपूर्ण हुन्छ । यस्तो लकडाउनमा बस्नुपरेको हामी सबैका लागि पहिलो अनुभव हो । कोरोनाबाट बँच्नका लागि सुरक्षा अपनाउने कुरा त भैहाल्यो खाद्य वस्तुको उपलब्धताका लागि हामी लागिरहनु परेको छ । सबै गुनासाहरू सुन्नुपर्ने भएकाले सबैसँगको सम्पर्क र थप कामको अनुगमनमा समेत हामीले समय दिनुपर्छ । मानिसहरू बाहिरबाट आए भने नै कोरोना आएजस्तो गरेर



व्यवहार गर्छन । हामीले एउटा क्वारेनटाइनमा खाना बनाउन राखेको मान्छे जाँदा कोरोना आयो भनेछन् । ती भाइहरू दुःख मान्दै गुनासो गर्न आइपुगे । सम्झाएर पठायौँ । यो सबै सम्हाल्नु छ हामीलाई । जनताको मनोबल उच्च बनाउनका लागि हामीले काम गनुपर्ने हुन्छ । यो बेलामा जनताले राम्रोसँग बुझेका छन् स्थानीय सरकारको आवश्यकता अनि महत्त्वको बारेमा ।"

मेयर शाहीले कोरोना संक्रमण रोकथामका लागि स्वास्थ्यकर्मीले गर्नुपर्ने कामसमेत जनप्रतिनिधिले नै गर्नुपरेको बताउनु भयो । शाहीले काम सम्झदै भन्नुभयो- "सङ्कटका बेलामा त जे पनि गर्नुपर्ने हुन्छ । नगर डिसइम्फेक्ट गर्ने काममा पनि हामीले कर्मचारीलाई सघायौं, विभिन्न टोलबस्तीमा पुग्यौं । लकडाउनका समयमा गरिब तथा निम्न आयस्तरका मानिसहरू, ज्याला मजदुरी गरेर खाने श्रमिकहरू सबैभन्दा प्रभावित बने, उनीहरूलाई राहतको व्यवस्थापन गर्न, लगत संकलन गर्नुपर्ने थियो । त्यसैगरी कामका लागि विदेशमा रहेकाहरू फर्केपछि कोको फर्कनुभयो त्यसको लगत राख्ने, स्वास्थ्य जाँच गर्ने काममा समेत उपप्रमुख लक्ष्मीदेवी पाठकको अगुवाइमा जनप्रतिनिधि र कर्मचारी साथीहरू घरघर पुग्नु भयो । जनताले उत्पादन गरेका कृषिजन्य सामग्री बिक्रीवितरणका लागि पनि हामीहरू उहाँहरूको खेत बारीमा पुग्नुपर्ने अवस्था थियो । राहत पुग्यो, पुगेन, स्वास्थ्य परीक्षण भयो भएन भनेर हामीले चासो लियौँ । यी विभिन्न कारणबाहेक हामी यो समयमा हिँडनुपर्ने अरू कुनै कारण थिएन । कोरोना संक्रमणको डर त हामीलाई पनि छ नि, तर डर छ भनेर जनप्रतिनिधि हात बाँधेर काम नगरी बस्न मिल्दैन । नगरबासीलाई पहिलो जवाफ दिने निकाय नै हामी हौँ । यसर्थ सङ्कटका बाबजुद हामी हिँडिरहेका छौं ।"

तानसेन नगरपालिका वडा नम्बर-६ का वडाअध्यक्ष सागरमान महर्जनले आफ्नो वडास्थित जनप्रिय माध्यममिक विद्यालय बर्तुङमा नै नगरपालिकाले स्थापना गरेको पहिलो क्वारेनटाइन भएको र त्यसको दैनिक रेखदेख गर्नुपर्ने भएकाले व्यस्त भैरहनु परेको बताउनुभयो । अन्यथा अनावश्यक रूपमा त यस्तो बेलामा किन कुदिरहने ? वडाबासीको सेवाका लागि हिँडने कुरा हो ।" महर्जनले भन्नुभयो । त्यस्तै नगरपालिकाका अन्य सबै जनप्रतिनिधिले पनि आफनो व्यक्तिगत कामका लागि नभएर जनताको सेवाका लागि मात्रै हिँडेको नगरपालिकाका प्रवक्ता दामोदर घिमिरेले बताउनुभयो ।


टुक प्र. भट्टराई

तानसेन-१३ का वडाध्यक्ष टुकप्रसाद भट्टराईले होल्डिङ् क्वारेन्टाइन संयोजक भएर बाहिरबाट पाल्पा घर फर्किएका नागरिक लिन आफू र साथीहरू सुनौली पुग्नेदेखि उनीहरूलाई घर पठाउने लगायतका विभिन्न काममा दिनरात नभनी खटेको बताउनुभयो । उहाँले सुत्केरीको बच्चा समेत बोकेर सघाएको सहकर्मीहरू बताउँछन् ।

तानसेन नगरपालिकाकी उपप्रमुख लक्ष्मीदेवी पाठकले आफूहरू तानसेन नगरपालिका स्वास्थ्य शाखा संयोजक झविन्द्र न्यौपाने, सहसंयोजक सीरबहादुर राना लगायतका स्वास्थ्यकर्मीहरूसँग वडाका टोलटोलमा पुगेर विदेश र अन्य जिल्लाबाट घर फर्किएका नगरबासीको स्वास्थ्य परीक्षणमा सघाएको बताउनुभयो ।

नगरप्रमुख शाहीले जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज बेल्बासे र मातहतका शाखा प्रमुख र आवश्यक भएका कर्मचारी, त्यस्तै स्वास्थ्य, सरसफाइ शाखाका सम्पूर्ण कर्मचारी र प्रेस सल्लाहकारलगायत शुभचिन्तक सञ्चारकर्मी तथा सहयोगी अन्य साथीहरूसमेत कोरोना सर्ला भनेर चुप लागेर नबसी नगरपालिकाको काममा खटेको स्मरण गर्नुभयो । उहाँले भन्नुभयो- "तानसेनबासीलाई कोरोना संक्रमण नहोस्, लकडाउनका कारण कुनै समस्या नपरोस्, विकास निर्माणका सम्भव काम सम्पन्न होस् भनेरै हामी कोरोना कहरका समयमा हिँडेका हौं । सङ्कटमा सहयोग गर्ने सबैप्रति एकमुष्ठ आभार प्रकट गर्दछु ।"

*(कलाकार तथा पत्रकार)*

# लकडाउनको समय : सामाजिक सुरक्षा भत्ता घरघरमै तानसेन-११ देशमै पहिलो



- विष्णु खनाल

जवानीमा छोराछोरी र समाजका लागि अथक मेहनत गरेका कारण परिवार र समाजले सम्मान गर्नुपर्ने अनि आदर्श व्यक्तित्वको रूपमा हेर्नुपर्ने ज्येष्ठ नागरिकलाई यही समाजका कतिपय परिवारमा हेलाको दृष्टिकोणबाट हेरिएको पाइन्छ । युवा अवस्थामा परिवारको पालन-पोषणमा खटिने तिनै आमा बुबा जब उमेर ढल्दै जान्छ तिनै सन्तानबाट अपहेलित हुँदै जान्छन् । यो समस्या हाम्रो समाजमा दिन-प्रतिदिन बढ्दै गइरहेको छ । पछिल्लो समय मानवीय व्यवहारमा समेत परिवर्तन हुँदै गएको छ । मानिसहरू संयुक्त परिवारमा भन्दा एकल परिवारमा बस्न मन पराउन थालेसँगै आफ्ना ज्येष्ठ भैसकेका आमा बुबालाई बेवास्ता गर्न थालेका छन् । यद्यपि कतिपय परिवार अनि समाजमा जेष्ठ नागरिकका अनुभवबाट शिक्षा लिने र उनीहरूलाई ससम्मान राख्ने काम पनि भएका छन् । तीनै जेष्ठ नागरिकलाई लकडाउनका बेलामा तानसेन नगरपालिका-११ मा घरघरमै पुगेर सामाजिक सुरक्षा भत्ता दिने कामसमेत भएको पाइयो ।

चीनको बुहान प्रान्तबाट सुरू भएको नोवेल कोरोना भाइरस (कोभिड -१९) ले विश्व नै तहसनहस भएको अवस्थामा नेपालले समेत त्यसको ठूलो मूल्य चुकाउनुपरेको छ । कोरोना भाइरसको प्रभावले सबैभन्दा बढी बालबालिका र ज्येष्ठ नागरिकलाई असर पऱ्यो । आकडाअनुसार विश्वभर कोरोनाका कारण मृत्यु हुनेमा ८० प्रतिशतभन्दा बढी ज्येष्ठ नागरिककै मृत्यु भएको पाइएको छ । यही सन्दर्भमा तानसेन नगरपालिका वडा नं ११ ले यो लकडाउनका बेला खेलेको भूमिका हाल सर्वत्र चर्चाको बिषय बनिरहेको छ । सरकारले २०७६ चैत ११ गतेबाट देशव्यापी लकडाउन गरेपछि तानसेन नगरपालिका वडा नं ११ ले त्यसको प्रत्यक्ष प्रभाव ज्येष्ठ नागरिकलाई पर्ने देखेर ज्येष्ठ नागरिकका पक्षमा सही समयमा सही कदम चाल्न अगाडि बढेको पाइयो । देशै लकडाउनमय भएको समयमा आवतजावत उद्योग धन्दा, व्यापार, व्यवसाय, शैक्षिक संस्था लगायत सम्पूर्ण क्षेत्र बन्द भएको अवस्थामा तानसेन नगरपालिका वडा नं ११ ले देशमै पहिलो पटक लकडाउनको समयमा सामाजिक सुरक्षा भत्ता घरघरमै पुगेर नागरिकका हात-हातमै वितरण गर्ने योजना बनाएर अगाडि बढेअनुरूप २०७६ चैत २३,२४ र २५ गते वडाभर सामाजिक सुरक्षा भत्ता वितरण गरेको थियो ।



वडा अध्यक्ष तथा तानसेन नगरपालिकाका प्रवक्ता दामोदर घिमिरेको अगुवाइ र पहलमा यो नमुना कार्य सम्पन्न भएको हो । वडामा २०७६ चैत अन्तिम साता १ सय ४३ जना ज्येष्ठ नागरिकलाई १६ लाख ५२ हजार ज्येष्ठ नागरिक भत्ता वितरण गरिएको छ । त्यस्तै दलित ज्येष्ठ नागरिक ५९ जनालाई ५ लाख ४४ हजार रकम वितरण गरिएको छ । वडामा रहेका १ सय २४ जना एकल महिलालाई १० लाख २४ हजार रकम सोही समयमा वितरण सम्पन्न भएको छ । वडा भरमा ६ जना पूर्ण अपाङ्गता भएका व्यक्तिलाई ७२ हजार रूपैयाँ वितरण गरिएको छ । वडामा ८ जना आंशिक अपाङ्ग व्यक्तिहरूलाई ५१ हजार २ सय रकम वितरण सम्पन्न भएको छ भने दलित बालपोषण अन्तरगत १ सय सात जनालाई रू १ लाख ६९ हजार २ सय रूपैयाँ वितरण गरी सम्पूर्ण सामाजिक सुरक्षा भत्ता हात-हातमै वितरण गरिएको हो । जसमा जम्मा ३५ लाख १२ हजार ४ सय रूपैयाँ सामाजिक सुरक्षा भत्ताको रूपमा तानसेन ११ बन्दिपोखराले वितरण सम्पन्न गरेको वडा कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।

सामाजिक सुरक्षा भत्ता सरकारले लकडाउन गरेका बेला घरघरमै पाउँदा तानसेन-११ का जेष्ठनागरिक निकै खुसी देखिन्छन् । तानसेन ११ भालुवनकी ८२ वर्षीय मानकुमारी बाकबल यो असहज अवस्थामा आफ्नो घरमै सामाजिक सुरक्षा भत्ताबापतको रकम पाउदा ठूलो खुसी र सहयोग भएको अनुभब सुनाउनुहुन्छ । उमेरले बृद्ध बाकबल सरकारले बैंकमार्फत् रकम दिने गरेकोमा दुखित हुँदै यसरी घरघरमा नै वितरण गरिदिए आफू जस्ता ज्येष्ठ नागरिकलाई बैंकसम्म पुग्ने र अनेक झञ्झट बेहोर्न नपर्ने धारणा राख्नुहुन्छ । त्यस्तै तानसेन ११ तिलारका लालबहादुर रूचाल र लोकबहादुर कुँवरले पनि स्थानीय सरकारले लकडाउनका समय राहतसँगै आफ्नो भत्तासमेत सँगसँगै हातमा दिंदा खुसीका आँसु बगाउनु भयो । रूचाल र कुँवरले वास्तविक रूपमा` आफू जस्ता नागरिकलाई सरकारले हेर्दो रहेछ भन्ने अनुभूति आफूमा परेको बताउनुहुन्छ । त्यस्तै तानसेन ११ बाझाँका नारायणबहादुर गोदार क्षेत्री र सम्मोबारीकी मनकला बिक पनि यस खालको सहयोगले आफूहरू खुसी भएको बताउनुहुन्छ ।

वाकवल, रूचाल, कुँवर र बि क यस समाजका एक उदाहरण पात्र मात्र हुन । तानसेन ११ बन्दिपोखरामा ४ सय ४७ जनाले लकडाउनका समयमा घरघरमै आफ्नो सामाजिक सुरक्षा भत्ता बुझिसकेका छन । सरकारले ज्येष्ठ नागरिकलगायतलाई सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्थापन गरेसँगै यसले निमुखा र गरिब परिवारलाई ठूलो सहयोग भएको अनुभव गर्न सकिन्छ । सामाजिक सुरक्षा भत्ताले घर परिवार र छोराछोरीले बेवास्ता गरेका बृद्ध आमाबुबालाई जीवन धान्न केही सजिलो बनाएको छ ।

तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लिराज बेल्बासेले पहिलो ४ महिनाको सामाजिक सुरक्षा भत्ता तानसेन-११ मा वितरण गरिएको बताउनुहुन्छ । "जनप्रतिनिधीहरूले बैंकिङ प्रणालीले गाह्रो भयो हामी आफै जिम्मेवारी लिएर घर घरमै सामाजिक सुरक्षा भत्ता वितरण गर्छौ ।" भन्ने माग आएका आधारमा आफूहरूले पनि सहयोग गरेर यो सम्भव भएको उहाँ बताउनु हुन्छ । तानसेनमा ११,१२ र १३ नं वडा मा बैंकिङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रकृया अझै सुरू नभएकाले पहिलो चरणमा ११ नं वडामा भत्ता वितरण गरिएको हो । अधिकृत बेल्बासेका अनुसार सम्पूर्ण पक्रिया मिलाएरै घरघरमै भत्ता वितरण गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत बेल्वासेले ज्येष्ठ नागरिकहरूलाई हातहातमा भत्ता वितरण गर्ने तानसेन ११ का वडा अध्यक्ष तथा नगरपालिकाका प्रवक्ता दामोदर घिमिरेलगायत सम्बद्ध कर्मचारीलाई धन्यवाद दिनुभयो ।

ज्येष्ठ नागरिकहरूले बढी रूचाएको र उहाँहरूको भावनासँग जोडिएको यस कार्यक्रमले ज्येष्ठ नागरिकको मुहार हँसिलो देखिन्छ । लकडाउनको समयमा यस खालका भत्ता वितरणले थोरै भए पनि सहजता महसुस गरेको पाइयो । तानसेन नगरपालिकाका मेयर अशोककुमार शाहीले नेपाल सरकारले पोलिसी बनायो भने आफ्नो नगर भित्रमा सबै वडाहरूमा घर घरमै भत्ता वितरण गर्न आफूहरू तयार रहेको बताउनुहुन्छ । घर घरमा स्वास्थ्य सेवा दिदै आएको तानसेन नगरपालिकाले सामाजिक सुरक्षा भत्ता समेत सँगसँगै वितरण गर्न सकिने जनाएको छ । मेयर शाहीका अनुसार घर घरमा सुरक्षा भत्ता वितरण गर्न जाँदा त्यस घरमा रहेका ज्येष्ठ नागरिकहरूले आफ्ना पिर मर्का आफूहरूलाई सुनाउने र परिवारमा ज्येष्ठ नागरिकलाई माया, ममता, सम्मान र राम्रो व्यवहार गर्नुपर्छ भन्ने नैतिक दवाव परिवारमा पर्ने गरेको सुनाउनुहुन्छ । यसरी घरघरमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा उहाँहरूको मुस्कान र खुसी त्यो पैसाभन्दा ठूलो पाएको मेयर शाहीको अनुभव छ । मोटो रकम हात हातमै बोकेर समुदायमा जाँदा केही जोखिम भए तापनि त्यो जोखिमभन्दा ज्येष्ठ नागरिकको मुहारको कान्तिले जोखिमलाई भुलाउने गरेको जनप्रनिनिधि र कर्मचारीको अनुभव छ ।

त्यसो त सरकारले सम्पूर्ण सामाजिक सुरक्षा भत्ता बैंकबाट वितरण गर्ने योजना बनाएको छ । सामाजिक सुरक्षा भत्ता बैंकबाट वितरण गर्दा जोखिम कम हुने भए तापनि ज्येष्ठ नागरिकलाई बैंकसम्म पुग्न समस्या हुन सक्छ । तानसेन नगरपालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ताका लागि १४ करोडको अनुमानित बजेट विनियोजन गरिसकेकोमा नगरभित्र सामाजिक सुरक्षा भत्ता लिनेको संख्या करिव ४ हजार ९ सय ७८ रहेको नगरपालिकाको तथ्याङ्कमा छ । तसर्थ सरकारले बैंकिङ, प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने भने तापनि यो कोरोना संक्रमणले थलापरेको अवस्था र देश नै लकडाउनको अवस्थामा महिनौसम्म रहेका बेला नागरिकलाई घरघरमै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने नेपालमै पहिलो तानसेन-११ बन्दिपोखरालाई ज्येष्ठ नागरिकको आशीर्वाद सधै रहिरहने छ । यसमा जनप्रतिनिधि र कर्मचारीहरूको योगदानको भूमिकासमेत अनुकरणीय छ ।

*(पत्रकार)*

# बन्दाबन्दीका बेलामा तानसेन नगरपालिकाले सुरु गऱ्यो दूर शिक्षा



- सुनिल कार्की

इतिहास बोल्दछ-शिक्षाको हवको रूपमा परिचित स्थानीय तह हो अहिलेको तानसेन नगरपालिका । तानसेन नगरपालिकाले विश्वभर फैलिएको कोरोना महामारीको बाबजुद शिक्षा क्षेत्रलाई प्रभावित हुन नदिन अर्थात् विद्यार्थीको पढाइ नबिग्रियोस् भनेर धेरै प्रयास गऱ्यो । दूरशिक्षा रेडियो पाठशालादेखि परियोजना कार्य लगायतका महत्त्वपूर्ण शिक्षाका गतिविधि प्रत्येक विद्यालयमा विस्तार गर्न प्रयास गऱ्यो । बन्दाबन्दीको बीचमा विद्यालय जान नपाएर घरमै बसेका विद्यार्थीलाई मध्येनजर गरी तानसेन नगरपालिकाले सामुदायिक रेडियो मदनपोखरा र युनिक एफएमको सहकार्यमा दूरशिक्षा रेडियो कार्यक्रम सञ्चालन गरेको थियो ।

सामुदायिक रेडियो मदनपोखराको उत्पादनमा प्रशारण भएको दूरशिक्षा रेडियो कार्यक्रम १०६ थोप्लो ९ मेगाहर्ज मार्फत् **'एसइई पाठशाला'** ३० भन्दा धेरै रेडियोबाट सहप्रसारणसमेत भएको थियो । सामुदायिक रेडियो मदनपोखराका स्टेसनप्रमुख राजेशकुमार अर्यालका अनुसार कोरोनाका कारण विद्यालय जान नपाएर घरमै बस्न बाध्य भएका विद्यार्थीको लागि एसईई पाठशाला प्रभावकारी बनेको थियो । रेडियोले बिहान १० बजेदेखि ३ बजेसम्म एसईई पाठशाला २ महिनासम्म सञ्चालन गरेको स्टेसन प्रमुख अर्यालले बताउनुभयो । प्रत्येक विषयका लागि ४५ मिनेट समय छुट्याई सञ्चालन गरिएको रेडियो पाठशालामा अंग्रेजी, गणित, विज्ञान, नेपाली, सामाजिक अध्ययन र कम्प्युटर विषयको पठनपाठनलाई निरन्तरता दिइयो ।




यस्तैगरी तानसेनकै युनिक एफएम प्रालिले कक्षा ११ र १२ का विद्यार्थीका लागि प्रत्येक दिन चार विषयको पढाइ **'ट्युसन अन इयर'** कार्यक्रम मार्फत् सञ्चालन गरेको रेडियोका अध्यक्ष जगदीश भट्टराईले जानकारी दिनुभयो । तानसेन नगरपालिका र युनिक एफएम पाल्पाको सहकार्यमा कक्षा ११ र १२ का विद्यार्थीका लागि प्रत्येक दिन चार विषय **'ट्युसन अन इयर'** कार्यक्रम युनिक एफएम ९४ दशमलब २ मेगाहर्जबाट प्रसारण गरिएको अध्यक्ष भट्टराईले बताउनुभयो ।

विश्वभर कोभिड-१९ को संक्रमण फैलिरहेका परिवेशमा विद्यालय बन्द भएपछि तनावमा रहेका पाल्पाका विद्यार्थी रेडियोले पढाउन थालेपछि निकै खुसी भएका थिए । बन्दाबन्दीका कारण एसईईको चिन्तामा रहेका विद्यार्थी रेडियोले पढाउन थालेपछि उनीहरूको सिकाइ उपलब्धीमा परिवर्तन आएको तानसेन नगरपालिका-५ का अभिभावक राजकुमार रोकाले बताउनुभयो । एसईई पाठशाला पाल्पाको मदनपोखरा रेडियो मार्फत् रामपुर र मुक्तिनाथ, गुल्मीका गुल्मी, रूरू र श्रृंगेश्वर, बाग्लुङको रेडियो सारथी तथा अर्घाखाँची, नुवाकोट, रसुवा, जुम्ला, बाँके, पर्वतलगायत जिल्लाका ३० भन्दा बढी रेडियोले समेत प्रसारण गरेका थिए । तानसेन नगरपालिका वडा नं ९ की दीप्ति भट्टराई एसईईको तयारी गरिरहँदा एक्कासी लकडाउनले परीक्षा मिति अनिश्चित बनेको र ट्युसन बन्द हुँदा चिन्तामा हुनुहुन्थ्यो । अहिले उहाँ रेडियोमार्फत् शिक्षकले कक्षामा झैँ पढाएपछि नियमित कक्षामा सहभागी भएको अनुभव गरेको बताउनुभयो । रेडियोको नियमित कक्षा सुनेपछि धेरै कुरा बुझ्ने अवसर मिलेको र कक्षामा शिक्षकले पढाएजस्तै अनुभव भएको एसईईको तयारीमा जुटेकी अर्की विद्यार्थी सुजता गैरेको भनाइ छ ।

यस्तै लामो समयसम्म विद्यालय बन्द हुँदा विद्यार्थीमा उत्पन्न हुनसक्ने नकारात्मक भावना हटाउन र सिकाइलाई निरन्तरता दिन पाल्पाको श्रीनगर टेलिभिजनमार्फत् पाठशाला सञ्चालन गरियो । एक्सन एड नेपाल र सामाजिक श्रोत विकास केन्द्र

नेपाल पाल्पाको सहयोग र सहकार्यमा पाठशाला संचालन भएको हो । कोरोना भाइरसका कारण विद्यालय बन्द भएपछि तानसेन ६ की रविना गैरे टेलिभिजनमा हेर्दै सिक्दै आफ्नो दिनचर्या बिताउनुभएको छ । कक्षा ८ मा अध्ययनरत रविना सबै कक्षाहरू टेलिभिजनबाटै पढ्न पाएकोमा सिकाइ निरन्तरता भएको बताउनुहुन्छ ।

अंशुवर्माका अभिभावकले पनि घरमै बसेर टेलिभिजनमा हेर्दै सिक्न प्रेरित गर्छन् । अंशुवर्माकी आमा उमा अर्यालले लकडाउन पछि विद्यालय जान नपाएको छोरालाई टेलिभिजनको पाठशालाले सिकाइमा निरन्तरता भएको बताउनुहुन्छ ।

श्रीनगर टेलिभिजन पाल्पाबाट कक्षा ४ देखि १० सम्मका बालबालिकाहरूको लागि नेपाली र अंग्रेजी दुवै भाषामा पठनपाठन हुन थालेपछि बालबालिकाहरूले टेलिभिजनको माध्यमबाट पढ्न पाएका हुन् । टेलिभिजनको पँहुच भएका स्थानीय तहहरूमा बालबालिकाहरूले घरमै बसेर टेलिभिजनबाट हेर्दै सिकिरहेका छन् ।

रीड नेपालको स्ट्रोङ गर्लस् प्रोजेक्ट अन्र्तगत कक्षा ४ देखि ८ सम्मका ५ विषयहरू प्रत्येक दिन बेलुकी ५ बजेदेखि श्रीनगर टेलिभिजनबाट प्रशारण हुँदै आएको छ । जेठ ११ गतेदेखि पाठशाला सञ्चालन भएको छ । तानसेनका देववाणी संस्कृत तथा साधारण मावि, जनप्रिय मावि र लुम्बिनी माविको सहकार्यमा विभिन्न विद्यालयहरूमा अध्यापन गराउनुभएका शिक्षकहरूले टेलिभिजन मार्फत् अध्यापन गराएको बताउनुहुन्छ ।

नेपाली, अंग्रेजी, विज्ञान, सामाजिक, ऐच्छिक गणित तथा कम्प्युटरका ६ वटा विषयहरू प्रत्येक दिन टेलिभिजनमार्फत् सञ्चालन भएको हो । शिक्षकहरूको रचनात्मक तथा सृजनात्मक तरिकाले गरिएको पठनपाठनले विद्यार्थी तथा अभिभावकहरूमा प्रभाव पारेको देखिन्छ । टेलिभिजनको पँहुच नभएका तर इन्टरनेटको पँहुच भएकाहरूलाई फेसबुक तथा युट्युवको माध्यमबाट पनि सिकाइ भइरहेको टेलिभिजनका व्यवस्थापक विष्णु घिमिरेले बताउनुभयो । लकडाउनपछि विद्यालय बन्द भएको अवस्थामा नेपाल सरकार तथा अन्य संघसस्था र विद्यालयहरूले पनि वैकल्पिक शिक्षालाई जोड दिँदै आएका छन् । जुन कार्यको सुरूवात तानसेन नगरपालिकाले गरेको थियो ।

विद्यार्थीको ध्यान बाहिरी कुरामा नगई परीक्षाको तयारीमा पुगोस् भन्ने उद्देश्यले रेडियोबाट पढाइने कार्यक्रम सुरू गरिएको तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाहीले बताउनुभयो । घरमा बन्दाबन्दीमा परेका बालबालिकाले रेडियोमार्फत् पढ्न, नयाँ कुरा सिक्न र नबुझेका कुरा शिक्षकसँग सोध्न पाउने भएकाले उक्त तरिका अत्यन्त प्रभावकारी बनेको नगरप्रमुख शाहीको दाबी छ ।

बन्दाबन्दीको अवस्थालाई ध्यानमा राखी सुरू गरिएको एसईई पाठशालामा अंग्रेजी, गणित, विज्ञान, सामाजिक अध्ययन, नेपाली र कम्प्युटर विषयको पठनपाठन गरिएको छ । हरेक विषयका कक्षा हरेक दिन ४५ मिनेट हुने गरेको छ । एसईई पाठशाला रेडियो कार्यक्रममा दमकडा माध्यमिक विद्यालयका शिक्षक जीवन आचार्यले कम्प्युटर, होत्रीराज ढुंगानाले अंग्रेजी र एकराज ज्ञवालीले सामाजिक अध्ययन, तानसेनको जनता माध्यमिक विद्यालयका शिक्षक रामप्रसाद ढकालले अनिवार्य गणित, देववाणी साधारण तथा संस्कृत माध्यमिक विद्यालयका रामजीवन ज्ञवालीले विज्ञान र माउन्ट भ्याली बोर्डिङ स्कूलका प्रेमराज खरालले नेपाली विषय पढाउनु भयो ।

रेडियो मदनपोखराले विसं २०६० देखि २०६३ सम्म कक्षा ८, ९ र १० लाई अंग्रेजी, गणित र विज्ञान विषय पठनपाठन गराएको थियो । कोरोना भाइरस (कोभिड-१९) ले एसईई दिने तयारीमा रहेका लाखौं विद्यार्थीको भविष्यबारे चिन्ता उत्पन्न भएका बेला रेडियो पाठशाला जस्ता कार्यक्रमले विद्यार्थीलाई हौसला बढाउने काम गर्‍यो ।

सूचना प्रविधिमा निपूर्ण बनाउन तानसेनभित्रका संस्थागत र सामुदायिक विद्यालयका शिक्षकहरूलाई लक्षित गरेर तानसेन नगरपालिकाले एक हप्ते तालिमसमेत प्रदान गरेको तानसेन नगरपालिकाका शिक्षा शाखा प्रमुख रेशमलाल न्यौपानेले बताउनुभयो । तालिमबाट शिक्षकलाई सूचना प्रविधिको बारेमा बुझ्न, पढाउन र व्यवाहारिक प्रयोग गर्न निकै उपयोगी भएको उक्त तालिमका एक प्रशिक्षक जीवन आचार्यले बताउनु भयो । यसको अलावा विषयगत शिक्षकहरूलाई प्रशिक्षण, तालिम दिइएको छ ।

बन्दाबन्दीको बीचमा तानसेन नगरसरकारले सञ्चालन गरेका प्रभावकारी शैक्षिक गतिविधिले नगर सरकारको शिर उँचो बनाएको छ । राम्रो काम गरेको भनेर चौतर्फी तारिफसमेत भयो ।

*(पत्रकार)*

# कोरोनाको कारण बन्दाबन्दीका समयमा तानसेन नगरपालिका कृषि तथा पशु सेवा शाखाबाट किसानलाई महत्वपूर्ण सेवा




- सरोज तिमिल्सिना - दानबहादुर कवर मगर

तानसेन नगर सरकारको निर्णय अनुसार कृषि क्षेत्रलाई कोरोनाका कारण उत्पन्न शंकटका बेलामा सघाउने तय भयो । लकडाउनका कारण हिड्न सहज थिएन, मकैको बीउको माग आयो । कृषकहरूलाई मूल बीउ मनकामना ३-३०० किलोग्राम, मनकामना ६-४२० किलोग्राम तथा उन्नत बीउ ४४८५ किलोग्राम ५० प्रतिशत अनुदानमा वितरण गरिएको थियो । त्यस सेवाबाट नगरपालिकाका विभिन्न वडाका १०२८ परिवार संख्या लाभान्वित भएका थिए । मकैको बीउ स्थानीय तवरमा प्राप्त नभएपछि कृषि तथा पशु सेवा शाखाको समन्वयमा दाङ जिल्ला पुगेर कृषकको मागको आधारमा खरिद गरी ल्याउनु परेको थियो । बीउ ल्याउँदा धेरै ठाउँ चेकजाँच भएको थियो ।

किसानलाई मकैसँगै धानको बीउ बितरण कार्यक्रम गर्ने निर्णय भएअनुसार कोरोनाको कहरको कारण बन्दाबन्दीका बाबजूद कृषि तथा पशु सेवा शाखाको समन्वयमा कृषि सामाग्री कम्पनी लि.रूपन्देही भैरहवा पुगेर कृषकको मागको आधारमा धानको बीउ खरिद गरेर ल्याएर तानसेन नगरपालिकाका विभिन्न वडाका किसानलाई वितरण गरिएको थियो । त्यसैगरी पशुपालक कृषकहरूलाई निम्न अनुसार घाँसको बीउ वितरण गरियो(

१ ) टियोसेन्टी घाँसको बीउ ७०० किलोग्राम
२) वाजरा घाँसको बीउ २०० किलोग्राम
३) सुडान घाँसको बीउ १०० किलोग्राम





विभिन्न कृषक समूह ,सहकारी तथा व्यक्तिगत फार्महरूको मागको आधारमा ४८० परिवारलाई निःशुल्क रूपमा पशुपालनको आधारभूत आवश्यकता पूर्तिका लागि बीउ वितरण गरियो । दूध तथा मासुजन्य उत्पादन लागतमा कमी ल्याइ आर्थिक उर्पाजनमा टेवा पुऱ्याउने हेतुले लकडाउनका समयमा बर्षे घाँसको बीउ वितरण गरिएको हो ।

कृत्रिम गर्भाधानको लागि आवश्यक पर्ने तरल नाईट्रोजन तथा सिमेन अभाव भएपछि तानसेन नगरपालिका पशु सेवा शाखाले पशु विकास फार्म पोखरा गई कृत्रिम गर्भाधानका लागि आवश्यक पर्ने सामाग्रीहरू व्यवस्थापन गरेको थियो । त्यतिबेला भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तानसेन पाल्पाको समेत सहयोग मिलेको थियो । त्यसैगरी लकडाउनको प्रवाह नगरी कृषकहरूको माग तथा आवश्यकता अनुसार पशु सेवामा आकस्मिक उपचारको सेवालाई निरन्तरता दिइएको थियो । आबश्यकताअनुसार दैनिक रूपमा पशु बीमा भुक्तानीका लागि सिफारिस गरियो । दुग्ध उत्पादक कृषकहरूको दूध विक्रीमा केही राहत पुगोस भनेर छलफल पश्चात सम्भव कार्य गरियो भने दुग्ध उत्पादक कृषहरूको विक्री नभएको दूधको लागि प्रदेश सरकारले दिने अनुदान कार्यक्रममा किसानलाई सहजरूपले राहत प्राप्त होस भनेर सहयोगका साथै आबश्यक सिफारिस गरियो ।

*(प्रमुखद्वय, तानसेन नगरपालिका कृषि तथा पशु सेवा शाखा)*

# सामान खोज्न र ठाउँमा पुऱ्याउन हम्मेहम्मे भयो



- रामजीबहादुर कार्की

कोरोनाको कुरा पहिले आयो तर लकडाउन भने २०७६ चैत्र ११ बाट शुरू भयो । यी पंक्ति लेखिरहँदा समेत लकडाउन जारी छ । कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण अन्य कतिपय ठाउँमा पहिले भन्दा संक्रमितको संख्या बढेपनि तानसेनमा भने शून्यप्राय छ । नगरप्रमुखको नेतृत्वमा समयमै कोरोना रोकथामका गतिविधि सञ्चालन गरेकाले पनि होला अहिलेसम्म तानसेनमा कोरोनाको भयावह अवस्था सिर्जना हुन पाएको छैन् ।






**तानसेन नगरपालिकाको सहुलियत दरको खाद्यन्न वितरण विवरण (स्रोतः जिन्सी शाखा, तानसेन)**

| वडा नं. | चामल | | | आटा | | | नुन | | | कूल जम्मा रू | सहुलियत राजश्व जम्मा रू. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | के.जी | दर | जम्मा रू | के.जी | दर | जम्मा रू | के.जी | दर | जम्मा रू | | |
| १ | १०५२५ | ४५ | ४७३६२५ | ६७५ | ४० | २७००० | २२३ | १७ | ३७९१ | ५०४४१६ | ५०४४१६ |
| २ | ८१७५ | ४५ | ३६७८७५ | ५१० | ४० | २०४०० | २३९ | १७ | ४०६३ | ३९२३३८ | ३९२३३८ |
| ३ | १२४७५ | ४५ | ५६१३७५ | ५३० | ४० | २१२०० | २६४ | १७ | ४४८८ | ५८७०६३ | ५८७०६३ |
| ४ | २८०० | ४५ | १२६००० | ११० | ४० | ४४०० | ५९ | १७ | १००३ | १३१४०३ | १३१४०३ |
| ५ | १३२२५ | ४५ | ५९५१२५ | १०५० | ४० | ४२००० | ३०६ | १७ | ५२०२ | ६४२३२७ | ६४२३२७ |
| ६ | ७०७५ | ४५ | ३१८३७५ | १३५ | ४० | ५४०० | ६५ | १७ | ११०५ | ३२४८८० | ३२४८८० |
| ७ | ९२५० | ४५ | ४१६२५० | ७७५ | ४० | ३१००० | १९२ | १७ | ३२६४ | ४५०५१४ | ४५०५१४ |
| ८ | ३२२५ | ४५ | १४५१२५ | ९९० | ४० | ३९६०० | ७५ | १७ | १२७५ | १८६००० | १८६००० |
| ९ | ५०७५ | ४५ | २२८३७५ | १८०० | ४० | ७२००० | १६६ | १७ | २८२२ | ३०३१९७ | ३०३१९७ |
| १० | १०६५० | ४५ | ४७९२५० | ३२५० | ४० | १३०००० | १६४ | १७ | २७८८ | ६१२०३८ | ६१२०३८ |
| ११ | ११००० | ४५ | ४९५००० | ४५० | ४० | १८००० | ३०० | १७ | ५१०० | ५१८१०० | ५१८१०० |
| १२ | ४२७५ | ४५ | १९२३७५ | १४५० | ४० | ५८००० | ० | १७ | ० | २५०३७५ | २५०३७५ |
| १३ | २२२५ | ४५ | १००१२५ | २४५ | ४० | ९८०० | १ | १७ | १७ | १०९९४२ | १०९९४२ |
| जम्मा | ९९९७५ | | ४४९८८७५ | ११९७० | | ४७८८०० | २०५४ | | ३४९१८ | ५०१२५९३ | ५०१२५९३ |

चामल खरिद　१००६७५ के.जी
आटा खरिद　१२०० क.जी
नुन खरिद　२१५४ के.जी

संक्रमण न्यून भएपनि निःशुल्क र सहुलियत (२५ प्रतिशत लागत अनुदान) दरको राहत, क्वारेन्टाइन, होल्डिङ क्वारेन्टाइन, आइसोलेसन व्यवस्थापन तथा ब्यक्तिगत स्वास्थ्य सुरक्षा सामग्री खरिदका सिलसिलामा हामीले निकै दौडधुप गर्नु पर्‍यो । हामीले शुरूमै हात धुने बाल्टी, साबुन, सेनीटाइजर, मास्क लगायतका सामग्री वडावडामा पुर्‍यायौं । सन्देशमूलक सामग्री तयार गरी आबश्यक ठाउँमा व्यवस्थापन गर्‍यौं । क्वारेन्टाइन, होल्डिङ क्वारेन्टाइन, आइसोलेसनका लागि आवश्यक सामग्री बेड, बिस्तरा, खाद्य सामग्री खरिद गरी सम्वन्धित ठाउँमा पुर्‍याउनुका साथै खाना पकाउने, खाना खुवाउने मानिस खोज्ने र अन्य आवश्यक व्यवस्थापकीय भूमिकामा समेत सहयोग गर्‍यौं ।

**कोरोना भाईरस रोकथाम नियन्त्रण र उपचारका लागि विभिन्न संघ संस्थाहरूबाट तानसेन नगरपालिकामा प्राप्त जिन्सीसामानहरू**

| क.स. | मिति | उपलव्ध गराउने संस्था वा व्यक्ति | मूख्य सामानहरू | संख्या | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७७।१।८ | तिनाउ मिशन डेभलपमेन्ट बैक पाल्पा | चामल<br>तेल<br>दाल<br>नुन | १५०<br>३०<br>२०<br>३० | | केजी र लिटरमा |
| २ | २०७७।१। | नेपाल रेडक्रस सोसाईटी पाल्पा | कम्वल | ३१ | | थानमा |
| ३ | २०७७।१।२३ | नेपाल रेडक्रस सोसाईटी, पाल्पा | १० प्रकारका स्वास्थ्य सामग्रीहरू | | | माक्स, पन्जा, साबुन, समेत |
| ४ | २०७७।२।६ | ईन्द्रेणी समाज केन्द्र नेपाल | ६ प्रकारका स्वास्थ्य सामान | | २९३५४९।७० वरावरको | पन्जा, माक्स, सेनिटाईजर समेतका |
| ५ | २०७७।२।६ | शंकर बस्याल ता.न.पा वडा नं ९ | फोरहेड थर्मोमिटर | २ | | डाईरेक्टर ईनर्जी रि.सलुसन प्रा.लीका |
| ६ | २०७७।२।११ | डिप्रोक्स लघुविद्युत वितिय संस्था लि. पाल्पा | चामल<br>चिनी<br>दाल<br>सावुन<br>चियापत्ती | ३७५<br>५<br>१०<br>१५<br>१ | | के.जीमा<br><br>पिसमा |
| ७ | २०७७।१।७ | दुवई पाल्पाली समाज | कपडाको माक्स | ७०० | | पिस |
| ८ | २०७७।२।१५ | वुद्धि प्रसादढकाल, ५ र ज्ञानुमाया सोमै ५ र, अच्यूत शर्मा ३ नं वडाका | चामल<br>तेल लगायत १२ प्रकारका तरकारी समेत खाद्यान्न | ४०<br>४ | | वतासेडाडा क्वारेनटाईनमा |
| ९ | २०७७।३। | कारीतास नेपाल | ४ प्रकारका स्वास्थ्य सामानहरू | ४०<br>४ | १६६५००।०० | थर्मल गन, पन्जा, माक्स, स्प्रेपम्प र हाइजेनिक किटसमेत |
| १० | २०७७।२।२५ | भण्डारी एग्रोभेट सेन्टर,पाल्पा | विस्तरा सेटसमेत ६ प्रकारका समानहरू | | ४३३००।०० | ता.नपा. वडा नं ९ दमकडा क्वारेनटाईनमा |
| ११ | २०७७।३।१० | कारीतास नेपाल | हातधुने वासिग मेशिन | ३ सेट | ६५५५० | ता.न.पा.का. भवन,साईन्स क्याम्पस र वर्तुङ् जनप्रिय मा.विमा |

स्रोतः जिन्सी शाखा, तानसेन

तानसेन नगरपालिकाको स्वास्थ्य चौकी, नगरपालिका भित्रका ४ अस्पतालका स्वास्थ्यकर्मी, नगरपालिकाका सरसफाइकर्मी, सञ्चारकमर्मी केही एम्बुलेन्स चालकका लागि आबश्यक ब्यक्तिगत स्वास्थ्य सुरक्षा सामग्री (पिपिइ) लगायत अरू सामग्री बुटवल, भैरहवा पुगेर जोरजाम गर्‍यौं । निःशुल्क राहत वितरणमा वडा कार्यालय, वडा अध्यक्ष लगायत जनप्रतिनिधिहरूको भूमिका सहयोगी थियो । त्यसैगरी सहुलियत दरको खाद्यान्न वितरणका लागि कार्यपालिकाबाट वडा नं ६ का अध्यक्ष सागरमान महर्जन संयोजक, वडा नं १ का सदस्य शीब थापा र आर्थिक प्रशासन शाखाका प्रमुख कोशलराज घिमिरे सदस्य तथा रामजीबहादुर कार्की (जिन्सी शाखा प्रमुख) सदस्य सचिव रहेको समिति गठन भएको थियो । समितिले बिहान बेलुका नभनी वडाका पायक पर्ने ठाउँमा खाद्यान्न ढुवानी गरेको थियो । नेपाली सेनाको गोरखदल गणले समेत व्यबस्थापन सहयोग गरेको थियो । सामग्री खोज्न बिहानै ४ बजे बुटवल पुगेर पनि कृषि एम्बुलेन्सका लागि आबश्यक ब्याग ल्याउने काम सम्पन्न गर्‍यौं । नगरप्रमुखको मार्गनिर्देशन तथा प्रमुख प्रशासकीय अधिकृतको निर्देशनमा राती अबेरसम्म काममा खटेको सम्फना ताजै छ । छिटो पुऱ्याउनु पर्छ भन्ने थाहा छ तर विविध कारणले समयमा सामग्री नपुगेपछि हप्की खानु पर्थ्यो । बजार बन्द छ , ब्यापारीलाई हात जोडेर, गाडी व्यवस्थापन गरेर काम गर्नुपर्दाको अप्ठेरो कसरी ब्यक्त गर्नु ख्वै ? जे जति दुःख सहेर भएपनि नगरबासीलाई कोरोना संक्रमणबाट जोगाउनु हाम्रो साफा ध्येय थियो र छ । तानसेन नगरपालिकामा संक्रमण शून्य भएका कारण पनि हामीले काम गर्दाको दुःख पीडा विर्सेका छौं ।

*(शाखा प्रमुख, जिन्सी शाखा)*

बुटवल टुडे, २०७७ जेठ १

## कोरोना विरुद्धमा तानसेनका पाइला

# कृषि एम्बुलेन्सदेखि रेडियो पाठशालासम्म

**गोविन्द भट्टराई**
पाल्पा, ३१ वैशाख।






**अशोक कुमार शाही**
मेयर, तानसेन नगरपालिका

विश्वभर कोरोना भाइरस संक्रमणको कहरका कारण मानव समुदाय त्रसित छ तर अधिकांश मानिस घरभित्र बसेका बेला तानसेनका मेयर उपमेयर लगायत जनप्रतिनिधि भने लकडाउन अघि भन्दा ब्यस्त देखिन्छन्।

कोरोना संक्रमणबाट कसरी नागरिकलाई जोगाउने अनि समस्यामा परेका किसान, मजदूर लगायत नगरबासीको समस्या सम्बोधन मै नगरपालिका केन्द्रित रहेको तानसेनका मेयर अशोककुमार शाही बताए। उनले भने-“हामीले ग्रामीण भेगका किसानको तरकारी कुहिन दिनुहुन्न भनेर लकडाउनका बेला कृषि एम्बुलेन्स मार्फत् नगरका उपभोक्तालाई किसानकै मोलमा तरकारी वितरणको ब्यवस्था मिलायौं।” कृषि उत्पादन अभिबृद्धिको लक्ष्यसहित तानसेन नगरपालिकाले किसानलाई मकै, धान लगायतका बीउबिजनसमेत बितरण गरेको थियो। तानसेन नगरपालिकाले स्वदेश तथा विदेशमा रहेका ९ हजार बढी नागरिकलाई लक्षित गरेर युवा स्वरोजगार कार्यक्रमका लागि योजना बनाउनुका साथै विदेशमा रहेका नागरिकहरूसँग कोरोनाको असर र रोजगारीका सवालमा भर्चुअल मिटिङ मार्फत् सुझाव संकलन गरेको नगरप्रमुख अशोककुमार शाहीको भनाई छ। तानसेन फर्केपछि युवाहरूलाई कुषि, पशुपालन तथा आन्तरिक पर्यटनमूलक उद्यम ब्यवसायमा समेटनका लागि योजनामै समेटनेगरी पहल थालेको बताउँदै शाहीले आफुहरूले स्वरोजगार कोष स्थापना गरी बैंक मार्फत् नगरपालिकाको जमानीमा बिनाधितो ऋण प्रवाह शुरु गरिसकेको बताए।

तानसेन नगरपालिकाले कोरोना भाइरस (COVID-19) संक्रमण रोकथाम तथा नियन्त्रणका लागि गरेका प्रयास मध्ये वडाका जनप्रतिनिधिको सिफारिसमा १७ सय बढी परिवारलाई निःशुल्क राहत वितरण, मध्यम वर्गका नागरिक लक्षित ३ हजार २ सय बढी परिवारलाई सहुलियत मूल्यको खाद्यान्न बितरणले समस्यामा परेका नागरिकलाई राहत पुगेको उपमेयर लक्ष्मीदेवी पाठकले बताइन। मेयर शाहीका अनुसार भोकै बस्न नपरोस भनेर पछिल्लोपटक श्रममा आधारित राहतको ब्यवस्था शुरु गरिएको छ। तानसेनले लकडाउनका बेला पनि विकास निर्माणका कामलाई निरन्तरता दिएको प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज बेल्बासेले बताए। तानसेन नगरपालिकाको विविध राहत कार्यक्रमलाई अधिकांश नगरबासीले सकारात्मक रूपमा लिएको नगरपालिकाका प्रवक्ता दामोदरप्रसाद घिमिरेले बताए। हालसम्म तानसेनले कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका सिलसिलामा गरेका विभिन्न काम मध्ये कृषि एम्बुलेन्स, किसानलाई बीउबिजन बितरण, बिद्यार्थीका लागि रेडियो दूर शिक्षा कार्यक्रम, घरदैलौमै पुगेर उपचार गर्ने तथा जेष्ठ नागरिक भत्ता वितरण गर्ने, स्वास्थ्य संस्थालाई व्यक्तिगत स्वास्थ्य सुरक्षा सामग्री प्रदान लगायतका कामले चर्चा पाएको छ। पाल्पाको सदरमुकाम समेत रहेको तानसेन नगरपालिकाले सम्पन्न गरेका कतिपय कामको सिको छिमेकी पालिका तथा देशका अन्य पालिकाले समेत अनुकरण गरेका छन्। सहुलियत मूल्यमा राहत वितरणका लागि तानसेन नगरकार्यपालिकाले गठन गरेको समितिका संयोजक सागरमान महर्जनका अनुसार -“सीमित साधन स्रोतका भरमा करीव १७ सय विपन्न परिवारलाई निशुल्क खाद्यान्न उपलव्ध गराएलगत्तै करीव ३२ सय बढी निम्न मध्यम वर्गका नगरबासीलाई निश्चित सहुलियत मूल्यमा (करिब २५ प्रतिशत मूल्य नगरपालिकाले व्यहोर्ने गरी) वडा वा पायक पर्ने ठाउँबाट चामल र आटा वितरण गर्‍यौं। कतिपय निम्न मध्यम वर्गीय परिवारले माग गरेन बरु खान पुग्ने, खाद्यान्न सञ्चित भएकाहरूले नाम लेखाएको गुनासो हामीसँग आयो। कतिले जिम्मेवार व्यक्ति ले नै कुरा नबुझेर खाद्यान्न किन्न आवश्यक नपर्ने व्यक्तिहरूलाई समेत नाम लेख्न लगाइयो भन्ने गुनासा पनि सुनिए।”

बाँकी पृष्ठ ३ मा

## तानसेन नगरपालिकाको कोरोना रोकथाम नियन्त्रण तथा उपचार कोषको २०७७ जेष्ठ मसान्तसम्मको रकम विवरण

| | राहत कोषमा भएको रकम | रकम | रकम |
|---|---|---|---|
| १ | पतंजली योग समिति ,पाल्पा | 51,000 | |
| २ | प्रभु बैंक लि ,तानसेन शाखा | 50,000 | |
| ३ | राष्ट्रिय वाणिज्य बैंक लि ,तानसेन | 30,000 | |
| ४ | तानसेन बचत तथा ऋण सहकारी सस्था लि ,तानसेन | 20,000 | |
| ५ | सिद्द बचत तथा ऋण सहकारी सस्था लि ,तानसेन | 20,000 | |
| ६ | राजेन्द्र बहादुर बज्राचार्य | 10,105 | |
| ७ | चुरामणि पोखरेल ,तानसेन | 5,100 | |
| ८ | तानसेन गुठी काठमाडौं तथा पाल्पाको समन्वयमा | 100,000 | |
| ९ | ग्यास डिलर सघ ,पाल्पा | 11,111 | |
| १० | पाल्पा रारा बचत तथा ऋण सहकारी सस्था लि | 25,000 | |
| ११ | प्रदेश सभा सदस्य नारायण प्रसाद आचार्य | 30,000 | |
| १२ | प्याब्सन पाल्पा | 50,000 | |
| १३ | रवी किरण समाज पाल्पा | 10,000 | |
| १४ | नेपाल पुर्व प्रहरी संघ | 25,000 | |
| १५ | शिवालय टोल बिकाश सस्था | 10,000 | |
| १६ | धर्मेन्द्र गुप्ता (गुप्ता मोबाइल घर ) | 7,000 | |
| १७ | समृद्ध वचत तथा ऋण सहकारी संस्था लि. | 21,000 | |
| १८ | बर्तुङ्ग खानेपानी समिति | 11,111 | |
| १९ | बर्तुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि. | 11,111 | |
| २० | श्रीनगर यातायात सेवा कम्पनी | 151,000 | |
| २१ | मदिरा व्यवसायी संघ | 21,000 | |
| २२ | डिजी प्रीन्ट प्रणय वीर जङ्ग राणा | 10,000 | |
| २३ | मिलनसार सामाजिक उद्धमी महिला समुह तानसेन- १३ | 30,151 | |
| २४ | श्रीनगर बहुउद्देश्यीय सहकारी सस्था लि | 31,101 | |
| २५ | रण उजिरेश्वरी लायन्स क्लब | 5,055 | |
| २६ | पाल्पाली समाज पोखरा | 10,000 | |
| २७ | नेपाल महिला संघ पाल्पा | 5,000 | |
| २८ | सरिता गुरुङ ता.न.पा -५ | 5,000 | |
| २९ | बुद्धिबहादुर सोमई | 1,000 | |
| ३० | LIONS CLUB OF PALPA | 11,111 | |
| ३१ | ट्याक्टर व्यवसायी संघ पाल्पा | 21,555 | |
| ३२ | नेपाली कांग्रेस नगर कमिटि | 75,135 | |
| ३३ | न्यु एकता कल्ब | 11,111 | |
| ३४ | Lions Club of Palpa Ranimahal | 10,000 | |
| ३५ | नेपाल करुणा सेवा समाज | 100,000 | |
| ३६ | आधीखोला लघु वित वितीय सस्था लिमिटेड | 10,000 | |

[illegible] घिमिरे
अधिकृत स्तर छैठौं तह

[illegible]
प्रमुख प्रशासकिय अधिकृत

| | | | |
|---|---|---|---|
| ३७ | लक्ष्मी बचत तथा ऋण सहकारी सस्था लि | 30,000 | |
| ३८ | ज्ञानमाला सभा | 10,105 | |
| ३९ | लुहुंग दुग्ध उत्पादक सहकारी सस्था लि | 25,000 | |
| ४० | पाल्पा बिकास केन्द्र | 20,555 | |
| ४१ | निर्माण व्यवसायी संघ | 35,500 | |
| ४२ | नव युग कृषि सहकारी सस्था सस्था लिमिटेड | 15,000 | |
| ४३ | जय किसान डेरी गोरस घर पाल्पा | 21,000 | |
| ४४ | पाल्पा होटल तथा रेस्टुरेन्ट व्यवसायी संघ | 11,111 | |
| ४५ | नेपाल महिला उधमी संघ तानसेन ,पाल्पा | 11,000 | |
| ४६ | नेपाल प्रध्यापक संघ त्रिभुवन बहुमुखी क्याम्पस इकाई समिति पाल्पा ,तानसेन | 10,000 | |
| ४७ | नारायण युवा क्लब | 11,111 | |
| ४८ | नाटा पाल्पा च्याप्टर | 12,111 | |
| ४९ | शेखर कुमार श्रेष्ठ (पुर्व इन्जीनियर ता.न.पा कार्यालय ) | 35,000 | |
| ५० | नवोदित बचत तथा ऋण सहकारी सस्था लिमिटेड | 15,015 | |
| ५१ | जन उत्थान सामुदायिक लघु वित वितीय सस्था | 10,000 | |
| ५२ | पाल्पा सुनचादी व्यवसायी संघ | 15,000 | |
| ५३ | सितला देवी वचत तथा स स लि | 15111 | |
| ५४ | लायन्स क्लब अफ बिपना पाल्पा | 11000 | |
| ५५ | नारायण टोल विकास संस्था, नारायणथान | 11500 | |
| ५६ | आशा लघु वित् वितिय संस्था | 10000 | |
| ५७ | तानसेन होमस्टे समिति | 10051 | |
| ५८ | ठाकुर प्रसाद पाण्डे ता.न.प. ७ | 1011 | |
| ५९ | श्री महिला बहूद्देशीय सहकारी संस्था लि | 19111 | |
| ६० | रानी महल ऋण तथा बचत सहकारी सस्था लि | 11111 | |
| ६१ | धिरेन्द्र थापा सारु | 10000 | |
| ६२ | देव बहादुर गाहा | 10000 | |
| ६३ | तानसेन बहुमुखी क्याम्पस | 17432 | |
| ६४ | औसधि व्यवसायी संघ | 10005 | |
| ६५ | टोप बहादुर कार्की | 20000 | |
| ६६ | अखिल नेपाल महिला संघ जिल्ला | 10000 | |
| ६७ | श्री आनन्द बचत तथा ऋण सहकारी संस्था लि. | 10101 | |
| ६७ | पाल्पाली ढाका संघ | 10000 | |
| ६८ | नेपाल मगर संघ | 15000 | |
| ६९ | सिवाईसी नेपाल लघुवित वितिय संस्था लि. | 10000 | |
| ७० | मणि मुकुन्द बचत तथा ऋण स स लि | 11111 | |
| ७१ | पाल्पा इसाई समुदाय | 35000 | |
| ७२ | पाल्पा ब्यापार संघ | 10000 | |
| ७३ | मदनपोखरा संगम बहु उद्देसिय स स लि | 10000 | |

कौशल ज्ञानी घिमिरे
लेखा शाखा प्रमुख

शिवशक्ति श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

स्रोतः लेखा शाखा, तानसेन

# तानसेन नगरपालिका नगरकार्यपालिकाको आ.व. २०७६/०७७ चैत्र मसान्तसम्मको आम्दानी खर्च विवरण

| आय शिर्षक | प्रस्तावित आमदानी | हाल सम्मको आमदानी | बाकी | व्याय शिर्षक | बिनियोजन | यो महिना सम्मको खर्च | बाकि रकम |
|---|---|---|---|---|---|---|---|
| गत वर्षको अल्या | ११४,२३८,४१८ | ११४,२३८,४१८।० | (0) | प्रशासनिक खर्च | ९७,५००,००० | ४४,३३६,२०१ | ५३,१६३,७९९ |
| | | | | बित्तिय व्यवस्था | ५,०००,००० | ४,०००,००० | १,०००,००० |
| राजश्व आमदानी | ६९,७१७,००० | ३२,३४७,१६१।० | ३७,३६९,८३९ | नगर गौरव आयोजना | ४०,०००,००० | २३,९०० | ३९,९७६,१०० |
| समानिकरण आमदानी | १५७,८००,००० | ११८,३५०,०००।० | ३९,४५०,००० | सडक बोर्ड | १५,८००,००० | । | १५,८००,००० |
| सडक बोर्ड कार्यक्रम | ११,०००,००० | ३,००१,३४४ | ७,९९८,६५६ | ६०।४० कार्यक्रम | ३६,७००,००० | ८७५,००० | ३५,८२५,००० |
| जनसहभागीता | १६,७००,००० | १,०५८,४८८।० | १५,६४१,५१२ | एस डि जि लोकेलाइजेशन यु एन डि पि | १५,०००,००० | ( | १५,०००,००० |
| समपुरक अनुदान प्रदेश | २०,०००,००० | १५,०००,०००।० | ५,०००,००० | समपुरक प्रदेश | ५३,८२९,००० | ( | ५३,८२९,००० |
| समपुरक अनुदान संघ | ११,९००,०००।० | ७१४०,००० | ४,७६०,००० | समपुरक संघ | २३,८००,००० | । | २३,८००,००० |
| सित भण्डार भारतिय दुतावास | ३०,०००,००० | | ३०,०००,००० | शितभण्डार | ३४,०००,००० | | ३४,०००,००० |
| राजश्व बाडफाड संघ | ८८,५००,००० | ३२,२२९,७६९।३ | ५६,२७०,२३१ | नगरस्तरीय कार्यक्रम | ५९,७००,००० | ५,२३४,९७० | ५४,४६५,०३० |
| राजश्व बाडफाड प्रदेश | ७,६००,००० | | ७,६००,००० | प्रर्वधनात्मक कार्यक्रम | १०३,२५०,००० | २१,५७५,७१५ | ८१,६७४,२८५ |
| | | | | बिशेष कोष मार्फत संचालन हुने कार्यक्रम | ९,५००,००० | ७१८,४०१ | ८,७८१,५९९ |
| वित्तिय समानिकरण प्रदेश | ४,७४६,००० | ३,५५९,५००।० | १,१८६,५०० | वडास्तरीय खर्च | ४९,०००,००० | १०,३३४,८२५ | ३८,६६५,१७५ |
| सर्शत अनुदान संघ | ३१४,८००,०००।० | २२५,११९,२५०।० | ८९,६८०,७५० | सशर्त अनुदान संघ | ३१४,८००,००० | १८५,७२८,०२३ | १२९,०७१,९७७ |
| शर्शत अनुदान प्रदेश | २,७५०,००० | ८,२५०,०००।० | (५,५००,०००) | सर्शत अनुदान प्रदेश | २,७५०,००० | ( | २,७५०,००० |
| सामाजिक सुरक्षा कार्यक्रम | १००,०००,००० | ७९,१५८,४००।० | २०,८४१,६०० | सामाजिक सुरक्षा अनुदान | १००,०००,००० | ७९,१५८,४०० | २०,८४१,६०० |
| प्रधानमन्त्रि स्वरोजगार कार्यक्रम | ५,०००,०००।० | | ५,०००,००० | प्रधानमन्त्री स्वरोजगार कार्यक्रम | ५,०००,००० | ( | ५,०००,००० |
| एल जि सि डि पि कार्यक्रम | ३७५,००० | | ३७५,००० | एल जि सि डि पि कार्यक्रम | ३७५,००० | । | ३७५,००० |
| स्थानिय पुर्वधार विकास कार्यक्रम | २९,३६०,०००।० | १,६२५,००० | २७,७३५,००० | स्थानिय पुर्वधार विकास कार्यक्रम | २९,३६०,००० | १,६२५,००० | २७,७३५,००० |
| नेपाल पर्यटन बोर्ड | १,९००,००० | २५,४२५ | १,८७४,५७५ | नेपाल पर्यटन बोर्ड | १,९००,००० | २५,४२५ | १,८७४,५७५ |
| जेष्ठ नागरिक दिवा संघ | १००,०००।० | | १००,००० | जेष्ठ नागरिक दिवा सेवा | १००,००० | | १००,००० |
| स्वास्थ्य चौकि निर्माण संघ | १२,७८४,०००।० | | १२,७८४,००० | आधारभुत स्वास्थ्य चौकि निर्माण | १२,७८४,००० | | १२,७८४,००० |
| राष्ट्रिय परिचय पत्र पन्जिकरण संघ | १,५१३,०००।० | ३४,००० | १,४७९,००० | राष्ट्रिय परिचयपत्र पंजिकरण | १,५१३,००० | ३४,००० | १,४७९,००० |
| गरिब परिवार पहिचान कार्यक्रम संघ | ३,६९८,०००।० | | ३,६९८,००० | गरिब परिवार पहिचान कार्यक्रम संघ | ३,६९८,००० | | ३,६९८,००० |
| अधोगिक ग्राम | ९,२००,०००।० | ९,२००,००० | - | औधगिक ग्राम | ९,२००,००० | | ९,२००,००० |
| विशेष अनुदान संघ | १३,५००,०००।० | ६,०००,००० | ७,५००,००० | विशेष अनुदान संघ | १३,५००,००० | | १३,५००,००० |
| विशेष अनुदान प्रदेश | १०,०००,००० | ७,५००,०००।० | २,५००,०००।० | विशेष अनुदान प्रदेश | १०,०००,००० | | १०,०००,००० |
| बिधुत रोयल्टि ने वि प्रा बाट | १०,०००,००० | | १०,०००,००० | सार्वजनिक निजि साझेदारीमा गरिने कार्यक्रम | २,०००,००० | १६,३६८ | १,९८३,६३२ |
| | | | | अन्तराष्ट्रिय समबन्ध साझेदारी | ३,७८२,४१८ | ३०२,५०० | ३,४७९,९१८ |
| घाटा बजेट | २३,२५०,०००।० | | २३,२५०,००० | २०७५।०७६ बाट जिम्मेवारी सरेका योजना | १६,५९०,००० | १२,०४०,७६७ | ४,५४९,२३३ |
| जम्मा | १,०३०,४३१,४१८।० | ६६३,८३६,७५१४ | ४०६,५९४,६६२६ | जम्मा | १,०३०,४३१,४१८ | ३६६,०२९,४९४ | ७०४,४०१,९२४ |

कोशल राज घिमिरे
अधिकृत स्तर छैठौं तह

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा ५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

डिल्ली राज [illegible]
प्रमुख प्रशासकिय अधिकृत


# पत्रपत्रिकामा तानसेन

(प्रष्टताः सरोकारवालाहरूसँग आव्हान पछि प्राप्त सामग्रीलाई स्थान दिइएको -प्रधान सम्पादक)

नवसंवाद साप्ताहिक, २०७६ फागुन १८

## पाल्पाको पर्यटन प्रबर्द्धन गर्न पोखरामा डिजिटल बोर्ड

नवसंवाद संवाददाता



पाल्पा/पाल्पाली समाज पोखराले पाल्पा पोखराको पर्यटन प्रवर्द्धनका गर्न लेकसाइडमा डिजिटल बोर्ड राखेको छ । पोखरा महानगरपालिका वडा नं ६ बाराहीचोकमा राखिएको डिजिटल बोर्डको पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जीसी र तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले संयुक्त रूपमा शुभारम्भ गर्नुभएको हो । कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले पोखरालाई पर्यटकीय महानगरपालिका घोषणा गर्ने तयारीमा लागेको बताउनुभयो । सिद्धार्थ राजमार्ग स्तरोन्नति गरेर पोखरा आएका पर्यटकलाई श्रीनगर जाने वातावरण बनाउन सकिने उहाँको भनाई छ । महानगरपालिका प्रमुख जीसीले कमिमा १० वर्षभित्र पोखराको प्रति व्यक्ति आय २२ हजार डलर पुऱ्याउने लक्ष लिएको बताउनुभयो ।

तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले पोखराको पर्यटन विकासका अनुभवलाई पाल्पा र तानसेनले उपयोग गर्न चाहेको बताउनुभयो । डिजिटल बोर्डले पाल्पाको पर्यटन मात्र हैन, अन्य आर्थिक विकासका सम्भावना उजागर गर्ने महत्व गर्ने नगरप्रमुख शाहीको भनाई छ । उनले सिद्धार्थ राजमार्गलाई मुग्लीग पोखरा क्षेत्रका १५ स्थानीय तहले सिद्धार्थ करिडोरको रूपमा विकास गर्न चाहेको बताउनुभयो ।

गण्डकी प्रदेश सरकारका प्रमुख सचिव हरिप्रसाद बस्यालले दुई अन्तर्राष्ट्रिय विमानस्थलको बीचमा रहेको पाल्पाले पर्यटनबाट धेरै लाभ लिनसक्ने विश्वास व्यक्त गर्नुभयो । पूर्व उद्योगमन्त्री हरिप्रसाद पाण्डेयले यो डिजिटल बोर्डमा पोखरादेखि लुम्बिनीसम्मका विभिन्न स्थानका दृष्य राख्नाले पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बताउनुभयो । रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले पाल्पाको पर्यटन प्रवर्द्धनमा पोखरामा बस्ने पाल्पालीहरूको प्रयास प्रशंसनीय रहेको बताउनुभयो । पाल्पाली समाज समाजका अध्यक्ष कुलप्रसाद घिमिरेले डिजिटल बोर्ड सार्वजनिक खरिद ऐन अन्तर्गत १८ लाख ४२ हजार रूपैयाँमा खरिद गरिएको र तयारी खर्चसमेत गरी २२ लाख खर्च भएको जानकारी दिनुभयो । बोर्ड निर्माणका लागि तानसेन नगरपालिकाले कुल लागतको २५ प्रतिशत, पाल्पा उद्योग वाणिज्य संघले १ लाख, पाल्पा व्यापार संघले १ लाख रूपैयाँ सहयोग प्रदान गरेका छन् । पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष राजु महर्जन, पाल्पा व्यापार संघका अध्यक्ष चिरञ्जीवी पोखरेल, पाल्पाली संगमका अध्यक्ष पदम न्यौपाने, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्याल, पोखरा पर्यटन परिषदका संयोजक चिरिञ्जीवी पोखरेलले पाल्पाली समाजको रचनात्मक कार्यका लागि बधाई ज्ञापन गर्नुभयो ।

नवसंवाद साप्ताहिक, २०७६ फागुन २५

## "तानसेनमा बजार अनुगमन"

मिलन विश्वकर्मा



पाल्पा/तानसेन नगरपालिकाले बजारमा छड्के अनुगमनलाई तीव्र पारेको छ । यसअघि प्रायः चाडपर्वका समयमा मात्र अनुगमन गरिन्थ्यो। पछिल्लो समयमा भने नगरपालिका भित्र रहेका विभिन्न बजारमा छड्के अनुगमन गर्न थालिएको हो । गुणस्तरहिन, म्याद गुज्रिएका खाद्यवस्तु खान बाध्य भएको उपभोक्ताले पटकपटक गुनासो गरेपछि अनुमगन थालिएको छ । नगरभित्रका ग्रामीण वडामा रहेका बजारमा छड्के अनुगमन थालिएको छ । बजारमा आफूहरु ठगिएको ग्रामिण भेगका उपभोक्ताले गुनासो गर्दै आएका छन् ।

तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज बेलबासेको नेतृत्वमा अनुगमन थालिएको छ । अनुगमन टोलीमा नगरपालिकाका वरिष्ठ अधिकृत, कार्यपालिका सदस्य, खाद्य तथा गुण नियन्त्रण कार्यलय पाल्पाका प्रतिनिधि, उद्योग वाणिज्य संघ, पाल्पा व्यापार संघ, उपभोक्ता हित संरक्षण मञ्च नेपाल, पत्रकार लगायतको सहभागिता रहेको थियो । टोलीले तानसेन नगरपालिका-१४, अर्गली र ७ नम्बर वडाको प्रभाससहित तानसेनस्थित बसपार्कमा रहेका किराना पसल, होटल, बेकरी तथा पाउरोटी उद्योग र कस्मेटिक पसलमा अनुगमन गरेको छ। अनुगमनकाक्रममा म्याद गुज्रिएका, मूल्य नतोकिएका, उत्पादन मिति उल्लेख नभएको, लेबल नटाँसिएका खाद्यवस्तु फेला परेको तानसेन नगरपालिकाका वरिष्ठ अधिकृत दुर्गा थापाले बताउनुभयो । यस्तै म्याद गुज्रिएर सडेको अवस्थामा कस्मेटिक सामग्री समेत फेला परेको छ ।

माथागढी गाउँपालिका-२ रुप्सेस्थित ममता बेकरी उद्योगबाट उत्पादित खाद्यवस्तुमा बढी लापरबाही भएको फेला परेको छ । यस कम्पनिबाट उत्पादित ब्रेड ढुसी लागेको अवस्थामा फेला परेको छ । जुन बेकरी उद्योगबाट उत्पादित ब्रेड अर्गलीसहित तानसेनका विभिन्न बजारमा बिक्री गरिँदै आएको छ । अर्गलीको एउटा पसलमा बिक्रीका लागि राखिएको ब्रेडमा ढुसी लागेको भेटिएको हो । यस्तै ममता बेकरीबाट उत्पादित प्याकिङ् गरिएको ब्रेडमा उत्पादित मिति, मूल्य, तौल समेत उल्लेख गरिएको छैन् । भने मूल्यसूची समेत राखिएको छैन् । बजारमा बिक्रीका लागि राखिएको पाउरोटी, समोसा समेत म्याद गुज्रिएको अवस्थामा फेला परेको छ । थापाका अनुसार पसलमा बिक्री गर्न राखिएको विभिन्न कम्पनिका फुटी समेत म्याद गुज्रिएको अस्थामा भेटिएको छ । प्रायः महिलाले प्रयोग गर्ने कस्मेटिकका सामग्री समेत गुणस्तरहिन फेला परेका छन् । पाउडर र बास्नाधारका लागि प्रयोग गरिने अत्तर, स्याम्पु, तेल, लाली, नङपालिस, लोसन समेत सडेको अवस्थामा फेला परेको पाइएको छ । सन् २०१३ मा उत्पादन गरिएका कस्मेटिकका सामग्री बिक्रीका लागि पसलमा राखेको पाइएको तानसेन नगरपालिकाका कार्यपालिका सदस्य तथा अनुगमन समितिका सदस्य दीपक विश्वकर्माले बताउनुभयो ।

उपभोक्ताले आफू ठगिएको गुनासो गरेपछि विशेष खालको छड्के अनुगमन गरेको तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज बेलबासेले बताउनुभयो ।

नवसंवाद साप्ताहिक, २०७७ वैशाख २८

## रेडियो पाठशाला कार्यक्रम सकियो, शिक्षकलाई सम्मान

नवसंवाद संवाददाता



पाल्पा/दूरशिक्षा रेडियो कार्यक्रम एसईई पाठशालाका शिक्षकहरुलाई सामुदायिक रेडियो मदनपोखराले सम्मान गरेको छ । कोरोनाका कारण एसईईको परीक्षा स्थगित भएपछि अंग्रेजी, गणित, विज्ञान, नेपाली, सामाजिक अध्ययन, कम्प्युटर र स्वास्थ्य, जनसंख्या तथा वातावरण विषयमा रेडियोले दैनिक ५ घण्टा पठनपाठन गरेको हो । एसईई पाठशालाका ७ जना शिक्षकहरूलाई रेडियो घरमा बिहीबार सम्मान गरिएको छ । तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले पाठशालाका शिक्षकहरूलाई कदरपत्र प्रदान गर्दै रेडियो पाठशालाले देशभरिनै आकर्षण पैदा गरेको बताउनुभयो । महामारी र बन्दाबन्दीका बेला सामुदायिक रेडियो मदनपोखराले ल्याएको यो सिर्जनशील कार्यक्रमले आधारभूत वर्गका विद्यार्थीहरूलाई धेरै ठूलो सहयोग पुगेको छ, नगरपालिका प्रमुख शाहीले भन्नुभयो । सामुदायिक रेडियो मदनपोखराका सञ्चालक समितिका सदस्य सोमनाथ अर्यालले रेडियो र पाठशालाका शिक्षकहरूले विपदमा पनि रेडियो मार्फत् पठनपाठन गरेर इतिहास रचेको बताउनुभयो । कार्यक्रममा शिक्षक रामजीवन अवाली, चन्द्रकान्त न्यौपाने, नेपाल पत्रकार महासंघ पाल्पाका पूर्व अध्यक्ष गोविन्द भट्टराईले एसईई पाठशालाले शैक्षिक तनावमा रहेका विद्यार्थी र चिन्तित अभिभावकलाई आशाको सञ्चार गर्न सफल भएको बताउनुभयो । रेडियोका स्टेशन प्रबन्धक राजेशकुमार अर्यालले रेडियो पाठशाला संकटका बेलामा समुदायको सहयोगी बन्ने प्रयास हो भन्नुभयो । स्टेशन प्रबन्धक अर्यालले भन्नुभयो, यो एसईईकालागि सहयोगी कक्षा थियो, अन्तिम तयारीमा रहेका बालबालिकालाई परीक्षा सरेपछि जानेका कुरा पुनः दोहोऱ्याउने र नजानेका कुरा सिक्ने अवसर पाए । तानसेन नगरपालिकासँगको सहकार्यमा सामुदायिक रेडियो मदनपोखराले सञ्चालन गरेको दूरशिक्षा रेडियो कार्यक्रम अत्यन्त प्रभावकारी भएको विद्यार्थीहरूले बताएका छन् । मदनपोखरासँगै नेपालका ३० भन्दा धेरै रेडियो स्टेशनले हरेक दिन बिहान सवा १० बजेदेखि ४ बजेसम्म दूरशिक्षा रेडियो कार्यक्रम एसइई पाठशाला प्रसारण गरेका थिए । एसइई पाठशाला रेडियो कार्यक्रममा दमकडा माध्यमिक विद्यालयका शिक्षक होमराज ढुंगानाले अंग्रेजी, जनता माध्यमिक विद्यालयका शिक्षक रामप्रसाद ढकालले अनिवार्य गणित, देववाणि साधारण तथा संस्कृत माध्यमिक विद्यालयका रामजीवन अवालीले विज्ञान, दमकडाका जीवन आचार्यले कम्प्युटर, दमकडाकै एकराज अवालीले सामाजिक अध्ययन र माउन्ट भ्यू बोर्डिङ स्कूलका प्रेमराज खरालले नेपाली र न्यू होराइजनका चन्द्रकान्त न्यौपानेले स्वास्थ्य, जनसंख्या तथा वातावरण विषयको पठनपाठन गर्नुभएको थियो । यो रेडियो पाठशाला एक महिना अवधिसम्म चलेको थियो । शिक्षक विदाईरुपी कार्यक्रम सारेम सञ्चालक समितिका सदस्य सोमनाथ अर्यालको अध्यक्षतामा चलेको थियो ।

आदर्श समाज दैनिक, पोखरा

## ८५ पत्रकारको कोरोना बीमा



आदर्श समाज
पाल्पा

कोरोना भाइरस महामारीको बेलामा फ्रन्टलाइनमा काम गर्ने पाल्पाका ८५ जना पत्रकारको कोरोना बीमा गरिएको छ।

नेपाल पत्रकार महासंघको सिफारिसमा तानसेन नगरपालिकाको सहयोगमा पत्रकार महासंघमा आबद्ध क्रियाशील पत्रकारहरूको लागि कोरोना बीमा गरिएको हो।

पत्रकारको क्रियाशीलतालाई प्रोत्साहित गर्न पाल्पाली पत्रकारलाई कोभिड बीमामा समावेश गरिएको तानसेन नगरप्रमुख अशोककुमार शाहीले औंल्याए। उनले कोरोना रोकथाम, उपचार र नियन्त्रणका लागि पत्रकारहरू सक्रिय रूपमा लागिपर्ने विश्वास व्यक्त गरे।

सहमतिपत्रमा पत्रकार महासंघ पाल्पा अध्यक्ष राजेशकुमार अर्याल र नगरप्रमुख शाहीले कोभिड बीमा सम्झौता पत्रमा हस्ताक्षर गरेका छन्।

कार्यक्रममा अध्यक्ष अर्यालले दुवै पक्षको सहमतिमा कोरोना बीमा सम्झौता गरिएको र प्राविधिक कारणले छुट हुन गएका महासंघका केही सदस्यलाई समेत बीमामा समावेश गरिने बताए। तानसेन नगरपालिकाले यसअघि पनि पत्रकार महासंघलाई स्वास्थ्य तथा सुरक्षित सामग्री प्रदान गरेको थियो।

# पत्रपत्रिकामा तानसेन

गाउँले देउराली साप्ताहिक, २०७६ फागुन १६

## हजार दिनका आमाहरुलाई पोषण शिक्षा

पाल्पा, तानसेन नगरपालिका वडा नं १२ का हजार दिनका आमाहरुलाई पोषण सम्बन्धी शिक्षा तथा अण्डा वितरण कार्यक्रम गरिएको छ ।



अण्डा वितरणको तयारी गर्दै वडाका कर्मचारीहरु

महिला स्वयम सेविका दिप्तीसरा रानाको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै वडाध्यक्ष देवेन्द्र रानाले पोषण सम्बन्धी शिक्षा र अण्डा वितरणले महिलाहरुलाई आफ्नो स्वास्थ्य र बच्चाको स्वास्थ्य हेरचाहमा मदत पुऱ्याउने बताउनु भयो । उहाँले गर्भवती भएदेखि हजार दिन पुगेका वडा भरिका ९१ जना महिलालाई शिक्षा दिन पाउँदा र पोषण बढाउन अण्डा दिन पाउँदा निकै खुसी लागेको बताउनु भयो । कार्यक्रममा राजनीतिक दलका नेता हजार दिनका महिलाहरुले आ-आफ्ना धारणा राखेका थिए । कार्यक्रम सम्पन्न गर्न वडा कार्यालयको ४० हजार खर्च गरिएको थियो । सो अवसरमा सुआहारा कार्यक्रम र स्वास्थ्य चौकीले स्वास्थ्य शिक्षा सम्बन्धी सहजीकरण गरेका थिए ।

नव संवाद साप्ताहिक, २०७६ फागुन ४

## पाल्पाली ढाकालाई बजारको कुनै समस्या हुँदैन : मुख्यमन्त्री पोखरेल

नवसंवाद संवाददाता

पाल्पा/५ नं. प्रदेशका मुख्यमन्त्री शंकर पोखरेलले पाल्पाली ढाकाले मुलुकको आर्थिक समृद्धिमा सहयोग दावी गर्नुभएको छ । पाल्पाली ढाका नेपालकै पुरानो र संस्कृतिको एउटा अंग भएको भन्दै उहाँले यसको प्रबर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो । प्रदेश सरकार र यूके एआडी सीप परियोजनाको सहयोग तथा पाल्पाली ढाका संघको आयोजनामा बुधबार तानसेनमा भएको 'ढाका परियोजना' सम्बन्धि सम्झौता हस्ताक्षर कार्यक्रममा उहाँले उक्त कुरा बताउनुभएको हो । 'नेपालको चलनचल्तीमा जतिबेला ढाकाको टोपी आयो, त्यो ढाका पाल्पामा उत्पादन भएको थियो' उहाँले भन्नुभयो 'नेपाललाई पहिचान दिएको पाल्पाली ढाका पछिल्लो समयमा ओझेलमा पर्नु दुःखद् हो ।' यो परियोजनाले पाल्पाली ढाकालाई पुनरजन्म दिनेमा आफू आशावादी रहेको मुख्यमन्त्री पोखरेलले बताउनुभयो ।

कार्यक्रमभरी पाल्पाली ढाकाको बारेमा केन्द्रित रहेर आफ्नो मन्तब्य राखेका उहाँले आफु मुख्यमन्त्रीको सपथ लिने बेलामा पाल्पाली ढाका टोपी बुटवल बजारमा खोज्दा नपाएको सुनाउनुभयो । पश्चिमी भेगमा पूर्केली टोपीले स्थान पाउने तर आफ्नो इतिहाँस बोकेको पाल्पाली ढाकाको टोपी ओझेलमा परेकोप्रति उनले चिन्ता व्यक्त गर्नुभयो । गुणस्तरीय र समयको माग अनुसार पाल्पाली ढाकाको ब्राण्ड दिन सके बजारको समस्या नहुने उहाँले बताउनुभयो । नेपालमा मात्र नभई




विदेशी मुलुकमा समेत यो ढाकाबाट निर्मित सामग्रीको खपत हुने उहाँले बताउनुभयो । यहाँको ढाकालाई प्रचार प्रसार र प्रवर्द्धनको लागि वर्षमा एकपटक विशेष मेला महोत्सव गर्नुपर्ने उहाँले बताउनुभयो ।

ढाका पाल्पालीको पहिचान भएको तानसेन नगरपालिकाका प्रमुख अशोक कुमार शाहीले बताउनुभयो । एकातिर ढाकाको उत्पादन घट्दै जानु र अर्कोतिर ढाकाको माग बढ्दै गइरहेको उहाँले बताउनुभयो । विदेशी ढाकाको आयात बढ्नुले यहाँको ढाकामा असर गरेको उनले बताए। पाल्पाली ढाकाको गुणस्तरीय ब्राण्ड दिनेगरी ब्यापार व्यावसाय प्रवर्द्धन गर्न तानसेन नगरपालिकाले थालेको अभियानमा सहयोग गरेको प्रदेश सरकार र दातृ संस्थालाई प्रमुख शाहीले धन्यवाद दिनुभयो । यो सम्झौतामार्फत विभिन्न ९ वटा संस्थाबाट सहभागी युवालाई ढाकासम्बन्धि सीप र उद्यमी बनाउने गरी सहजीकरण गरिने सीप परियोजनाका प्रमुख बल्जित बोहोराले बताउनुभयो । उहाँका अनुसार तीन वर्षे परियोजना अन्तर्गत १५ सय युवालाई स्वरोजगार बनाउने लक्ष्य छ । कार्यक्रममा ढाका बुन्ने, स्वरोजगार बुनाई गर्नेहरु, प्राविधिक डिजाइन र सिलाईकर्ता गरी १५ जना सहभागी हुने छन् ।

करिब ५ करोडको लगानीमा यो परियोजना सञ्चालन हुने छ । परियोजना सम्झौतामा तानसेन नगरपालिकाका प्रमुख अशोक कुमार शाही, पाल्पाली ढाका संघका अध्यक्ष पूर्णमायाँ महर्जन र सीप परियोजनाका प्रमुख बल्जित बोहोराले बुधबार हस्ताक्षर गर्नुभयो । तालिमपश्चात उद्यमी बन्न चाहनेहरुलाई जनउत्थान सामुदायिक लघुवित्त वित्तिय संस्थाले लगानी गर्ने गरी सम्झौता भएको संस्थाका कार्यकारी प्रमुख श्रीराम पोखरेलले बताउनुभयो ।

मेचीकाली दैनिक, २०७६ फागुन ९

## फाटेको मन सिलाउने मेलमिलापकर्ता

■ नेत्र गैरे

पाल्पा, फागुन ८ । पाल्पा, तानसेन नगरपालिकाको समन्वय, द एसिया फाउण्डेशनको सहयोग र प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालको सहजीकरणमा २०७६ फागुन ६ गते नगरपालिकाका विभिन्न वडामा क्रियाशील मेलमिलापकर्ता र न्यायीक समितिबीच अभ्यास अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ । तानसेन नगरपालिकाका उपप्रमुख तथा न्यायिक समिति संयोजक लक्ष्मीदेवी पाठकको अध्यक्षतामा भएको कार्यक्रमको शुभारम्भ गर्दै प्रमुख अतिथि नगरप्रमुख अशोककुमार शाहीले आफूलाई प्राप्त अधिकारको दायराभित्र रहेर विवाद व्यवस्थापन गर्नु पर्ने बताए । उनले न्यायाधीश नबन्न तथा विवाद वा झगडा घटाएर शान्तिपूर्ण समाज स्थापनामा न्यायिक समिति र मेलमिलापकर्ताको महत्वपूर्ण भूमिका हुने हुनाले तानसेन नगरपालिकाले आवश्यक सीपविकासको व्यवस्था गरेको बताए । नगरप्रमुख शाहीले मेलमिलाप सम्बन्धी आधारभूत तालिमप्राप्तमध्ये ७९ जना मेलमिलापकर्ताहरुको सूची नगरसभाले अनुमोदन गरेको बताउँदै जिम्मेवारढंगले काम गर्न आग्रहसमेत गरे ।

कार्यक्रममा बोल्दै न्यायिक समिति संयोजक लक्ष्मीदेवी पाठकले न्यायिक समितिमा रहेका र मेलमिलापकर्ताको तालिम लिएका साथीहरुले फाटेका मन सिलाउनआफूलाई प्राप्त ज्ञान, सीपको उपयोग गर्दै प्राप्त सामग्री अध्ययन गर्नुपर्ने कुरामा जोड दिइन् । विवाद लिएर आउने पीडित र पीडकको आत्मसम्मानलाई मनन गर्दै गोपनियता कायम राख्दै आपसमा मेलमिलाप गराउनेतर्फ सबैले जोड दिनुपर्ने बताउँदै उनले भनिन्,'सम्बन्ध विच्छेद गर्न भन्दै आएकालाई मिलेर बस्ने गराएका छौं ।' समितिका सदस्य विनिता लुईंटेलले आफूहरुले प्राप्त ज्ञान, सीपका आधारमा स्थानीय सरकारले सुम्पिएको जिम्मेवारी वहन गर्दै विवाद व्यवस्थापन गर्ने गरेको बताइन् । प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालकी रमिला हुमागाईंले मेलमिलापका सवालमा तानसेन नमूना बनोस भनेर आफूहरुले चाहेको बताइन् । अर्की सहजकर्ता इरादा पहाडीले आफूहरुले तानसेन सरकारको आवश्यकता र सहयोगी संस्था एसिया फाउण्डेसनले निर्देश गरेअनुसार काम गरेको बताइन् । पत्रिकारसँग कुरा गर्दै द एसिया फाउण्डेसनका ५ नं प्रदेश संयोजक चुरामणि पोखरेलले न्यायिक समितिसँग सम्बन्धित मेलमिलापकर्ताहरुलाई दक्ष बनाउन तानसेन सरकारको आवश्यकता अनुसार आफूहरुले सहयोग गर्ने बताए ।

तानसेन नगरपालिकाका-१४ वडामा क्रियाशील मेलमिलाप संयोजकहरुले आआफ्ना अभ्यास र अनुभवबारे जानकारी गराउनुका साथै आवश्यक कुराहरुबारे ध्यानाकर्षण गराएका थिए । चिरञ्जीवी खनाल, मित्रलाल नेपाली, विश्वराज रेग्मी, कल्पना पोखरेल खनाल, मञ्जु ज्ञवाली, भुनु थापा, रमेश बोहरा, चिरञ्जीवी शर्मा, शोभा शाक्य, नूरदेव पौडेल, यादवनाथ भट्टराई, दुर्गाप्रसाद अर्याल, रुद्रनाथ घिमिरे, सीताराम घिमिरे, घनश्याम गैरे, लोकबहादुर रेश्मी, दुर्गादत्त रेग्मी, श्रीधर भट्टराई र मीना जीसीले आआफ्ना अनुभव सुनाका थिए । विशेषत नियमित बैठक बसेको, आएका विवाद न्यायीक समितिमा पठाएको, मेलमिलाप कार्यालय सबै वडामा स्थापना गरेको र विवाद लिएर आउने पीडित र पीडकबीच मेलमिलापका लागि आफूहरु खटेको कुरा अधिकांशले जानकारी गराएका थिए । विवादहरुबारे प्रक्रियासम्मत हिसावले न्यायिक समितिमा जानकारी गराउने प्रक्रिया र विवाद व्यवस्थापनका बारेमा न्यायिक समिति संयोजक लक्ष्मीदेवी पाठकले प्रष्ट पारेकी थिइन् ।

परेवा पाक्षिक, वर्ष ५, अंक १८ बाट

## 'कृषि एम्बुलेन्स'मार्फत तानसेनका घरघरमा तरकारी



**पाल्पा,परेवा**/बन्दाबन्दीका समयमा तानसेन नगरपालिकाले अनुदान दिनेगरी तानसेनमा 'कृषि एम्बुलेन्स' सेवा सञ्चालन गऱ्यो।

तानसेन युवा परिषद्को सहकार्यमा नगरपालिकाले बैशाख ७ गतेदेखि सेवा आरम्भ गरेको थियो । तरकारी उत्पादन गर्ने किसान र उपभोक्ताबिच पुलको काम गर्नका लागि नगरपालिकाले सेवा सञ्चालन गरेको नगरप्रमुख अशोककुमार शाहीले सञ्चारकर्मीलाई जानकारी दिनुभयो ।

तानसेन नगरपरिषद्का अध्यक्ष गुँरास आत्रेयले किसानको उत्पादन खेर नजाओस् र उपभोक्ताले सहुलियत दरमा बन्दाबन्दीका बेला घरघरमै सेवा पाउन भन्ने उद्देश्यले अभियान थालिएको जानकारी दिनुभयो । उहाँले यसको व्यवस्थापन तानसेन नगरपालिकाले गरेको बताउनुभयो ।

स्रोतका अनुसार तानसेन नगरपालिका र मदनपोखरा कृषि सहकारीको सहयोगमा युवा परिषद्ले कृषि एम्बुलेन्स सेवा आरम्भ गरेको हो। सेवा सुरु भएपछि उपभोक्ताले सस्तो मूल्यमा घरदैलोमै तरकारी किन्न पाएका थिए ।

# पत्रपत्रिकामा तानसेन

नव संवाद साप्ताहिक, २०७६ फागुन ११

## पाल्पा महोत्सव सफल
## एक लाख बढी दर्शकद्वारा अवलोकन



**नवसंवाद संवाददाता**

पाल्पा/पाल्पा व्यापार संघको आयोजनामा दमकडामा जारी पाल्पा महोत्सवमा उल्लेखनीय दर्शकको भीड लागेको छ । महोत्सव सुरु भएको दशौं दिनसम्ममा एक लाख दर्शकले महोत्सवको अवलोकन गरेका छन् । एक लाख दर्शकले महोत्सवको अवलोकन गर्ने लक्ष्य राखिएको महोत्सवमा लक्ष्यभन्दा बढी दर्शकले महोत्सवको अवलोकन गरेको महोत्सव मूल आयोजक समितिका संयोजक एवं पाल्पा व्यापार संघका अध्यक्ष चिरन्जीवि पोखरेलले जानकारी दिनुभयो । यस्तै महोत्सवमा दशौं दिनसम्म चार करोड बढीको कारोबार भएको छ । विभिन्न स्टलहरुबाट प्राप्त जानकारी अनुसार महोत्सवमा चार करोड बढीको कारोबार भएको हो । आयोजकले महोत्सव अवधिभरमा ५ करोडको कारोबार गर्ने लक्ष्य राखेको थियो । पाल्पाको स्थानीय उत्पादनलाई प्रोत्साहन, बजारीकरण र प्रचारप्रसार गर्ने उद्देश्यले मोत्सव आयोजना गरिएको थियो । पाल्पाको कृषि, पर्यटन, साना तथा घरेलु उद्योगबाट उत्पादित वस्तुको बजारीकरण गर्न सहज होस् भनेर महोत्सव आयोजना गरेका थियौं अध्यक्ष पोखरेलले भन्नुभयो हाम्रो उद्देश्य अनुसार हामीले काम गरेका छौं । महोत्सवमा दश स्थानीय तहबाट प्रतिनिधित्व गर्ने कृषि र पर्यटनका स्टलको सहभागिता रहेको थियो । महोत्सवमा कृषि ज्ञान केन्द्र, पाल्पा, प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यालय, पाल्पा, मदनपोखरा संगम बहुउद्देश्यीय सहकारी संस्था, दमकडाको महिला समूह, उखुको खुदो, फलामबाट बनाइएका कृषि औजारका स्टल, उनजन्य वस्तुबाट बनेका टोपी, स्वीटर, मफलर, मौरीको गोला सहितको स्टल आकर्षक बनेको थियो । यस्तै निस्दी गाउँपालिकास्थित काउलेडाँडाको अम्रिसोबाट बनेका कुचो, रिब्दीकोट गाउँपालिकाको पर्यटन सम्बन्धी जानकारी दिने डिस्प्ले बोर्ड, दमकडा नमूना मावि र रिभर भ्याली माविका विद्यार्थीले तयार गरेको भविष्यको माडी उपत्यकाको नमूना समेत आकर्षक बनेको स्टल संयोजक कमल ढकालले जानकारी दिनुभयो । महोत्सवमा बाल उद्यान, राष्ट्रिय तथा बहुराष्ट्रिय कम्पनीका स्टलहरू, होटल तथा रेष्टुरेन्टको समेत स्टल रहेका थिए ।

शनिबार भने लोक गायक पुष्कल शर्मा, धुर्मुस, पोखरेली माग्ने बुढा लगायतले प्रस्तुती राख्नुभयो । सांस्कृतिक उपसमितिका संयोजक थानेश्वर गैरेले ख्यातीप्राप्त कलाकारहरूको सहभागिताले महोत्सवलाई सफल बनाउन सहयोग गरेको बताउनुभयो । महोत्सवमा पाल्पाका दश स्थानीय तहका प्रमुख तथा प्रतिनिधिहरूले स्थानीय तहले गरेका राम्रा कामको बारेका जानकारी दिनुभएको थियो ।

परेवा पाक्षिक, २०७७ जेठ १६-३२

## अनलाइन मार्फत सिकाई सहजीकरण तालिम

**पाल्पा,परेवा**/तानसेन नगरपालिकाले नगरक्षेत्रभित्रका शिक्षकका लागि अनलाइन मार्फत सिकाई सहजीकरण तालिम सञ्चालन गरेको छ । शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग गर्न शिक्षकहरूको कार्य क्षमता वृद्धि गर्ने उद्देश्यले नगरपालिकाले जेष्ठ ७ गतेदेखि प्रथम चरणको तालिम सञ्चालनमा ल्याएको हो ।

तालिम उद्घाटन सभालाई सम्बोधन गर्दै नगरप्रमुख अशोककुमार शाहीले कोभिड–१९ को प्रभावका कारण विद्यालयका शिक्षक र विद्यार्थीलाई परेको प्रभावलाई मध्यनजर गर्दै तालिम आयोजना गरिएको जानकारी दिनुभयो। उहाँले घरमै बसेर शिक्षकहरूले आफ्नो क्षमता वृद्धि गर्न सक्ने हुँदा यस्तो किसिमको तालिम आवश्यक रहेको औंल्याउनुभयो ।

कार्यक्रममा नेकपा केन्द्रीय सदस्य ठाकुर गैरेले समय सन्दर्भ अनुसार कार्यक्रम अर्थपूर्ण रहेको भन्दै सफलताको शुभकामना दिनुभयो । कार्यक्रमका अध्यक्ष नगरपालिका शिक्षा शाखा प्रमुख रेशमलाल न्यौपाने, तालिम व्यवस्थापन समितिका सदस्य कृष्णबहादुर थापा, भरतप्रसाद न्यौपाने लगायतले सूचना प्रविधिको प्रयोग गरी विद्यालयको शिक्षकहरूलाई दिएको तालिमले शैक्षिक गुणस्तर वृद्धिमा सहयोग पुग्ने बताउनुभयो ।

अनलाइन सिकाइ तालिममा १ सय जना शिक्षकको सहभागिता रहेको सूचना प्रविधि अधिकृत प्रकाश गैरेले जानकारी दिनुभयो । तालिममा प्रकाश गैरे, जीवन आचार्य, मनोहर थापा र महेन्द्र लम्सालले सहजीकरण गर्नुभएको थियो ।

## 'सिद्धार्थ आर्थिक करिडोर'को भर्चुअल बैठक, १५ स्थानीय तहको साझा चासोमा छलफल हुँदै



डिसी नेपाल | प्रकाशित : २०७७ जेठ २३ गते १६:५९

तानसेन। दुई प्रदेश, ४ जिल्लाका १५ नगर र गाउँपालिकाको साझा संगठनको रुपमा विकास गर्न लागिएको सिद्धार्थ आर्थिक करिडोरको भर्चुअल बैठक शनिवार विहान हुने भएको छ। शनिबार विहान ८ बजे सुरु हुने बैठकमा सिद्धार्थ राजमार्गसँग जोडिएका क्षेत्रको समग्र आर्थिक सामाजिक चासोको बारेमा छलफल हुनेछ।

पूर्व बजेट तयारी बैठक भनिएको यो बैठकले आगामी आर्थिक वर्षको लागि विनियोजित बजेटको सही व्यवस्थापनका विषयमा पनि छलफल गर्नेछ । यसअघि पनि यस विषयमा छलफलहरु सुरु भइसकेका छन् । पछिल्लो बैठक कोभिड–१९ महामारीका कारण रोकिएपछि भर्चुअल रुपमा गर्न लागिएको हो ।

अभियानको संयोजन अहिले तानसेन नगरपालिकाले गरिरहेको छ । स्थायी संरचना निर्माण हुँदासम्म यसको सचिवालयदेखि समन्वयको जिम्मेवारी तानसेन नगरपालिकाले लिएको नगरपालिकाका अध्यक्ष अशोककुमार शाहीले बताए । शाहीका अनुसार भोलिको बैठकमा प्रदेश ५ र गण्डकी प्रदेशका योजना आयोगका प्रमुखहरु, स्वास्थ्य मन्त्रालयका विज्ञ, सबै गाउँपालिका तथा नगरपालिकाका प्रमुख वा प्रतिनिधिको सहभागिता रहनेछ ।

सिद्धार्थ राजमार्गले छोएका गाउँ तथा नगरको आर्थिक विकासका लागि समन्वय र सहकार्य गर्नको यो यो भर्चुअल बैठक आयोजना गर्न लागिएको हो । राजमार्ग क्षेत्रका जनताको आर्थिक विकासका लागि पालिकाहरुले संयुक्तरुपमा पहल गर्न एकै थलोमा जम्मा भएको शाहीले बताए ।

बैठकले यस राजमार्गमा रहेका पालिकाहरुले संयुक्त रुपमा सञ्चालन गर्न सकिने योजनाहरुको पहिचान, छनौट र कार्यान्वयनको लागि छलफल र सहमति गर्ने प्रमुख शाहीले बताए । सहकार्यमा गर्न सकिने योजनाहरुको लागि पालिकाहरुले बजेट विनियोजन र कार्यान्वयनको लागि संरचनाको तयसमेत गर्ने उनले बताए ।

# तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्बन्धित केही प्रेस विज्ञप्ति

## तानसेन नगरपालिका

तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

© ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :

२०७६ फागुन १४
मिति..........

### हार्दिक शुभकामना

सर्व प्रथम ३८ औं मगर एकता दिवस २०७६ फागुन १५ का अवसरमा तानसेन, पाल्पा निवासी लगायत सम्पूर्ण नेपाली मगरसमुदायमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा सबै जातजाति भाषा, भाषीको हक हित र समृद्धिका लागि नेपालको संविधानले नीतिगत मार्ग तय गरेको हामी सबैलाई अवगत भएकै कुरा हो । संविधानमा उल्लेख भएपनि त्यसलाई व्यवहारमा उतार्ने दायित्व संघीय, प्रदेश र स्थानीय सरकारसँगै नागरिकहरुको समेत हो भन्ने तथ्य हामी सबैले मनन गर्न आवश्यक छ । हामीले हाम्रा हकअधिकार उपभोग गर्ने क्रममा अन्य नागरिक वा समुदायको हक, अधिकार कुण्ठित नहोस भन्नेतर्फ समेत सचेत रहन सक्नु नै लोकतन्त्रको सुन्दर पक्ष हो ।

नेपाल राष्ट्रको निर्माणका बखत होस वा कालान्तरमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना हुँदै आजका मितिसम्म नेपालको स्वाभिमान उँचो राख्दै राष्ट्रिय एकतालाई मजबुत बनाउने सवालमा नेपालका मगर समुदायको महत्वपूर्ण योगदान रहेको छ । तानसेन, पाल्पाको विकास निर्माण तथा समृद्धिको अभियानमा समेत मगर समुदायको पनि उत्तिकै सहभागिता रहिआएको छ । ३८ औं मगर एकता दिवसका अवसरमा भाषा, संस्कृति र पुर्खाका असल कर्महरुको संरक्षणमा जुट्दै सामाजिक एकता कायम गर्दै प्रगतिपथमा लम्कन सम्पूर्ण मगरसमुदायलाई सफलता मिलोस, भन्ने कामनासहित मगरसमुदायको उन्नतिका लागि यथासम्भव सहयोग गर्न तत्पर रहेको अवगत गराउँदै हार्दिक शुभकामना प्रकट गर्दछौं ।

अशोककुमार शाही
नगर प्रमुख
नगरप्रमुख एवम्
तानसेन नगरपालिका परिवार

## तानसेन नगरपालिका

तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

© ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :

२०७६ फागुन २४

### अन्तर्राष्ट्रिय नारी दिवस सन् २०२० को अवसरमा हार्दिक शुभकामना !

युरोप अमेरिकामा पूँजीवादको चरम विकासको प्रतिफलस्वरुप कलकारखानाहरु सञ्चालन हुन थालेपछि कृषि मजदुरहरु रोजगारीका लागि औद्योगिक क्षेत्रतर्फ लागे तर पूँजीवादी सरकार, उद्योगपतिहरुले मजदुरको हितकल्याणमा ध्यान दिएनन् बरु दैनिक १८ घण्टा श्रमशोषण गरिरहे । यी मजदुरहरुमा महिला तथा बालबालिका समेत थिए । त्यसबेला ८ घण्टा काम, ८ घण्टा आराम र ८ घण्टा मनोरञ्जनको माग, पेन्सन, बोनस जस्ता जीवनयापनका लागि आवश्यक विभिन्न मागहरु राखेर महिला मजदुर समेत आन्दोलित भएको इतिहास छ । यसखालका मजदुर, महिला आन्दोलनहरु विशेष किसिमले विगतमा ८ मार्चमा हुने गरेको पाइन्छ । जसको परिणामस्वरुप समाजवादी महिला मजदुर नेतृ क्लारा जेट्किनको नेतृत्वमा पोल्याण्डको राजधानी कोपनहेगनमा भएको सम्मेलनले उनलाई अभियानको नेतृत्व सुम्पियो । यसरी ८ मार्चको ऐतिहासिक संघर्षशील मजदुर आन्दोलनको परम्परालाई निरन्तरता दिनका लागि यस दिनलाई अन्तर्राष्ट्रिय महिला (नारी) दिवसका रुपमा मनाउने परम्परा शुरु भयो ।

नेपालमा पनि पञ्चायत कालमा देखाउनका लागि मात्र भएपनि नारी दिवस भनेर दरबारिया महिला जुटेर कार्यक्रम गर्ने गर्दथे भने श्रमिक महिलाहरुले छुट्टै अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने गरेको पाइन्छ । क्रमशः बदलिदो राजनीतिक परिवेश अनुरुप विगतमा बन्द कोठामा गरिने कार्यक्रम खुला ढंगले गर्न थालियो । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएपछि नेपाली नारीहरु राज्यका विभिन्न तह र तप्कामा पुग्न सफल भएका छन् । यद्यपि कतिपय नेपाली महिलाहरु अझै पनि अधिकारबारे अनभिज्ञ छन भने कतिपय यो वा त्यो नामबाट सामाजिक बहिष्करणमा परेको अवस्था छ । संविधानत् उनीहरुलाई समेत सक्षम र सबल तुल्याउन ८ मार्चले सन्देश दिने गरेको छ । हाम्रो तानसेन नगर सरकारले हरेक तहका महिलाहरुलाई सामाजिक, आर्थिक, राजनीतिक मूलप्रवाहमा सामेल गराउँदै विकासको प्रतिफल सबैमा पुगोस भन्ने ध्येय राखेर सोही अनुसार कार्यक्रम कायान्वयनको चरणमा उत्रिएको छ । हरेक विकास अभियानमा सहभागी गराउन तथा घरपरिवार र समुदायमा नारीलाई सहकर्मी र सहयात्रीका रुपमा सम्मान गर्न तथा नारीपुरुष-बराबरी सन्देश व्यवहारमा उतार्न समेत सम्पूर्ण नगरवासीसमक्ष आग्रह गर्दछौं ।

ऐतिहासिक महत्व बोकेको अन्तर्राष्ट्रिय नारी दिवस (८ मार्च) २०२० का अवसरमा यो पर्व भव्यतासाथ सम्पन्न होस् भन्ने शुभेच्छासहित ८ मार्चको मर्म आत्मसात गर्दै विकासको मूलप्रवाहमा अगाडि बढ्न समस्त नेपाली नारीहरुलाई अपिल गर्दछौं ।

अशोककुमार शाही
नगरप्रमुख एवम्
तानसेन नगरपालिका परिवार
नगर प्रमुख

## तानसेन नगरपालिका

तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

© ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :
मिति

### तानसेन नगरबासीमा हार्दिक अनुरोध

विश्वव्यापी रुपमा फैलिइरहेको कोरोना (COVID-19) भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले २०७६ चैत्र ११ देखि लकडाउनलाई निरन्तरता दिदै आएको छ र सरकारको घोषणालाई सम्पूर्ण नेपाली नागरिकले साथ दिदै आएको अवस्था विद्यमान छ । कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले गरेका निर्णय साथै निर्देश गरेअनुसारका कार्य कार्यान्वयनमा साथ दिनुका अलावा प्रदेश र स्थानीय सरकारले समेत हरसम्भव पहल गरिआएको कुरा सर्वविदितै छ ।

तानसेन नगरपालिकाले यस सन्दर्भमा सरोकारवालाहरुसँग छलफल, अभिमुखीकरण कार्यक्रम तथा टोलबस्तीमा सचेतना कार्यक्रम गर्नुका साथै सन्देशहरु माइकिङ र विद्युतीय सञ्चारमाध्यमबाट प्रचारप्रसार गरिआएको छ । नगरस्तरीय र वडास्तरीय समन्वय समिति गठन एवम् परिचालन, आवश्यक कामका लागि आकस्मिक कार्यपालिका बैठक बस्नुका साथै तत्काल २५ लाख बजेट विनियोजन गरी तत्काल राहतकोष खडा गरिएको छ । वडा कार्यालयको सिफारिस तथा सम्बन्धित वडाका जनप्रतिनिधिहरुको सिफारिस र रोहवरमा विपन्न नागरिक पहिचान गरी २०७६ चैत्र २८ मध्यान्हसम्ममा १४ वडाका १५९५ परिवारलाई तानसेन नगरपालिका, नगर कार्यपालिकाले अनुमोदन गरेको निर्देशिका बमोजिम खाद्य तथा आवश्यक सामग्री वितरण गरिएको छ । शंकटका बेला विपन्न नगरबासीलाई बाँच्नका लागि सहयोग गर्नु नगरसरकारको दायित्व हो भन्ने तथ्य मनन गर्दै हामीले राहत उपलब्ध गराएको हुँदा दुरुपयोग नहोस भन्नेतर्फ सरोकारवाला सबै सजग र सचेत हुनै पर्दछ । राहत सामग्री वितरण विवरण नगरपालिकाको वेभसाइटमा समेत राखिएको छ ।

तानसेन नगरपालिकाका विभिन्न वडामा रहेका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि अत्यावश्यक स्वास्थ्य सुरक्षा सामग्री व्यवस्था गरी उपप्रमुख, सरोकारवाला वडा अध्यक्ष, सदस्य लगायतका जनप्रतिनिधि र स्वास्थ्य शाखा तथा वडास्थित स्वास्थ्य कार्यालयका कर्मचारी समेत टोलबस्तीमा पुगेर हालसालै विदेशबाट फर्किएकाहरुको (चैत्र २६ गतेसम्म १२३ जनाको) स्वास्थ्य परीक्षण गरी आवश्यक उपचार एवम् सल्लाह दिनुका साथै आवश्यकताअनुसार होमक्वारेन्टाइनमा बस्न अनुरोध गरियो । नगरबासीको स्वास्थ्यलाई ख्याल गर्दै नगरका विभिन्न टोल तथा ग्रामीण भेगका घनाबस्तीमा किटनाशक औषधि छर्ने काम निरन्तर भइरहेको छ । फोहर संकलन तथा व्यवस्थापनको काम आवश्यकताअनुसार गरिएको छ । लकडाउन शुरु भएलगत्तै तानसेन बसपार्क र प्रभासमा हेल्प डेस्क स्थापना गरी स्वास्थ्य परीक्षण तथा सन्देश प्रवाह गरिएको थियो । तानसेन-६ मा ५० शैयाको क्वारेन्टाइन स्थापना गरी तत्काल २६ जनालाई राखिएकोमा उनीहरुलाई सम्बन्धित पालिकाहरुको जिम्मा लगाइ पठाइएको छ । विदेशबाट फर्किएकाहरुको विवरण संकलन तथा आवश्यक स्वास्थ्य परीक्षण र निगरानीलाई निरन्तरता दिइएको छ ।

माध्यमिक तह तथा उच्च माध्यमिक तहको परीक्षा तयारी गरिरहेका विद्यार्थीलाई राहतस्वरुप सामुदायिक रेडियो मदनपोखराबाट माध्यमिक तह (SEE) परीक्षा र युनिक एफएमबाट प्लस टुको परीक्षालाई सहयोग पर्‍याउने उद्देश्यले दूर शिक्षा कार्यक्रम सञ्चालनमा सहयोग गरिएको छ । यो समय किसानहरुले हिउँदे अन्नबाली स्याहार्ने, तरकारी खेती र अन्य कामका लागि खेतबारीमा व्यस्त रहनुपर्ने समय हुनाले घरपरिवारका सदस्यलाई निश्चित दूरीमा रहेर कृषि कर्म गर्न राज्यले निषेध गरेको छैन । तरकारी, फलफूल, दुग्धजन्य उत्पादन लगायत दैनिक उपभोग्य सामग्री बिक्री वितरणमा रोक लगाइएको छैन । स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाइकर्मी, सञ्चारकर्मीहरु तथा सम्बन्धित आवश्यक कामका लागि पालिकाका जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृत लगायत तोकिएका कर्मचारी समेत भौतिक दुरी व्यवस्थापन गरी निरन्तर नगरबासीको सेवामा खटिइरहेको अवस्था छ । कोरोना संक्रमण रोकथामका लागि अधिकांश तानसेनबासीले समेत लकडाउनको अवस्थामा संयमित भइ एकान्तबासको अनुशासन पालना गर्नु भएकोमा धन्यवाद व्यक्त गर्दछौं । तथापि नगरका केही टोल र ग्रामीण भेगका केही गाउँमा कतिपय व्यक्तिहरु अनावश्यक ढंगले समूहमा जुट्ने, घुम्ने गरेको गुनासो सचेत नगरबासीबाट आएकोप्रति हाम्रो ध्यानाकर्षण भएको छ । लकडाउन रहर नभइ हामी सबैको जीवन रक्षाका लागि बाध्यात्मक अवस्था हो भन्ने ठानेर अत्यावश्यक रुपमा बाहेक घरबाहिर ननिस्कन पुनः तानसेनबासीमा अनुरोध गर्दछौं । यस्ता व्यक्तिलाई साथि, छिमेकी जो कसैले सम्झाउन र नमानेमा सुरक्षा निकायमा खबर दिन आग्रह गर्दछौं ।

अन्त्यमा, कोरोना (COVID-19) भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सबै जिम्मेवार भएर लागौं । नगरपालिकाले स्थापना गरेको राहत कोषमा सक्दो सहयोग गरौं । लकडाउनको पूर्ण पालना गरौं । आफू बचौं अनि परिवार र समुदायलाई बचाऔं ।

२०७६ चैत्र २८

डिल्ली राज बेल्बासे
प्रमुख प्रशासकीय अधिकृत

डिल्ली राज बेल्बासे
प्रमुख प्रशासकीय अधिकृत

## तानसेन नगरपालिका

तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

© ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :

मिति..........
२०७६ चैत्र ३०

### नव वर्ष २०७७ को अवसरमा हार्दिक शुभकामना !

नव वर्ष बि.सं. २०७७ को अवसरमा तानसेन पाल्पाबासी लगायत सम्पूर्ण नेपाली नागरिकमा सुस्वास्थ्य तथा समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं । बिश्वव्यापी रुपमा फैलिइरहेको कोरोना (COVID-19) भाइरस संक्रमण रोकथाम र नियन्त्रणका लागि हामी सबैले जिम्मेवारी वहन गरेका छौं । यतिबेला सबैले लकडाउनको पालना गरेको अवस्था विद्यमान हुनाले विगतमा जसरी स्वतन्त्रतापूर्वक नयाँ वर्ष मनाउन सक्दैनौं भन्ने तथ्य हामी सबैले बुझेका छौं ।

कोरोना (COVID-19) भाइरस संक्रमण रोकथाम र नियन्त्रणका लागि तानसेन नगरपालिकाले नगरबासीको स्वास्थ्यप्रति सचेत भइ रोकथाम तथा सुरक्षात्मक साथै विपन्न नागरिकका लागि राहत वितरणको कार्यक्रम सञ्चालन गरिआएको छ । यस अभियानमा अधिकांश तानसेनबासीले धैर्यतापूर्वक सहयोग गर्नु भएकोमा धन्यवाद व्यक्त गर्दै आवश्यकताअनुसार थप हुने लकडाउनका आगामी दिनमा समेत संयमित भइ संक्रमण रोकथामका हरकार्यमा सहयोगका लागि सादर अनुरोध समेत गर्दछौं । हामी सबैले लकडाउनको पालना गरौं र गर्नका लागि आग्रह गरौं, आफू बचौं अरुलाई बचाऔं ।

अन्त्यमा, कोरोना (COVID-19) भाइरस संक्रमण रोकथाम र नियन्त्रणका लागि अहोरात्र सेवारत स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, जनप्रतिनिधि लगायत सरोकारवाला सबैलाई धन्यवाद सहित नव वर्ष २०७७ को अवसरमा तानसेनबासी लगायत सम्पूर्ण नेपाली नागरिकमा पुनः हार्दिक शुभकामना प्रकट गर्दछौं ।

अशोककुमार शाही
नगरप्रमुख तथा तानसेन नगरपालिका परिवार

# तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्बन्धित केही प्रेस विज्ञप्ति

तानसेन नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

☎ ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९

पत्र संख्या :
चलानी नं. : २४२१

## क्वारेन्टाईन स्थल निसंक्रमण सम्वन्धी परामर्श सम्झौता

तानसेन नगरपालिका र युनाईटेड मिशन अस्पताल तानसेन पाल्पाको सहकार्यमा कोभिड-१९ (कोरोना भाईरस) संक्रमण रोकथामका लागि क्वारेन्टाईनको निसंक्रमण व्यवस्थापन (Infection Control) सम्वन्धमा आवस्यक परामर्शको व्यवस्था गरिएकोले सरोकारवाला सवै स्थानीय तहहरुलाई सूचित गरिन्छ ।

**परामर्शको लागि व्यक्ति : पद्मा श्रेष्ठ सम्पर्क नं. ९८४७१९२४०६**

युनाईटेड मिशन अस्पतालको तर्फवाट
नाम: डा. प्रेम काफ्ले
पद: अस्पताल निर्देशक
मिति: २०७७-०१-०४

तानसेन नगरपालिकाको तर्फवाट
नाम: डिल्ली राज बेल्वासे
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति:२०७७।१।४

---

**तानसेन नगरपालिका**
तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

© ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :
मिति २०७७ वैशाख १९

## श्रमिक दिवस सन् २०२० को हार्दिक शुभकामना !

सर्व प्रथम १३१ औं अन्तर्राष्ट्रिय श्रमिक दिवस मे १, २०२० का अवसरमा सम्पूर्ण श्रमिकहरुमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा संविधानले श्रमिक वर्गको हकहित अर्थात उपयुक्त वातावरण, न्यायोचित पारिश्रमिक, रोजगारीको सुनिश्चितता र सामाजिक सुरक्षा लगायतका सवालमा सम्बोधन गरेको छ । संविधानमा श्रमिक हक, अधिकारका कुरा उल्लेख भएपनि त्यसलाई व्यवहारमा उतार्ने दायित्व संघीय, प्रदेश र स्थानीय सरकार, निजी क्षेत्रका संघसंस्था, उद्योगपति, व्यवसायीसँगै जागरुक नागरिकहरुको समेत हो । यतिबेला विश्वव्यापी रुपमा कोरोना भाइरस (COVID-19) संक्रमणको संत्रास फैलिएको अवस्था विद्यमान छ भने देश र विदेशमा रहेका लाखौं श्रमिक कोरोनाका कारण रोजगारी गुमाउनुपर्ने अवस्थाबाट उत्पन्न हुने शंकट र परिवारको पालन, पोषणका सवालले चिन्तित रहेका छन् । कोरोना संक्रमण रोकथामका सिलसिलामा देश लकडाउनमा छ र सबैभन्दा मारमा श्रमजीवी वर्ग छन् भन्नेतर्फ सरोकारवाला सबैको ध्यान जानु आवश्यक छ ।

समृद्ध र सबल  नेपाल निर्माणका लागि कृषि क्षेत्रमा क्रियाशील लगायत सम्पूर्ण श्रमिक वर्गको महत्वपूर्ण योगदान रहेको छ । यसैगरी तानसेन, पाल्पाको समग्र विकास निर्माण तथा समृद्धिको अभियानमा श्रमिक वर्गको महत्वपूर्ण भूमिका छ । सीर्जनशील, सीपयुक्त, सबल, सक्षम श्रमजीवी युवा जनशक्तिले मात्र  विकास निर्माण अभियान सफल तुल्याउँदै समृद्ध नेपालको सपना साकार पार्न सक्नेछ भन्ने तथ्यमा हामी विश्वस्त छौं । कृषि, पशुपालनसंग जोडिएका उद्यम व्यवसायमा युवालाई आकर्षित गर्दै युवा स्वरोजगार अभियानलाई तानसेन नगरपालिकाले प्राथमिकतामा राखेर विभिन्न कार्यक्रम सञ्चालन गरेको छ । साथै आगामी दिनमा समेत श्रममा आधारित विकास निर्माणका कार्यक्रमलाई निरन्तरता दिइने छ ताकि श्रमप्रति युवापुस्तामा सम्मानभाव सिर्जना होस् ।

अन्त्यमा, कोरोना संक्रमण रोकथाममा श्रमजीवी वर्गको सहयोगप्रति आभार प्रकट गर्दै १३१ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा काम अनुसार पारिश्रमिक, आराम, मनोरञ्जन तथा नेपालको संविधानले उल्लेख गरेका सवाल  व्यवहारमै कार्यान्वयन होस् भन्ने कामना गर्दछौं । यस शंकटपूर्ण अवस्थामा निरन्तर खटनुहुने सम्पूर्ण श्रमजीवी आमाबुबा, दिदीबहिनी, दाजुभाइको सुस्वास्थ्यको कामना गर्दछौं ।  संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका लागि श्रमिक वर्गको योगदान पुनः स्मरण गर्दै श्रमिक वर्गको हक हित र उन्नतिका लागि यथासम्भव सहयोग गर्न तानसेन नगरपालिका तत्पर रहेको अवगत गराउँदै मे दिवसको हार्दिक शुभकामना प्रकट गर्दछौं ।

श्री अशोककुमार शाही
Mayor
नगरप्रमुख एवम्
तानसेन नगरपालिका परिवार

---

**तानसेन नगरपालिका**
तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

© ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :
मिति २५ वैशाख, २०७७

## २५६४ औं बुद्ध जयन्तीको हार्दिक शुभकामना !

सर्वप्रथम २५६४ औं बुद्ध जयन्तीको अवसरमा तानसेन, पाल्पा निवासी लगायत सम्पूर्ण आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

नेपालको लुम्बिनीमा आजभन्दा २५६४ वर्ष अधि जन्मनुभएका सिद्धार्थ गौतम असल कर्मका कारण विश्वभर महामानव, शान्ति र मानव कल्याणका अग्रदुतको रुपमा परिचित हुनपुग्नु भयो । शान्ति, मानव हित र विश्व बन्धुत्वका सवालमा समर्पित सिद्धार्थ गौतम बुद्धले देखाउनु भएको सत्मार्ग बौद्ध धर्मावलम्बीका लागि मात्रै होइन सम्पूर्ण मानव जातिकै लागि अनुकरणीय छन् । काम, क्रोध, लोभ, मोह त्यागेर शान्तिपूर्ण समाज निर्माणका लागि गौतम बुद्धले पुऱ्याउनु भएको योगदान, बुद्ध दर्शनको संरक्षण हामी सबैको दायित्व हो । बुद्धजन्मस्थल लुम्विनी अनि उहाँसँग जोडिएका स्थलहरु तिलौराकोट, रामग्राम, देवदह, निग्लिहवा, गोटिहवा, अरौराकोट, सग्रहवा, तानसेन लगायतको खोज अनुसन्धान र ती क्षेत्रको समयोचित विकास गरी पर्यटकीय सम्भावना उजागर गर्नका लागि स्थानीय, प्रदेश र नेपाल सरकारको सहकार्य आजको आवश्यकता हो । तानसेनमा जन्मनु भएका भिक्षु अमृतानन्द लगायतले बुद्ध उपदेश र दर्शनको प्रचार, प्रसारमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको तथ्य स्मरणयोग्य रहेको छ । तानसेनमा रहेका बुद्धविहार लगायतका ऐतिहासिक सम्पदा र भिक्षुहरुको कर्मले समेत लुम्विनीसँग तानसेन, पाल्पाको सम्वन्ध रहेको तथ्य पुष्टि गर्दछन् ।

कोरोना भाइरस विरुद्ध विश्व लडिरहेको वर्तमान अवस्थामा विश्व शान्तिको कामना गर्दै कोरोना भाइरस संक्रमण रोकथाम, उपचार तथा राहतमा खटिएका चिकित्सक एवम् स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, स्वयसेवक, सञ्चारकर्मीहरुको सम्मान तथा कोरोनाका कारण दिवंगत भएकाहरुको आत्माको चिरशान्तिका लागि आज बेलुका सबैले दीप प्रज्ज्वलन गरौं । अत्यावश्यक काममा बाहेक घरबाहिर ननिस्कौं, लकडाउनको पालना गरौं ।  कोरोना विरुद्धको संघर्षलाई सबै मिलेर सफल बनाऔं । कृषि लगायत उत्पादनमूलक क्षेत्रमा निश्चित दूरी कायम गरी काम गरौं ।  कोरोनाका कारण समस्यामा परेकाहरुलाई मानवीय सहयोग गरौं ।

अन्त्यमा, २५६४ औं बुद्ध जयन्तीको अवसरमा पुनः सम्पूण आमाबुबा, दिदीबहिनी तथा दाजु भाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

अशोककुमार शाही
नगरप्रमुख एवम्
तानसेन नगरपालिका परिवार

---

**तानसेन नगरपालिका**
तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

© ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :
मिति २०७७ जेठ १

## हार्दिक अपिल

आदरणीय तानसेन नगरबासी,

कोरोना भाइरस (COVID-19 ) का कारण विश्वभर ठूलो जनधनको क्षती भएको कुरा हामी सबैलाई अवगत भएकै कुरा हो । नेपालमा पनि दिन प्रतिदिन कोरोना संक्रमितहरुको संख्या थपिदै गएकाले हामी सचेत र सतर्क हुन आवश्यक छ । कोरोना भाइरस संक्रमणका कारण हाम्रो जीवन निर्वाहको मुख्य आधार कृषि, पशुपालन, घरेलु उद्योग व्यवसाय, पर्यटन व्यवसाय लगायत नेपाली अर्थतन्त्रका आधारभूत अंगहरुमा प्रत्यक्ष असर परेको छ । शिक्षा, स्वास्थ्य क्षेत्रको व्यवस्थापन चुनौतिपूर्ण बन्न पुगेको छ । व्यापार, व्यवसाय समेत अवरुद्ध हुन पुगेको यस अवस्थामा हामी सबैको चिन्ता आगामी दिनमा कसरी कोरोना संक्रमणबाट बँचेर कोमामा पुगेको अर्थतन्त्रलाई सुचारु गराउने भन्नेमा केन्द्रित रहेको छ ।

सीमित साधन, स्रोतका बावजूद तानसेन नगरपालिकाले लकडाउनका अवधिमा विपन्न नगरवासीलाई निःशुल्क राहत, निम्न मध्यम वर्गलाई सहुलियतपूर्ण मूल्यमा खाद्यान्न, कृषकलाई बीउबिजन वितरण, एसइइ र प्लस टु अध्ययनरत विद्यार्थीहरुका लागि परीक्षालक्षित दूरशिक्षा कार्यक्रम, विदेशबाट फर्किएकाहरुको संख्या अद्यावधिक तथा घरघरमै पुगेर स्वास्थ्य परीक्षण र क्वारेन्टाइनको व्यवस्था, किसानको तरकारी सुपथ मूल्यमा नगरबासीको घरमा उपलब्ध गराउने, नगरपालिकाका घनावस्तीमा किटनाशक औषधि छर्ने लगायतका काम सम्पादन गरेको छ । नगरपालिकाले स्थापना गरेको राहतकोषमा प्रदेश, संघीय सरकार, तानसेनका मनकारी संघसंस्था र व्यक्तिहरु, जनप्रतिनिधि, कर्मचारी लगायतको योगदान रहेको छ । छाक रोकिने अवस्थामा पुगेका जोकोही मानवको सहायताका लागि तानसेनले हार्दिकतापूर्वक ढोका खुल्ला राखेको छ ।

संक्रमणको पछिल्लो अवस्था हेर्दा झनै जटिल परिस्थितीको सामना गर्नुपर्ने आशङ्का रहेको छ । यस परिवेशलाई मनन गर्दै प्रवासमा रहेका तानसेनवासीसँग छलफल गरी आगामी वर्षको योजनामा समेटनेगरी कृषि, पशुपालन र अन्य व्यवसायमा आधारित रोजगारीका अवसर सिर्जनाका लागि तानसेन नगरपालिकाले तयारी थालेको छ । नगरपालिकाको जमानीमा बैंकबाट सहुलियतपूर्ण कर्जा प्रवाहमा आधारित युवा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिइने छ । कोरोना प्रभावित नगरवासीको राहतका लागि सक्दो पहल गरिने छ ।

कोरोना भाइरस संक्रमण रोकथामका लागि नेपाल सरकारले जारी गरेको लकडाउनको पालना गरौं । अत्यावश्यक कामका लागि परिवारको एक सदस्यमात्र घरबाहिर निस्कने गरौं । विनाकाम सडकमा निस्कने, भीडभाड गर्ने, सडकमा खेल्ने, पसल तथा स्वास्थ्यकेन्द्रमा भीडभाड गर्ने काम नगरौं । आवश्यक काम पर्दा वडा कार्यालयमा वा जनप्रतिनिधि, सुरक्षाकर्मीसँग सम्पर्क गरी सोधपूछ गरौं । सामान किन्दा होस वा कृषि तथा अन्य काम गर्दा निश्चित दूरी कायम गरौं । घरपरिवार र टोलमा बालबालिका, बृद्धबृद्धा, अपाङ्गता भएका र बिरामी वा अशक्त नागरिकको ख्याल राखौं । पाहुना जाने वा बोलाउने काम केही समयलाई बन्द गरौं । जीवन निर्वाह गर्न अप्ठेरोमा परेका जोकोहीलाई मानवीय नाताले सहयोग गरौं । विषम परिस्थितिमा सबैले कोरोना संक्रमण रोकथाम तथा उपचार र सहयोगमा खटेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, जनप्रतिनिधिको मनोबल बढाऔं । साबुनपानीले पटकपटक हात धोऔं, कोरोना संक्रमणबाट बाचौं र बचाऔं । धन्यवाद ।

अशोककुमार शाही (नगरप्रमुख)
नगर प्रमुख

# तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्बन्धित केही प्रेस विज्ञप्ति

**तानसेन नगरपालिका**
तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

✆ ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
*Website : www.tansenmun.gov.np*

पत्र संख्या :
चलानी नं. :

मिति..............................

## हार्दिक समवेदना



हाम्रा शुभचिन्तक, तानसेन नगरपालिका साविक वडा नम्बर ३ का वडाअध्यक्ष, फुटवलका खेलाडी, संगीतमा दखल राख्ने, समाजसेवी तथा राजनीतिक चेत भएका मिलनसार व्यक्तित्व उदेन महर्जनको मिति २०७७ जेठ १ गतेका दिन ५५ वर्षको सक्रिय उमेरमा असामयिक निधन भएको खवरले हामी दुःखी भएका छौं । आफ्नो परिवारको लालनपालनमा मात्र होइन जनप्रतिनिधिका रुपमा होस वा सामान्य नागरिकका रुपमा रहँदा तानसेनको विकासका लागि उहाँले पुऱ्याउनु भएको योगदान यतिबेला हामीले स्मरण गरेका छौं । परिवार तथा टोलछिमेकमा समेत सबैका प्रिय उदेन महर्जनको निधनबाट शोकाकूल उहाँकी पत्नी चन्दा, सुपुत्र उदिप र छोरी प्रेरणा लगायत शोकसन्तप्त सम्पूर्ण परिवार तथा आफन्तजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

अन्त्यमा, पुनः उहाँको योगदान स्मरण गर्दै तानसेनको विकासमा उहाँले पुऱ्याउनुभएको योगदानको उच्च मुल्याङ्कन गर्दै उदेन महर्जनको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं ।

श्री अशोककुमार शाही
नगरप्रमुख एवम्
तानसेन नगरपालिका परिवार

२०७७ जेठ ६

---

### पत्रकार कोभिड विमा सम्झौता-पत्र

विश्वव्यापी फैलिएको नोवेल कोरोना भाइरस (कोभिड–१९) संक्रमण, रोकथाम, उपचारको तथ्यपरक नियमित सूचना सम्प्रेषणका काममा अहोरात्र खटिएका पाल्पाली पत्रकारहरुको क्रियाशिलतालाई प्रोत्साहित गर्न तानसेन नगरपालिका पाल्पाले नेपाल पत्रकार महासंघ पाल्पा शाखामा आवद्ध ८५ जना पत्रकारहरुको कोभिड–१९ (कोरोना) विमा गर्न दुबै पक्षको सहमतिमा यो सम्झौतापत्र तयार गरिएको छ ।

**शर्तहरु**

१) नेपाल पत्रकार महासंघ पाल्पामा आवद्ध ८५ जना पत्रकारहरुको प्रति व्यक्ति एक लाख रुपैंयाको कोभिड विमा गर्ने र सो को प्रिमियम शुल्क तानसेन नगरपालिकाले भुक्तानी गर्ने ।

२) नेपाल पत्रकार महासंघ पाल्पाले पत्रकारहरुलाई निरन्तर रुपमा कोरोना रोकथाम र उपचारको सूचना संप्रेषण गर्न उत्प्रेरित गर्ने ।

३) कोभिड १९ को रोकथाम र नियन्त्रणका लागि अग्रभागमा रहेर सूचना संप्रेषण गर्ने पत्रकारहरुमार्फत् नेपाल पत्रकार महासंघले **कोरोनासँग जुधौं, बाँचौ र बचाऔं** भन्ने सन्देश प्रवाह गर्ने ।

४) कोरोना रोकथाम, उपचार र नियन्त्रणका लागि दुबै पक्षले नागरिकलाई केन्द्रभागमा राखेर काम जारी राख्ने ।

इति सम्वत् २०७७ जेठ महिनाको ८ गते बिहीबार ।

राजेशकुमार अर्याल
अध्यक्ष
नेपाल पत्रकार महासंघ, पाल्पा

अशोककुमार शाही
प्रमुख
तानसेन नगरपालिका, पाल्पा

---

**तानसेन नगरपालिका**
तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

✆ ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
*Website : www.tansenmun.gov.np*

पत्र संख्या :
चलानी नं. :

मिति २०७७ जेठ १५..........

## प्रेस विज्ञप्ति

सर्वप्रथम गणतन्त्र दिवस २०७७ को उपलक्ष्यमा तानसेन पाल्पाबासी लगायत देश विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं । यसअवसरमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि शहादत प्राप्त गर्ने ज्ञातअज्ञात सम्पूर्णवीर शहीदप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछौं ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि एकजुट भएका दलहरु शहीदको सपना साकार पार्न तथा नेपालीहरुको हितअनुकुल समृद्ध नेपालको लक्ष्य पूरा गर्न विकास निर्माणका काममा एकतावद्ध भएर लाग्नुपर्ने अवस्था एकातिर रहेको छ भने अर्कातीर विश्वव्यापीरुपमा फैलिइरहेको कोरोना भाइरस संक्रमण (COVID-19) रोकथाम, उपचार र राहतका लागि आपसमा हातेमालो वर्तमानको आवश्यकता हो । विकास, निर्माण र कोरोना संक्रमण रोकथामका लागि दलहरुको साझा प्रतिवद्धतासंगै कालापानी, लिपुलेक, लिम्पियाधुरा लगायतका सीमा अतिक्रमण विरुद्ध नेपालका सम्पूर्ण राजनीतिक दलहरुबीच राष्ट्रिय एकता अहिलेको खाँचो हो । शंकटका बेला हामी सबै जुटेर समस्या समाधान गर्नुपर्छ भन्ने राष्ट्रिय भावनाको पक्षमा दृढतापूर्वक उभिएर नागरिक, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी, जनप्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, सामाजिक संघसंस्था, दल लगायत सबैले राष्ट्रप्रतिको दायित्व निर्वाह गर्न गणतन्त्र दिवसबाट प्रेरणा प्राप्त होस । पारदर्शिता, सुशासन र विकासप्रतिको प्रतिवद्धता पूरा गर्न सरोकारवाला सबै आआफ्नो क्षेत्रमा इमान्दारढंगले काममा जुटौं ।

असल कर्मलाई निरन्तरता दिदै थप उपलव्धि हासिल गर्न हामीलाई शीघ्र सफलता मिलोस् भन्ने कामनासहित गणतन्त्र दिवसको उपलक्ष्यमा पुनः सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

अशोकुकमार शाही
नगर प्रमुख एवम्
तानसेन नगरपालिका परिवार



# तस्बिरमा तानसेन




तानसेन नगरपालिका स्तरीय आधारभूत तहका विद्यार्थीहरूको हाजिरीजवाफ प्रतियोगिताका पुरस्कृत विद्याथीहरू (तस्बिरः लक्ष्मी ढुङ्गाना, शिक्षा शाखा)



नेपाली कांग्रेस तानसेन नगर समितिको तर्फबाट तानसेन कोरोना रोकथाम कोषमा सहयोग प्रदान गर्दै समितिका सभापति मधुदयाल सैंजू



तानसेन नगरपालिकाको सहयोगमा नेपाल पत्रकार महासंघ पाल्पामा आवद्ध पत्रकारहरूको कोरोना बिमा गर्ने सम्झौता आदानप्रदान गर्दै नगरप्रमुख र महासंघका अध्यक्ष




तानसेन बसन्तपुरमा डोको बोकेर गाउँ पर्कंदै गरेकी किसान महिलाको तस्बिर खिच्दै पर्यटकहरू

पाल्पा जिल्ला हुलाक दर्ता नं.: १/२०७६-७७

# “सफा सुन्दर तानसेन शहर, हामी सबैंको रहर !”



आइसोलेसन कक्ष सञ्चालनका बारेमा तानसेन नगरपालिका, बगनासकाली, माथागढी र तिनाउ गाउँपालिकाको संयुक्त बैठक



एसईई लक्षित रेडियो पाठशाला कार्यक्रममा सहयोग गर्ने शिक्षकहरूलाई सम्मानपछि नगरप्रमुख सहित सामुहिक तस्बिर लिंदै